३३२

# भक्तपुर मासिक

Bhaktapur Monthly
फागुन २०८०

ISSN 2705-4454
9 772705 445004




## चिनियाँ नयाँ ड्रयागन वर्षको अवसरमा
# विशेष सांस्कृतिक प्रदर्शन

- भक्तपुर नपाका घर जग्गा वहाल व्यवस्था निर्देशिका, २०७९ का विशेषताहरू
- नेपालमा शान्ति प्रक्रिया कहिले टुङ्गो लाग्छ ?
- मार्चेज गुग्लिल्मा मार्कोनी (२)
- चौधरी परिवारको विषाक्त व्यापारिक विरासत
- भक्तपुरको मौलिक थरहरू
- भक्तपुर नगर विकासमा खुल्ला ठाउँको अवधारणा
- समालोचनाया सिद्धान्त (२५)
- मोटोपना
- भक्तपुर नपाका गतिविधि



नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालबाट भक्तपुर नपाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज, शारदा क्याम्पस मावि र ख्वप कलेज अफ लको वार्षिकउत्सव कार्यक्रमको उद्घाटन । फागुन ९ गते



भक्तपुर नपाका प्रमुख एवम् थव्यु दरबार पुन:निर्माण निर्देशक समितिका संयोजक सुनिल प्रजापतिको अध्यक्षतामा बैठक । माघ १८ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०   भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì$!⭑cÆ $⭑g};॥!$$⭑lj=;॥@)*)k॥fu'g⭑A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


नेपालको पहिलो चलचित्रघर न्यु रोडको **जनसेवा सिनेमा हल**, सन् १९५८ । अहिले विशालबजार ।   चित्र : इन्टरनेट


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**‘मानिस त्यति बेला राम्रो देखिन्छ जति बेला ऊ काम गरिरहेको हुन्छ ।’– माओ त्सेतुङ**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिका घर जग्गा बहाल व्यवस्था निर्देशिका, २०७९ का विशेषताहरू | डा.हरिराम सुवाल | ३ |
| २) | नेपालमा शान्ति प्रक्रिया कहिले टुङ्गो लाग्छ ? | विवेक | ८ |
| ३) | सरकारी जग्गा र ढुकुटी गैरकानुनीरूपमा हात पार्ने चौधरी परिवारको विषाक्त व्यापारिक विरासत | रामप्रसाद प्रजापति | १० |
| ४) | चिनियाँ नयाँ वर्ष २०२४ को अवसरमा भक्तपुरमा विशेष सांस्कृतिक प्रदर्शन | – | १३ |
| ५) | भक्तपुरको मौलिक थरहरू | ओम धौभडेल | २२ |
| ६) | भक्तपुर नगर विकासमा खुल्ला ठाउँको अवधारणा | महेन्द्रप्रसाद श्रेष्ठ | २६ |
| ७) | समालोचनाया सिद्धान्त (२५)–प्राचीन संस्कृत समालोचना | माणिकलाल श्रेष्ठ | २८ |
| ८) | नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न | – | ३१ |
| ९) | विद्यालयस्तरीय खेलकुद प्रतियोगिताले ल्याएको तरङ्ग | रामसुन्दर | ४० |
| १०) | मार्चेज गुग्लिल्मा मार्कोनी (२) | राजेन्द्रबहादुर कायष्ठ | ४२ |
| ११) | तुमचो–दुगुरे–चोखा आवास क्षेत्रमा ठेगाना प्रणालीबारे जानकारी | युरीका राजवंशी | ४७ |
| १२) | भक्तपुर नगरका ढुङ्गेधाराहरू | विश्वराम प्रजापति | ५१ |
| १३) | भ्रष्टाचार सम्बन्धी विषयवस्तु पाठ्यक्रममा समावेश गर्नुपर्ने | श्रीराम कासिछ्वा | ५४ |
| १४) | विजयराम यन्द्यो : सितेरियो कराँते खेलाडी तथा प्रशिक्षक | राजकुमार लघु | ५६ |
| १५) | सञ्चारकर्मीहरू समाज परिवर्तनको बाटोमा लनग्नुपर्ने | – | ५८ |
| १६) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ५९ |
| १७) | भक्तपुर नगरपालिका गतिविधि | – | ८४ |
| | क) शैक्षिक गतिविधि | – | ९१ |
| | ख) स्वास्थ्य सेवा | – | ९४ |
| | ग) अनुभवको आदान–प्रदान | – | ९७ |
| | घ) सङ्क्षेपमा | – | ९७ |
| | ङ) भेटघाट | – | ९८ |
| १८) | विविध समाचार | – | ९९ |
| १९) | मोटोपना | डा. अमर प्रजापति | ११४ |
| २०) | भाजुपुखू ‘छ्या’ बाट आहा ! (सम्पादकको पृष्ठ) | – | ११८ |

**साथमा** : हाम्रा मौलिक सामग्री – १२/ बसिबियाँलो – १२/ जीवन–आचरण – १६/ प्रेरणीय – ५२/ ख्वप अस्पतालको प्रगति– ९६/ चीनका प्राचीन नीति कथा – ९८/ थाहा पाइराखौं – ११३/ पर्यटक तथ्याङ्क – ११७ ।


भक्तपुर नपाबाट नियमित प्रकाशन भइरहेको







पढ्नु होस् र लेखरचना, प्रतिक्रिया दिई सहयोग गर्नुहोस् ।

# भक्तपुर नगरपालिका घर जग्गा बहाल व्यवस्था निर्देशिका, २०७९ का विशेषताहरू



डा. हरिराम सुवाल
संयोजक, विधायन समिति, भक्तपुर नपा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय निकायलाई संविधानले तोकिएका क्षेत्राधिकार भित्रका विषयहरूमा कानुन बनाई कार्यान्वयन गर्ने अधिकार रहेको छ। यही अधिकारलाई प्रयोग गर्दै भक्तपुर नगरपालिकाले धेरै विषयमा कानुनहरू बनाई कार्यान्वयन गर्दै आएको छ। मिति २०७९ पुस महिनामा बसेको भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभाले घर जग्गा बहाल व्यवस्था निर्देशिका, २०७९ पारित गरेको छ। घर वा घरजग्गा बहालमा लिने/दिने कार्यलाई व्यवस्थित, पारदर्शी र कानुनबमोजिम गर्ने गराउने, घर बहालमा लिने/दिनेबिचको सम्बन्धलाई व्यवस्थित बनाउने, बहालमा लिए दिएको विषयमा उत्पन्न हुनसक्ने सम्भावित विवादको निरूपणलाई छिटोछरितो र न्यायोचित ढङ्गले समाधान गर्ने र नगरपालिकाको बहाल कर असुली कार्यलाई सरल, पारदर्शी र व्यवस्थित बनाई नगरपालिकाको आन्तरिक स्रोत परिचालनमा प्रभावकारिता ल्याउने विषयमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ५ बमोजिम यो निर्देशिका नगर सभाले पारित गरी कार्यान्वयनमा ल्याएको हो।

यस कार्यविधिको दफा २ ले यस कार्यविधिमा उल्लेखित विभिन्न कानुनी शब्दावलीहरूको परिभाषा गरको छ। दफा २(ग) अनुसार **'कर'** भन्नाले ऐन र यस निर्देशिकाबमोजिम घर वा घरजग्गा बहाल बापतको आयमा भक्तपुर नगरपालिकाको आर्थिक ऐनले तोकेको दरमा लाग्ने बहाल कर सम्झनुपर्छ र यो शब्दले प्रचलित कानुन बमोजिम बहाल करको अतिरिक्त सोमा लाग्ने ब्याज वा जरिवाना समेतलाई जनाउँछ। दफा २ (ङ) अनुसार **'करदाता'** भन्नाले प्रचलित अन्य कानुन र यस निर्देशिका बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरू कुनै कारबाही सुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।। दफा २ (झ) अनुसार **'घर'** भन्नाले यस निर्देशिका बमोजिम बहालकर लाग्ने कुनै व्यक्तिको स्वामित्वमा रहेको भवन वा भवनको तला वा कोठा वा भवनको कुनै एकाइलाई सम्झनुपर्छ र सो शब्दले पसल, वर्कसप, ग्यारेज, गोदाम, टहरा, कारखाना, घरजग्गा वा बहालमा दिइने जग्गा वा पोखरीसमेतलाई जनाउँछ। दफा २(झ) अनुसार **'घर बहाल'** भन्नाले कुनै व्यक्तिले आफ्नो घर पूरै वा आंशिक संरचनालाई निश्चित अवधिका लागि भाडा, बहाल, लिज वा पट्टा रकम प्राप्त गर्ने गरी अरूलाई भोगचलन गर्न दिने कार्यलाई घर बहाल सम्झनुपर्छ।

## बहालसम्बन्धी व्यवस्था

परिच्छेद २ ले घर बहालसम्बन्धी व्यवस्था गरेको छ। जस अनुसार नगरपालिका क्षेत्रभित्र कसैले आफ्नो हक, भोग वा स्वामित्वमा रहेको घर, घरको कुनै तला, एकाइ वा कोठा, घरजग्गा र सोको लगापात वा जग्गा निश्चित रकम लिने गरी निश्चित समयको लागि कुनै व्यक्तिलाई उपयोग गर्न दिएमा घर बहालमा दिएको मानिने छ। बहालमा लिने/दिने भवन (घर) मानव बसोबास गर्नका लागि स्वास्थ्य तथा सुरक्षाको दृष्टिले उपयुक्त हुनुपर्ने छ। गोदाम, भण्डार, शीत भण्डार वा अन्य प्रयोजनको गैरआवासीय भवनको गुणस्तर भने तत्तत् प्रयोजनका लागि मापदण्ड तोकिएको भए सोहीबमोजिम र मापदण्ड नतोकिएको अवस्थामा सामान्य दृष्टिमा उपयुक्त देखिनुपर्ने छ। भवन वा भवनको कुनै भाग वा घरजग्गा वा जग्गा बहालमा दिँदा बहालमा लिने व्यक्तिसँग बहालमा दिने व्यक्तिमा उल्लिखित ढाँचामा लिखित सम्झौता गर्नुपर्ने छ। घरबहालको अवधि सामान्यतः पन्ध्र वर्षमा नबढाई सम्झौतामा उल्लेख गर्नुपर्ने छ। बहाल सम्झौताको लिखतमा बहाल बस्ने मुख्य व्यक्तिको फोटोसमेत टाँस गर्नुपर्ने छ। सम्झौताको तीन प्रति लिखतमा बहालमा लिने/दिने व्यक्ति र दुवै पक्षका कम्तीमा एक/एक जना गरी दुई जना साक्षीको सहीछाप गरी त्यस्तो लिखतको एक प्रति सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्ने र एक/एक प्रति बहालमा लिने/दिने व्यक्तिले लिनुपर्ने छ। बहालमा दिने र बहालमा लिने व्यक्तिबिच बहाल सम्झौता हुनुअघि बहालमा दिने घर वा घरजग्गामा

रहे/भएका मालसामान वा वस्तु र सोको मौजुदा अवस्थाको विवरण तयार गरी सो मालसामान वा वस्तु बहालमा बस्ने व्यक्तिलाई प्रयोग गर्न दिने हो भने बहालमा लिनेले बुझिलिएको भर्पाईसमेत गराई त्यस्तो भर्पाईको कागज बहालमा दिनेले लिई सुरक्षित रूपमा राख्नुपर्ने छ।

## घर बहालमा दिने व्यक्तिको दायित्व

घर बहालमा दिने व्यक्तिको दायित्व सम्झौता-पत्रमा उल्लेख गरेबमोजिम हुने छ। सम्झौता-पत्रमा जेसुकै व्यवस्था रहेको भए तापनि निम्न कुरा घरधनी वा बहालमा दिने व्यक्तिले स्वतः निर्वाह गर्नुपर्ने दायित्वको रूपमा सम्झौतामा अन्तर्निहित भएको मानिने छ :

**(क)** सम्झौतामा उल्लेख भएबमोजिमको भवन वा भवनको एकाइ वा लगापात (परिसर) उपयोग गर्न दिनुपर्ने,

**(ख)** सम्झौतामा अन्यथा उल्लेख भएको अवस्थामा बाहेक बहालमा दिएको घरमा उपलब्ध भएसम्म पानी तथा बिजुलीको आपूर्ति, शौचालय सुविधा, ढल निकास तथा सरसफाइको व्यवस्था गर्नुपर्ने,

**(ग)** बहालमा बस्ने मानिसहरूको सुरक्षा, शान्ति सुव्यवस्था, सम्मानजनक मानवीय सम्बन्ध, मित्रवत् व्यवहार र सोका लागि आवश्यक सहयोग तथा सहजीकरण।

## घर बहालमा लिने व्यक्तिको दायित्व :

बहालमा लिने व्यक्तिको दायित्व सम्झौता-पत्रमा उल्लेख गरेबमोजिम हुने छ। सम्झौतापत्रमा जेसुकै व्यवस्था रहेको भए तापनि निम्न कुरा घरधनी वा बहालमा लिने व्यक्तिले स्वतः निर्वाह गर्नुपर्ने दायित्वको रूपमा सम्झौतामा अन्तर्निहित भएको मानिने छ :

**(क)** निर्धारित समयमा घरधनीलाई बहालको रकम भुक्तानी गर्नुपर्ने,

**(ख)** बहालमा लिएको घर आफ्नो घर सरह मानी सरसफाइ, उचित र मनासिब तवरले हेरचाह, संरक्षण तथा सुरक्षा गर्नुपर्ने,

**(ग)** आफू बहालमा रहेको घरका घरधनी, अन्य व्यक्ति वा छिमेकीलाई अशान्ति, हैरानी वा असुरक्षा हुनेजस्ता कुनै काम गर्न नहुने।

## बहाल बुझाउने तरिका र प्रक्रिया :

बहालमा लिने व्यक्तिले सम्झौतामा लेखिएबमोजिमकै तरिका र प्रक्रियाबमोजिम बहालमा दिने व्यक्तिलाई बहाल बुझाउनुपर्ने छ। बहाल सम्झौतामा बहाल रकम बुझाउने सम्बन्धमा कुनै तरिका वा प्रक्रिया उल्लेख नगरेको भए हरेक महिना समाप्त भएपछिको एक हप्ताभित्र बहालमा दिनेलाई अघिल्लो महिनाको मासिक बहाल बुझाउनुपर्ने छ। बहाल बुझाउँदा चेक, नगदै वा बहालमा दिनेले तोकिदिएको बैङ्क खातामा रकम जम्मा गरेर बहाल बुझाउन सकिने छ। नगद बुझाउँदा सोको स्पष्ट प्रमाण वा निस्सा लिनुपर्ने छ। बहाल बुझेको भर्पाई, निस्सा वा बैङ्क जम्मा गरेको अवस्थामा भौचर वा बैङ्क रसिद सुरक्षित रूपमा राख्नु बहालमा लिनेको दायित्व हुने छ।

## बहाल विवरणसम्बन्धी व्यवस्था

घर जग्गा बहालमा दिने व्यक्तिले बहालमा दिएको मितिले एक महिना भित्र देहायको कागजातसहित सम्बन्धित वडा कार्यालयमा बहालमा दिएको विवरण पेश गरी अद्यावधिक गर्नुपर्ने छ :

**(क)** बहाल रकम र बहाल अवधि स्पष्ट खुलेको बहाल सम्झौता-पत्रको सक्कलै प्रति,

**(ख)** बहालमा दिएको जग्गाको जग्गाधनी प्रमाण पूर्जाको छायाप्रति,

**(ग)** भवन संरचना समेत बहालमा दिएको भए नक्सा पास भएकोमा भवनको नक्सापास प्रमाण-पत्र/निर्माण सम्पन्न प्रमाण-पत्रको छायाप्रति,

**(घ)** लिज सम्झौताबाट भवन निर्माण गरी बहालमा दिएको भए लिज सम्झातैाको छायाप्रति,

**(ङ)** बहालमा लिने प्राकृतिक व्यक्ति भए निजको नागरिकता प्रमाण-पत्र/ राष्ट्रिय परिचय-पत्र/ मतदाता परिचय-पत्र/ कर्मचारी परिचय-पत्र/ सवारी चालक परिचय-पत्र/ विद्यार्थी परिचय-पत्र/ जन्मदर्ता प्रमाण-पत्र वा आधिकारिक निकायबाट जारी भएको प्रत्येक व्यक्तिको परिचय स्पष्ट हुने अन्य कुनै प्रमाण कागजको छायाप्रति र निजहरूको पेशा व्यवसाय समेत खुल्ने विवरण,

**(च)** बहालमा लिने कानुनी व्यक्ति (कम्पनी वा सङ्घसस्था) भएमा त्यस्तो कानुनी व्यक्तिको प्रबन्ध-पत्र, नियमावली, विधान वा संस्था दर्ता हुँदाका बखत सम्बन्धित निकायबाट जारी भएको कुनै लिखत र बहाल लिने सम्बन्धमा सञ्चालक समितिको निर्णयको छायाप्रति,

सम्झौता-पत्र र त्यस्तो सम्झौताको नवीकरण वा बहाल रकम लगायत सम्झौताका प्रावधानहरूमा गरिएको कुनै परिवर्तन वा पुरक सम्झौता वा म्याद समाप्त नभई बिचैमा सम्झौता रद्द भएको अवस्थामा समेत सोको जानकारी घर बहालमा दिने व्यक्तिले सात दिनभित्र सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराउनुपर्ने छ।

## घर बहालमा नभएमा विवरण पेस गर्नुपर्ने :

नगरपालिका क्षेत्रभित्र घर बहालमा दिने व्यक्तिले बहालमा दिने त्यस्तो घर खाली रहेमा, बहालमा लिने व्यक्तिले बहालमा लिन छोडेमा, बहालमा दिएको घर आफैलाई आवश्यक परी खाली गराइएमा वा खाली भएमा वा सम्झौताबमोजिम आफैले हटाएमा वा जुनसुकै कारणले घर खाली भएमा त्यसरी घर खाली भएको मितिले सात दिनभित्र अनिवार्य रूपमा सम्बन्धित वडा कार्यालयमा घर खाली भएको जानकारी गराउनुपर्ने छ। घर खाली भएको विवरण पेस भएपश्चात् सम्बन्धित वडा कार्यालयले सोको जाचँबुझ गरी यथार्थ व्यहोरा अद्यावधिक गरी राख्नुपर्ने छ। वडा कार्यालयमा दर्ता भएको घर खालीको विवरण र अवधिलाई कट्टा गरी बहाल कर निर्धारण गर्नुपर्ने छ। आफ्नो घर बहालमा नलागेको वा खाली भएको अवधि सम्बन्धमा सम्बन्धित वडा कार्यालयमा समयमै विवरण पेस गरी अद्यावधिक गराई राख्नु पर्नेछ।

## विवरण अनिवार्य पेश गर्नुपर्ने :

यो निर्देशिका प्रारम्भ हुनु अगावै घर बहालमा दिएका व्यक्तिहरूले यो निर्देशिका जारी भएको मितिले ३ महिना भित्र यस निर्देशिकाबमोजिम नगरपालिकाले तोकेको ढाँचामा घर बहालसम्बन्धी विवरण सम्बन्धित वडा कार्यालयमा अनिवार्य रूपमा पेस गर्नुपर्ने छ। विवरण बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले विवरण पेस नगरेमा वा विवरण पेस गर्दा व्यहोरा फरक पारी पेश गरेको भनी शङका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली तीस दिनभित्र पुनः विवरण पेस गर्न आदेश दिन सक्ने छ। समयभित्र विवरण पेश गर्न नसक्ने व्यक्तिले आधार र कारण खोली म्याद थपको लागि निवेदन दिएमा सम्बन्धित वडा अध्यक्षले औचित्य हेरी तीस दिनसम्म म्याद थप गरिदिन सक्ने छ ।

## बहाल कर बुझाउने दायित्व :

सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बहालमा दिएको घरको कानुनबमोजिम लाग्ने बहाल कर नगरपालिकामा बुझाउने दायित्व घरधनीको हुने छ। घरधनीले कर नबुझाएमा बहालमा लिने व्यक्तिले त्यस्तो कर आफैले बुझाउन सक्ने छ। यसरी बहालमा लिने व्यक्तिले कर तिरेको भए सोको निस्सासमेत घरधनीलाई उपलब्ध गराउनुपर्ने छ। बहालमा दिनेको तर्फबाट बुझाउनुपर्ने कर तथा अन्य दस्तुर आफूले तिरे बुझाएको रकम बहाल बुझाउँदा बहालमा लिनेले कट्टा गर्न पाउने छ। नगरपालिका तथा वडा कार्यालयमा सेवा सुविधा लिनु अघि बहाल कर बुझाउनु पर्ने भएकाले घर धनी वा बहालमा बस्ने दुई पक्ष मध्ये जसले सेवा सुविधा लिनु पर्ने हो उसले पहिला बहाल करबुझाई सेवा सुविधा प्राप्त गर्न सक्नेछ। घर बहालसम्बन्धी कर तथा अन्य दस्तुरको दर सालबसाली रूपमा नगरपालिकाको नगर सभाबाट जारी हुने आर्थिक ऐनले तोकेबमोजिम हुने छ।

## बहाल कर निर्धारण :

यस निर्देशिकाबमोजिम घर बहालमा दिने व्यक्तिले घर बहालमा दिएको विस्तृत विवरण नगरपालिकाले तोकेको ढाँचामा खुलाई हरेक आर्थिक वर्षका लागि घर बहाल कर निर्धारण प्रयोजनका लागि वडा कार्यालयमा पेश गर्नुपर्ने छ। पेश गरेको विवरणसमेतका आधारमा कर अधिकृतले बहाल कर निर्धारण गर्ने छ। बहाल कर निधार्रण गर्न नगरपालिकाले सूचना प्रविधिको उपयोग गरी घर बहालसम्बन्धी विवरणलाई सफ्टवेयर प्रणालीमा प्रविष्ट गरी बहाल कर निर्धारणलाई सरल, पारदर्शी र वस्तुगत बनाउन सक्ने छ। घर बहालको विवरण पेस गर्ने वा विवरणलाई अद्यावधिक गर्ने कानुनी दायित्व पूरा नगर्ने वा झूटा विवरण पेस गरी बहाल कर नतिर्ने वा न्यून तिर्ने वा बहाल कर छल्ने उद्देश्यले कसैले झूटा विवरण पेस गरेको आशङ्का भएमा कर अधिकृतले यथार्थ अवस्था यकिन गरी तोकेबमोजिम बहाल कर निर्धारण गर्नुपर्ने छ। प्रारम्भिक कर निर्धारणमा चित्त नबुझ्ने करदाताले प्रारम्भिक कर निर्धारणको सूचना पाएको सात दिनभित्र वडा कार्यालयमा प्रमाणसहित आफ्नो स्पष्टीकरण पेस गर्न सक्ने छ। करदाताबाट स्पष्टीकरण पेश गरेकोमा सोसमेतलाई आधार मानी १५ दिनभित्र वडा कार्यालयले करदाताको निवेदनमा उल्लेखित व्यहोरा, निजको भनाई, स्थलगत अध्ययन वा अवलोकनसमेतबाट देखिएको तथ्य प्रमाणको आधारमा कर निर्धारण गर्न वडा समितिले कर अधिकृतलाई राय सहित सिफारिस दिनुपर्ने छ। निर्देशन वा वडा कार्यालयअन्तगर्तको कर अधिकृतले निर्धारण गरेको बहाल कर निर्धारणमा चित्त नबुझे सात दिनभित्र करदाताले नगर प्रमुख समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्ने छ। पेस भएको करदाताको निवेदनउपर आधार र कारणसमेत खुलाई प्रमुखले आदेश गरी कर निर्धारण गर्नुपर्ने छ।

## कर निर्धारणको सूचना :

यस निर्देशिकाबमोजिम कर अधिकृतबाट बहाल कर निर्धारण भएपछि करदाताले बुझाउनुपर्ने कर रकम, स्थान,

समय सीमा र बैङ्क खाता नम्बर वा कर तीर्ने अन्य तरिका वा प्रक्रियासमेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनुपर्ने छ। कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान, प्रक्रिया र समय सीमाभित्रै कर बुझाउनुपर्ने छ।

## करदाताको पहिचान :

यस निर्देशिकाको प्रयोजनका लागि नगरपालिका क्षेत्रभित्र आफ्नो स्वामित्वमा रहेको घर वा जग्गा पूरै वा आंशिक तवरले अरूलाई भोगचलन गर्न दिएबापत भाडा, बहाल, लिज वा पट्टा रकम प्राप्त गर्ने व्यक्ति वा निजको प्रतिनिधि करदाता हुने छ। नाफाको उद्देश्य नराखी सञ्चालन हुने सामुदायिक विद्यालय, मन्दिर, पुस्तकालय, क्लब, सामुदायिक संस्था, सरकारी निकाय आदिले आफ्नो स्वामित्वको घर वा जग्गा भाडामा दिएकामा यस निर्देशिकाबमोजिम बहाल करमा छुट हुने छैन। स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घरजग्गा अन्य व्यक्ति वा संस्थालाई बहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर भाडामा लगाएको व्यक्तिसमेत प्रचलित ऐन र यस निर्देशिकाबमोजिम करदाता भएको मानिने छ। बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नगरपालिका, नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानुनबमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐनबमोजिम बहाल कर तिरेको कारणले बाधा परेको मानिने छैन। नगरपालिकाले बहाल करको दायरा वृद्धि गर्न बहाल कर सम्बद्ध प्रचलित ऐन र यस निर्देशिकाबमोजिम करदाताको स्थलगत सर्वेक्षण तथा विवरण सङ्कलन, बहालयोग्य सम्पत्तिको तथ्याङ्क सङ्कलन, बहाल करसम्बन्धी अन्य विषयमा अध्ययन/अनुसन्धानसमेत गरी गराई करदाता पहिचान गर्न सक्ने छ।

## कर बुझाउने दायित्व :

प्रचलित ऐन र यस निर्देशिकाबमोजिम घर बहाल कर बुझाउने मुख्य दायित्व घर बहालमा दिने व्यक्ति वा निजको प्रतिनिधिको हुने छ। घर बहालमा लिने व्यक्ति, संस्था वा निकाय स्वयम्ले कर बुझाउने गरी घरधनीसँग सम्झौता भएको अवस्थामा घरधनीलाई बहाल रकम भुक्तानी गर्दाकै अवस्थामा बहाल करबापतको रकम कट्टा गरी नगरपालिकामा बुझाउने दायित्व सम्बन्धित बहालमा बस्ने व्यक्ति, संस्था वा निकायको हुने छ। बहाल रकम कट्टा गरी कार्यालयमा बुझाउनुपर्ने दायित्व भएको व्यक्ति, संस्था वा निकायले त्यसरी कर अग्रिम रूपमा कट्टा नगरेको वा कट्टा गरी नबुझाएको मात्र कारणले घर जग्गा बहालमा लगाउने व्यक्तिले कर तिर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन। बहालमा लगाइएको कुनै घर जग्गाको सम्बन्धमा उपदफा (१) बमोजिम कर बुझाउने दायित्व एकभन्दा बढी व्यक्तिमा रहेको अवस्थामा भने कर बुझाउने दायित्व सबैको समान हुने छ र उनीहरूमध्ये आपसी सहमतिको आधारमा जुनसुकै व्यक्तिले कर बुझाउन सक्ने छ। तर, सबै करदाताबाट दामासाहीले भाग गरी कर असुल गरिने छैन। बहाल कर सम्बद्ध ऐन र यस निर्देशिकाबमोजिम कर तिर्नुपर्ने व्यक्ति नाबालक रहेछ भने निजले बुझाउनुपर्ने कर निजको अभिभावक वा निजको संरक्षकले तिनुपर्ने छ। बहाल कर सम्बद्ध प्रचलित ऐन र यस निर्देशिकाबमोजिम आफूलाई करदाताको रूपमा दर्ता गराउने, तोकिएको समयमा विवरण पेस गर्ने, बुझाउनुपर्ने कर तथा शुल्क वा जरिवाना वा व्याज हर्जना समयमै दाखिला गर्ने, कर अधिकृत वा कार्यालयले माग गरेको सूचना वा तथ्याङ्क समयमै उपलब्ध गराई सहयोग पुऱ्याउने दायित्व समेत करदाताको हुने छ। यस निर्देशिकाबमोजिमको ढाँचामा सम्झौता नभएको कारणबाट वा सम्झौतामा खुलाउनुपर्ने सबै व्यहोरा नखुलाई सम्झौता गरिएको कारणबाट तथा सम्झौताको जानकारी नदिएको कारणले मात्र बहाल कर सम्बद्ध ऐन र यस निर्देशिकाबमोजिम कर तिर्नुपर्ने दायित्व भएको कुनै पनि करदाताले कर तिर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

## घर बहालसम्बन्धी विवादको दर्ता :

घर बहालमा लिने/दिने सम्बन्धमा सम्बद्ध पक्ष वा पक्षहरूको बिचमा उत्पन्न विवाद सम्बन्धित वडा कार्यालयमा दर्ता हुने छ। यसरी दर्ता हुन पेस भएको उजुरी वा निवेदनको ढाँचा, हकदैया, हदम्याद, क्षेत्राधिकार, मागदाबी, उजुरीमा प्रयुक्त भएको भाषा, बेहारा, दस्तुर, अन्य रीत आदिको जाँच गरी वडासचिवले उजुरीलाई दर्ता गर्न मनासिब देखिए दर्ता गर्ने र दर्ता गर्न नमिल्न देखिए कारण खुलाई दरपीठ गर्ने छ। उजुरी दर्ता भएमा उजुरी दिने व्यक्तिलाई तारिखमा राखी विपक्षीलाई सात दिनभित्र लिखित जवाफसहित उपस्थित हुन म्याद जारी गर्ने छ। आफ्नो काबुबाहिरको परिस्थिति परेमा पक्षले एक पटकका लागि बढीमा सात दिनसम्मको म्याद

तथा तारिख थाम्न/थमाउन सक्ने छ। उजुरी दर्ता, म्याद तामेली, तारिख सम्बन्धी व्यवस्था, लिखित जवाफ दर्ता, दस्तुर आदि कार्यविधिगत प्रबन्धमा तोकेबमोजिम हुनेछ।

## घर खाली गराउन सक्ने :

घर बहालमा दिने व्यक्तिले बहालमा लिने व्यक्तिबाट घर खाली गराउन चाहेमा सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्ने छ। निवेदन दर्ता गर्नु अघि देहायको अवस्था भएको हुनुपर्ने छ :

**(क)** घर बहाल लिनदिन भएको बहाल सम्झौता वडा कार्यालयमा दर्ता गरी कम्तीमा तीन महिना अघिसम्म बहाल कर बुझाएको,

**(ख)** घर बहालमा लिने व्यक्ति कम्तीमा तीन महिना अघिदेखि बहाल नबुझाई बेपत्ता भएको र कम्तीमा तीन महिना अघिबाट बेपत्ता भएका बहालमा लिने व्यक्तिका नाममा कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना गरी बहाल बुझाउन तथा घर खाली गर्न घरधनीले सूचित गरेको वा निजको घर ठेगानामा पत्राचार गर्दा पनि फेला नपरेमा वा फेला परेपनि निज वा निजका कुनै हकवाला वा प्रतिनिधि उपस्थित नभएमा।

यसरी प्रकृयाले सम्पर्कमा नआएको व्यहोरामा वडा कार्यालय विश्वस्त भएमा वडाका जनप्रतिनिधि, नेपाल प्रहरीको सहयोग र कम्तीमा तीन जना स्थानीय भद्रभलादमीको रोहवरमा बहालमा रहेको घर कोठा खोली फेला परेको मालसामानको मुचुल्का तयार गरी घरधनीको जिम्मामा मालसामान सुरक्षित रहने गरी वडा कार्यालयले घरकोठा खाली गरिदिनुपर्ने छ। बेपत्ता भएको घर बहालमा लिने व्यक्ति छ महिनाभित्र फर्की आएमा वा आफ्नो प्रतिनिधि पठाएमा बहाल रकम बुझाई आफ्नो मालसामान बुझी फिर्ता लैजान बहालमा लिनेदिनेको बिचमा आवश्यक समन्वय र सहजीकरण वडा कार्यालयले गर्नुपर्ने छ। घर बहाल विवादमा दुवै पक्ष वडा कार्यालयमा उपस्थित भएपश्चात् मेलमिलाप गर्न वडा समितिमा पठाइएकोमा मेलमिलापबाट विवाद निरूपण भएमा वडासमितिबाट मस्यौदा गरिएको कानुनबमोजिमको मिलापत्रको कागजलाई वडा अध्यक्षले प्रमाणित गरी वडा सचिवले अभिलेख अद्यावधिक गरी सोको एक प्रति न्यायिक समितिमा प्रेषित गर्नुपर्ने छ। मेलमिलाप हुन नसकेमा वडा समितिको प्रतिवेदनसहित थप कारबाहीको लागि विवादका दुवै पक्षलाई तारिख तोकी सक्कलै मिसिल वडा कार्यालयले न्यायिक समितिसमक्ष प्रेषित गर्नुपर्ने छ।

## बहालमा लिएको घरको मर्मत तथा सम्भार :

सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बहालमा दिएको घरको आवश्यक मर्मत–सम्भार गर्ने दायित्व बहालमा लिने व्यक्तिको हुने छ। घरधनीले घरको मर्मत तथा सम्भार गर्ने गरी सम्झौता भएको अवस्थामा भने घरको मर्मत–सम्भार गर्न आवश्यक देखिएमा घर बहालमा लिने व्यक्तिले समयमा नै घरधनीलाई लिखित रूपमा सूचना दिनुपर्ने छ।

घरको मर्मत–सम्भार गर्न घरधनी वा निजको प्रतिनिधिलाई लिखित सूचना गर्दासमेत घरको मर्मत–सम्भार नगरेमा घर बहालमा लिने व्यक्ति आफैले त्यस्तो घरको मर्मत–सम्भार गर्न सक्ने छ। घरको मर्मत–सम्भार गर्दा लागेको बिलबमोजिमको रकम घर बहालमा लिने व्यक्तिले बहालमा दिने व्यक्तिलाई दिनुपर्ने बहाल रकमबाट कट्टा गरी लिन पाउने छ। घर बहालमा लिने व्यक्तिले नै घरको मर्मत–सम्भार गर्नुपर्ने अवस्थामा घरको मर्मत–सम्भार गर्न लाग्ने कुल लागत अनुमान तयार गरी मर्मत–सम्भार गर्नुभन्दा पन्ध्र दिन अगावै लिखित रूपमा घरधनीलाई जानकारी गराउनुपर्ने छ।


**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौं।**

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# नेपालमा शान्ति प्रक्रिया कहिले टुङ्गो लाग्छ ?

**विवेक**

माओवादी अध्यक्ष पछिल्लो पटक प्रधानमन्त्री भएपछि २०५२ साल फागुन १ गते 'जनयुद्ध' सुरु गरेको सम्झनास्वरूप सरकारले देशभर बिदा दिने निर्णय गर्‍यो। मन्त्रिपरिषद्को त्यो निर्णयको धेरैले विरोध गरे। त्यो निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दासमेत पर्‍यो। अदालतले २०८० पुस १३ गते सरकारको त्यो निर्णय बदर गर्‍यो। उक्त फैसलामा भनिएको छ, 'संविधानले नचिनेको 'जनयुद्ध' शब्दको प्रयोग गरी दिवस भनी सार्वजनिक बिदा दिने सरकारको निर्णय संवैधानिक व्यवस्था, संविधानमा प्रयोग भएको शब्द, संवैधानिक नैतिकता, संविधानको मर्म, परिलक्ष्य र मूल भावनाअनुकूल देखिन आएन।'

हो, संविधानमा कहीँ कतै पनि 'जनयुद्ध' शब्दको प्रयोग भएको छैन। संविधान निर्माणको क्रममा माओवादीहरूले 'जनयुद्ध' शब्द राख्न जोड दिए पनि अन्य पार्टीहरू त्यसको पक्षमा थिएनन्। नेकाले २००७ साल, २०१७ साल र त्यसपछि पटक पटक गरेको सशस्त्र सङ्घर्ष र एमालेले पनि २०२८ सालपछि गरेको 'झापा विद्रोह' तथा २०४२ सालमा राम राजाप्रसाद सिंहले गरेको बमकाण्ड समेतलाई सम्बोधन हुने गरी 'सशस्त्र द्वन्द्व' वा 'सशस्त्र सङ्घर्ष' शब्दको प्रयोग गर्न सहमति भएको थियो।

सरकारको निर्णयलाई स्वीकार गरेर 'जनयुद्ध' दिवस भनेर बिदा दिएजस्तै भोलि नेकाले बीपी जयन्ती, एमालेले पुष्पलाल र मदन भण्डारीको नाउँमा बिदा दिन थाले के होला ? अहिले नै संसारभरमा सबभन्दा बढी बिदा भएको मुलुकमध्येमा नेपाल परेको छ।

१० वर्ष सशस्त्र सङ्घर्ष गरेर शान्ति प्रक्रियामा आएपछि २०६४ सालको संविधानसभा निर्वाचनमा माओवादी पहिलो दल बन्यो। नेका र एमालेजस्ता दोस्रो र तेस्रो दलहरू माओवादीको कार्यशैलीप्रति सन्तुष्ट थिएनन्। त्यस्तो अवस्थामा सहमतिबाट संविधान लेख्नु कम चुनौतीपूर्ण थिएन। संविधान लेख्न सहजताको लागि विषयगत समितिहरू बनाइएका थिए। त्यसमध्ये संवैधानिक समिति संविधान निर्माणको एउटा महत्त्वपूर्ण समिति थियो। उक्त समितिमा ६३ जना सदस्यहरू थिए। बहुमतबाट सबै कुराको निर्णय हुने व्यवस्था थियो।

## संविधानसभामा 'जनयुद्ध' शब्द कसरी अस्वीकृत भयो ?

२०६६ साल पुस १० गते संवैधानिक समितिमा 'जनयुद्ध' शब्दमा मतदान हुँदा समितिको बहुमतले अस्वीकृत गरेको थियो। त्यतिबेला निलाम्बर आचार्य समितिका सभापति थिए। प्रस्तावमा आएका सबै शब्द, वाक्य र प्रावधानहरूबारे मतदान भएको थियो। ६३ जना सदस्य भए पनि जम्मा ५६ जना मात्रै मतदान योग्य सदस्य थिए। २९ जनाको बहुमत पुर्‍याउनुपर्थ्यो तर 'जनयुद्ध' शब्दमा मतदान हुँदा माओवादीका २० जनाले बाहेक कसैले पनि पक्षमा मतदान गरेनन्। त्यस प्रस्तावको विपक्षमा ३० र मधेसी सभासद्हरूले मतदानमा भाग लिएनन्।

सोही दिन भएको मतदानबाट समाजवादउन्मुख गणतन्त्र शब्द बहुमतले पारित गर्‍यो। त्यो नेपाल मजदुर किसान पार्टीको प्रस्ताव थियो। त्यो प्रस्तावमा माओवादी, नेका, एमाले, मालेसमेतले समर्थन गरेपछि अत्यधिक बहुमतबाट पारित भयो। नेकाका नेताहरू रामचन्द्र पौडेल र विमलेन्द्र निधिले आफ्ना पार्टीका सांसदहरूले झुक्किएर मात्रै 'समाजवादउन्मुख' शब्दको पक्षमा मतदान गर्न पुगेको भन्दै मत सच्याउन आग्रह गरे। तर, सभापति आचार्यले त्यसलाई अस्वीकार गरे र पारित प्रस्तावअनुसार अघि बढ्ने बैठकले निर्णय गर्‍यो। संविधानसभाबाट निर्मित संविधानमा राज्यको परिभाषा, निर्देशक सिद्धान्तसमेतमा 'समाजवादउन्मुख' गणतन्त्र उल्लेख हुनु त्यसैको परिणाम हो।

माओवादीहरू शान्ति प्रक्रियामा आएको १८ वर्ष भयो तर शान्ति प्रक्रिया अझै टुङ्गोमा पुग्न सकेको छैन। सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग गठन भएकै दशक बितिसक्यो तर शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउनेमा कुनै सरकारले ध्यान दिएन। सशस्त्र सङ्घर्षको नेतृत्व गर्ने 'प्रचण्ड' र त्यसलाई दमन गर्ने नेकाका सभापति शेरबहादुर देउवा बढी सक्रिय हुनुपर्ने हो। माओवादी र नेकाको नेतृत्वमा पटक पटक सरकार गठन भए पनि बेवास्ता गरेको परिणाम उनीहरूले नै भोग्नुपर्ने छन्।

## सङ्क्रमणकालीन न्यायको अर्थ ?

सङ्क्रमणकालीन न्यायको अर्थ द्वन्द्वकालमा भएका मानव अधिकार हननका विरुद्धका कसुर रोक्ने, कसुर दोहोरिन नदिने, पीडितलाई आत्मसम्मानको भावना जगाउने र मेल मिलापको वातावरण तयार गर्ने हो। तर, द्वन्द्व पीडितहरू लामो समयसम्म आफ्नो समस्याप्रति राज्य गम्भीर नभएको

भन्दै निकै असन्तुष्ट र आक्रोशित देखिन्छन् । कतिपय त न्यायको लागि अदालतसम्म पुगिसकेका छन् । अदालतले पनि क्रूर हत्या, गम्भीर प्रकारका मानव अधिकारका विषयमा क्षमादान दिन नमिल्ने निर्णय गरिसकेको छ । यसले शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन झन् जटिल बन्दै गएको छ ।

मानव अधिकारको विषय वा सङ्क्रमणकालीन न्यायका विषयमा राष्ट्रिय कानुनले समाधान गर्न नसकेको खण्डमा अन्तर्राष्ट्रिय कानुन आकर्षित हुन्छ । पीडितहरूले घटनाको सत्य तथ्य थाहा पाउने अधिकार सुरक्षित गर्ने, गम्भीर प्रकारका मानव अधिकार उल्लङ्घनका घटनाहरूमा संलग्नहरूलाई कानुनी कारबाही गर्ने, पीडितलाई क्षतिपूर्ति वा परिपूरणको व्यवस्था नै शान्ति प्रक्रियालाई अन्तिम टुङ्गोमा पुऱ्याउने विधि र प्रक्रिया हुन् ।

## सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पेस होला ?

प्रधानमन्त्री 'प्रचण्ड'ले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक चालु अधिवेशनमा पेस गर्ने बताउँदै आएका छन् । ठूला दलहरूबिच सहमति खोज्ने क्रममा राष्ट्रियसभामा ६ सीट एमालेलाई दिई सहमतिमा ल्याउन माओवादी तयार भए पनि माधव नेपालले त्यसलाई अस्वीकार गरेपछि सहमति हुन नसकेको बताइन्छ ।

शासक दलमा सल्लाहकारहरू भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले नियुक्त गरेको 'रअ' र 'सिआइए' का एजेन्टहरू छन् । उनीहरू जे चाहन्छन्, नेपाली नेताहरू त्यही गर्न बाध्य छन् । नेपालीहरूबिच द्वन्द्व चलिरहेसम्म आफ्नो स्वार्थ अनुकूल काम गर्न पाउने कुरा उनीहरूलाई राम्रै थाहा छ ।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनिया गुटेर्रेसले यही वर्ष नेपालको भ्रमण गरे । उनले नेपालको शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन आग्रह गरे । नेपालको प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त सभामा गरेको सम्बोधन पछि प्रधानमन्त्री 'प्रचण्ड' निकै हौसिए । प्रश्न उठ्छ के शान्ति प्रक्रियाको काम गुटेर्रेसले भनेपछि मात्रै गर्ने हो ? समस्या नेपालीहरूको हो, नेपाली नेताहरूले नै समाधान खोज्न सक्नुपर्थ्यो । हरेक विषयमा विदेशी सल्लाहकारहरूको निर्देशन सुन्ने बानीले हाम्रा नेताहरू आफै केही गर्न नसक्ने अवस्थामा पुगेका छन् ।

द्वन्द्वकालमा बेपत्ता भएका मानिसहरूको अवस्था सार्वजनिक गर्न विदेशीको निर्देशन पर्खिनुपर्छ र ? सूचनाका विभिन्न माध्यमहरू प्रयोग गरेर वास्तविक स्थिति थाहा पाउन किन सकिँदैन ? आयोगहरू गठन गर्ने र आयुक्तहरू नियुक्त गरेर कार्यकर्तालाई जागिर मात्रै खुवाउने बानीले अहिलेसम्म बेपत्ता छानबिन आयोग निष्कर्षमा पुग्न नसकेको हो । समयमा काम गर्न नसकेमा आयोगका पदाधिकारीहरूलाई कारबाहीको व्यवस्था गरेको भए अहिलेसम्ममा त्यो जे जस्तो भए पनि टुङ्गिसक्थ्यो ।

जनताले १० वर्षे द्वन्द्वकाल बिर्सन थालेका छन् । उनीहरूले गरेको ध्वंश र हत्या मात्रै सम्झेका छन् । त्यहीअनुरूप अहिले कानुनी कारबाही पनि चल्न थालेका छन् । द्वन्द्वकालमा हत्या गरिएकाहरूले नै 'प्रचण्ड' लगायतका माओवादी नेताहरूको विरुद्ध अदालतमा मुद्दा दर्ता गर्दै छन् । द्वन्द्वकालका मुद्दाहरू व्यक्तिगत मुद्दामा रूपान्तरण हुँदै छन् । शान्ति प्रक्रिया जति ढिलाइ हुन्छ, त्यति नै माओवादी नेताहरूको निम्ति खतरा हुन्छ । 'प्रचण्ड' लगायत माओवादी नेताहरूको टाउकोमाथि कुनै पनि बेला खतराको घण्टी बज्नेछ ।

## सार्वभौमसत्ता जनतामा कि अदालतमा ?

सार्वभौम सत्ताको अर्थ सर्वोच्च शक्ति हो । प्रजातन्त्रमा त्यो जनतामा रहन्छ । जनताले निर्वाचनमार्फत आफ्ना प्रतिनिधिलाई सुम्पन्छन् र प्रतिनिधिले त्यो अधिकार प्रयोग गर्छन् । जनताका प्रतिनिधिहरूले त्यो अधिकार प्रयोग गरेर ऐनकानुन निर्माण गर्छन् । तर पछिल्लो समय सरकारका निर्णयहरू अदालतले एक एक गरेर बदर गरेसँगै सार्वभौमसत्ता कहाँ छ भन्नेबारे प्रश्न उठेको छ ।

के.पी. ओली सरकारले दुई पटकसम्म प्रतिनिधिसभा विघटन गरे त्यसलाई अदालतले बदर गरिदियो, गणतन्त्र दिवसको अवसरमा छोडिएका बन्दीहरूमध्ये योगराज ढकाल (रिगल) लाई पुनः पक्राउ गरी कारबाही गर्न आदेश जारी गऱ्यो र पहिलो चरणमा 'जनयुद्ध' दिवसमा बिदा दिने निर्णय पनि अदालतले बदर गरी दियो । पछिल्लो दुई ओटा मुद्दामा अदालतले बोलेकोमा केही भन्नुछैन । तर, निर्वाचित प्रधानमन्त्रीले गरेको प्रतिनिधिसभा विघटनलाई बदर गर्नु र अदालतले नै प्रधानमन्त्री नियुक्ति गर्नु भने प्रजातन्त्रकै उपहास हो । सरकारका हरेक निर्णय यसरी नै अदालतले बदर गर्दै जाने परिस्थिति उत्पन्न भए भने गणतन्त्र अदालत निर्देशित हुन पुग्छ । अदालत निर्देशित गणतन्त्र जनताको लागि स्वीकार्य हुनेछैन ।

व्यक्ति बेपत्ता र सत्य निरुपण तथा मेलमिलाप ऐन छिटो संशोधन पारित गरी शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन सकेन भने माओवादीहरूले अहिले सोचेको भन्दा धेरै गुणा बढी कठोर अवस्था सहनुपर्ने दिन आउन सक्छ । 'ओरालो लागेको बाच्छोलाई मृगले पनि खेद्छ' भनेझैं दाह्रा र नङ्ग्रा नभएको बाघदेखि कोही डराउने छैनन् । माओवादीले सरकारमा बसेर होइन सरकार बाहिर बसेर आफ्नो शक्ति आकलन गरेको भए राम्रो हुने थियो कि ?

# सरकारी जग्गा र ढुकुटी गैरकानुनीरूपमा हात पार्ने चौधरी परिवारको विषाक्त व्यापारिक विरासत



रामप्रसाद प्रजापति

## चौधरी परिवारको विषाक्त विरासत

चौधरीको विरासतको बारेमा नेपालमा केही वर्षदेखि चर्चा हुने गरेको पाइन्छ। कहिले एमालेबाट, कहिले काङ्ग्रेसबाट प्रतिनिधिसभा सदस्य हुँदा आफ्नो फाइदाको निम्ति जे पनि गर्ने मानिसको वर्गमा चौधरी पनि पर्छ भन्ने आकलन गर्न कसैलाई गाह्रो भएन। त्यही चौधरीको विरासतको विषाक्त जगको बारेमा यस साता केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले एउटा महत्त्वपूर्ण प्रकरण उजागर गर्‍यो।

सीआईबीले बिहीबार साँझ विनोद चौधरीका भाइ अरूणकुमार चौधरीलाई पक्राउ गरी अदालतबाट थप अनुसन्धानका लागि चार दिन हिरासतमा राख्ने अनुमति पायो। सीआईबीले आफ्नो भाइलाई पक्राउ गरेपछि विनोद चौधरीले वर्तमान सरकारका मन्त्री, बहालवाला न्यायाधीशदेखि विभिन्न उच्च पदस्थ पदाधिकारीहरूलाई दबाब दिन थालेपछि त्यसको प्रभाव प्रहरीलाई पनि पर्‍यो। उद्योग वाणिज्य सङ्घले विज्ञप्ति नै जारी गरी सामान्य छलफलविना नै पक्राउ गरेकोमा आपत्ति जनायो।

त्यसैले सीआईबीले शुक्रबार पत्रकार सम्मेलन नै गरी अरूणकुमार चौधरी, अजितनारायण सिंह थापा र सञ्जय ठाकुरलाई तीन महिनाभन्दा बढी समयदेखि अनुसन्धान गरी पक्राउ गरेको हुँदा ती व्यवसायीहरूलाई घटनाका सम्बन्धमा वास्तविकता नबुझी विवादास्पद नबनाउन प्रस्ट गर्‍यो।

## कसरी हात पारे सरकारी जग्गा र ढुकुटी

पञ्चायत सरकारले २०३७ सालमा चिनियाँ सरकारको सहयोगमा काठमाडौँको बाँसबारीमा रहेको १८ रोपनी ३ आना २ पैसा जग्गामा छाला जुत्ता कारखाना निर्माण गर्ने निर्णय गर्‍यो। निर्णयबमोजिम मालपोत कार्यालयले २०३७ कार्तिक २७ गते उक्त जग्गा बाँसबारी छाला तथा जुत्ता कारखाना लिमिटेडको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गरेको थियो।

छाला जुत्ता कारखानाको कार्यकारी अध्यक्ष अजितनारायण सिंह थापा थिए। सरकारी छाला जुत्ता कारखाना सञ्चालन भइरहेको थियो।

यसैबिच करिब २०४२/४३ सालतिर सरकारी छाला जुत्ता कारखानाको सम्पत्तिमा चौधरी समूहको आँखा लाग्यो।

योजनाबद्धरूपमा बाँसबारी छाला जुत्ता कारखाना बर्सेनि घाटा देखाउँदै लगियो। कारखानाको प्रवर्द्धन गर्न भनी बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष अजितनारायण सिंह थापा र चौधरी परिवारको तर्फबाट अरूणकुमार चौधरीबिच एउटा प्रबर्द्धन सम्झौता भयो। सम्झौतामा बाँसबारीमा क्यानभास जुत्ता उत्पादन गर्ने भन्दै च्याम्पियन फुटवेयर लिमिटेड खोल्ने सहमति भयो। कम्पनी खोल्दा ५१ प्रतिशत शेयर अरूणकुमार चौधरीको, २५ प्रतिशत शेयर बाँसबारी छाला जुत्ता कारखानाको र २४ प्रतिशत सर्वसाधारणका लागि शेयर जारी गर्ने भनियो।

२०४३ कार्तिक २७ गते अरूणकुमार चौधरीले 'च्याम्पियन फुटवेयर लिमिटेड' दर्ता गरेको देखिन्छ। त्यसअघि नै भदौ १३ गते उक्त कम्पनीको २५ प्रतिशत शेयर रहने गरी बाँसबारी छाला जुत्ता कारखाना र अरूणकुमार चौधरीको बिचमा दुईपक्षीय सम्झौता भएको रहेछ।

सोही २५ प्रतिशत शेयर बराबरको रकमबापत पहिलो चरणमा तत्कालीन कार्यकारी अध्यक्ष अजितनारायण सिंहको एकल निर्णयमा बाँसबारी छाला जुत्ता कारखानाको ६ रोपनी जग्गा च्याम्पियन फुटवेयरको नाममा हस्तान्तरण गरियो। त्यसबेला उक्त ६ रोपनी जग्गाको सरकारी न्यूनतम मूल्य १५ लाख रुपैयाँ रहेको देखिन्छ।

त्यसपछि पनि बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडले २०४४ मङ्सिर १८ गते थप २६ लाख रुपैयाँ चौधरीको च्याम्पियन फुटवेयर लिमिटेडमा लगानी गरेको देखिन्छ।

चौधरीको 'च्याम्पियन फुटवेयर लिमिटेड' को सुरु पुँजी ५० लाख रहेकोले बाँसबारी छाला जुत्ता कारखानाले आफ्नो २५ प्रतिशत शेयर हकहिस्साका लागि १२ लाख ५० हजार रुपैयाँ मात्रै लगानी गर्नुपर्नेमा ६ रोपनी जग्गा हस्तान्तरण गर्नुका साथै २६ लाख २७८ रुपैयाँ लगानी गरेको देखियो। पछि पुनः ४ रोपनीसहित १० रोपनी जग्गा चौधरी परिवारले हात पारेको देखियो।

तर, अर्कोतिर ५१ प्रतिशत लगानी गर्ने भनेका अरूणकुमार चौधरीले ७४ लाख रुपैयाँ लगानी गर्नुपर्नेमा जम्मा ८ लाख मात्रै लगानी गरेको देखियो।

चौधरी परिवारको मूल उद्देश्य बाँसबारी छाला जुत्ता कारखानाको प्रबर्द्धन गर्ने वा जुत्ता कारखाना सञ्चालन गर्नु थिएन। बरु सरकारी जग्गा र सरकारी धन सम्पत्ति हात पार्नु रहेको देखियो। किनभने जुन कारखाना बनेको थियो, त्यो दुई तीन वर्षमै बन्द गरियो।

जुत्ता कारखाना बन्द भइसकेपछि २०४९ असार ३० गते अर्थ मन्त्रालयले बाँसबारी छाला जुत्ता कारखानालाई निजीकरण गर्ने औपचारिक योजना अघि बढायो। त्यही मौकामा चौधरी परिवारले बाँसबारी छाला जुत्ता कारखानाको २५ प्रतिशत शेयर अरूणकुमार चौधरीकै नाममा खरिद गरेका थिए। २०५२ साउन ११ गते अरूणकुमार चौधरीले बाँसबारी छाला जुत्ता कारखानाको शेयर आफ्नो नाममा ल्याए। यसरी चौधरी परिवारले बाँसबारी छाला जुत्ता कारखानाको पूरै जग्गा र शेयर हकसमेत आफ्नो हात पारेको प्रस्ट देखियो।

लगत्तै बाँसबारी छाला जुत्ता कारखाना पब्लिक लिमिटेडबाट २०५२ साउन १२ गते प्राइभेट लिमिटेड कम्पनीमा परिवर्तन गर्ने प्रक्रिया अघि बढाइयो। पुस ४ गते कम्पनी निजी कम्पनीमा परिवर्तन भयो।

सम्पूर्ण सरकारी जग्गा यसरी चौधरी परिवारको नाममा गएको देखिन्छ भने च्याम्पियन फुटवेयर प्रा.लि.को नाम परिवर्तन गरेर सिजी चाँदवाग रेजिडेन्सी बनाएको अनुसन्धानबाट देखिएको सीआईबीले जनाएको छ।

यसरी चीन सरकारले अनुदानमा निर्माण गरिदिएको सरकारी कारखानालाई ध्वस्त बनाउन निजीकरण गर्ने योजना अनुरूप कारखाना घाटा हुन थालेको देखाउँदै निजीकरण मात्र गरेन सरकारी कम्पनीको जग्गा कम्पनीका तत्कालीन कार्यकारी अध्यक्षको एकल निर्णयमा निजी कम्पनीलाई जग्गा हस्तान्तरण गर्नुका साथै घाटामा चलेको भनिएको सरकारी कम्पनी (बाँसबारी छाला जुत्ता कारखाना) को त्यसबेलाको २६ लाखभन्दा बढी रुपैयाँ अरूणकुमार चौधरीको निजी कम्पनीले हात पारेको रहेछ।

यसरी २०४३/४४ सालदेखि २०५२ सालसम्ममा चौधरी परिवारले सरकारी कम्पनी र सरकारी जग्गालाई आफ्नो निजी सम्पत्ति बनाएको देखियो।

यी र यस्तै प्रकृतिका कारोबारबाटै चौधरी परिवारले अहिलेको आफ्नो व्यापारिक विरासत निर्माण गरेको हुँदा चौधरी परिवारको र चौधरीजस्तै अन्य दर्जनौं व्यापारिक घरानाका मानिसहरूको आधारशीला अर्थात् जग विषाक्त रहेको जानकारहरू बताउँछन्।

## निजीकरण गरिएका अरू उद्योगको पनि अनुसन्धान जरुरी

हुन त चीन सरकारले नेपाल सरकारलाई अनुदान सहयोगस्वरूप देशका विभिन्न भागमा निर्माण गरी दिएका दर्जनौं सरकारी उद्योग कलकारखानाहरूमा विभिन्न व्यापारी व्यवसायीहरूले आँखा लगाएको र पछि क्रमशः निजीकरणका नाममा सरकारले ती सबै उद्योगहरू कौडीको मूल्यमा बिक्री गरेको यथार्थ सबैलाई अवगत नै छ।

सँगसँगै स्थापना भएका निजी कलकारखानाले ठूलो धनराशी नाफा गरिरहेकै अवस्थामा सरकारी कलकारखानाहरूले भने सधैँ घाटा व्यहोर्ने गरेको हिसाबकिताब देखाउन सरकारी कर्मचारीहरू मात्र होइन, निजी व्यापारी व्यवसायीहरूको पनि संलग्नता थियो भन्ने कुरामा शङ्का थिएन।

अहिले पनि सरकारी लगानीका ४४ संस्थानहरूमध्ये विद्युत् प्राधिकरणबाहेक अरू सबै संस्थानहरू घाटामा छन्।

यसरी सरकारी उद्योग कलकारखानाहरूलाई घाटामा देखाउँदै निजीकरण गर्न सरकारभित्र र बाहिरी तत्व लागिपरेको र विभिन्न कालखण्डमा चिनियाँ सरकारले नेपाल सरकारलाई अनुदानमा निर्माण गरिदिएका १८ उद्योगहरू निजीकरण गरेको पाइन्छ।

नीजिकरण गरिएका सरकारी कम्पनीहरुको अवस्था

| चालु अवस्थामा रहेको | घाटामा रहेको | बन्द गरिएको | खारेज गरिएको |
|---|---|---|---|
| नेपाल बिटुमिन तथा ब्यारेल उद्योग | श्री रघुपति जुट मिल | बाँसबारी छाला जुत्ता कारखाना | नेपाल जुट विकास तथा व्यापार कम्पनी |
| नेपाल ल्युब आयल | लुम्बिनी चिनी कारखाना | हरिसिद्धि ईट्टा टायल कारखाना | कृषि आयोजना सेवा केन्द्र |
| नेपाल डलौट उद्योग लिमिटेड | नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड | भृकुटी कागज कारखाना | सुर्ती विकास कम्पनी |
| नेपाल बैंक लिमिटेड | विराटनगर जुट मिल | चलचित्र विकास कम्पनी लिमिटेड | हिमाल सिमेन्ट उद्योग लिमिटेड |
| नेपाल चिया विकास निगम | | बालाजु कपडा उद्योग | घरेलु शिल्पकला बिक्री भण्डार |
| बुटवल पावर कम्पनी | | काँचो छाला संकलन तथा बिक्री केन्द्र | नेपाल कोल लिमिटेड |
| नेपाल दूरसञ्चार कम्पनी | | | हेटौंडा कपडा उद्योग |
| भक्तपुर ईट्टा टायल कारखाना | | | वीरगंज चिनी कारखाना |
| | | | नेपाल यातायात संस्थान |
| | | | कृषि चुन उद्योग मिमिटेड |
| | | | नेपाल ड्रिलिङ्ग कम्पनी |

नेपाल सरकारले २०८० जेठमा सार्वजनिक गरेको एउटा प्रतिवेदनअनुसार निजीकरण गरिएका १८ सार्वजनिक संस्थानहरूमध्ये ८ ओटा नाफामा, ४ ओटा घाटामा र ६ ओटा बन्द अवस्थामा छन् ।

चीन सरकारद्वारा बनाइएका कलकारखानाहरू बन्द हुँदा देशलाई निकै ठूलो क्षति हुने थाहा हुँदाहुँदै जानीजानी ती उद्योगहरू निजीकरण गरिएको थियो । ताकि नेपालमा चिनियाँ प्रभाव कम होस् र भारतीय तथा अमेरिकी प्रभाव र दबाबमा कमजोर नेपालमाथि आफ्नो स्वार्थ अनुकूलको सरकार गठन गर्न सहज होस् । यसरी भारतीय विस्तारवादी र अमेरिकी साम्राज्यवादी तत्वसँग सरकारभित्र रहेका नेता र उच्चपदस्थ पदाधिकारीहरू देशका केही व्यापारी दलालहरू पनि लागेकै थिए भन्ने स्पष्ट बुझ्न सकिन्छ ।

## नेपाल ड्रिलिङ कम्पनी

चीन सरकारले बनाइदिएको भक्तपुरको सूर्यविनायकदेखि काठमाडौँको त्रिपुरेश्वरसम्म विद्युत्बाट चल्ने ट्रलीबस सेवा पनि नेपाल सरकारले बन्द गरेको छ ।

चौधरी परिवारले विषाक्त जगको आधारशीलामा जसरी सरकारी जग्गा तथा धन सम्पत्ति हात पारेर अहिलेको व्यापारिक विरासत बनाए त्यसरी नै अरू धेरै व्यापारिक घराना, सरकारी कर्मचारी, मन्त्री, प्रधानमन्त्रीहरू प्रत्यक्ष संलग्न भई चौधरी परिवारका अरूणकुमार चौधरीले जस्तै सरकारी जग्गा र सरकारी धन सम्पत्ति गैरकानुनी तवरबाट आफ्नो हात पारेको हुनसक्ने सम्भावना प्रबल देखिएको छ । त्यसैले सरकारी कलकारखानाहरू कौडीको भाउमा निजीकरण गरिएकोमा बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडको फाइल अनुसन्धान भएझैँ थप अन्य निजीकरण गरिएका उद्योग कलकारखानाहरूको फाइलहरू पनि पुनः अनुसन्धान गरी वास्तविकता सार्वजनिक गर्नु जरुरी छ ।

'मजदुर' दैनिक, २०८० माघ २८


## हाम्रा मौलिक सामग्री



काठको बाकस (१७ औँ शताब्दी) कन्टुर र ततिपाकी

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी


## बासिबियाँलो



दिइएको चित्रमा कतिओटा माछा भेटाउनु भयो ?



# चिनियाँ नयाँ वर्ष २०२४ को अवसरमा भक्तपुरमा विशेष सांस्कृतिक प्रदर्शन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्य तथा नेपालस्थित चिनियाँ राजदूत महामहिम छन सोङको विशेष आतिथ्यमा चिनियाँ नयाँ वर्ष २०२४ (ड्रयागन वर्ष) को अवसरमा सांस्कृतिक प्रदर्शनी फागुन २ गते भक्तपुर लायकूमा आयोजना भयो।



कार्यक्रममा प्रमुख **सुनिल प्रजापतिले** चिनियाँ कम्युनिष्ट पार्टीका नेता सि चिनफिङ र सम्पूर्ण चिनियाँ जनतामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुहुँदै नेपाल–चीनबिचको मित्रता र सांस्कृतिक सम्बन्ध युगौँदेखिको पुरानो हो भन्नुभयो। उहाँले भन्नुभयो – 'तेह्रौँ शताब्दीमा नेपालका वास्तुकलाविद् अरनिको चीन गएर निर्माण भएको श्वेत चैत्य नेपाल–चीनबिचको सयौँ वर्ष अघिदेखिको मित्रता र सांस्कृतिक सम्बन्धको बलियो प्रमाण हो।'

उहाँले चीनको स–छ्वान प्रान्तका पार्टी सचिव वाङ स्याओहुई, पोलिटब्युरो सदस्य तथा छोङछिङ नगरपालिकाका पार्टी समिति सचिव युआन चियाच्युन, सिचाङ (तिब्बत) स्वायत्त क्षेत्रका कम्युनिष्ट पार्टीका सचिव वाङ च्युङचङले हालै भक्तपुरको अवलोकन भ्रमण गर्नुभएको स्मरण गर्नुहुँदै भक्तपुर नगरपालिका र चीनको लशान नगरपालिकाबिच मैत्रीपूर्ण सहकार्य स्थापना गर्न सहमत भई हस्ताक्षर भएको जानकारी गराउनुभयो।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालका लागि भगिनी सम्बन्ध रहेको चीनको स्वशासित क्षेत्र तिब्बतको शान–नान नगरपालिकाले स्वास्थ्य सामग्रीहरू सहयोग गरेको बताउनुहुँदै उहाँले सङ्कटको बेला सहयोग गरेर चिनियाँ कम्युनिष्ट पार्टी र सरकारले एक असल छिमेकीको उदाहरण प्रस्तुत गरेको उल्लेख गर्नुभयो।

भक्तपुर नगरभित्रका सम्पदाहरूको अवलोकन गर्न वर्षेनी विश्वका विभिन्न देशहरूबाट लाखौँ पर्यटकहरू आउने गरेका विदेशी नागरिकहरूबाट नगरपालिकाले केही सेवा शुल्क लिई शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माणलगायतमा खर्च गर्दै आएको जानकारी उक्त कार्यक्रममा प्रमुख प्रजापतिले दिनुभयो।



कार्यक्रमका विशेष अतिथि राजदूत **छन सोङले** भक्तपुरलाई नेपालको सांस्कृतिक राजधानीको संज्ञा दिनुहुँदै भक्तपुर नगरभित्रका विशिष्ट कला र संस्कृतिले संसारभरका पर्यटकहरूलाई आकर्षित गरेको जानकारी दिनुभयो। उहाँले 'चिनियाँ नयाँ वर्ष सबैभन्दा पुरानो र लाखौँ परिवारहरूलाई एकताबद्ध गर्ने र पुरानोलाई त्यागेर नयाँ अङ्गाल्ने उत्सव हो' भन्नुभयो।

उहाँले गत वर्ष सम्पन्न संयुक्त राष्ट्रसङ्घको ७८ औँ महासभाले चिनियाँ नयाँ वर्षको दिनलाई छुट्टीको दिन घोषणा गर्ने प्रस्तावलाई एकमतले पारित गरेको जानकारी दिनुहुँदै यो राष्ट्रपति सी चिनफिङले अगाडि सार्नुभएको 'विश्वव्यापी सभ्यता अगुवाइ'को एक ज्वलन्त नमुना भएको उल्लेख गर्नुभयो।

चिनियाँ नयाँ वर्षको अवसरमा पहिलो पटक शृङ्खलाबद्ध कार्यक्रम आयोजना गरेको बताउनुहुँदै उहाँले यस क्रममा युनान प्रान्तको अन्तर्राष्ट्रिय बसन्त महोत्सव तथा नयाँ वर्षको






स्वागत कार्यक्रम, आनहुई प्रान्त सांस्कृतिक टोलीको शुभ बसन्त महोत्सव, तिब्बती नयाँ वर्षको अवसरमा सांस्कृतिक कार्यक्रम, चिनियाँ लालटिन प्रदर्शनीलगायतका कार्यक्रमहरूले नेपालमा चिनियाँ नयाँ वर्षको उत्साहपूर्ण वातावरण सृजना गरेको बताउनुभयो ।




राजदूत सोङ्गले यो वर्ष चीनको जनगणतन्त्र स्थापनाको ७५ औँ र आउँदो वर्ष चीन-नेपाल दौत्य सम्बन्धको ७० औँ वर्षगाँठ भएको हुँदा दुवै देशको सम्बन्धमा नयाँ अवसर र सम्भावनाहरू रहेको जानकारी दिनुहुँदै आगामी दिनमा नेपाल चीनबिच विभिन्न क्षेत्रमा सहयोग आदान प्रदान र सहकार्यको नयाँ वातावरण सृजना हुनेमा आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा चीनको तर्फबाट ड्रयागन नाच, सिंह नाच र छीलीन नाच प्रस्तुत गरिएको थियो भने भक्तपुर नगरपालिकाको तर्फबाट रामचन्द्र नाच (माक प्याखं), लाखे नाच र सिंह नाच प्रस्तुत भएको थियो ।

कार्यक्रम पश्चात पचपन्न झ्याल दरबारबाट साकोठा हुँदै टौमढीसम्मको सांस्कृतिक र्‍यालीमा ६ ओटै नाचसहित प्रमुख अतिथि, विशेष अतिथि, जनप्रतिनिधिहरू, कर्मचारीहरू, चिनियाँ र नेपाली कलाकारहरू समेतको सांस्कृतिक टोली तथा नगरवासीहरू सहभागी भएका थिए ।

मन्तव्य

# 'नेपाल–चीनबिचको सम्बन्ध युगौंदेखिको पुरानो हो'

## – सुनिल प्रजापति, प्रमुख, भक्तपुर नपा




नेपालका लागि चिनियाँ राजदूत महामहिम छन सोङज्यू, भक्तपुर नगरपालिकाका उपप्रमुखज्यूलगायत जनप्रतिनिधिहरू, पर्यटन बोर्डका प्रतिनिधिलगायत सम्पूर्ण सहभागी मित्रहरूलाई सांस्कृतिक नगर भक्तपुरको तर्फबाट हार्दिक स्वागत गर्दछौं ।

भक्तपुर नगरपालिका, चिनियाँ राजदूतावास र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा चिनियाँ नयाँ वर्ष २०२४ (ड्रयागन वर्ष) को अवसरमा सांस्कृतिक प्रदर्शन गर्न पाउँदा हामी अत्यन्त खुशी छौं । यस अवसरमा चिनियाँ कम्युनिष्ट पार्टीका नेता सि चिनफिङ र सम्पूर्ण चिनियाँ जनतामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

नेपाल–चीनबिचको मित्रता र सांस्कृतिक सम्बन्ध युगौंदेखिको पुरानो हो । तेह्रौं शताब्दीमा नेपालका वास्तुकलाविद् अरनिको चीन गएर श्वेत चैत्य निर्माण गर्नुभयो । जनगणतन्त्र चीनको राजधानी पेचिङमा अवस्थित श्वेत चैत्य नेपाल–चीनबिचको सयौं वर्ष अघिदेखिको मित्रता र सांस्कृतिक सम्बन्धको बलियो प्रमाण हो । त्यो सम्बन्धलाई हामी अझ विकास र विस्तार गर्न चाहन्छौं । आजको सांस्कृतिक प्रदर्शन त्यही सम्बन्ध विस्तारकै सिलसिला हो ।

चिनियाँ कम्युनिष्ट पार्टीका नेता तथा सरकारका उच्च पदाधिकारीहरूले नेपाल भ्रमणको सिलसिलामा भक्तपुरमा पनि गहिरो अभिरुची लिएर भ्रमण गर्नुभयो । भक्तपुरका जनताले उहाँहरूलाई स्वागत गर्ने अवसर पाउँदा खुशी छन् । यही वर्ष चीनको स–छ्वान प्रान्तका पार्टी सचिव वाङ स्याओहुई, पोलिटब्युरो सदस्य तथा छोङछिङ नगरपालिकाका पार्टी समिति सचिव युआन चिया च्युन, सिन्चाङ (तिब्बत) स्वायत्त क्षेत्रका कम्युनिष्ट पार्टीका सचिव वाङ च्युङचङले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित)ज्यूसँग भेटघाट गर्ने सिलसिलामा भक्तपुरको अवलोकन भ्रमण गर्नुभयो ।

त्यसैगरी चीनको सान्तोङ प्रान्तका छुआन थाइ नगरपालिकाका प्रतिनिधिमण्डल, चिङकाङशान नगरपालिकाका उपप्रमुख ह्वामिङ र हालै चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभागका उपमन्त्री सुन हेयान नेतृत्वमा नेपाल भ्रमणमा आएको प्रतिनिधिमण्डललाई पनि हामीले भक्तपुरमा स्वागत गर्ने अवसर पायौं । यस्ता भ्रमण र सांस्कृतिक टोलीहरूको आदानप्रदानले दुई देशबिचको सम्बन्ध थप बलियो हुँदै जाने हाम्रो विश्वास छ । यसै वर्ष भक्तपुर नगरपालिका र चीनको लसान नगरपालिकाबिच मैत्रीपूर्ण सहकार्य स्थापना गर्न सहमत भई हस्ताक्षर सम्पन्न भएको छ ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को कारण विश्व आक्रान्त भएको बेला चीन सरकारले त्यसको विरुद्ध खोप उत्पादन गरी नेपाली जनतालाई गरेको सहयोग अविस्मरणीय रहनेछ । भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालका लागि भगिनी सम्बन्ध रहेको चीनको स्वशासित क्षेत्र तिब्बतको शानन्नान नगरपालिकाले स्वास्थ्य सामग्रीहरू सहयोग गरेको पनि यहाँ स्मरण गर्न चाहन्छौं ।

चिनियाँ कम्युनिष्ट पार्टीको तर्फबाट नेपाल मजदुर किसान पार्टीलाई प्राप्त स्वास्थ्य सामग्रीहरू पार्टी सचिव का. प्रेम सुवाल स्वयम् देशका विभिन्न अस्पतालहरूमा पुगेर वितरण गर्नुभएको थियो । सङ्कटको बेला सहयोग गरेर चिनियाँ कम्युनिष्ट पार्टी र सरकारले एक असल छिमेकीको उदाहरण प्रस्तुत गऱ्यो । त्यसप्रति भक्तपुर नगरपालिका र यहाँका जनताको तर्फबाट हार्दिक आभार प्रकट गर्छौं ।

भक्तपुर कला र संस्कृतिले भरिएको सांस्कृतिक नगर हो । मूर्त र अमूर्त सम्पदाहरू यहाँ जीवन्त देख्न सकिन्छ । १८ औं शताब्दीसम्म स्वतन्त्र राज्यको रूपमा रहेको यो नगर १२ औंदेखि १५ औं शताब्दीसम्म राजधानी नगर थियो । मल्लकालीन सम्पदाहरूको संरक्षण गर्दै हामीले भक्तपुरलाई सांस्कृतिक नगर र जीवित सङ्ग्रहालयको रूपमा विकास गर्ने कोसिस गर्दैछौं ।

यो कार्यक्रमस्थल (दरबार क्षेत्र) नेपालका सातओटा विश्व सम्पदा सूचीमा सूचीकृतमध्ये एक हो । यस क्षेत्रमा अवस्थित विश्व प्रसिद्ध सम्पदाहरूको आधारमा सन् १९७९

मा युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गरेको थियो । यहाँका सम्पदाहरूको अवलोकन गर्न वर्षेनी विश्वका विभिन्न देशहरूबाट लाखौं पर्यटकहरू आउने गर्छन् । भक्तपुर नगर प्रवेश गर्ने विदेशी नागरिकहरूबाट नगरपालिकाले केही सेवा शुल्क लिने गरेको छ । त्यही शुल्कबाट उठेको रकमबाट भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माणलगायतमा खर्च गर्दै आएको छ ।

२०७२ सालको भूकम्पले यहाँका धेरै सम्पदाहरूमा क्षति पुग्यो । स्थानीय जनताको सहयोगमा धेरै सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार भइसकेको छ भने अझै केही सम्पदाहरू निर्माणाधीन छन् । मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणको लागि नयाँ पुस्ता तयार गर्न नगरपालिकाले निरन्तर प्रशिक्षण दिइरहेको छ ।

अन्त्यमा, पुन:एक पटक चिनियाँ नयाँ वर्ष २०२४ (ड्रागन वर्ष) को अवसरमा चिनियाँ कम्युनिष्ट पार्टीका नेता सि चिनफिङ र सम्पूर्ण चिनियाँ जनतामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । यस सांस्कृतिक प्रदर्शनको अवसर प्रदान गर्ने चिनियाँ राजदूतावास, नेपाल पर्यटन बोर्डलाई धन्यवाद दिन चाहन्छौं । सांस्कृतिक प्रदर्शन गर्नुहुने युन्नान विश्वविद्यालय, सनचन छीलीन नृत्य समूहका कलाकारहरू, भक्तपुरका सांस्कृतिक समूहका कलाकारहरूलगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछौं । धन्यवाद !

*(मिति २०८० फागुन २ गते चिनियाँ नयाँ वर्ष २०२४ को अवसरमा भक्तपुरमा विशेष सांस्कृतिक प्रदर्शनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# जीवन–आचरण

## मृत्युदण्ड

एक पटक 'अमर राज्य' का एउटा बुद्धिमान मन्त्री एउटा षड्यन्त्रको शिकार हुन पुगे ।

बुद्धिमान मन्त्रीको बुद्धि–विवेकबाट अमर राज्यका जनतामात्र होइन, टाढा–टाढाका मित्र–शत्रु राष्ट्रहरू सबै प्रभावित थिए र सबैले उनलाई ठूलै आदर तथा सम्मान गर्थे । यी सब कुराहरू देखेर अमर राज्यका अन्य मन्त्रीहरू सबै भित्रभित्रै इर्ष्याले जलिरहेका थिए । उनीहरू सबै मिलेर राजाको कानमा बुद्धिमान मन्त्रीका विरुद्धमा झूटो लाञ्छनाहरू लगाउने गर्थे । एकजना होइन, दुईजना होइन, लगभग सबै मन्त्रीहरूले एकै स्वरमा भने पछि राजाले पनि सही सम्झेर त्यो बुद्धिमान मन्त्रीलाई राज्यसत्ता हडप्ने षड्यन्त्र गरेको आरोप लगाउँदै जेल चलान तथा मृत्युदण्डको सजाय सुनायो ।

प्रसिद्ध बुद्धिमान मन्त्रीलाई मृत्युदण्ड दिएको हेर्न ठूलै भीड लागेको थियो । मृत्युदण्ड दिनु अघि बुद्धिमान मन्त्रीलाई आफ्नो मनको अन्तिम कुरा राख्ने अनुमति दिइयो ।

बुद्धिमान मन्त्रीले राजातिर हेर्दै गम्भीर आवाजमा बोल्न थाले – 'महाराज, हजुरले जहिले पनि सोधी बक्सनु हुन्थ्यो नि मैले हजुरबाट कुनै रहस्य त लुकाएको छैन ? हो महाराज मैले हजुरबाट एउटै मात्र रहस्य लुकाउँदै आएको छु । मैले मर्नु अघि हजुरलाई त्यो रहस्य बताएर जाने इच्छा गर्छु ।'

बुद्धिमान मन्त्रीको कुरा सुनेपछि राजा छिटोभन्दा छिटो त्यो रहस्य सुन्न आतुर भयो र रहस्य भन्नलाई अनुमति दियो ।

अनुमति पाउने बित्तिकै बुद्धिमान मन्त्रीले कसैले नसुन्ने गरी राजाको कानमा सुटुक्क त्यो रहस्य बतायो ।

बुद्धिमान मन्त्रीको रहस्य सुन्ने बित्तिकै राजाको होसहवास उड्यो, डरले राजाका पाइलाहरू कामिरहेको स्पष्ट देखिन्थ्यो । राजाले तुरुन्तै बुद्धिमान मन्त्रीलाई आरोप मुक्त घोषणा गर्दै प्रधानमन्त्रीमा नियुक्त गरे । साथै बुद्धिमान मन्त्रीविरुद्धमा गलत आरोप लगाएको भन्दै अन्य सबै मन्त्रीहरूलाई हिरासतमा लिन आदेश दिए र राज्यसत्ता हडप्ने षड्यन्त्र गर्ने कोसिस गरेको भन्दै मृत्युदण्ड दिन लगाए ।

आखिर के रहस्य भनेको रहेछ त बुद्धिमान मन्त्रीले ? सबैको मनमा प्रश्न उठिरहेको थियो ।

बुद्धिमान मन्त्रीले सिर्फ यति भनेको थियो – 'महाराज, हजुरलाई त थाहै छ, राज–ज्योतिषको मृत्युको समयमा म उहाँको समिपमै थिएँ । राज–ज्योतिषले मर्नु अघि मलाई भन्नुभएको थियो कि म (बुद्धिमान मन्त्री) मरेको ७ दिनपछि महाराजको मृत्यु हुने छ र 'अमर–राज्य' को पतनका दिनहरू आरम्भ हुने छन् ।'

## चिनियाँ नयाँ ड्र्यागन बर्षको विशेष सांस्कृतिक प्रदर्शनका केही झलक









YOMARI
2024


YOMARI







(२०८० फागुन २ गते)

मन्तव्य

# 'हामीले नेपाल चीनबिच विभिन्न क्षेत्रमा सहकार्यको वातावरण सिर्जना गर्नेछौँ'

## - छन सोङ, नेपालका लागि चिनियाँ राजदूत




यहाँहरू सबैलाई चिनियाँ नयाँ वर्षको अवसरमा आयोजित यस सांस्कृतिक प्रदर्शनीमा हार्दिक स्वागत गर्दछु।

सर्वप्रथम, आजको यस कार्यक्रम सफल बनाउन कार्यक्रमको तयारीमा महत्त्वपूर्ण र बलियो सहयोग गर्नु भएकोमा म भक्तपुर नगरपालिकालाई हृदयदेखि धन्यवाद दिन चाहन्छु। साथै चीन-नेपाल मित्रता र सहकार्यलाई अझ गहिरो बनाउन सकारात्मक योगदान पुऱ्याउनु हुने सम्पूर्ण साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

भक्तपुर नेपालको सांस्कृतिक राजधानी हो। भक्तपुर नेपालको मध्यकालीन वास्तुकला र संस्कृतिको जन्मस्थल पनि हो। भक्तपुरको विशिष्ट प्रकारको कला र संस्कृतिले संसारभरका पर्यटकहरूलाई आकर्षित गर्छ। चिनियाँ नयाँ वर्षको अवसरमा आयोजित आजको यस सांस्कृतिक प्रदर्शनी भक्तपुरका जनता र यहाँ पाल्नुभएका पर्यटकहरूको निम्ति एक फरक प्रकारको अनुभव हुनेमा म विश्वस्त छु।

चिनियाँ नयाँ वर्ष अर्थात बसन्तको चाड चिनियाँ संस्कृतिमा सबभन्दा पुरानो र महत्त्वपूर्ण परम्परागत चाड हो, लाखौँ परिवारहरूलाई एकताबद्ध गर्ने र पुरानोलाई त्यागेर नयाँ अङ्गाल्ने उत्सव पनि हो। गएको वर्ष सम्पन्न संयुक्त राष्ट्र सङ्घको ७८औँ महासभाले चिनियाँ नयाँ वर्षको दिनलाई छुट्टीको दिन घोषणा गर्ने प्रस्ताव एकमतले पारित गरेको थियो। विभिन्न सभ्यताहरूबिचको आदानप्रदान र आपसी सिकाइलाई प्रबर्द्धन गर्न यो प्रस्तावले बल पुऱ्याउनेछ। यो राष्ट्रपति सी चिनफिङले आगाडि सार्नु भएको 'विश्वव्यापी सभ्यता अगुवाइ'को एक ज्वलन्त नमुना पनि हो।

यो वर्ष नेपालस्थित चिनियाँ राजदूतावास, नेपाल पर्यटन बोर्डलगायत विभिन्न सङ्घ संस्थाहरूको अगुवाइमा बसन्तको चाड अर्थात चिनियाँ नयाँ वर्षको अवसरमा पहिलो पटक नेपालमा श्रृङ्खलाबद्ध कार्यक्रमहरू आयोजना गरिएको हो। यस क्रममा सम्पन्न भएका युन-नान प्रान्तको अन्तराष्ट्रिय बसन्त महोत्सव तथा नयाँ वर्षको स्वागत कार्यक्रम, आनहुई प्रान्त सांस्कृतिक टोलीको शुभ बसन्त महोत्सव, तिब्बती नयाँ वर्षको अवसरमा सांस्कृतिक कार्यक्रम, चिनियाँ लालटिन प्रदर्शनी जस्ता कार्यक्रमहरूले नेपालमा चिनियाँ नयाँ वर्षको उत्साहपूर्ण वातावरण सृजना गरेको छ। आज हामी चिनियाँ ड्रयागन नाच, सिंह नाच र छीलीन नाचसहितको सांस्कृतिक प्रदर्शनीमा छौँ।

ड्रयागन चिनियाँ जातिको 'टोटेम' अर्थात आध्यात्मिक प्रतिक हो। उर्जावान र शक्तिशाली भव्य रूप तथा बहादुर र निडर आत्मा भएको ड्रयागनसँग संसारलाई काबुमा राख्न सक्ने अतुलनीय शक्ति भएको मानिन्छ। ड्रयागन वर्ष शुरुभएको यस अवसरमा म चीन नेपाल दुवै देश ड्रयागनको जुझारु भावनालाई ब्युताउँदै, ड्रयागन जस्तै उडेर कडा परिश्रम, सृजनशीलता र समर्पणको भावनासहित हातमा हात मिलाएर सुन्दर भविष्य तर्फ द्रुत गतिमा अगाडि बढ्न सकून् भन्ने कामना गर्दछु।

यो वर्ष जनगणतनत्र  चीन स्थापनाको ७५औँ वर्षगाँठ हो। त्यसैगरी अर्को साल चीन-नेपाल दौत्य सम्बन्ध स्थापनाको ७०औँ वर्षगाँठ पर्छ। यो नयाँ ऐतिहासिक बिन्दुमा उभिएर चीन-नेपाल सम्बन्धले नयाँ अवसर र सम्भावनाहरूलाई स्वागत गरिरहेको छ। हामीले सी चिनफिङ नयाँ युगको चिनियाँ विशेषतासहितको समाजवादको सिद्धान्त, विशेषतः सी चीनफिङको विदेश मामिला सम्बन्धी विचारको मार्गनिर्देशनमा मानव जातिको साझा भविष्य निर्माणलाई केन्द्रबिन्दुमा राख्दै नेपाल चीनबिच विभिन्न क्षेत्रमा आदानप्रदान र सहकार्यको नयाँ वातावरण सृजना गर्नेछौँ।

अन्त्यमा, चीन नेपाल दुवै देशमा शान्ति र समृद्धिको निम्ति कामना गर्दछु।

दुवै देशका जनताले चिताएका कुरा पूरा होस्, ड्रयागन वर्षको शुभकामना !

भक्तपुरका जनतामा घरघरमा सुख भित्रियोस्, नयाँ वर्षको शुभकामना !

धन्यवाद !

*(मिति २०८० फागुन २ गते चिनियाँ नयाँ वर्ष २०२४ को अवसरमा भक्तपुरमा विशेष सांस्कृतिक प्रदर्शनमा नेपालका लागि चिनियाँ राजदूत महामहिम छन सोङले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# भक्तपुरको मौलिक थरहरू



ओम धौभडेल

नेपाल चार वर्ण छत्तिस जातले सु-सज्जित एक सुन्दर फुलवारी मानिन्छ । जहाँ अनेकौँ सुगन्धित फूलरूपी जातजातिहरू रहेका छन् । त्यसमा मानिसको नामको पछाडि जोडिने थरले धेरै महत्त्व राख्छ । त्यसो त आफ्नो पूर्खादेखि प्राप्त हुँदै आएको मानिसको नामको पछाडि जोडिँदै आएको थर कुनै अचम्मको विषयवस्तु होइन । थरको इतिहास खोज्ने क्रममा काठमाडौँ उपत्यकामा मानवबस्ती विकासदेखि लामो समयसम्मको अवस्था मौन छ । लिच्छवि कालसम्म आइपुग्दा जातीय संरचनायुक्त समाज विकास भैसकेको अवस्थामा थरले ब्यक्ति समुदायको पहिचान मात्रै नभई उसको धार्मिक, सांस्कृतिक, सामाजिक हैसियतसमेतको आधार निभाएको पाइन्छ । प्रथम सूर्यवंशी लिच्छवि राजा सुपुष्प देवले पहिलो पटक चार वर्णमा जातको ब्यवस्था गरी पशुपतिनाथको मन्दिर बनाएको गोपालराज वंशावलीमा उल्लेख छ । अर्का लिच्छवि राजा नरेन्द्रदेवको पशुपति बज्रघर अगाडिको शिलापत्रमा श्रेष्ठीदुलको उल्लेख छ । यसको अर्थ तत्कालीन समयमै श्रेष्ठ थरको उल्लेख भैसकेको देखिन्छ । त्यस्तै उनै राजाको भक्तपुर अनन्त लिङ्गेश्वरको अभिलेखमा ब्राम्हणदेखि चाण्डालसम्मको उल्लेख छ । अर्का लिच्छवि राजा वसन्तदेवको थानकोटको संवत् ४२८ को आदिनारायण मन्दिरको शिलापत्रमा ब्राम्हणलगायत १८ जातको उल्लेख छ । बिक्रम संवत् ७९० मा जयदेव द्वितीय पछि महाविनासबाट नेपाल मण्डलको पतन पछि देव नामधारी ठकुरीहरूले शासन चलाएको देखिन्छ । तत्कालीन राजा तथा दरबारमा श्रेष्ठ थरका उच्च भारदार बनेको देखि राजाका मावली खलक 'मुल्मी' बनेको उदाहरण छ । लिच्छविकालपछि मल्लकालको पूर्वार्धमा अर्थात ने.सं. ४४४ मा सिम्रौनगढबाट आराध्य देवी तुलजा भवानी भक्तपुर प्रवेश हुनु अनि ने.सं. ५१४ मा जयस्थिति मल्लले त्यही तलेजु भवानीलाई केन्द्रित गरी जातिमाला लागु गरेपछि मजबुत जातीय संरचनासहितको समाज बन्न पुग्यो । आज भक्तपुरलगायत तत्कालीन नेपाल मण्डलभित्र देखिएका कैयौँ थरहरू यसकै उपज हुन् ।

तलेजुलाई केन्द्र बनाई पहिलो घेरामा मल्लराजा एवम् उनका परिवार बस्ने क्रममा तत्कालीन त्रिपुर एवम् युथुनिमम दरबारदेखि पछि बनेका बसन्तपुर दरबार, ङयङापा ज्ञ्यः दरबार, थंथु दरबार, सिंहद्वार दरबार, चौकोट दरबार, भण्डारखाल दरबारहरूसमेत यही घेराभित्र बनेको पाइन्छ । त्यस्तै दोश्रो घेरामा राजाका पुरोहित अर्थात राजगुरु ब्राम्हण वर्गको निवास रह्यो । विशेषगरी दरबारसँग सम्बन्धित राजोपाध्याय वर्गको निवास खौमा, लास्कुढोका, इपाछेँ, सोमला, इच्छु, घट्खा, इटाछेँ, बालाखु वरपर पाउनु यही विशेषता हो । राजोपाध्याय बाहेक शर्मा, सुवेदी, झा, मिश्र, भट्ट जस्ता थर ब्राम्हण वर्गको हो । यस भन्दा बाहिर रहेको तेश्रो घेरामा राजदरबारसँग सम्बन्ध राख्ने भारदार अर्थात भारो वर्गको वासस्थान रहेको हुन्छ । जसलाई ६ थरी भन्ने गरिन्छ । मल्ल, लायल, अमात्य, प्रधानाङ्ग, तिमिला, राजभण्डारी, हाडा, बिजुक्छेँ, मलेपति, मूल, धौभडेल, पक्वान, राय, मुनकर्मी, जोशी, राइठोर जस्ताको बसोबास यहाँ रहेको हुन्छ । जहाँ उनीहरूको कुलघर आगमघरसहितको चोक तथा इनार , जलद्रोणी र चारैतिर आफ्नै घर हुन्थ्यो । चोक पस्ने दुईभन्दा बढी ढोका र चोर बाटोको माध्यमबाट दरबारसम्म पुग्ने बाटो हुन्थ्यो । यस्तो बस्तीहरू भक्तपुर नगरको लायकू वरपरको टौमढी, इच्छु, क्वाछेँ, थाछेँ, गःहिति, बालाखु, खौमा, कोलाछेँ, तुलाछेँ, घटखा, सोमला, दोक्छेँ आदिमा गुच्चमुच्च बस्ती रहेका छन् । जसमा मल्ल, प्रधानाङ्ग, लायलहरूको खौमा क्वाथ, थथुबाहा, दथुबाहा, सन्तनबाहा, दुबसीबाहा, नासमनाबाहा, चोछेँबाहा, न्हाकंबाहा, कुटुबाहा लगायत क्वाछेँका अमात्य, थाछेँका जोशी, टौमढीका तिमिला, बोलाछेँका राजभण्डारी, खौमाका कायस्थ, क्वाछेँका मलेपति, टिवुक्छेँका प्रधानाङ्ग, कोलाछेँका हाडा बस्ती जसको ठोस प्रमाणहरू हुन् । यसभन्दा बाहिरको अर्को एउटा घेरामा देवदेवीकहाँ तान्त्रिक विधिबाट पूजा उपासना गर्ने कर्माचार्यको बस्ती हुन्छ । तलेजु भवानी उच्च तान्त्रिक देवी भएको कारण तलेजु वरपरको टौमढी, बालाखु, तुलाछेँ, सुकुलढोकामा कर्माचार्य थरको बाक्लो बस्ती बसेको छ । ५ थरीका कर्माचार्य बाहेक यसभित्रका अन्य थरहरू जस्तै कक्षपति, भद्रा, पसखल, मुल्मी, होरा, मधिकर्मी, मास्के, बनेपाली, दिस्ती, खागी, बरिया, फैजु, फाँजुहरूको बस्ती भने यो चौथो घेरामा भएको पाइँदैन । पाँचौ घेरा नगरको त्यस्तो महत्त्वपूर्ण घेरा हो जहाँ कर्माचार्यबाहेक माथि उल्लेखित ५ थरी लगायत कृषि, उद्योग

तथा सीपमूलक कार्य गर्नेहरूको मूल वास रहेको छ। विशेष गरी गुच्चमुच्च टोलबस्तीको रूपमा यो घेरामा पर्ने बजारी भेगमा उद्योग ब्यापार गर्नेहरू र गल्ली चोक उपटोल भित्र कृषि पेशा अँगाल्ने किसान वर्गको बाहुल्यता रहेको हुन्छ। वंशगोपाल, नासमना, बोलाछैँ, सुकुलढोका, इताछैँ, गोलमढी, इनाचो दत्तात्रय जस्ता बजार भेगमा ब्यापार अँगाल्ने थरहरूको बाहुल्यता रहेको छ भने यता चासुखेल, चोछैँ, ब्यासी, जैँला, सूर्यमढी, लाकुलाछैँ, खलाँ, तालाक्व, तपालाछी, भोलाछैँ, क्वाठण्डौ जस्ता टोल इलाकामा अधिकांश किसान वर्गको बाहुल्यता रहेको छ। श्रमजीवीहरूको यो घेरालाई यस कारण महत्त्व दिएको हुन्छ कि वर्षभरिको लागि आवश्यक खाद्यान्न सुरक्षित गर्न भण्डारको रूपमा उपयोग गरेको हुन्छ। यहाँ सुवाल, कोजु, बासुकला जस्ता खेतीसँग आवद्ध थरहरू बाहेक खेतीका साथ निर्माण कार्यमा लाग्ने दुवाल, अवाल, खेतीका साथ धार्मिक कार्यमा लाग्ने राजचल, मुलगुठी, चगुठी, बनमाला, खेतीका साथ काठको काम गर्ने शिल्पकार, खेतीका साथ ढुङ्गाको काम गर्ने शिलाकार जस्ता कैयौँ विविध थरहरू भेटिन्छन्। अझ कृषि पेशासँग आवद्ध हुने सयौँ अन्य थरहरू यहाँ देख्न पाइन्छ। जो जनावर, अन्न, फलफुल, चराचुरुङ्गी वासस्थानदेखि ब्यक्तिको हाउभाउ, शारीरिक बनावट जस्ता विविध विषयवस्तुमा केन्द्रित गरी कुनां बिनांको आधारमा थर बनेको सन्दर्भमा नेवार थरको रोचकता यहाँ देख्न सकिन्छ। साथै यो घेरामा सीपमूलकहरू जस्तो माटाका भाँडा बनाउने प्रजापति, कपडा रङ्गाउने छिपा (रञ्जीतकार), तामाको काम गर्ने ताम्राकार, टोपी बनाउने साखकर्मी, चुल्याद, देवप्रधान, काठको कामगर्ने शिल्पकार, तेलपेल्ने मानन्धर, सुनको कामगर्ने शाक्य, बज्राचार्य, ढुङ्गाको काम गर्ने शिलाकार, चित्र कोर्ने चित्रकार, फलामको काम गर्ने नकर्मी आदिको वासस्थान हुन्छ। यसभन्दा बाहिरको छैटौँ घेरामा धार्मिक कार्यको लागि परम्परादेखि आफ्नो भूमिका निभाउँदै आएका महत्त्वपूर्ण थरहरू जस्तै नापित, कारञ्जीत, शिवाचार्य, रजक, दिवाकर, शुध्दाकार, कुश्ले, साही आदिको बसोबास हुन्छ। सातौँ घेरामा खोला सँगै पोडे, च्यामखल, हालाहुलु जातिको बसोबास हुन्छ। जसको प्रमुख काम नगर एवम् देवस्थल सफा गर्नु हुन्छ। र आठौँ घेरामा खोला पारि श्रीयन्त्राकारमा क्रमशः ब्रम्हायणी, माहेश्वरी, कौमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली, महालक्ष्मीले सम्पूर्ण नगर घेरेको छ। भक्तपुरको मल्लकालीन बस्ती संरचनाको यो स्वरूप केही हदसम्म दुरुस्त रहे पनि नयाँ बस्ती विकासको पछिल्लो समयको अवस्थामा बस्तीको आधारमा थरहरू पाइएको छैन। तथापि काठमाडौँ उपत्यकाका तीन नगरहरू मध्ये भौगोलिक रूपमा सबैभन्दा सानो भएतापनि कला, संस्कृति, सम्पदा, रहन सहन जस्ता हरेक मूर्त एवम् अमूर्त विधामा अगाडि रहेको नगर भक्तपुर हो। जहाँ मानिसको नाम पछाडि झुन्डिँदै आउने थर हेर्दा साधारण नै लागेपनि भक्तपुरमा पाइने अचम्म अचम्म लाग्ने, जीवनमा पहिलो चोटि सुन्नेकालागि अर्थपूर्ण थरहरू भक्तपुरको मौलिक विशेषता नै हो। भौगोलिक रूपमा सानो भएतापनि यहाँ हजार भन्दा बढी थरहरू हुनुबाट भक्तपुरको समृद्धिपन ऐना झैँ छर्लङ्ग हुन्छ। नेपाली भाषाको वर्णानुक्रमअनुसार ती थरहरू यसरी उल्लेख गर्न सकिन्छ –

## बर्णमाला अनुसार थरहरू

**अ–** अंगजु, अदुवा, अमात्य, अवाल, आग ंन्जा, आजख्यां, आचार्य, आचाजु, ओझा, ओजः, आलुबन्जार, अइया, अगस्ति, अनामनि, अवः, आनन्ददेव, आलुद्धारे, आलुबाज्या, ओन्त, ओझानथाछे, अचार, अनुबाहा।

**उ–** उझाथाँछे, उलक, उदास, उराय, उपः, उदय, उखा, उजानथाछे, उदास, उपाध्याय।

**इ–** इकंकप

**ए–** एकादशी

**क–** कपाली, कसलवट, कसजु, कस, कवां, कर्मी, कर्माचार्य, कसपाल, कवं, कवे, कस्ती, कक्षपती, कयँल, कजु, कसुजु, कःता, कायस्थ, कार्जी, कासी, कासिछ्वा, कासुला, कापाजु, कारन्जीत, कायपाँ, काकः, कालु, कासीश्रेष्ठ, कालुजु, किजु, किलम्बु, किलन, किसी, किसिजु, किसिश्रेष्ठ, किला, किवानायो, किमिसुकु, कुटु, कुटुवजु, कुलु, कुचुमल, कुस्मा, कुम्पाख, कुरुङ्ग, कुरन्जु, कुबेर, कुसाथा, कुसिखी, कुयो, कुटुवकुसी, कुसिजु, कुम्हरजु, कुचुमनी, कुन्छेश्रेष्ठ, कुलुजु, कोजु, कोन्डा, कोत, कौदी, कैती, कंसाकार, कः, कोन्हाजु, कौ, क्याटु, कःछैँ, कमि, कःसिध्व, कक्कुमदु, कुथु, कुश्ले, कै, कैतिजु, कछिपति, कतिला, कपतग्व, कांद्यः, काः, काकी, काची, कामिचाखु, काःल, किवाछे, किमीसुकु वायेथाँ, कैल्हैँ, कोताँचा, कोपराखी, कोलांनसि, कोपुं, कोलाक्षपति, कुथुवास, कसत, कोलाक्षे, कौ, कौले, क्वः, कान्त्रा, कासिछा, क्वाथः, कसिचा, कचलि, कछेफोया, कापा, कोलाछे, कुसुमा।

**ख–** खड्गी, खतन, खम्बु, खपय, खयरगोली, खलुँ, खर्बुजा, खत्रीश्रेष्ठ, खत्री, खडकी, खाइजु, खाइतु, खागी, खायमली, खाताख्वो, खाइसी, खानिव, खानीबञ्जार, खामिवन्जार, खान, खी, खिनाव, खिउजुं, खिख्वा, खिचाजु, खिटिबकु, खिम्बाजा, खित्या, खिमुरु, खुस, खुजु, खुलीमुली, खुजुश्रेष्ठ, खोटेजा, खोपाद्यो, खोसीं, खोखाली, ख्याजु, ख्यायमाली, ख्वालापाला, ख्वाखजु, ख्वाउँजु, ख्यें, खोंजु,

खोजुश्रेष्ठ, खावाजु, खेद्यौमाकु, ख्वपे, खचरा, खाखः, खिंजेउ,खिंसिं, खिचाखी, खिचुलु, खिचींती, खिनावसाहु, खिप्वा, खुन्जु, खुखुनसिं, खुतिखाता, खुपा, खैं, खोत्ती, ख्वाखः, खिंबन्जा, खुपास्या ।

**ग–** गनेजु, गणेश, गपी, गलु, गसी, गन्धव, गपजु, गलजु, गाइँसी, गारुँ, गाइँजु, गावन्जार, गाथा, गोरा, गोथे, गोर्खाली, गोराजु, गोसाँइ, गोंग, गोगंजु, गोंगल, गोजा, गोठाले, ग्वाछा, ग्वाधवा, ग्वयमरु, ग्वारा खल, गुज, गुरुवाचाय, गुभाजु, गोसली, गःछेँ, गमला, गमाल, गमः, गरद, गरुड, गल्जु, गाँई, गिरी, गैंडा, गों, गोछे, गोपाली, ग्यांजु, गाथा, गाखु, गौगल, गोय, गथामोग, गाइती, गोब्या ।

**घ–** घजु, घटुवा, घ वा, घेमोशु, घों, घोखा, घुश्रेष्ठ, घिग्रीं, घ ोछु, घसुआचा, घवः, घाँयबन्जा, घिंतामुनी, घिनान्जु, घुरुघुरु, घुल्लु, घोरी, घवारा, घडिबाल, घोला ।

**ङ–** ङाकुसी, ङाखुसी, ङाला, ,

**च–** चवाल, चखुँ, चमा, चपछे, चन्धो, चक्रहार, चक्रमणी, चकुचाछें, चकुन्चोकोन, चनहिखश्रेष्ठ, चाकतु, चाकुमनी, चाकु, चालं, चाँसी, च्वमुश्रेष्ठ, चाकुमारी, चोलेख्व, चोलेखुँ, चांगुभारी, चांगाभारी, चिपालु, चित्रकार, चिकंवजार, चाकुवजी, चुया, चुके, चुलिया, चुल्याजु, चुल्याद, च्यां, चयोजु, चोकामी, चोकमी, चोमाकं, चोच्छेश्रेष्ठ, चौगुठी, चुइचुइ, चखुथाँछे, चोकाभारी, चश्मावाल, चाँसी, चपछे, चाकु, चाकुबजि, चालन, चितुवा, चौभण्डिल, चौप्रधान, चौतारा, चवतारा, च्यःचा, च्यामाखल, च्यामे, च्वामु, च्वाम्वः, चालंदिपकार, चाकुको, चोछेबाहा, चाँगुमहा, चुक्या, चोवानी, चामु ।

**छ–** छ्वाजु, छवा, छवालु, छिपा, छिपी, छोसकोस, छुंका, छुजुं, छुस्याकी, छुस्यावाग, छेगुतला, छेंतला, छेमिंखा, छावा, छुं, छुके, छुचुं, छुचुमरि, छुस्या, छोसोकोसो, छ्याकमाक, छ्वाःस, छ्वोचुं ।

**ज–** जति, जरेजु, जधारी, जयना, जराली, जाहाकु, जाकीबञ्जार, जाकिसी, जामन, जिम्मा, जुगी, जुगिजु, जुवाल, जोश्रेष्ठ, जोन्छे, जोशी, जोशीश्रेष्ठ, जुवा,

ज्याख्व, ज्यापुख्व, ज यापु, जयकामं, जश्रेष्ठ, जुधं, जंगम, जगुलु, जग्यसो, जलमी, जसपौ, जाकी, जालु, जुजु, जुजं, जाकिचुबन्ज, जथासाहु, जोगी, जोजिजु, ज्यासा, ज्वःल्हाँ, ज्योती, ज्यापुतागं ।

**झ–** झागंजु, झा, झ्याः, झ्याबा, झांग ।

**ट–** टमोट ।

**ठ–** ठिमी, ठयोंला ।

**ड–** डण्डेख्या, डंगोल, डोल्या ।

**ढ–** ढडगो, ढुकुछु, ढिग्री ।

**त–** तचामो, त्यात, त्यातजु, त्वाती, त्वायना, त्वायनावासु, त्वानावासु, तिकमझ्या, त्वाका, त्वामो, त्वाक, त्वान्जु, त्वं, तको, तजः, तजले, तजल्या, तझ्या, तखाछे, तमखु, तमथु, तसी, तलासी, तपोल, तन्डुकार, तचमो, तात्रा, ताम्राकार, तसिजु, ताहाकासी, ताल्चाभडेल, ताहामता, तातिजु, तिवी, तिविजु, तिमिला, त्वी त्वी, तुइतुइ, तुइख्वा, तुकंबन्जार, तुल्सी, तुल्सीवाख्य, तुसिवाख्य, तुलाधर, त्योछिन्न, तमिसिला, तुपुं, तुचाछे, त्वाकोस, तुकंसो, तजाछे, ताधुमु, तिहौत्या, तपालाछि, त्यापा ।

**थ–** थकु, थकुलवट, थकुश्रेष्ठ, थवँ, था, थाजु, थाश्रेष्ठ, थापाश्रेष्ठ, थिके, थिकश्रेष्ठ, थुया, थुयाजु, थुसा, थैव, थिमी, थसि, थाँजु, थुसाजु, थेचोमी, थारु, थकाली, थाँछे, थाकुर ।

**द–** दर्शनधारी, दली, दनेखु, दनेख्या, दनेगुलु, दथेपुथे, दान्ही, दिवाकर, दिदिया, दिस्ती, दिस्सी, दुगु, दुइँ, दुगुजु, दुमरु, दुवाल, दुश्रेष्ठ, देउवन्जार, दहिभन्सारी, दैवज्ञ, देवप्रधान, देवजु, दयोजु, देशेमरु, द्योपाला, देउपाला, द्योला, द्वारे, दुवजु, दलि, दहि, दहिभन्सार, द्वाः, दिवाकर, दुई, दोय, दुम्वः, दुरुखुँ, देउला, देशमल्ल, देशार, दै, देखाबन्जा, दुवे, दोखाबन्जा, दोगं, दिपकार, देकाना, दलाछे, देउभाजु, देपामी, दयाफा ।

**ध–** धगों, धन्छा, धनके, धाख्वा, धुख्वाँ, धुमँन, धेके, धोछु, धुँजु, धुसः, धुसु, धौग्वोडा, धौखेमी, धौभडेल (धौभारी, धौवडेल, धौभदेल, धौभारी, धौभादि, धवारी, धौबदेल, धौवारी), धौबन्जार, धाजुँ, धोंजु, धजुँ, ध्याकोदुव, ध्याकोश्रेष्ठ, ध्याकोछे, ध्वोंजु, धोंजु ध्वयाछे, ध्यापुसी, धुसी, ध्वजु, धिंग्री, धनखा, धन्के, धङ्ग, धनचासी, धनबी, धनबीर,धनेख्या, धाख्वा, धाग्या, धान्यागुलु, धालाछे, धालमाछे, धावा, धुकम्पु, धुपिकार, ध्वाजु, ध्याकुरा, धोलाजु, धौपुसा, ध्वा, धोसिंगोरा, धकछि, धंफ ।

**न–** नला, नखेत्रु, नकमी, ननित्याका, नःख्वा, नल, नागा, नागाजु, नाखन्द, नाखना, नापित, नायजु, नाय, नायभा, नायभारी, निसान्न पःमा, नेपाल, नेवा, नेमकुल, न्हिनेङायेमस, न्हिसुतु, न्हुच्छे, न्हुच्छेप्रधान, न्हुजवा, न्याइच्याइ, न्याछ्या, नवाछे, न्हेमाफुकी, नालामी, नान्जु, न्याछौँ, नानी, नानीचा, नेवार, नेवाः, नौग्रह, न्याउरी, न्याकुं,न्याचा, न्याछौ, न्हायतहाँ, न्हायमरु, नसिं, नर्सिङ, नर्सिङजु, नरमी, नौरगीं, न्यापिच्यापी, न्हाकबाहा, नायन ।

**प–** पक्वां, पकवान, पछि, पहि, पक्का, पन्च, पालिखेल, पहिजु, परी, पकानेवार, पलांचोके, पाक, पाकुर, पाकुरु, पालिखे, पालुकासी, पालुबन्जार, पालकर्मी, पात्रवंश, पाछाई,

पिया, पिला, पिछिनी, पुजाभारी, पुलुपुलु, पालिख्या, पाऊं, पोतामाहा, पों, पुतुवार, पेतंगो, पोते, पौ, पाँती, प्याथ, प्याकु, प्यासिख्व, प्रजापति, प्रजु, प्रधान, प्रधानाङ्ग, पाजुँ, पलंकर्मी, पँ, पकान्दो, पकुवा न, पण्डित, पलिखेल, पसखल, पसछे, पहरी, पाँई, पाछै, पाछैतरि, पात्रबंश, पामुद्यः, पारखुत्ते, पासी, पुँ, पुङ्ग, पुखुसी, पुसाजु, पोरे, पाँडे, पाँ, पोते, पौभंसा, पिखा, पिला, पुँलाम्वह, प्वास्या, पुलाँछे, पाटन्या, पो, पकुचा, प्युपा, पाठक, पमा ।

**फ–** फसी, फसिक्वा, फसिको, फाँजु, फैंजु, फेलु, फैं, फोंजु, फौगुल, फाँगुलु, फेलु, फौबन्जा, फाकं, फोसीं, फाँजु, फिबन्जा, फाकंफेली ।.

**ब–** बके, बकुला, बखुँ, बजिमय, बजिक्व, बनमाला, बनेपाली, बमनु, बरिया, बलामी, बल्ल, बसी, बहुजन, बाटाजु, बालाय, बालाश्रेष्ठ, बाटा, बाटी, बादेश्रेष्ठ, बाइजु, बाखु, बाग, बागेश्रेष्ठ, बालां, बासी, बासु, बासुकला, बावु, बहाला, बिजुक्छँ, वीरबल, बुयो, बेकोजु, ब्यन्जनकार, ब्याँजु, बोयजु, बोहजु, बोश्रेष्ठ, बके, बखाद्यो, बैदार, बतास, बहती, बेताल, बुद्धाचार्य, बोडे, बर्ज्राचार्य, बैद्य, बजु, बदिकर, बन्देजु, बन्याँ, बाँनिया, बरुण, बादे, बिजयानन्द, बिजु, बिन्दुराकार, बिन्दुकार, बिर्ता, बाहाल्या, बजां, बत्तिसमहाजन, बिसन्द्यः, ब्यां, बुलाव, बुरसिं, बिस्काग्वारा, बासीजु, बालायश्रेष्ठ, बिसजु, बती, बादेलवट, बोसी, बाहादुने, बातिगाह, बाज्यो, ब्राम्हण, बजिवा, बैरागी ।

**भ–** भद्रा, भलंद्यो, भजु, भटु, भलजु, भट्ट, भदेल, भटुसुवाल, भाताजु, भारद्वाज, भाः, भासिक, भासिमा, भासिया, भारी, भारिजु, भोखा, भोखाद्योः, भोमी, भौ, भौकाजी, भौजु., भांगु, भ्वछिभोया, भ्ययद्योः, भुजु, भुचाँ, भ्योजु, भतजु, भाजु, भायाद्यः,भाँराग्वारा, भालु, भालुश्रेष्ठ, भाजं, भारो, भा, भिंलाखे,भुचा, भोत्या, भुतजु, भुई, भुजिंपु, भुतां, भेलु, भोया, भिक्षु, भिंदुवा, भुत्त, भ ान्छिक, भातखाई, भाग्य, भोछींभोय, भ ोछिंभोया, भाँ, भोलाखा, भुतःभोत्याबाहा, भादिल, भलव, भारो, भावो, भोज्यो, भाँचा, भाभा श,।

**म–** मल्ल, मधिकर्मी, मगजु, मचामसी, मनताहा, मलेकार, महर्जन, मस्त्रा, महाजन, मलेगो, मल्ली, मठ्यादुवाल, महाजु, महाभावो, मलख्यो, माक, माकजु, माकश्रेष्ठ, माखास्या, माकस्या, मातागं, मालगुंलु, माथेमा, मास्के, मानन्धर, मारी, मारिखुँ, मालाकार, माली, म्हा, मायंके, मागेश्रेष्ठ, मिलापति, मुसिख्वाल, मुनंकर्मी, मुस्याख्व, मुस्याजु, मूल, मुनिकर, मुल्मी, मूलगुठी, मुलेपति, मुस्या, मुस्याकी, मुस्याख्वा, मस्यान, मेम्हामसिक, महांकाल, मेहत्तर, म्होपु, म्हेनायो, मोजा, मोय, मुसु, मलाकासी, मिश्र, मले पति, मान्छिक, माँयबन्जा, मिखातगो, माहां, मुगल्छे, मुसा, मासिप, मारिकमी, मुस्याबाग, म्हेयु, मुस्याजु, मंपति, मलेकु, मलेपु, महाकां, मिलापु, मुल्या, मलेगो, मुकुट, मोहीनायक, मसकला, मक, मालही, माके, मगधा,मलाकाँ,मादपुं ।

**य–** यमा, यमी, याकामी, यालानास, याकादुव, यन्धो, याँचा, योगल, यगोल, याँमी, यलाय, यले, याँम त, याँइचा, याकमाक, याकछे,याताछे, यामिसिके, योया, याबो, याकमिसा, योगोल ।

**र–** रजक, रन्जीतकार, रघुवंशी, रन्जित, राजोपाध्याय, राजकर्णिकार, राजवंशी, राजठ्यौला, राजचल, राजथला, राजवाहक, राजपुत, राजपुतुवार, राठौर, राइठोर, राजलवट, राय, राजकुल, राजबंशी, राजबैद्य ।

**ल–** लायलवट, लायल, लघु, लवजु, लवां, लवश्रेष्ठ, लवह, लवं, लाव, लुवन्जार, लाकौल, लाछिमस्यु, लाकुलाछे, लालुवा, लाखे, लाखेमरु, लागे, लागेजु, लिगल, लासिवा, लिवि, लैवा, लोहला, लाछी, लामाश्रेष्ठ, लाकांजु, लाखय, लोहकर्मी, लाकजु, लाखेमिद्यो, लोहरीबंन्जा, लाभाबैद्य, लायभा, लोहँखु, लकां ।

**व–** वन्त्र, वेयँजु, वंशमती, वखाद्यो, वासिंछाक, वाङायो, विधाधर, विश्रेष्ठ, वफ्रा, वफ्राथाछे, वँय, वातांकछी, विज्यापु, वाङा ।

**स–** सकी, सत्रा, सालिके, साचिनिया, साँचिन, साधँ, सिमाक, सांगामी, साङ्गाछे, साख, सिन्या, साखकमी, सापाल, साहु, साहुखल, सिकें, सिकेंमन, सिन्ताकल, सिख्व सिङख्वाल, सिबन्जार, सुवाल, सुजखुँ, सिजख्व, सिजख्वा, सुकुभटु, स्यांकुती, स्यस्य, सिपाइ, सिचु, सायमी, सितिखु, सितमा, सिंह, सीं, सिमाछ्वा, सिलिछें, सीश्रेष्ठ, सिमाली, सुकुपायो, सिपुसा, सुकाजु, सुर्यवंशी, सुलु, स्वानेपा, सोनपा, सैंजु, सायंजु, सलाँच्यो, स ख्वाल, साखवाल, स्याउल ा, स्वंगमिखा, सुवेदी, सांज, सुखि, सुल्पे, सेलालिक, स्यःस्यः, स्वपु, सुजंका, सेवाचार्य, सुकुलासी, सिन्हख्व, सिन्धु, सिन्दुराकार, सिमाक, स्यांकुटी, सिंपाती,साबन्जा,साल्मी,सुचीकार,शुद्धकार, सुकार, शनी, सगुन, सिचाबाँ, साकोमी ।

**ह–** हंजु, हाडा, हामा, हामो, हाकुदुवाल, हाकुजु, हुक्का, हालेयोजोशी, हेक्का, ह्योंगो, ह्यगोंजु, ह्योजु, हन्जु, होना, होरा, होडा, ह्याउँमिखा, ह्योम्बा, हालाहुलु, हलवाई, हाँछे, हाँयमो, होगां, हाथा, हाँयजु, हाकुपोतासी, हानां, हालेयो, हुखासी, हिंथोमी, हङपाँछे, हेका, होराजु, ल्होंबा, ह्याँउथ्व, हुख्या, हिफः, होगांसलि, हाठी, हपः ।

**क्ष–** क्षेत्रपाल

**ज्ञ–** ज्ञांमरु

# भक्तपुर नगर विकासमा खुल्ला ठाउँको अवधारणा



महेन्द्रप्रसाद श्रेष्ठ

अहिलेको भक्तपुरको बनावटलाइ हेर्दा यसको सम्बन्ध सडक, गल्ली र टोलसँग रहेको साथै जाति र पेशा अनुसार बस्ती बसालेको देखिन्छ। ने.सं. २८७ मा आनन्द मल्लले १२,००० घर र ७०० गाउँ मिलाएर भक्तपुरलाइ शङ्खको आकारमा बस्ती बसालेको बुझिन्छ। भक्तपुरको समोच्च रेखालाइ हेर्दा उतरबाट दक्षिणतिर भिरालो परेको र पूर्वतिरबाट पश्चिमतिर बगेको नदीको बहावको समानान्तरमा भक्तपुरको मूल सडक तचपाल, गोःमारी, तःमारी, नासःमना, बंशगोपाल आदि ठाउँ समेटेर गएको देखिन्छ। भक्तपुर नगरको विकासको क्रममा पुरानो नेवार बस्तीलाई हेर्ने हो भने दैनिक कृयाकलापका लागि चाहिने आधारभूत आवश्यकतालाई पूरा गर्न विशेष गरी धार्मिक र सामाजिक कार्यमा तात्कालिन राजाहरूले विशेष ध्यान दिएको पाइन्छ। हालसम्म पाइएका लिच्छविकालीन शिलालेख अनुसार नगरको रक्षाको लागि अष्टमातृका, त्रिगणेश, नवदुर्गा, अष्टभैरव, नासल देवता, क्षेत्रपाल, अजिमा आदिलाइ विश्वास गरिएको पाइन्छ। यस्ता धार्मिक कार्यका लागि खुल्ला ठाउँ आवश्यक ठानियो। बढी जनधनत्व भएको जिल्ला हुनाले खुल्ला ठाउँको लागि चोकको ब्यवस्था गरेको देखिन्छ। जात्रा, चाडपर्व, संस्कार आदि कार्यको सञ्चालनको लागि पनि खुल्ला ठाउँ चाहिने भयो। त्यो बेला मनोरञ्जनको नाममा नाचगानको लागि खुल्ला ठाउँ राखी दबुको निर्माण गरिएको पाइन्छ। यातायातको साधन नभएको अवस्थामा हिंडेर आउने थाकेका बटुवाका लागि विश्राम र पिउन पानीका लागि पाटी, सतल र ढुङ्गेधाराको निर्माण गरिएको छ। जहाँ जहाँ ढुङ्गेधारा छ त्यहाँ त्यहाँ पाटी वा सतल भएकै हुन्छ। ढुङ्गेधाराको पानी खेर नजाओस् भन्ने हेतुले पोखरीको पनि निर्माण गरेको पाइन्छ। ती पोखरीहरूले जनतालाई लुगा धुन, नुहाउन सुविधा दिएको छ। आगलागीको बेला पानीको आपूर्ति भएको देखिन्छ। कृषि प्रधान देश हुनाले जनताको लागि अन्न सुकाउन, लुगा सुकाउन र भोज भत्तेरको लागि पनि खुल्ला ठाउँ छोडेको पाइन्छ। लिच्छवि शासन अघिको किराँती शासनको अन्त्य जनताका लागि चाहिने अत्यावश्यक पिउने पानी र सिँचाइको ब्यवस्था गर्न सक्षम नभएकाले नै हो भनिन्छ।


नगरको विकासको क्रममा अघिल्लो पङ्क्तिमा ढुङ्गेधाराको निर्माण हुनु र हालसम्म पनि संरक्षित अवस्थामा विद्यमान रहनुको कारणहरूलाई केलाएर हेर्दा लिच्छविकालीन अभिलेखहरू खोज्दै जाँदा राम्रो काम वा कीर्ती भन्नु नै धारा, पाटी बनाउनु, देवदेवीको मन्दिर, मूर्ति प्रतिष्ठा गर्नु नै रहेको पाइन्छ। साथै आफूले बनाएका कीर्तीको संरक्षण आउँदो पुस्ताबाट होउन् भन्ने भावनाले अभिप्रेरित भएको पाइन्छ। राज्यको भागबन्डाको कारण प्रत्येक नगरका राजाले आ–आफ्नो किसिमको विशिष्ट कला कौशल प्रतिस्पर्धात्मक रूपमा बेजोड ढङ्गले बडो अभिरुचिका साथ कार्य गरेको पाइन्छ।

लिच्छविकालमा शहरको लागि पानीको ब्यवस्थाको सोच वा धारणाअनुसार हालसम्म भेटिएका पहिलो प्रमाणको रूपमा अंशुबर्मा र शिबदेव प्रथमको गोःमारीको गःहिति शिलालेख संवत् ५१६ देखि ढुङ्गेधारा, इनार र पोखरीहरूको निर्माण भएको देखिन्छ। ढुङ्गेधाराको संरचनालाई विस्तृत रूपले अध्ययन गर्ने हो भने धार्मिक, सामाजिक, आर्थिक, दार्शनिक, ऐतिहासिक, राजनैतिक र कलात्मक पक्षहरूलाई समेत समेटिएको देखिन्छ। सबै ढुङ्गेधाराहरूमा गोहीको आकृति मकर राखेको देखिन्छ। मकर पानीको श्रोत बादल, आकाश बुबा र पृथ्वी माता हुन्। मकरले पानी मात्र ओकल्दैन अरू जीवजन्तु पनि ओकल्छन्। त्यही कुरा प्रमाण स्वरूप देखाउन मकरको मुखमा छेपारो, बोका वा गाईको आकृति पनि देख्न सकिन्छ। ढुङ्गेधारा कलात्मक रूपमा किन बनाइयो ? किन कि मान्छेलाइ हरेक क्षेत्रमा प्रभाव पार्ने तत्व कला हो। मानिस उठ्नासाथ मुख धुन पानी चाहियो, पानी जल हो, जल चढाउन मानिसका आस्थाअनुसारका देवी देवताका मूर्तिको स्थापना गरियो। ढुङ्गेधारा मुनि भगिरथ छन्, मकरलाइ बोकिराखेको भान हुन्छ। भगिरथले गंगादेवीलाइ पानीको श्रोतको लागि आह्वान गर्दछ। ढुङ्गेधाराले पानीको श्रोतको मुहान थाहा हुन्छ, मठ मन्दिरले बस्ती र सडकबिचमा हालसम्म पनि रहिरहेको ढुङ्गाले खुल्ला ठाउँको अवधारणाको महसुस दिलाउँछ। यसले भक्तपुरको बस्ती कोर क्षेत्रको रूपमा नभई खोलाको समानान्तर रेखामा पूर्वदेखि पश्चिमतिर सडकको बिस्तार भएको देखिन्छ। भक्तपुर राज्यलाई तीन भागमा विभाजन गरी शासन चलाएको कुरा संवत् १५८३ फागुनमा चाँगुनारायणलाई साक्षी राखी गरेको कबुली सन्धि पत्रबाट ज्ञात हुन आउँछ।

*‘ .... ख्वप्व देशया, ट्वाल स्थान, वछिन वछि थव् थव् देशया शास्ति प्रसाद उफं दायत थव् थव् स ट्वाल सब सरयकों थव् थव् स सुख जुरो कदाचित थे थे डा पादकोया स्थिति वो तो को न जुरो .....।’*

ख्वप्व देशका टोलहरूको बराबरी गरेर आ–आफ्नो इलाका भित्रको प्रशासनको अधिकार टोलले समाल्न सजिलो हुने हुँदा त्यसै गरियो।

ती तीन स्थानहरूको साझा सिमानाको रूपमा इनाचोको स्वंग लोहँ (तीनओटा ढुङ्गा) राखिएको हो भनिन्छ। यसको खास प्रमाण भेटिएको छैन। ‘स्वंग लोहँ’ ले राज्यका तीन



बाराही द्यःछेँ नजिक रहेको ढुङ्गा



माहेश्वरी द्यःछेँ नजिक रहेको तीनओटा ढुङ्गा



तःमारी बन्दि विनायक नजिक रहेको ढुङ्गा

भागका जनताहरूलाई एक आपसमा मिलेर बस्न आग्रह गरेको प्रमाण स्वरूप तीनओटा ढुङ्गासँगै राखिएको हो भन्न सकिन्छ।

त्यस्तै एउटा ढुङ्गा बाराही द्यःछेँ नजिक छ, बिचको ढुङ्गा नारायण चोक बन्दि विनायक नजिक र अर्को 'स्वंग लोहँ' माहेश्वरी द्यःछेँ अगाडि रहेको छ। यी ढुङ्गाहरू नगरको प्रदक्षिणा मार्गको लागि पथप्रदर्शक सिमाना पनि हो भनिन्छ। प्रदक्षिणा मार्गमा नगरलाई माथिल्लो भूभागलाइ **'थने'** र तल्लो भूभागलाई **'कोने'** नामकरण गरिएको छ। अहिलेसम्म चलिआएको जात्रा चाडपर्वलाई हेर्दा सबै तौमढी (तःमारी) बाट शुरु भइराखेको देखिन्छ। त्यसैले तलको भूभाग 'कोने' पछि मात्र विस्तारित बस्ती भएको भनिन्छ। त्यसैगरी 'थने' र 'कोने' का प्रजापति थरका मानिसका बोलिचालीका भाषा र पेशाको बनावटमा पनि फरक देखिन्छ। 'थने' का प्रजापतिहरूले ठूला आकारका भाँडाकुँडा जस्तै (घ्याम्पो, दही कटरा, गाग्री, हाँडी आदि) अलि खैरोपन मिसिएको कालो माटो प्रयोग गरी बनाउँछन् भने 'कोने'का प्रजापतिहरूले पर्यटकलाई लोभ्याउने खालका आकर्षक माटाका भाँडा र गमलाहरू गाढा कालो माटो प्रयोग गरी बनाउँछन्। भाँडाकुँडा कालो रङ आउने गरी बनाउने हुनाले यिनीहरूलाई हाकुज्या कुम्हा (कालो काम गर्ने) पनि भनिन्छ। यी दुई नगरका मानिसलाई एकताबद्व गर्ने प्रयास प्रदक्षिणा मार्गको धारणा ल्याएको देखिन्छ तर उनीहरू भित्री मनदेखि मानेका छैनन् भन्ने कुरा  हाल सम्म कुनै न कुनै रूपमा हुने प्रतिस्पर्धा वा मनमुतावहरू विशेष गरी बिस्केट, इन्द्रजात्रा र गाईजात्राहरूमा देख्न सकिन्छ।

मूल सडकमा हालसम्म पनि ती ढुङ्गाहरू किन निकालिएनन् ? किन कि यी ढुङ्गाहरू पौराणिक कथाअनुसार भैरवका प्रतिकका रूपमा मानिआएका छन्। यी भैरवहरूले पनि नगरलाइ तीन सिमानाको रूपमा छुट्याइएको जस्तो देख्न सकिन्छ। कथाअनुसार मंगलघाटका मसान भैरवले भक्तपुरका जनताहरूलाई धेरै उत्पात मचाउन थाले, हरेक दिन एक एक जना मानिस पनि हराउन थाले। भैरवलाइ बसमा ल्याउन सक्ने तान्त्रिक ब्यक्तिको राजाबाट खोजी गरियो। मसान भैरवको जिब्रो निकालेर भुइँमा छोएमा भक्तपुरका जनतालाइ अनिष्ट हुने विश्वास रहेछ। त्यही कारणले पहिलो मसान भैरवको जिब्रोको टुक्रा बंशगोपालमा छुन लाग्दा तान्त्रिकद्वारा काटियो। त्यहाँबाट पनि जिब्रो निकालेर तःमारीमा छुन लाग्दा दोश्रो टुक्रा काटियो। त्यहीवेला तःमारीमा नरसिंह नारायणको मुनि रहेको  सभुङ्ग भैरवलाइ सधैँ दुध चढाउन आउने ब्यक्ति तान्त्रिक नभए पनि भैरवबाटै प्राप्त वरदानले जादुगरी शक्ति भएका कारण अन्तिममा मसान भैरवको जिब्रो इनाचोमा छुन खोज्दा तीन टुक्रा हुने गरी काटिदियो र सोही स्थानमा जिब्रोका तीनओटा टुक्रा निशानको रूपमा तीनओटा ढुङ्गा सडक बिचमा राखियो। त्यही तीनओटा ढुङ्गा 'स्वंग ल्वहँ' को नामले आजसम्म पनि भक्तपुरका जनताले सम्भिmरहेका छन्। ती जादुगरी ब्यक्तिले मसान भैरवको क्रोध शान्त गर्नलाई अनुरोध गरेता पनि नमानेपछि आफ्नो भएभरको शक्ति निकालेर बसमा लिन तचपालको भीमसेन मन्दिर पुगेपछि सफल भए। त्यही कारणले अहिले पनि भीमसेन मन्दिरको दक्षिण पर्खालमा त्यही मसान भैरवको नाममा पूजा गर्दै आइरहेका छन्। भीमसेन मन्दिरमा पुगेका मसान भैरव आफ्नो ठाउँ मंगलघाटमा नगई अरू ठाउँमा जान खोज्दा त्यो जादुगरीले कलश भित्र पोको पारी हालको चुपिंघाटमा धार्मिक परम्पराअनुसार अन्त्येष्टि गरियो। त्यसैले त्यहीवेलादेखि चुपिंघाटलाई मसानघाटको रूपमा मानिन्दै आएका छन्। ती जादुगरी ब्यक्तिलाई राजा समक्ष ल्याइयो र इनाम स्वरूप उसलाई तलेजुको पुजारीको रूपमा स्थान दिएर विजयापति (विजयको देवता) उपाधि दिएर सम्मान गरियो। हालसम्म पनि ती विजयापतिहरू सुकुलढोकामा छन् र तलेजुमा पूजा गर्दै आएका हुन् भनेर स्थानीय जनताहरू मान्दछन्।

स्रोत :

- चाँगुनारायणका ऐतिहासिक सामग्री- मोहन प्रसाद खनाल
- स्व. बुबा कृष्णप्रसाद श्रेष्ठबाट प्राप्त जानकारीअनुसार



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-२५)

– प्रो. माणिकलाल श्रेष्ठ



## प्राचीन संस्कृत समालोचना

यूरोपया छगू कुने ग्रीस देशे समालोचनाया विकास जूगु इले हे एशियाय् नं काश्मिरे व भारतया उत्तर क्षेत्रे संस्कृत साहित्ये समालोचना साहित्यया विकास जूगु खः। ग्रीसया **एरिस्टोटल**या इलेयाम्ह संस्कृत साहित्यया समालोचक **भरत मुनी**या नाट्यशास्त्र आतक सिइके फुगुली दकले न्हापांया समालोचना - कृति खः। मेमेगु साहित्य व समालोचनाय् थें संस्कृत समालोचनाय् नं निगू मुख्य धारा दु- **छगू** सामाजिक-आध्यात्मिक प्रयोजन व विषय-वस्तुयात आधार याना समालोचना याइगु, व **मेगु** पिनेया सौन्दर्य व रूपयात स्वया समालोचना याइगु। न्हापांया धाराया दुने **रस सिद्धान्त, ध्वनि सिद्धान्त** व **औचित्य सिद्धान्त** व लिपाया धाराय् **अलंकार सिद्धान्त, रीति सिद्धान्त** व **वक्रोक्ति सिद्धान्त** याना जम्मा खुगू सिद्धान्त भरत निसें **कुन्तक** तकया दोछिदँ मयाक ताहाकःगु इतिहासं पिकाल।

### रस-सिद्धान्त

एरिस्टोटलं दकले तःधंगु काव्य त्रासदीयात धाःथे तुं भरत मुनिं नं नाटकयात हे दकले व्यापक काव्य ताल। *'योग, कर्म, फुक्क शास्त्र, फुक्क शिल्प व यक्को ज्याय् छुं उजोगु मदु गुगु नाटके मदु।'* नाट्य प्रयोगे मेमेगु भाव नाप ल्वाकज्याना स्थायी भावे गुगु कलात्मक रूपं हिलीगु ख, उकियात हे भरतं रस धाल। **'रस'** शब्द भरतं कागु सांख्य दर्शनं खः। मनूया ज्ञानेन्द्रिय मिखा, न्हाय्पं, न्हाय्, मे व छ्यंगू न्यागुलिं जक चायेका कायेफइगु वस्तुया न्यागू रूप सः, रूप, सवा, नँ व स्पर्श दुधका सांख्य दर्शनं धा। थ्व न्याता **'तन्मात्र'** भीगु इन्द्रियं दुहाँ वना ज्ञान-कोठाय् वइगु महाभूतया रूपे जक। न्यागू महाभूत खः आकाश, वायु, तेज, आप व पृथ्वी। सांख्य-दर्शनया थ्व सूत्रयात आधार याना भरत मुनिं थःगु रस सिद्धान्त पिकाल। काव्यार्थ (अर्थात कविया मने दुने च्वंगु नाट्य रस) पुसाया अवस्थां पिहाँ वया प्रकट रूपे वइ। भावं रसयात पित कायेगु ज्या याइ। भरत मुनिं च्यागू रस व उकिया च्यागू भाव कना तःगु थथेः- च्यागू रस श्रृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, विभत्स, अद्भुत, अले थुकिया च्यागू स्थायी भाव भ्रोलाक्क रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुसा, विष्मय। *(प्राचीन संस्कृत साहित्यया 'रस' धयागु थौंया आधुनिक मनोविज्ञानया विकास जुइ धुनेव भीसं 'im-pression' (भाब, प्रभाव) धका धायेगु मनया प्रवृत्ति खः। प्रेम, यौन व रतिया भावना थनीगु रस श्रृङ्गार रस खः। व्यभिचार मखुगु प्रेम श्रृङ्गार खः। करपिनि कला वा वेश्या मखुपिं मिसाया वर्णन; विवाहित मिसा जूसां वया भात लिसेया सम्बन्ध क्यना तःगु; तिमिला, भंबः; स्वां आदि प्रेम वासना थनीगु; केलेहे मिखा, चुप्पा, पाचिनेगु आदि दृष्य वर्णन याना पाठकया मने रतिया भावना थनीगु-रस श्रृङ्गार खः। अथेसां श्रृङ्गार विकृत यौन मखु। अथे हे छुं खना न्हिले मास्ते वइगु रस हास्य खः, नुगः मछिंका बिइगु करुण रस, तं पिहाँ वयेका बिइगु रौद्र, मने उत्साह थनीगु वीर रस, ख्याइगु, (न्हकु सँ हे तिंतिं स्वाक्क) भयानक, ब्वने न्यनेबेले घच्चायापुइगु विभत्स रस, अजुगति चायेकीगु अद्भुत रस खः।)*

संस्कृत नाटके नं सङ्घर्ष छगू प्रेरक शक्ति खः, अले रस सृष्टियात नं मदयेक मगागु बस्तु। च्यागू रस मध्ये मुख्य प्यंगूयात परस्पर अःखः निजो याना तये छिं- श्रृङ्गार व उकिया अःखः रौद्र, बीर व उकिया अःखः विभत्स। मनूया जीवनया सङ्घर्ष मनूया थ्व परस्पर अः खः प्रवृत्तिइ पिदना च्वनी।

भरत मुनिं बिउगु सूत्रकथं **'विभाव, अनुभाव व व्यभिचारीभाव'** स्वंगूया 'संयोगं' रसया **'निष्पत्ति'** जुइ। थ्व स्वता नाटकया भाव जुल, तर **'संयोग'** व **'निष्पत्ति'** छुकियात धागु धयागु खँ कया रस-सिद्धान्तया विभिन्न व्याख्या बिया आपालं समालोचकपिं वल- **भट्ट लोल्लट, अभिनवगुप्त, मम्मट, विश्वनाथ**पिं विशेष नां दुपिं। आपासिनं यागु व्याख्याकथं 'निष्पत्ति' धयागु नाटक स्वया दर्शकया मने वइगु रसया अनुभूति खः। थुकथं भरतया

'रसया निष्पत्ति' एरिस्टोटलया **'क्याथार्सिस'** नाप आपा हे जो ला।

रसया 'निष्पत्ति' जुया भाव दना वइबेले नाटक चोम्ह कवि, अभिनय याम्ह नट व प्याखं स्वइम्ह दर्शक छधी जुइ, अर्थात रसं कविया भाव दर्शके सञ्चार जुइ। रस सवा काये जिउगु बस्तु खः, अले रस स्वाद काये धुनेव दर्शकं आनन्द ताइ। भरतया रस सिद्धान्त कला कृतिं दर्शकया मने कुला बिया दना वइगु भावं हइगु मनोवैज्ञानिक प्रभाव खः। कला कृतिइ फुक्क मानव-जीवन, विचार, सामाजिक-नैतिक धारणा, मनुखं कागु ज्ञान, आकांक्षा, कल्पना प्रतिविम्बित जुया च्वनी, अले थ्व फुक्कया प्रभाव रसया सवा दर्शकं काइ।

निदोदँ मयाक न्ह्यो निसें रसया विवेचना व चिन्तन याना संस्कृत समालोचनां वोगु निस्कर्ष थ्व हे कि काव्यया ज्या कविया मने च्वंगु भावयात रसया रूपे क्वकया व रस दर्शक पाठकपिंत सवा कायेके बिया अमि मने नं व हे भाव थना बिइगु खः। काव्य भाव-सञ्चारया छगू रूप खः, भावयात सवा काये जिउगु रसे क्वकया सरल जुइकेगु व बांलाकेगु यइपुकेगु ज्या यायेगु छगू माध्यम काव्य खः।

## ध्वनि सिद्धान्त

भरत मुनिसिकं दोछिदँ ति लिपा अर्थात थौंसिकं भिंछसः चाचू दँ न्ह्यो छम्ह तःधंम्ह संस्कृत-समालोचक **आनन्दवर्धन** काश्मिरे पिहाँ वल। अलंकारवादया तस्सकं प्रचार जुया काव्ये विषय वास्ता मतसे शब्द व रूपयात जक कया आलोचना यायेगु चलन जुया च्वंगुया विरोधे आनन्दवर्धनं ध्वनि-सिद्धान्त पिकाल। ध्वनि-सिद्धान्तकथं *'काव्यया जगत अनन्त, कवि हे थ्व जगतया प्रजापति (सृष्टि याइम्ह), कविं थः गथे यो उगु रूपे थ्व जगत हिला बिइ।'* धाथें हे योग्य कविं ला जड (जीव मदुगु) यात चेतन थें व चेतनयात जडथें याना क्यने फु। कविं सिर्जना यायेत थःगु इच्छां प्रेरणा बिइ, अथेसां सृष्टि वा सिर्जना याइबेले धासा काव्यया ध्वनि-रूप, रसांग् व औचित्य तोता योयोथे वने फइ मखु, रसया विरोधे लाक्क इच्छा छ्योसा **'चारुत्व'** (बांला) स्यनी। थुकथं स्पष्ट सिइ दु ध्वनि-सिद्धान्तं थौंकन्हेया रोमान्टिक विचारं थें **'कविताया प्रेरणावादी सिद्धान्त'** माने या, अथेसां सिर्जना यायेबेले छुं हे नियन्त्रण मदयेक तोता बिइगु पक्षे थ्व सिद्धान्त मदु।

आनन्दवर्धनं **'अर्थ-विचार'** धका छगू विवेचना बिउगु दु। शब्दया निगू प्रकारया अर्थ दु- वाच्य (संकेतया), व प्रतीयमान (भावात्मक)। काव्ये वाच्यनाप पागु गुगु अर्थ दइ व हे व्यंग्यार्थ *(नाटककारपिंसं विशेष याना त्रासदीइ थ्व 'व्यंग्यार्थ' यात छ्यला नाटकया प्रभाव क्कातुकू। वाच्य व व्यंग्यार्थ ठीक अःखः जुइका प्याखंया पात्रं नुवाइबेले 'वाच्य' या अर्थे व न्यनीपिं दर्शकं 'व्यंग्यार्थ' थुइका कया थ्व निगू अर्थया द्वन्दं 'करुण रस' पिकायेगु टेकनिक (विधि) प्रसिद्ध अंग्रेजी नाटककार शेक्सपियरं छ्यला तःगु दु। थुकियात अंग्रेजी समालोचनाय् 'आइरनी' (irony) धाइ।)* खः, थ्व अर्थ *'बांलाक क्यने फइगुलिं हे महाकवि जुइगु खः'*। ध्वनि-सिद्धान्तं अलंकार (काव्यया भाषा बा पिनेया रूप) यात उलि महत्व मबिउ। *'धायेगु ला यक्को शैली दु, अलंकारया यक्को प्रकार हे थ्व खः'* धका आनन्दवर्धनं अलंकारयात काव्यया पिनेया रूप जक खन, गुगु रूप मदयेक मगागु मखु। भरतया रस सिद्धान्ते **'संयोग'** धया तःगुयात आनन्दवर्धनं **'औचित्य'** (लोगु) धका अर्थ छ्याना 'रसयात लोगु' धका धाल। औचित्य स्वंगू प्रकारया दु, विचार-वस्तुं नैतिक व सामाजिक मूल्य तोते मजिउ, शब्द-पद-अलंकार हनेगु ज्या रसयात लोगु जुइमा, 'व्यंग्यार्थ' क्यनेबेले नं अन्तर्विरोध दये मजिउ।

आनन्दवर्धनया थ्व सिद्धान्तया विरोध यापिन्त लिसः कथं **अभिनव गुप्तं** थ्व सिद्धान्तया समर्थने यक्को च्वत, अझ ध्वनि-सिद्धान्तयात न्ह्यज्याका बिल। आनन्दवर्धनसिकं निसःदँ लिपा **मम्मट** *(**'काव्य-प्रकास'** सफुली मम्मटं ध्वनि-सिद्धान्तया विरोध यापिनि तर्कयात खण्डन याना तःगु दु)* व न्यासःदँ लिपा **विश्वनाथं** *(विश्वनाथया **'साहित्य दर्पणे'** ध्वनिया गाक्क मिमांसा यांना तःगु दु।)* ध्वनि-सिद्धान्तयात व्याख्या याना व्यापक प्रचार यात।

## औचित्य सिद्धान्त

औचित्य सिद्धान्त समालोचनाया छुं अलग मत मखु, ध्वनिवादया हे दुने थ्व ला। नाटके स्वता 'औचिय' (अर्थात ल्वयेक तये मागु) या खँ आनन्दवर्धनं पिकागु खः। अझ रस-सिद्धान्त पिकाम्ह भरतं हे नं देशयात ल्वयेक भेष, अङ्गयात ल्वयेक आभूषण, रूप, वेश, फुक्क लोकयात ल्वयेक जुइ मा धका 'औचित्य' या खँ पिकया थके धुंकूगु खः। अभिनव गुप्तया छम्ह शिष्य व थः हे नं ध्वनिवादी संस्कृत समालोचक **क्षेमेन्द्र** *(क्षेमेन्द्र काश्मिरयाम्ह खः)* थगु सफू **'औचित्य विचार चर्चा'** च्वया औचित्ययात काव्यया छगू तत्वया रूप याना क्यना बिल।

## अलंकार सिद्धान्त

संस्कृत समालोचनाय् काव्यया विषय–पक्ष तोता रूप पाखे जक ध्यान बिइगु रूपवादी मतया नी स्वना थकूम्ह थनी भिंप्यस:दँ न्ह्यो काश्मिरयाम्ह **भामह** खः। संस्कृत समालोचनाया दकले न्हापांयाम्ह (आद्याचार्य) भरतं नं **'नाट्यशास्त्र'** स अलङ्कारया विवेचना याना तःगु दु। भरतं **उपमा** (निगू जो लागु क्यनेगु), **रूपक** (रूपया जो लागु वर्णन), **दीपक** (विषय पागु शब्दयात छगू वाक्ये हवने हयेगु) व **यमक** (व हे शब्दयात लिसा लिसा कायेगु) प्यंगू अलंकार क्यंगु दु। स्वंगू अर्थया अलंकार व छगू शब्दया अलंकार। भरतं नाट्यया शैली नं यक्को क्यना तःगु खः। भरतया विचारकथं ला अलंकार रसया निंतिं, रसे हे आश्रित, रसयात ल्वयेक व रस पिकायेत गुहालि जुइकेत हे जक मागु खः। तर थुकिया अ:खः जुइक भामहं धया बिल – काव्य *'बांलाइगु हे अलंकार दत धायेव' (सौन्दर्यमलंकारः)*। अलंकार मदइवेले न्ह्याथे बांलाम्ह मिसा नं 'विधवा' थें खने दइ थें तुं अलंकार मंत धासा काव्य हे बांमलाइ। अथे जुगुलिं काव्यया मूल तत्व हे अलंकार खः धयागु मत भामहं पिकाल। भामह धुंका **दण्डी, भट्ट, उद्‌भट** व **रुद्रट**पिंसं अलंकार सिद्धान्तयात न्ह्यज्याकल। भति भति पागु तक नं सूक्ष्म भेद क्यना वर्गीकरण यायां लिपाया अलंकारवादीतय्सं सलंसः प्रकारया अलंकार थ्यंका बिल। काव्यया विषय, उपयोगिता, रस, फुक्क तोता खालि शब्द व रूप पाखे वनीगु रूपवादी प्रवाहया पराकाष्टा संस्कृत साहित्यया अलंकार सिद्धान्तं ज्वन। थ्व हे अलंकारवादीतय्गु उग्रवादया विरोधे आनन्दवर्धनं ध्वनि–सिद्धान्त पिकागु खः।

## रीति-सिद्धान्त

अलंकार–सिद्धान्तया विरोधे विद्रोह याना आनन्दवर्धनं ध्वनि–सिद्धान्त पिकागु हे इले व हे थासे (काश्मिर) अलंकारयात न्हूगु रूप बिइत संम्ह **वामन** खः। वामन अलंकारवादी हे खः, अथेसां 'रीति' यात काव्यया आत्मा धका धागुलिं वयात रीतिवादी नं धा। भामह व दण्डीपिंसं थें गुणयात हे अलंकार धायेगु मयासे वामनं गुणयात अलंकारं फाया कया रीतिनाप स्वाना बिल। वामनयाकथं रीति गुणे हे निर्भर जुइ, थ्व कारणं वामनया सिद्धान्तयात रीति–सिद्धान्त व गुण–सिद्धान्त नितां धा। रीतिया अर्थ थाय् व परम्पराकथं पाइगु कलाया शैली खः, रीति *'गुण विशिष्ट पद–रचना'* खः। शैलीइ अपो जोड बिया समालोचना याइगु अलंकार सिद्धान्त रीति सिद्धान्त खः।

## वक्रोक्ति-सिद्धान्त

संस्कृत समालोचनाय् रूपवादी प्रवाह मध्ये दकले नां काये बह जुगु वक्रोक्ति–सिद्धान्त खः। छुं छगु शब्दया छु अर्थ प्रचलित व प्रसिद्ध जू। उगु अर्थ नाप पागु मेगु छुं अर्थ वयेक धायेगु वक्रोक्ति खः। वक्रोक्ति छगू अलंकार खः धका ध्वनिवादीतय्सं नं वक्रोक्तिया महत्व मानेया, थुकियात छगू बांलागु अलंकार धा, भामहं थुकियात फुक्क अलंकारया मूल धाल। 'वक्रोक्ति' यात छगू सिद्धान्तया रूप बिया थुकिया महत्व कना बिइम्ह अले 'वक्रोक्ति' यात शब्द व अर्थ नितांया छगू जक अलंकार धका छगू मत पिकाम्ह **कुन्तक** खः। कविं थःगु प्रतिभां कनेगु असाधारण शैली वक्रोक्ति खः। वक्रोक्तिया प्रकार विश्लेषण याना क्यना अलंकार, रीति, रस, ध्वनि फुक्कया वक्रोक्ति नं कुन्तकं क्यना बिल। न्ह्यागु वाक्ये नं शब्द व अर्थया सहभाव दइ, काव्ये विशेष कथंया सहभाव दइ। शब्दया अर्थ छ्यायेगुली चमत्कारया खँय् जोड बिइगु थ्व सिद्धान्तं थें भाषा जक बांलाकेत सोसा भन अस्वाभाविक जुइगु प्रवृति वइ, बस्तु हे बांमलासा भाषाया चमत्कारं छुं ज्या वइ मखु *(भिंखुगूगु शताब्दीया विलायते **लाइलि** (Lyly) धयाम्ह छम्ह उपन्यासकारं शब्दया चमत्कारपूर्ण अलंकार छ्यला तस्सकं अस्वाभाविक भाषा पिकाल, गुगुयात **'यूफिइज्म्'** धाइ। ख जा 'वक्रोक्ति' यूफिइज्म्सिकं यक्को हे व्यापक जू, अथेसां थ्व निगुलिं नं जोड बिइगु छताय् हे: – शब्द–जाल व असाधारण वर्णन–शैली।)*

च्वय् संस्कृत समालोचनाया खुगू सिद्धान्तया उल्लेख याये धुसां सार बा दुने वनेबेले स्वंगू हे जक मूल प्रवाह दु रस सिद्धान्त, अलंकार सिद्धान्त व ध्वनि–सिद्धान्त। प्राचीन ग्रीसया एरिस्टोटलया सिद्धान्तया जगे पश्चिमी संसारमा समालोचना दिना च्वंथें तुं संस्कृत समालोचनाया आधार हे भरतया रस–सिद्धान्त खः। एरिस्टोटलया व्याख्या यावेले **'रिनासेन्स'** व **'क्लासिकल'** समालोचकपिं मध्ये छगू समूहं काव्यया रूप पाखे जक जोड बिया रूपवादी व कट्टरवादी सिद्धान्त पिहाँ वोथें तुं संस्कृत समालोचनाय् अलंकार–सिद्धान्त वल। 'क्लासिकल' नियन्त्रणाया विरुद्ध विद्रोह रोमान्टिक समालोचकपिंसं या थें तुं संस्कृत समालोचनाय ध्वनि सिद्धान्त वोगु खः।

**(कथहं)**

बसिबियाँलोको उत्तर : ३० ओटा।

# नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न : फागुनमा अन्तरनगर महिला कबड्डी प्रतियोगिता




भक्तपुर नगरपालिकाको आयोजनामा २०८० माघ २१ गतेदेखि माघ २७ गतेसम्म सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद (टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो–खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय र बाघचाल) प्रतियोगिता माघ २७ गते शनिबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भएको 'पुरस्कार वितरण तथा समापन कार्यक्रम' मा १५ ओटा विभिन्न खेलकुदका विजयी खेलाडी र विद्यालयहरूलाई मेडल, खेलकुद सामग्री र सिल्ड वितरण गरियो ।

समापन कार्यक्रममा सांसद **प्रेम सुवाल**ले खेलकुद अनुशासन, स्वास्थ्य र मित्रताको लागि खेलिनुपर्ने बताउनुहुँदै खेलकुदले हाम्रो बीच मित्रता बढाउने र खेलकुदबाट जोडिएको मित्रता जीवनभरसम्म कायम हुने बताउनुभयो ।

खेलकुदमा हार जित स्वाभाविक विषय भएको बताउनुहुँदै खेलकुदले नयाँ पुस्ताका युवा विद्यार्थीहरूको स्वास्थ्य राम्रो बनाउँछ र अनुशासित भएर जिउन सिकाउँछ भन्नुभयो ।

सांसद सुवालले खेलकुदलाई संविधानको मौलिक हकको रूपमा राखिनुपर्ने आवाज निरन्तर संसद्मा उठाइरहेका बताउनुहुँदै खेलमैदान, खेलकुद भवन र व्यायामशालाको सङ्ख्या धेरै भयो भने नागरिकहरू पनि स्वस्थ हुन्छन् भन्नुभयो ।

विद्यालय र कलेजका भवन वरिपरि सरकारले खेलमैदान, खेलकुद सामग्रीको बन्दोबस्त गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले राष्ट्रिय खेलकुद परिषद् र जिल्ला जिल्लाको खेलकुद समितिहरूमा खेलकुदमन्त्रीले आफ्नो



व्यक्ति नियुक्ति नगरी खेलाडीहरू बीचबाट निर्वाचन गरी योग्य र इमानदार मान्छेलाई खेलकुदको जिम्मा दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपालका ८० लाख युवाहरूलाई १७१ भन्दा बढी देशमा सस्तो ज्यामी बन्न पठाइरहेको सन्दर्भ जोड्नुहुँदै उहाँले नेपालका नदीनालाबाट उत्पादित बिजुली नेपालीहरूलाई खाना पकाउन, कृषि, उद्योग, व्यापार चलाउन सस्तोमा दिनुपर्ने पक्षमा संसद्मा आवाज उठाइरहेका चर्चा गर्नुभयो ।

उहाँले तेस्रो विश्वयुद्ध दक्षिण एसियामै हुने खतराबारे प्रष्ट पार्नुहुँदै संसारका न्यायप्रेमी जनताले युद्धको विरोध गरी शान्तिको पक्षमा आवाज उठाइरहेको बताउनुभयो ।

युक्रेनमा रुसविरुद्ध अमेरिकाको छद्म युद्ध र इजरायली फासीवादलाई अमेरिकी सरकारले हातहतियार उपलब्ध गराएर प्यालेस्टाइनी जनताको भूमि कब्जा र नरसंहारजस्ता गतिविधिले तेस्रो विश्वयुद्ध एसियामै हुने अझ प्रष्ट भइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगर

पालिकाका प्रमुख **सुनिल प्रजापति**ले यस वर्ष भक्तपुर नपाले फागुनको अन्तिम सातामा अन्तरनगर **'महिला कबड्डी प्रतियोगिता'** गर्ने घोषणा गर्नुभयो ।



उहाँले सप्ताहव्यापी रूपमा सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा **७८ ओटा** विद्यालयको सक्रिय सहभागिताले भक्तपुर नपालाई आगामी दिनहरूमा यस्ता खेलकुद गतिविधि सञ्चालन गर्न ऊर्जा मिलेको बताउनुभयो ।

सक्रिय व्यक्तिको आयु लामो हुने बताउनुहुँदै प्रमुख प्रजापतिले शिक्षा र स्वास्थ्यमा अगाडि बढेको देशको विकास पनि तीव्र रूपमा भइरहेको दृष्टान्तहरू प्रस्तुत गर्नुभयो ।

वाग्मती प्रदेश सांसद **सृजना सैंजु**ले खेल जगतमा नयाँ पुस्तालाई उत्साहित गर्दाको दीर्घकालीन परिणाम सकारात्मक नै हुने विश्वास व्यक्त गर्नुहुँदै भक्तपुर नपाले खेल महोत्सवको आयोजना गरी नगरका चोक चोक र सम्पदाका प्राङ्गणहरूलाई खेलमैदान



बनाई समुदायको अपनत्व ग्रहण हुने ढङ्गले खेलकुद महोत्सव सम्पन्न भएको बताउनुभयो ।

भक्तपुर नपाका हरेक गतिविधिहरूमा यहाँका सामुदायको पनि सक्रिय भूमिका निर्वाह गरिरहेको बताउनुहुँदै उहाँले खेलकुदलाई सर्वसाधारण र जीवनपद्धतिको रूपमा विकास गर्ने प्रयासमा भक्तपुर नपा अगाडि बढिरहेको बताउनुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले अध्ययन र पढाइलाई सँगसँगै अगाडि बढाए मात्र विद्यार्थीहरूको सर्वाङ्गीण विकास हुने बताउनुहुँदै विद्यार्थी जीवनलाई सक्रिय बनाइराख्न खेलकुदको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।



भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले खेलकुद र देश विकास समानान्तर ढङ्गले अगाडि बढ्न आवश्यक भएको बताउनुहुँदै विकसित देशहरूमा पदक पाउन भन्दा पनि स्वस्थ हुन मानिसहरू खेलकुदमा



सक्रिय रहने बताउनुभयो ।

कार्यक्रममा भनपा युवा तथा खेलकुद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरपालिकाको आयोजनामा भएको नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा सहभागी **७८ ओटा** विद्यालयमध्ये **६० ओटा** विद्यालयले पदक पाउन सफल भएको बताउनुभयो । साथै प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न सहयोगी भूमिका खेल्ने रेफ्रि, निर्णायक र प्रशिक्षकलाई धन्यवादज्ञापन गर्नुभयो ।

कार्यक्रममा भनपा युवा तथा खेलकुद समितिका सदस्य **उपेन्द्र सुवाल** र **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विजयी खेलाडीहरूलाई प्रमुख अतिथि तथा अतिथिहरूले मेडल, सहभागी विद्यालयहरूलाई खेलकुद सामग्री र प्रथम, द्वितीय र तृतीयलाई सिल्ड वितरण गर्नुभएको थियो ।

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं।**

# विभिन्न खेलको अन्तिम नतिजा

## टेबलटेनिस प्रतियोगिता



**प्रथम–** प्रोक्सिमा इन्टरनेशनल स्कुल
**द्वितीय–** प्रभात ई. स्कुल
**तृतीय–** माउण्ट भ्याली ई. स्कूल
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ पर्ल शाक्य (एभरेष्ट ई स्कुल)
छात्रातर्फ उरवी सुवाल (प्रभात ई स्कुल)

## बुद्धिचाल प्रतियोगिता



**प्रथम–** प्रभात ई. स्कूल प्रथम
**द्वितीय–** जेन्युन ई. स्कूल
**तृतीय–** मेधा मा.वि.
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ प्रत्यूस श्रेष्ठ (वागीश्वरी मा.वि)
छात्रातर्फ सोफिया मधिकर्मी (महेन्द्र विद्याश्रम)

## कसिमलापाँय् प्रतियोगिता



**प्रथम–** नवीन आ.वि.
**द्वितीय–** वासु मा.वि.
**तृतीय–** दत्तात्रय आ.वि.
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ निश्चल राजचल (शारदा मा.वि)
छात्रातर्फ जेनिशा कपाली (नवीन आ.वि.)

## बाघचाल प्रतियोगिता



**प्रथम–** ज्ञानतारा ई. स्कूल
**द्वितीय–** वागीश्वरी मा.वि.
**तृतीय–** जेसिस ई. स्कूल
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ विराज ग्वाछा (ज्ञानतारा ई. स्कूल)
छात्रातर्फ पूजा रोकाया (वागीश्वरी मा.वि)

## ब्याटमिन्टन प्रतियोगिता



**प्रथम–** वागीश्वरी मा.वि
**द्वितीय–** ख्वप मा.वि.
**तृतीय–** लिसा ई. स्कूल
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ आयुष बजगाई (वरदायणी आ.वि.)
छात्रातर्फ मन्दिला कोजू (सेक्रेड हार्ट ई. स्कूल)

## पोर्टबल प्रतियोगिता

**छात्रतर्फ**



**प्रथम–** न्यातापोल ई. स्कूल
**द्वितीय–** तारा मा.वि
**तृतीय–** ब्राइट स्टार ई. स्कूल तथा वागीश्वरी मा.वि.
**उत्कृष्ट खेलाडी–** सौगात ढुंगाना (न्यातापोल ई. स्कुल)

**छात्रातर्फ**



**प्रथम–** तारा मावि
**द्वितीय–** बासु मा.वि.
**तृतीय–** वागीश्वरी मावि तथा अक्स्फोर्ड प्राक्टिकल स्कूल
**उत्कृष्ट खेलाडी–** जेनिशा तामाङ (तारा मा.वि)

## कबड्डी प्रतियोगिता

**छात्रतर्फ**



**प्रथम–** मिनर्वा ई. स्कूल
**द्वितीय–** पारागन एकेडेमी
**तृतीय–** रोम्बस से. स्कूल तथा बासु मा.वि.
**उत्कृष्ट खेलाडी–** आदित्य श्रेष्ठ (मिनर्वा ई. स्कुल)

**छात्रातर्फ**



**प्रथम–** पारागन एकेडेमी
**द्वितीय–** साईनिङ्ग स्टुडेन्ट एकेडेमी
**तृतीय–** रोम्बस से. स्कूल तथा समाज सुधार मावि
**उत्कृष्ट खेलाडी–** सुजाता लामा (पारागन ऐकेडेमी)

## तेक्वाण्डो प्रतियोगिता



**प्रथम–** सैनिक आवासीय महाविद्यालय
**द्वितीय–** वागीश्वरी मा.वि
**तृतीय–** गणेश मा.वि
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ लावाङ लामा (सैनिक आ.मा.वि.)
छात्रातर्फ नम्रता सेन्चुरी (वागीश्वरी मा.वि)

## जिम्नाष्टिक प्रतियोगिता

**प्रथम–** एभरेष्ट ई. स्कूल
**द्वितीय–** मेधा मा.वि.
**तृतीय–** जेसिस ई. स्कूल
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ सुमित तमखु (मेधा मा.वि.) र
छात्रातर्फ रेविसा घेमोसु (जेसिस ई. स्कूल)



## एथ्लेटिक्स प्रतियोगिता



**प्रथम–** जेसिस ई. स्कूल
**द्वितीय–** बालविकास से. स्कूल
**तृतीय–** जागृति मा.वि
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ कृजल फाँजु (जेसिस ई. स्कूल), छात्रातर्फ क्याथ्रीन बासुकला (जेसिस ई. स्कूल

## फुटबल प्रतियोगिता



**प्रथम–** सैनिक आवासीय महाविद्यालय
**द्वितीय–** पद्म मावि
**उत्कृष्ट खेलाडी–** उत्कृष्ट खेलाडी दिग्विजय शाही (सैनिक आवसीय महाविद्यालय), उत्कृष्ट डिफेन्डर निश्चल र ाणा (सैनिक आवसीय महाविद्यालय), उत्कृष्ट फर्वाड सम्रात महत्रा (पद्म मा.वि.), उत्कृष्ट मिडफिल्डर रविन घले (सैनिक आवासीय महाविद्यालय), उत्कृष्ट गोलकिपर प्रतिक चवाल (पद्म मा.वि.) र अनुशासित टिम अक्सफोर्ड इन्टरनेशनल प्राक्टिकल स्कूल ।

## उसु प्रतियोगिता



**प्रथम–** मेधा मा.वि.
**द्वितीय–** एभरेष्ट ई. स्कूल
**तृतीय–** बालविकास ई. स्कूल
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ रोशन विक (मेधा मा.वि.) र रेगनसन वैद्य (सामुदायिक ई. स्कूल) र छात्रातर्फ सिल्भिया प्रजापति (सैनिक आ.मा.वि.)र रिया कोजु (मेधा मा.वि.)

## कराँते प्रतियोगिता

**छात्रतर्फ**



**प्रथम–** वागीश्वरी मा.वि.
**द्वितीय–** डेमोस ई. स्कूल
**तृतीय–** पारागन एकेडेमी
**उत्कृष्ट खेलाडी–** छात्रतर्फ युनिक ध्वजु (वागीश्वरी मा.वि.) र छात्रातर्फ इभा कोण्डा (क्रिएटिभ ई. स्कूल)

## खो खो प्रतियोगिता

### छात्रतर्फ



**प्रथम–** वागीश्वरी मा.वि.
**द्वितीय–** बालविकास ई. स्कूल
**तृतीय–** तारा मावि तथा सरस्वती विद्यागृह
**उत्कृष्ट खेलाडी–** नवीन सेन्चुरी (वागीश्वरी मा.वि.)

### छात्रातर्फ



**प्रथम–** ब्राइट स्टार ई. स्कूल
**द्वितीय–** सरस्वती विद्यागृह
**तृतीय–** मेधा मावि तथा तारा मावि
**उत्कृष्ट खेलाडी–** मन्दिरा राय (ब्राइट स्टार ई. स्कूल)

## भलिबल प्रतियोगिता

### छात्रतर्फ



**प्रथम–** सैनिक आवासीय महाविद्यालय
**द्वितीय–** पद्‌म मावि
**तृतीय–** ख्वप मावि तथा बासु मावि
**उत्कृष्ट खेलाडी–** अनिस कार्की (सैनिक आमावि)

### छात्रातर्फ



**प्रथम–** सैनिक आवासीय महाविद्यालय
**द्वितीय–** ख्वप मावि
**तृतीय–** बासु मावि र पद्‌म मावि
**उत्कृष्ट खेलाडी–** सृष्टि कार्की (सैनिक आमावि)


**के गर्दै छ भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://**bhaktapurmun.gov.np**
- www.**bhaktapurkhabar.com**
- www.**facebook.com/**BhaktapurMunicipality/
- **ख्वप सः** (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- **अडियो नोटिश** फोन नं. १६१८ ०१६६१०००९६

## विजयीहरुलाई पुरस्कार र विद्यालयहरुलाई खेलकुद सामग्री वितरणका केही झलक




प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य प्रेम सुवालबाट पुरस्कार वितरण



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट खेलकुद सामग्री वितरण



अतिथि वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुबाट पुरस्कार वितरण




भक्तपुर नपाका उपप्रमुख रजनी जोशीबाट पुरस्कार वितरण

## नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको

# पदक तालिका

| क्र.सं. | विद्यालयको नाम | स्वर्ण | रजत | कास्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | मेधा मा.बि | १७ | ८ | ८ | ३३ |
| २ | जेसिस ई. स्कूल | १६ | ४ | ३ | २३ |
| ३ | सैनिक आ.बि | ११ | ७ | ९ | २७ |
| ४ | बागिश्वरी मा.बि | ८ | ६ | १६ | ३० |
| ५ | प्रभात ई. से. स्कूल | ६ | ८ | १० | २४ |
| ६ | प्रोफिशमा इ. एकेडेमी | ६ | ३ | १ | १० |
| ७ | एभरेष्ट ई. स्कूल | ५ | ८ | १८ | ३१ |
| ८ | ज्ञानविकास ई. स्कूल | ४ | ६ | ८ | १८ |
| ९ | भिियटिभ ई. से. स्कूल | ३ | १ | ४ | ८ |
| १० | पारागन ई. स्कूल | ३ | १ | ३ | ७ |
| ११ | मिनर्वा ई. स्कूल | ३ | १ | १ | ५ |
| १२ | जेम्पुन से. स्कूल | ३ | | ७ | १० |
| १३ | लनर्स एकेडेमी | ३ | | ३ | ६ |
| १४ | वासु मा.बि | २ | ७ | ९ | १८ |
| १५ | सेनेन्ट हर्ट एकेडेमी | २ | ४ | ५ | ११ |
| १६ | गणेश मा.बि | २ | २ | ४ | ८ |
| १७ | स्वप मा.बि. | २ | २ | २ | ६ |
| १८ | शारदा मा.बि | २ | २ | १ | ५ |
| १९ | डेमोस इ. स्कूल | २ | २ | १ | ५ |
| २० | महेन्द्र बिद्याश्रम | १ | ५ | २ | ८ |
| २१ | माउन्ट भ्याली ई. स्कूल | १ | ४ | ५ | १० |
| २२ | तारा मा.बि | १ | ३ | ३ | ७ |
| २३ | नबिन आ.बि | १ | २ | ४ | ७ |
| २४ | रोम्बस से. स्कूल | १ | २ | ४ | ७ |
| २५ | बाइजल्याण्ड से. स्कूल | १ | २ | २ | ५ |
| २६ | विद्या आर्जन ई. स्कूल | १ | २ | १ | ४ |
| २७ | हिमालयन ग्लोरी से. स्कूल | १ | १ | ३ | ५ |
| २८ | न्यालापोल से.स्कूल | १ | १ | २ | ४ |
| २९ | जागृति मा.बि | १ | १ | १ | ३ |
| ३० | सामुदायिक ई. स्कूल | १ | १ | १ | ३ |
| ३१ | लिशा इ स्कूल | १ | १ | | २ |
| ३२ | मिकान्सन से. स्कूल | १ | | २ | ३ |
| ३३ | गिल्टर फ्युचर से. स्कूल | १ | | १ | २ |
| ३४ | होली गार्डेन ई. से. स्कूल | १ | | १ | २ |
| ३५ | ब्राइट स्टार से स्कूल | १ | | १ | २ |
| ३६ | ज्ञान तारा ई.स्कूल | १ | | | १ |
| ३७ | दत्तात्रय आ.बि | १ | | | १ |
| ३८ | सनसाइन नेशनल स्कूल | १ | | | १ |
| ३९ | श्री पद्म मा.बि | | ७ | ६ | १३ |
| ४० | साइनिङ स्टुडेण्ट ऐकेडेमी | | २ | ३ | ५ |
| ४१ | सूर्यविनायक ई. स्कूल | | २ | २ | ४ |
| ४२ | स्कलर्स होम एकेडेमी | | २ | १ | ३ |
| ४३ | अक्सफोर्ड प्र्याक्टिकल स्कूल | | १ | ३ | ४ |
| ४४ | समाजसुधार मा.बि | | १ | २ | ३ |
| ४५ | एबिड एकेडेमी | | १ | २ | ३ |
| ४६ | सूर्योदय मा.बि. | | १ | २ | ३ |
| ४७ | सामुदायिक ई. स्कूल | | १ | १ | २ |
| ४८ | श्री ब्रम्हायणी आ.बि. | | १ | १ | २ |
| ४९ | सरस्वती बिद्यागृह | | १ | १ | २ |
| ५० | ग्रोबेल एकेडेमी ई. स्कूल | | १ | | १ |
| ५१ | लिटिल बर्ड ई. स्कूल | | १ | | १ |
| ५२ | ग्लोबल लाइफ स्कूल | | १ | | १ |
| ५३ | विद्या विकास से स्कूल | | १ | | |
| ५४ | ज्ञान विजय आ.बि | | | ३ | ३ |
| ५५ | विद्यार्थी निकेतन मा.बि. | | | ३ | ३ |
| ५६ | आदर्श आजाद मा.बि | | | २ | २ |
| ५७ | बरदायणी आ.बि | | | १ | १ |
| ५८ | भीम आदर्श आ.बि | | | १ | १ |
| ५९ | सन्तती आ.बि | | | १ | १ |
| ६० | गोल्डेन गेट ई. स्कूल | | | १ | १ |
| ६१ | समता स्कूल | | | १ | १ |




तपाइँको भाइको रगत नकिन्नुहोस्, कोकाकोला बहिस्कार गरौं
(गाजा र गाजाका बालबालिका बचाऔं भन्दै पोस्ट गरिएको एउटा चित्र)
स्रोत : Adnan Danish Twitter

## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# विद्यालयस्तरीय खेलकुद प्रतियोगिताले ल्याएको तरङ्ग

रामसुन्दर



‘पुरस्कार वितरण तथा समापन कार्यक्रम’ का प्रमुख अतिथि नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल ट्रफी प्रदान गर्नुहुँदै

भक्तपुर नगरपालिकाको आयोजनामा माघ २१ गतेदेखि माघ २७ गते सम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न भयो।

प्रतियोगितामा भक्तपुर नगरका ९२ ओटा विद्यालयमध्ये **८१ ओटा विद्यालय**ले सहभागिता जनाएका थिए भने २२५६ विद्यार्थी यस प्रतियोगितामा सहभागी थिए। १५ ओटा विभिन्न खेल विधाहरू भक्तपुरका विभिन्न खेल मैदान, कभर्डहल र नगरका टोलमा खेलाइएका थिए। यस प्रतियोगितामा ८८३ जना विद्याथीहरूले मेडल जितेका थिए। धेरै विद्यालय र विद्यार्थी सहभागी हुने, धेरै मेडल वितरण हुने र धेरै विधाका खेलहरू खेलाइने नेपालको सम्भवतः भक्तपुर नगरपालिकाले आयोजना गर्ने नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुनुपर्छ।

‘भक्तपुर नगरपालिका नगर खेलकुदसम्बन्धी नीति २०७४’ राजपत्रमा प्रकाशित भयो। त्यही वर्षदेखि विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुँदै आइरहेको छ। ९ ओटा विभिन्न खेलबाट सुरु भएको यो प्रतियोगिता आजसम्म आइपुग्दा १५ ओटा खेल विधाहरू प्रतियोगिता समावेश भएका छन्। भक्तपुर नगरपालिकाको पाठ्यक्रममा रहेको बाघचाल खेल यो वर्षको खेलकुद प्रतियोगितामा थपिएको खेल हो। आउने वर्षमा पनि विद्यार्थीका लागि नयाँ खेलहरू थपिँदै जाने होला।

खेलकुद गतिविधिको माध्यमबाट समाजमा अनुशासन कायम राख्ने, स्वस्थ नागरिक तयार गर्ने, धूमपान, मद्यपान र लागुपदार्थ सेवन तथा छाडा संस्कृतिबाट विद्यार्थी युवाहरूलाई बचाउने, देशको सार्वभौमिकता रक्षा गर्ने र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत नागरिक बनाउने र यहाँका खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाउने अवसर सिर्जना गर्नेजस्ता मुख्य उद्देश्यले आजभन्दा ३७ वर्षअगाडि अर्थात् वि.सं. २०४३ सालमा नै भक्तपुर नगरपालिकाले नगर खेलकुद समिति गठन गरेको थियो। त्यस समयदेखि भक्तपुर नगरपालिका विभिन्न विधाका खेलकुद प्रतियोगिता गर्दै आएको देखिन्छ। धेरै समय अगाडिदेखि भक्तपुर नगरपालिकाले भक्तपुरका युवा विद्यार्थीहरूको लागि सुविधा सम्पन्न खेलकुद प्रशिक्षण स्थल र प्रशिक्षकको व्यवस्था गर्दै विभिन्न खेलहरूको नियमित प्रशिक्षण गराउँदै आइरहेको छ। नगरपालिकाका ८ जना प्रशिक्षकहरूले फूटबल, भलिबल, कराँते, टेबुलटेनिस, बक्सिङ र जिम्नास्टिक खेलको नियमित प्रशिक्षक गराउँदै आएका छन्।

विद्यार्थीको चौतर्फी विकासको लागि पढाइ सँगसँगै अन्य अतिरिक्त क्रियाकलापहरूको आवश्यकता धेरै हुन्छ।



द ग्रेट बिगिनर स्कूलको यूकेजी कक्षामा अध्ययरत सिमिया कर्माचार्यले जिम्न्यास्टिक प्रतियोगितामा आफ्नो खेल कौशलता देखाउँदै।

साहित्यिक, सांस्कृतिक कार्यक्रममा सहभागी हुनु र विभिन्न भूगोलहरूको अवलोकन गर्न शैक्षिक भ्रमणामा जानु विद्यार्थीहरूको समग्र विकासको लागि खेलकुद गतिविधिमा संलग्न हुन उत्प्रेरित गर्नु आदि सबै सरोकारवाला सङ्घ संस्थाहरूको कर्तव्य हो। भक्तपुर नगरपालिकाका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाले निर्वाह गर्नुपर्ने कर्तव्यको पालना गर्दै विद्यालयस्तरीय खेलकुद प्रतियोगिता गरेको हुनुपर्छ।

भक्तपुर नगरपालिकाले विभिन्न माध्यमबाट खेलकुद गतिविधि र प्रतियोगिता गर्दै गराउँदै आएको धेरै समयदेखि हो। तर, विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७४ सालदेखि

हो । कोरोना महामारीको वर्षबाहेक भक्तपुर नगरपालिकाले यो प्रतियोगिता हरेक वर्ष निरन्तर गर्दै आइरहेको छ । प्रतियोगिता निरन्तर आयोजना गरेको ५-६ वर्षको छोटो अवधिमा यस प्रतियोगिताले सार्थकता पुष्टि गरिसकेको खेलकुद सङ्घका पदाधिकारीहरू बताउँछन् । भक्तपुर नगरपालिकाले नियमित आयोजना गर्ने खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गरी आफ्नो स्तर उन्नति गर्ने मौका पाएका खेलाडीहरूले जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्दै खेल्ने अवसर पाउने गरेको उनीहरू बताउँछन् ।

भक्तपुर जिल्लामा हुने खेलकुद गतिविधिमा विगत लामो समयदेखि प्रत्यक्ष संलग्न हुँदै आएका भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण राय भक्तपुर नगरपालिकाले आयोजना गर्दै आएको विद्यालयस्तरीय खेलकुद प्रतियोगिता नेपालकै सबभन्दा ठूलो प्रतियोगिता भएको बताउनुहुन्छ । यो प्रतियोगिताले निरन्तरता पाउँदै जाने हो भने भक्तपुरको प्रतिनिधित्व गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने र परिष्कृत हुने खेलाडीहरू बढ्नेमा उहाँ ढुक्क हुनुहुन्छ ।

भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरका जनतालाई नगरपालिकाको गतिविधिमार्फत व्यस्त राख्ने कुरा समयसमयमा बताउनुहुन्छ । यो हप्ता खेलकुदसँग सम्बन्धित भक्तपुरका सबै व्यक्तिहरू अत्यन्त व्यस्त भएका



विभिन्न खेल विधामा पुरस्कृत नवीन आधारभूत विद्यालयका विद्यार्थीहरू आफ्नो विद्यालयको भवन अगाडि फोटो खिच्दै ।

थिए । खेलकुद प्रतियोगिता सफल बनाउन भक्तपुर नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू र जनप्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू सबै आ-आफ्नो जिम्मेवारीअनुसार यो हप्ता खटेको देखिन्थे । विद्यालयका शिक्षक शिक्षिकाहरू पनि खेलाडीलाई प्रतियोगिता स्थलमा पुऱ्याउने फेरि त्यहाँबाट विद्यालय फर्काउने कार्यमा व्यस्त भएका थिए । विद्यालयका प्रिन्सिपल खेलाडीहरूको लागि खाना, खाजा, जुस व्यवस्थापनमा व्यस्त भएको देखिन्थे । खेलकुद प्रशिक्षक, खेलकुद शिक्षकहरू पनि आफ्ना विद्यार्थीको जितको लागि नयाँ नयाँ खेल शैलीहरू सिकाउन व्यस्त भएको देखिन्थे । विभिन्न खेलकुद सङ्घका पदाधिकारीहरू, रेफ्रीहरू खेलहरू व्यवस्थित गर्न र प्रतियोगितामा निष्पक्ष निर्णय गर्न फिल्डमा थिए । अभिभावकहरू पनि आफ्ना छोराछोरीहरूले के कसरी खेल्ने होला भनी बढ्दो उत्सुकताले खेल हेर्न आएका देखिन्थे र छोराछोरीले मेडल जितेपछि फोटो खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्दै थिए ।




तारा मा.वि.का विद्यार्थी जेनिसा तामाङ पोर्टबल खेलमा उत्कृष्ट खेलाडीको पुरस्कार लिन तामाङ भेषभुषामा आएकी थिइन् ।

नगरपालिकाले गरेको खेलकुद प्रतियोगिताले खेलकुद प्रतियोगितामा सहभागी भई पुरस्कृत हुने खेलाडी, प्रशिक्षक र विद्यालय परिवारमात्र होइन प्रतियोगिता व्यवस्थित गर्न सहयोग गर्न आएका भक्तपुर जिल्लाका विभिन्न खेलकुद सङ्घहरू पनि त्यति नै खुसी देखिन्थे । भक्तपुर जिल्ला जिम्न्यास्टिक सङ्घका अध्यक्ष दीपककृष्ण प्रजापतिका अनुसार एक समय शिथिल रहेको आफ्नो जिम्न्यास्टिक सङ्घ भक्तपुर नगरपालिकाले गर्ने खेलकुदकै कारण सङ्घका पदाधिकारीहरू एकत्रित भएको र सङ्घ सक्रिय हुन थालेको बताउनुहुन्छ । खेलकुद प्रतियोगिता आयोजना गरेर आफूहरूलाई पनि सम्झेकोमा उहाँ नगरपालिकालाई धेरै धन्यवाद भन्नुहुन्छ ।

भक्तपुर नगरपालिकाले २०४३ सालमा नगर खेलकुद समिति गठन गरी अन्तरनगरजस्ता खेलकुद प्रतियोगिता गर्न थालेपछि नेपाल सरकारले २०५५ सालमा स्थानीय स्वायत्तता ऐनमार्फत नगरपालिकाले नगर खेलकुद समिति गठन गर्न सकिने प्रावधानको बन्दोबस्त गरेको भक्तपुर नगर खेलकुद समितिका पूर्वअध्यक्ष रवीन्द्र खर्बुजा सम्झनुहुन्छ । भक्तपुर नगरपालिकाले २०७४ सालबाट सुरु भएको विद्यालयस्तर खेलकुद प्रतियोगिता बढ्दै गरेको लोकप्रियताले अबका केही वर्षमा सबै कार्यपालिकाहरूले खेलकुद प्रतियोगिता गर्नुपर्ने अनिवार्य प्रावधान राख्नसक्नेछ । किनभने, भक्तपुर नगरपालिकाको कामको सिको गर्दै नेपाल सरकारले सबै कार्यपालिकाको लागि ऐन, नियम, नीति पारित गरेको अन्य धेरै उदाहरण छन् ।

'मजदुर' दैनिक, २०८० फागुन २

# मार्चेज गुग्लिल्मा मार्कोनी – २



राजेन्द्रबहादुर कायस्थ

## रेडियो आविष्कारको प्रयासमा कोशेढुङ्गा :


मार्कोनीले प्रोफेसर **रिघि**को लेखबाट जर्मन वैज्ञानिक **हेनरिक हर्ज**ले विद्युतीय तरङ्गहरू एक ठाउँबाट अर्को ठाउँमा विनातार पठाउन सकेको प्रमाणित गरिसकेको तथ्यलाई पढेका थिए । यसरी नै स्कटल्याण्डका अर्का वैज्ञानिक तथा गणितज्ञ **जेम्स क्लर्क म्याक्सवेल**ले प्रकाश र ताप, विद्युत् तथा चुम्बकत्वको संयोजित बलहरू हुन् भन्ने गणितीय हिसाबबाट प्रमाणित गरेर देखाइदिएको कुरा पढिसकेका थिए । म्याक्सवेलले विद्युत् र चुम्बकत्वको त्यस संयोजित बललाई विद्युत् चुम्वकत्व (electro magnetism) भनेर नाम दिएका थिए । उनले विद्युत् चुम्बकका तरङ्गहरू ठोस, तरल र ग्यास अवस्थाका वस्तु भएर मात्र होइन कि हावा नै नभएको ठाउँ वा शून्य ठाउँ भएर पनि फैलिन सक्छ भन्ने कुरा बताएका थिए । म्याक्सवेलको यो धारणालाई वैज्ञानिक हर्जले आफ्नो परीक्षणबाट पुष्टि गरिदिएका थिए । हर्जको परीक्षणबाट प्राप्त नतिजाको आधारमा मार्कोनीको दिमागमा विद्युत् तरङ्ग तारविनाको टेलिग्राफको आविष्कार गर्नमा प्रयोग हुनसक्ने विचारको जन्म भयो । उनले विचार गरे, यदि विद्युतीय तरङ्गहरू तारविना नै एक ठाउँबाट अर्को ठाउँमा जान सक्छ भने तिनीहरू अवश्य पनि एक सहरबाट अर्को सहरमा, एक देशबाट अर्को देशमा, एक महादेशबाट अर्को महादेशमा र यसरी नै संसारभरि नै पठाउन सकिन्छ । उनले प्रोफेसर रिघिसँग यो बारेमा छलफल गरे । प्रोफेसर रिघिले उनलाई हावाको माथिल्लो तहमा पुगेपछि विद्युतीय तरङ्गहरू परीक्षणबाट कमजोर भएको बताए । रिघिको भनाइअनुसार तरङ्गहरूको लम्बाइलाई लामो बनाउन सकियो भने तिनीहरूलाई टाढासम्म पुऱ्याउन सकिन्थ्यो होला । यसको लागि धेरै ठूलो विद्युतीय बलको आवश्यक हुन्छ जुन असम्भव छ । तर मार्कोनीलाई प्रोफेसर रिघिको असम्भव भनेको कुरा सम्भव बनाउन सकिन्छ भन्ने लाग्यो । यसको लागि उनले आफ्नो घरको बुइँगलमा एक सानो कोठामा प्रयोगशाला स्थापना गरे । उनी रातदिन वायरलेस टेलिग्राफी सम्बन्धी प्रयोग र परीक्षणमा व्यस्त रहे । उनलाई खाना खाने पनि वास्ता हुँदैनथ्यो । तर, उनकी आमा **एन्नी**ले समय समयमा दिनहुँ प्रयोगशालामा चिया, खाजा र खाना पुऱ्याउने गर्थिन् । उनी आफ्नो छोराको मिहिनेत र सफलताप्रति पूर्ण विश्वस्त थिइन् । हुन त वायरलेस टेलिग्राफी सम्बन्धी प्रयास नौलो थिएन । मार्कोनीभन्दा अगाडि पनि विभिन्न वैज्ञानिकहरूले वायरलेस टेलिग्राफी आविष्कार गर्न धेरै प्रयासहरू गरेका थिए । तर, कोही पनि प्रयोगात्मक रूपमा परीक्षण गरी देखाउन सफल भएका थिएनन् ।



मार्कोनी पहिलो पटक लामो दूरीमा रेडियो तरङ्ग प्रसारण गर्ने उपकरणहरू प्रदर्शन गर्दै

सन् १८९५ को सेप्टेम्बर महिनामा मार्कोनीले तारविनाको सन्देश पठाउने विधि (wireless) वा रेडियो सञ्चारको सफल परीक्षण गरे । यो नै पहिलो रेडियो आविष्कारको समय थियो । यसबाट मार्कोनीलाई बेतारको सन्देश प्रसार गर्ने वा **रेडियोको पिता** भन्ने गरियो । उनले यस परीक्षणको लागि दाजु **अल्फोन्सो**को सहयोग लिएका थिए । सुरुमा बुइँगलको एक छेउबाट अर्को छेउमा, त्यसपछि घरबाट बगैंचामा, पछि एउटा घरबाट अर्को घरमा र पछि गएर घर नजिकको पहाडको एउटा स्थानबाट त्यसको पछाडिसम्म विनातार मोर्स कोडको टेलिग्राफी सन्देश पठाउन सफल भए । यस सफलताबाट उनका पिता **गुइसेप** पनि चकित भए । उनले बल्ल मार्कोनी सानो छदाँ खेलौना फुटालेर त्यसभित्र रहेका पार्ट पूर्जाहरू हेर्न रुचि राखेको कुराको महत्त्व बुझे । उनले मार्कोनीलाई लिएर आविष्कारबारे बताउन इटालीका विद्युत् या टेलिग्राफ सम्बन्धी मन्त्री समक्ष गए । तर, मन्त्रीले यस सम्बन्धी कुनै रुचि नलिएको पाए पछि निराश भएर घर फर्के । उनले आर्थिक र प्राविधिक सहयोगको लागि निवेदन पनि दिए । तर मन्त्रीबाट यसको प्रतिउत्तर लामो समयसम्म आएन । इटालीको सरकारले आफ्नो छोराको सफलतालाई कुनै वास्ता नगरे पछि मार्कोनीका आमाबुबा दुवैलाई चिन्ता

भयो । उनका आमाले पारिवारिक मित्र कार्लो गार्डिनी (Carlo Gardini) सँग मार्कोनीको उपलब्धीबारे जानकारी गराए र यसको प्रचारको लागि ब्रिटेन जाने बारे सल्लाह गरे । कार्लो गार्डिनीले ब्रिटेनको लागि इटालीका राजदूत Annibale Ferrero लाई मार्कोनीको अनौठो आविष्कारबारे जानकारी गराए । राजदूतले मार्कोनीको आविष्कारबारे सर्वाधिकार सुरक्षित नभएसम्म प्रचार नगर्न र ब्रिटेनमा आउन सल्लाह दिए । राजदूतलाई मार्कोनीको आविष्कारबारे आर्थिक र प्राविधिक सहयोग ब्रिटेनमा उपलब्ध हुन्छ भन्ने विश्वास थियो । उनले मार्कोनीलाई ब्रिटेन आउन हौसला दिए । त्यसपछि सन् १८९६ को सुरुमा उनकी आमा एन्नीले मार्कोनीलाई लिएर इंग्ल्याण्ड गए । त्यहाँ मार्कोनीका मामा **हेनरी**ले पनि बेलायती हुलाक कार्यालयका प्रमुख इन्जिनियर विलियम प्रिससँग (William Preece) भेटाए । मार्कोनीले आफ्नो आविष्कारबारे प्रिसलाई जानकारी गराए । प्रिसले मार्कोनीको काममा विशेष रुचि देखाए । उनले मार्कोनीको परीक्षणलाई अझ परिपक्व बनाउन आफूले प्रयोग गर्दै आएको परीक्षणशाला मार्कोनीलाई प्रयोगको लागि उपलब्ध गराए ।



मार्कोनीले पहिलो पटक बनाएको रेडियो तरङ्ग प्रसारण गर्ने ट्रान्समिटर

सन् १८९६ को जुन २ मा उनले आफ्नो आविष्कारको प्रतिलिपि अधिकारको लागि 'Improvements in Transmitting Electrical impulses and Signals, and in Apparatus therefor' को नामले दर्ता गराए र आफ्नो नाममा सुरक्षित गरे । आविष्कारको प्रतिलिपि अधिकार दर्ता नम्बर १२०३९ थियो । यो रेडियो तरङ्गमा आधारित पहिलो सञ्चार माध्यमको रूपमा दर्ता भएको थियो ।



ब्रिटिश हुलाक कार्यालयका इन्जिनियरहरू मार्कोनीले बनाएको रेडियो तरङ्ग फाल्ने उपकरणहरू निरीक्षण गर्दै

## प्रदर्शन र उपलब्धी :

मार्कोनीले ब्रिटेन सरकार समक्ष आफ्नो आविष्कारको प्रदर्शन सन् १८९६ को जुलाई महिनामा गरे । यसपछि उनले यस्तो प्रदर्शन श्रृङ्खलावद्ध रूपले गरे । सन् १८९७ मा मार्कोनीले बेलायतमा जनरल हुलाकको कार्यालयको कौसीबाट एक माइल टाढासम्म तारविनाको टेलिग्राफी सन्देश पठाएर तारविनाको टेलिग्राफी वा रेडियो सञ्चारको सफलतापूर्वक सार्वजनिक प्रदर्शनी गरे । सोही वर्ष उनले रेडियो तरङ्गको प्रसारण ७ किलोमिटर टाढासम्म गर्न सफल भए । यसबाट युरोपमा मार्कोनीले ख्याती कमाए । सन् १८९७ सालको जुलाई महिनामा लण्डनमा वायरलेस टेलिग्राफ एण्ड सिग्नल कम्पनी खोले । ३ वर्षपछि त्यो कम्पनी **मार्कोनी वायरलेस टेलिग्राफ कम्पनी**को नाममा परिणत भयो । मार्कोनीले वायरलेस टेलिग्राफीको क्षमता बढाउन वा धेरै टाढा टाढासम्म पुऱ्याउन लगातार प्रयोग र परीक्षणमा निरन्तर लागिरहे । यसै क्रममा सन् १८९८ मा बेलायत र फ्रान्सबीचको इंग्लिस च्यानल समुद्र पार गरी बेलायत र फ्रान्स जोड्ने पहिलो वायरलेस टेलिग्राफी स्थापना गरियो । मार्कोनीको आविष्कार वायरलेस टेलिग्राफीको कारण सन् १८९९ मा भएको एउटा जहाज दुर्घटनामा कैयौँ मानिसको ज्यान जोगियो । यसरी नै विश्व चर्चित टाइटानिक

नामको त्यसवेलाको सर्वाधिक ठूलो जहाज सन् १९१२ अप्रिल १५ मा दुर्घटना हुँदा मार्कोनीको वायरलेसको कारण ७१० जना मानिसहरू बचाउन सकिएको थियो । अमेरिकी अनुसन्धान अनुसार उक्त दुर्घटनामा १५१७ जना व्यक्तिहरूको मृत्यु र ११६० जहाजसँगै डुबेका थिए । जस्को शव पछिसम्म फेला परेनन् । सन् १९०१ को डिसेम्बर १२ मा मार्कोनीले यूरोप र अमेरिकालाई वायरलेस टेलिग्राफीले जोड्ने सफलता प्राप्त गरे । पछि गएर विश्वलाई नै वायरलेस टेलिग्राफीको जालोले जोडेर मार्कोनीले पृथ्वीलाई नै सानो पारिदिए । मार्कोनीलाई उनको आविष्कारको कदर स्वरूप सन् १९०९ मा भौतिक शास्त्रको नोवेल पुरस्कार अर्का भौतिक शास्त्री Karl Ferdinand Braun सँगै संयुक्त रूपमा प्रदान गरियो । त्यसवेला उनी ३५ वर्षका थिए । सन् १९०२ देखि सन् १९१२ सम्ममा उनले विभिन्न आविष्कारहरू आफ्नो नाममा दर्ता गराए । जस्मा म्याग्नेटिक डिटेक्टर, होरिजेन्टल डाइरेक्सन टेलिग्राफ, कन्टीन्युयस वेभ सिस्टम आदि हुन् ।



SIGNOR AND MRS. MARCONI.

पहिलो पत्नी बिट्रिस ओ ब्रिनसँग मार्कोनी

## विवाह :

मार्कोनीले सन् १९०५ मा बिट्रिस ओ ब्रिन (Beatrice O'Brien) सँग विवाह गरे । उनको बिट्रिस ओ ब्रिनसँग सन् १९२७ मा सम्बन्ध विच्छेद भयो । सन् १९२७ मा नै उनले रोम सहरकी मारिया क्रिस्टिना बेजि स्कालीसँग (Maria Cristina Bezzi-Scali) दोस्रो बिहे गरे । उनको पहिलो पत्नीबाट तीन छोरीहरू Degna (1908–1998),Gioia (1916–1996), and Lucia (सन् १९०६ मा जन्मेर सोही साल मृत्य भएको) र एक छोरा Giulio Marconi जन्मेको थियो । उनको दोस्रो पत्नीबाट एक छोरी Maria Elettra Elena Anna जन्मेको थियो । तिनको विबाह सन् १९६६ मा राजकुमार Carlo Giovannelli (1942–2016) सँग भएको थियो । पछि गएर विनाकारण तिनीहरूले सम्बन्ध विच्छेद गरे ।

मार्कोनीले आफ्नो सबै सम्पत्ति दोस्रो श्रीमती र उनीबाट जन्मेका छोरीलाई छोडेर गएका थिए । पहिलो श्रीमतीबाट जन्मेका सन्तानहरूलाई केही पनि छोडेर गएका थिएनन् ।




मार्कोनीको आफ्नो कम्पनीको शेयर वितरण पुर्जा



मार्कोनी दोस्रो श्रीमती मारिया क्रिस्टिना बेजि स्काली र छोरी मारियासँग

## पुरस्कार र सम्मानहरू :

मार्कोनीको योगदानको सम्मानमा मुद्रा निष्काशन, प्रतिमा स्थापना र विभिन्न पदकहरू प्रदान गरिएको छ ।




मार्कोनीको प्रतिमा




मार्कोनीको मुहार अङ्कित सिक्का




मार्कोनीको चित्र अङ्कित २000 लिराको इटालियाली नोट

### पदकहरू

•Matteucci Medal (1901)
•Nobel Prize for Physics (1909)
•Albert Medal (1914)
•Franklin Medal (1918)
•IEEE Medal of Honor (1920)
•John Fritz Medal (1923)

## इटाली सरकारबाट दिएका सम्मानहरू :

▸ सन् १९१४ मा उनलाई इटालीको सेनामा लेफ्टिनेण्टमा नियुक्ती गरियो । पछि सन् १९१६ मा कप्तान र सन् १९१९ मा नौसेनामा कमाण्डरमा बढुवा गरियो ।

▸ सन् १९१७ मा उनलाई इटालीको तर्फबाट संयुक्त राष्ट्र सङ्घमा प्रतिनिधि दलको सदस्य बनाइयो ।

▸ युद्धमा गरेको सहयोग बापत इटाली सरकारले उनलाई सन् १९१९ मा इटालियन मिलिटरी मेडल प्रदान गरियो ।

▸ उनी राजनितिक रूपले मुसोलिनीका समर्थक थिए ।

## विश्वमा रेडियोको विकास यात्रा :

■ सन् १८९५ सेप्टेम्बर महिनामा मार्कोनीद्वारा रेडियो प्रसारणको सफल परीक्षण तर एकजना व्यक्तिलाई मात्र सन्देश पठाउन सकिने ।

■ सन् १९०६ डिसेम्बर महिनामा क्यानाडियन वैज्ञानिक रेगिनाल्ड फेसेण्डेनले एकभन्दा बढी व्यक्तिमा रेडियो सन्देश

पठाउन सफल ।

■ सन् १९०६ मा नै अमेरिकी वैज्ञानिक लि डे फरेस्टले (Lee De Forest) रेडियोमा ट्रायोड (triode) प्रयोग गरी रेडियोलाई थप विकसित बनाए ।

■ सन् १९०६ डिसेम्बर २४ तारीखदेखि आवाज र संगीत भरिएको पहिलो रेडियो प्रसारण अमेरिकामा सुरु भयो ।

■ सन् १९०७ मा पहिलो नियमित रेडियो प्रसारण स्टेशन अमेरिकाको न्युयोर्कमा स्थापना भयो ।

■ सुरु सुरुमा रेडियो प्रसारण नौसैनिक र पानी जहाजको लागि मात्र प्रयोग गरिन्थ्यो ।

■ सन् १९१४ मा पहिलो विश्वयुद्ध सुरु भए पछि सर्वसाधारणको लागि रेडियो प्रसारण प्रतिबन्ध गरियो ।

■ सन् १९१८ मा न्युर्योकमा पहिलो निजी रेडियो सेवा Lee De Forest द्वारा सुरु । जुन पछि गएर प्रहरीबाट गैरकानुनी भनेर बन्द गराइयो ।

■ सन् १९२० नोभेम्बर महिनामा नौसेनाको रेडियो विभागमा काम गरेका Frank Conrad लाई सरकारबाट रेडियो प्रसारणको अनुमति दिएर पहिलो पटक निजी रेडियो प्रसारणको अनुमतिको सुरुआत गरियो ।

■ सन् १९२३ देखि रेडियोमा विज्ञापन दिने सुरु भयो ।

■ सुरुमा मानिसले घरमा रेडियो राख्नको लागि लाइसेन्स वा अनुमति पत्र लिनु पर्दथ्यो पछि गएर यो प्रावधान खारेज गरियो ।

■ छिमेकी देश भारतमा सन् १९२४ देखि मद्रासबाट रेडियोको प्रसारणको सुरु भएको थियो ।

■ नेपालमा सन् १९५१ मा पहिलो रेडियो प्रसारण रेडियो प्रजातन्त्रको नामबाट भएको थियो ।


■ नेपालमा सन् १९५१ अप्रिल २ देखि सिंहदरबारबाट रेडियो नेपालको नामबाट दैनिक ४ घण्टा ३० मिनेट दैनिक प्रसारण भएको थियो ।

## मृत्यु :

नोवेल पुरस्कार प्राप्त गरिसकेपछि पनि मार्कोनीले लगातार वायरलेस टेलिग्राफी वा रेडियो सञ्चारमा अनुसन्धान जारी राखे । उनी जीवनको अन्तिम समयमा सर्ट वेभ र माइक्रो वेभका बारेमा अध्ययन गर्न व्यस्त थिए । यसै क्रममा सन् १९३७ को जुलाई २० मा अनुसन्धानको काम गर्दा गर्दै मुटुमा आघात भई यी महान् वैज्ञानिकको निधन भयो । उनको शवलाई Villa Griffone, Italy मा समाधिस्थ गरियो । उनको मृत्यु भएको दिन विश्वभर दुई मिनेट रेडियो प्रसारण बन्द गरिएको थियो । उनको मृत्यु भए पनि उनको आविष्कारको लागि विश्वले सधैँ सम्झिरहने छन् ।

### सन्दर्भ सामग्री :

१) विश्वमा ठूलो परिवर्तन ल्याउने आविष्कारहरू : युनाइटेड स्टेटस इन्फरमेसन सर्विस
२) प्रयोगात्मक विज्ञान र प्रसिद्ध वैज्ञानिकहरू : भेषराज मैनाली
३) अल्वर्ट आइन्स्टाइन र अन्य वैज्ञानिकहरू : तुलसी दास महर्जन



विश्वविख्यात मोनालिसाको चित्र कलाकार लियोनार्डो दा भिन्चीको महिला रूपमा आफ्नै चित्र भन्ने पनि गरिन्छ।

चित्र इन्टरनेटबाट ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**फोहरमैला दिने/निष्कासन गर्नेसम्बन्धी सूचना**

भक्तपुर नगरपालिका क्षेत्रमा दैनिक फोहर सङ्कलन गर्ने बेलामा नगरवासी, पसल व्यवसायी, उद्योगी, पार्टी प्यालेस, भोज घर, अस्पताल, स्वास्थ्य केन्द्र, क्लिनिक, कल कारखानाहरूले सबै फोहर एकै ठाउँमा मिसाएर दिने गरेकाले सङ्कलन भएको फोहरलाई अन्तिम बिसर्जन गर्न जटिल भई समस्या भएको अवगत गराउँदछौँ । आ-आफ्नो फोहरलाई स्रोतमै कुहिने र नकुहिने वस्तुमा अलग अलग छुट्याएर मात्र नगरपालिकाको गाडी, गाडा वा सफाइ कर्मचारीलाई दिन सम्पूर्णमा अनुरोध गर्दछौँ । अस्पताल, स्वास्थ्य केन्द्र, औषधि पसल, क्लिनिक, उद्योग कलकारखाना आदिले स्वास्थ्यजन्य फोहर रासायनिक फोहर, औद्योगिक फोहर, आ-आफैले व्यवस्थापन गर्नुभई सामान्य फोहरमात्र कुहिने र नकुहिने वस्तुमा छुट्याएर दिन र निष्कासन गर्न अनुरोध गर्दछौँ । अत्तेरी भई फोहर मिसाएर दिनेलाई फोहरमैला व्यवस्थापन ऐन, २०६८ र भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइसम्बन्धी ऐन, २०७६ अनुसार कारबाही गरिने व्यहोरासमेत सूचित गर्दछौँ ।

# तुमचो-दुगुरे-चोखा आवास क्षेत्रमा ठेगाना प्रणालीबारे जानकारी



युरीका राजवंशी

भक्तपुर एउटा प्राचीन एवम् ऐतिहासिक नगर हो। यहाँको कला संस्कृति र जीवनशैलीले भक्तपुरलाई विश्वस्तरको एक आकर्षक पर्यटकीय केन्द्र बनाएको छ। सहरको भौगोलिक स्थिति, आधुनिक पूर्वाधार र जीवन्त राजनीतिक, आर्थिक तथा सामाजिक संरचनाहरूले यसलाई एक आदर्श सहर बनाएको छ।


भक्तपुर नगरलाई प्राचीन नगर क्षेत्र र नयाँ विकसित बस्ती क्षेत्रमा विभाजित गरिएको छ। प्राचीन नगर क्षेत्र आफैमा व्यवस्थित छ। चौडा मूल सडक, सहायक बाटाहरू, गल्ली तथा चोकहरू, खुला क्षेत्र, पोखरी तथा ढुङ्गेधाराहरू, पाटी, सत्तल, मन्दिर र सांस्कृतिक दबुहरूको व्यवस्थापन हेर्दा त्यतिबेला नै भक्तपुर सभ्य, सुसंस्कृत र वैज्ञानिक विधि अपनाएर निर्माण गरिएको बुझ्न सकिन्छ।

भक्तपुर नगरपालिका आफैले पछिल्लो समयमा जनभावना बमोजिम प्राचीन नगर क्षेत्रको चारैतिर व्यवस्थित बस्तीको विकास गर्न थालेको छ। आधुनिक जीवनशैली अनुसार ढलनिकाससहितको बाटो, पेटी, चोक, खुला क्षेत्र, हरियाली व्यवस्थापनलगायत योजनासहित बस्ती विस्तार गरिएबाट नगरवासीहरूलाई सहज बनेको छ। ती ठाउँहरूमा शैक्षिक संस्था, स्वास्थ्य उपचार केन्द्र, मनोरञ्जन स्थलहरू पनि निर्माण गरिएका छन्।

भक्तपुरमा घर, सडकमार्ग तथा उद्योगको व्यवस्थित विकास गर्न योजनाअनुसार कार्य गरिएको छ। यसको परिणामस्वरूप सहर आकर्षक, सुरक्षित, र उपयोगी बनेको छ। यो उत्कृष्ट नक्साप्रणाली र विकास योजनाबाट अभिन्न छ। भक्तपुरमा नक्साप्रणालीले सजीवता, प्राकृतिक सौन्दर्य, र सांस्कृतिक समृद्धि जस्ता विभिन्न पहलुहरूलाई एकीकृत रूपमा समाहित गरिएको छ।

सडकको नामकरण सहरी विकासको एक महत्त्वपूर्ण र प्रभावशाली पक्ष हो, जसमा ऐतिहासिक संरक्षण, सांस्कृतिक प्रतिनिधित्व र व्यवहारिक विचारहरू समावेश गरिन्छ। सडक नामाकरणले स्थानीय पहिचान, ऐतिहासिकता र स्थानीय समुदायको अपनत्वको बलियो भावनालाई उद्वेलित गर्छ। यसले आगामी पुस्ताका लागि मार्गनिर्देश पनि गर्छ। सडक नामहरूले प्रायः प्रतीकात्मक महत्त्व बोक्छन्, मानहरू, आदर्शहरू वा स्थानीय स्थलचिन्हहरू प्रतिनिधित्व गर्दछन्। यो प्रतीकवादले एक अद्वितीय स्थानीय पहिचानमा योगदान पुर्‍याउँछ र त्यहाँका बासिन्दाहरूमा गर्वको भावना जगाउँछ।

तुमचो-दुगुरे-चोखा आवास क्षेत्र भक्तपुरको उत्तरपूर्वी भागमा अवस्थित छ। भक्तपुर नगरपालिकाले आफ्नै लगानी र जनताको सहभागितामा सम्पन्न गरेको तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजना हो। यसले लगभग २७.४८ हेक्टर जमिनलाई आवासीय भूखण्डहरू समेट्छ। आयोजना



२०६० सालमा सुरु भएको थियो। पूर्वमा गोंसपुल र चोकन्तिला पुल, दक्षिणमा च्यामासिंह–ब्रह्मायणी–गोंसपुल सडक, उत्तरमा कमलविनायक आवास क्षेत्र र पश्चिममा च्यामासिंह–कमलविनायक –पसिखेल सडकले तुमचो–दुगुरे–चोखा आवास क्षेत्र घेरिएको छ। यस आवास क्षेत्र समानुपातिक विकासको अवधारणामा बनेको हो। ठाउँ अनुसार बाटो चौडा र फराकिलो बनाएको छ। विकासको पहिलो सूचक बाटो भएको हुनाले यस आवास क्षेत्रमा हरेक घरमा बाटोको पहुँच पुऱ्याएको छ।




पछिल्लो तथ्याङ्क अनुसार यस आवास क्षेत्रमा ६ सयभन्दा बढी पक्की घरहरू तथा सयौँको सङ्ख्यामा टहराहरू निर्माण भई मान्छेको बसोबास बाक्लिन थालेको छ। मालपोत तथा भूमिसुधार कार्यालय, नापी कार्यालय, जिल्ला अदालतलगायतका सरकारी कार्यालयहरू यसै क्षेत्रमा छन्। वागीश्वरी मावि र कलेज, ख्वप अस्पताल जस्ता महत्त्वपूर्ण संरचनाहरू पनि यसै क्षेत्रमा छन्। सबै सडक पक्की भइसकेका छन्। स्थानीय मात्र नभई विभिन्न जिल्लाका बासिन्दाहरू समेत विभिन्न उद्देश्यले यहाँ बसोबास गर्छन्। शैक्षिक संस्था, अस्पताल र सरकारी कार्यालयहरूको उपस्थितिले देशैभरिका जनताको आवतजावत पनि बढ्न थालेको छ। यस्तो परिस्थितिमा जोसुकैलाई पनि आफ्नो गन्तव्यबारे पूरा जानकारी राख्न र कुनै अलमलबिना नै त्यस ठाउँमा पुग्न सजिलो होस् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाको नमुना परियोजनाको रूपमा यस क्षेत्रमा ठेगाना प्रणाली सञ्चालन गरिएको हो। ख्वप इन्जिनियरिङ कलेजको प्राविधिक टोलीले यो प्रणालीको डिजाइन तथा सम्पूर्ण व्यवस्थापन गरेको हो भने स्थानीय जनताको उपभोक्ता समितिमार्फत यो प्रणाली कार्यान्वयनमा ल्याइएको हो। आर्थिक लगानी भने भक्तपुर नगरपालिकाको रहेको छ।

ठेगाना प्रणालीले मानिसहरूलाई जग्गाको प्लट तथा घरको लोकेसन पत्ता लगाउन सक्षम बनाउँछ अर्थात् सडक र भवनहरूको सङ्ख्या देखाउने नक्सा र सडक चिन्हहरूको प्रणालीद्वारा यसको ठेगाना परिभाषित गराउँछ। सरल, लचिलो र बुझिने ठेगाना प्रणालीको आवश्यकता महसुस गरिएकोले मेट्रिक ठेगाना प्रणालीलाई यस आवास क्षेत्रमा लागु गरिएको छ।

## ठेगाना प्रणालीका केही लाभहरू :

**नेभिगेसन :** यसले स्थानीयहरू र भ्रमणकर्तालाई सहरमा आफ्नो सडक खोज्न र पत्ता लगाउन सहज बनाउँछ, किनकि तिनीहरूले नक्सा, जीपीएस यन्त्रहरूमा सडकको नामलाई सन्दर्भ बनाउन सक्छन्।

**कुशल आपत्कालीन प्रतिक्रिया :** सडकका नामहरूले एम्बुलेन्स, पुलिस र वारुणयन्त्र जस्ता आपत्कालीन सेवाहरूलाई शीघ्र विशेष स्थानहरूमा पुग्न मद्दत गर्छ, जसले जीवन र सम्पत्तिको क्षति हुनबाट बचाउन सहयोग गर्छ।

**व्यापार र वाणिज्य :** नामाङ्कित सडकहरूले कार्यालय र वाणिज्य संस्थाहरूका लागि पहिचान गर्न सहयोग गर्छन्। यसले व्यापार गतिविधिहरूलाई बढाउँदै, व्यापार गर्ने सरलतालाई बढाउँछ, र ग्राहकहरूको आकर्षण गर्दछ।

**सहरी योजना र विकास :** सडकको नामाकरण सहरी योजना र विकासको लागि अत्यन्त आवश्यक छ। यसले नगरपालिका र सरोकारवाला संस्थाहरूलाई जनताका आधारभूत आवश्यकता पूर्ति गर्ने थुप्रै योजनाहरू सञ्चालन गर्न तथा आवश्यक श्रोतको व्यवस्थापन गर्न मद्दत गर्दछ।

**नागरिक पहिचान र ऐतिहासिक धरोहर :** सडक तथा चोकहरूका नामले त्यस स्थानको सांस्कृतिक, इतिहास, र पहिचानलाई दर्शाउँछ। नेपालमा सडकका नामले थुप्रै प्रसिद्ध स्थलहरू वा सांस्कृतिक प्रतिचिन्हहरूलाई सङ्केत गर्दछ, जसले समुदायको गर्व बढाउँछ, र ऐतिहासिक धरोहरलाई संरक्षण गर्दछ।

**पर्यटन र आतिथ्य :** पर्यटन र आतिथ्य उद्यम प्रवर्द्धनका लागि नामाङ्कित सडक तथा चोकहरू महत्त्वपूर्ण हुन्छन्। पर्यटकीय आकर्षण केन्द्रहरू, होटल, रेस्टुरेन्ट र अन्य रुचि स्थलहरूलाई परिचित र दिशाबोध गर्न सजिलो भएको छ। विदेशका विभिन्न पर्यटकीय गन्तव्यस्थलहरू तथा देशभित्रकै पोखरा लगायतका सहरहरूमा ठेगाना प्रणालीले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई सहज बनाएको पाइन्छ।

## तुमचो दुगुरेमा ठेगाना प्रणाली कार्यान्वयन गर्दा :


भक्तपुर नगरपालिका वडा नं. ९ अन्तर्गत तुमचो–


दुगुरे-चोखा आवास क्षेत्रको चारकिल्ला र त्यस क्षेत्रको रेखाचित्र तयारीसँगै अन्य आवश्यक योजना तयारीमा वडा अध्यक्ष रवीन्द्र ज्याख्व र अन्य जनप्रतिनिधिहरूको राय सल्लाह लिइयो। वडा कार्यालयबाट केही महत्त्वपूर्ण दस्तावेजहरू प्राप्त गरियो। आवास क्षेत्रमा पुर्खौंदेखि राखिएका क्षेत्रगत विशेषतासहितका नामाकरण पनि थिए। ती ऐतिहासिक नामहरूलाई जस्ताको तस्तै राख्ने काम गरियो। त्यस क्रममा स्थानीय अग्रज तथा विज्ञ स्थानीयहरूसँग पटक पटक छलफल गरी चोक, सडक तथा क्षेत्र निर्धारण र नामाकरण गरियो। तुमचो दुगुरे चोखा क्षेत्र आफैमा इतिहास बोकेको क्षेत्र हो। तसर्थ स्थानविशेषको ऐतिहासिकतालाई जीवन्त राख्ने कार्यलाई पहिलो प्राथमिकतामा राखियो। जस्तै : 'चोखा', 'चोखामरु', 'दुगुरे', 'तुमचो', 'बनसी', 'बाकंतिला', 'गाँस', 'भाने', 'बेची ब्वङ', 'वाँचु हिति' आदि नाममा स्थानीयहरूले सहमति जनाए।




आवास क्षेत्रको पूरा क्षेत्रफललाई सुरुमा पाँच ओटा क्षेत्रमा विभाजन गरियो। तुमचो क्षेत्र, दुगुरे क्षेत्र, चोखा क्षेत्र, चोखामरु क्षेत्र र भाने क्षेत्र। प्रत्येक क्षेत्रमा एउटा सडकलाई मूल सडकको रूपमा मानी त्यसको आधारमा दायाँतर्फ जोडा नम्बर र बायाँतर्फ बिजोडा नम्बर दिएर सडकहरूको नामाकरण गरियो। जस्तैः तुमचो क्षेत्रमा तुमचो सडक नं. १, तुमचो सडक नं. २ आदि।

घरहरूको नम्बरिङ गर्ने कार्य मेट्रिक प्रणालीअनुसार गरियो। प्रत्येक चोकको मध्यविन्दुलाई शून्य विन्दु मानेर घडी घुम्ने दिशातर्फ घरको मूलढोकासम्मको दूरी नापेर घरको नम्बरिङ गरियो। यसक्रममा प्रवेश मार्ग र शून्य बिन्दुदेखिको दूरी सर्वेक्षण गर्ने काम वागीश्वरी कलेजका विद्यार्थीहरूले सम्पन्न गरे। मेट्रिक प्रणालीमा सङ्ख्याको क्रमबद्धता गरिएको थियो।




घरको प्रवेशद्वार (मूल ढोका) लाई सडकको चौबाटो 'शून्य बिन्दु' बाटोको उन्नतिक्रम अनुसार क्रमाङ्कित गरियो।

**उदाहरणको लागि,**

शून्य बिन्दुबाट छ मिटर टाढाको घरलाई घर नं. ६

दिइयो। घरसङ्ख्या वास्तविक गर्ने सम्बन्धमा विशेष ध्यान दिइएको थियो। अहिले जग्गा रहेको र पछि घर बन्ने निश्चित भएका कित्ताहरूमा समेत घर नम्बरिङमा समस्या नहोस् भनेर पनि मेट्रिक प्रणाली लागू गरिएको हो। बाटोको बायाँतिरका घरहरूको सन्दर्भमा बेजोड नम्बर र दायाँतिरका घरहरूलाई जोड नम्बरको व्यवस्था गरियो।







चोक, सडक र घरको नाम तथा नम्बर अङ्कित बोर्डको आकार, प्रकार र रङ्गमा समेत एकरूपता ल्याउने काम गरियो। प्रमुख चोकहरूमा आवास क्षेत्रको सम्पूर्ण बाटोहरूको रेखाङ्कनसहितको नक्सा बोर्ड पनि राखियो।

## ठेगाना प्रणालीको उपयोगिता :


यस क्षेत्रमा ठेगाना प्रणालीसम्बन्धी गरिएका सबै कार्यहरूको विस्तृत अभिलेखीकरण गरिएको छ। सर्वसाधारण जनताले समेत दीर्घकालसम्म यसको सहज ढङ्गले उपयोग गर्न सकियोस् भनेर गृहकार्य भइरहेको छ। यस क्षेत्रका प्रत्येक सडक, चोक र घर, भवन, व्यवसायहरूको गुगल म्यापिङ कार्य भइरहेको छ। इन्टरनेटको सुविधा नहुँदा समेत सबैले आफ्नो मोबाइलमार्फत लोकेसन थाहा पाउन सकिने बन्दोबस्त हुँदैछ।

**अन्त्यमा,**

भक्तपुर नगरपालिकाको हकमा ठेगाना प्रणाली कार्यान्वयन गरिएको यो पहिलो प्रयास हो। त्यसैले केही कमीकमजोरी अवश्य होला भन्ने लाग्छ। यो प्रणाली लागू गर्दै गर्दा पनि स्थानीयहरूको सुझावमा सुधारहरू गरिएका छन्। यसलाई थप व्यवस्थित गर्न अझै थुप्रै सुझावहरू आउने अपेक्षा छ। यसलाई आधार मानेर लिवाली आवास क्षेत्रमा पनि ठेगाना प्रणाली लागू गर्ने प्रयास हुँदैछ। विभिन्न ठाउँमा यो प्रणाली लागू गर्दै गर्दाका सुझाव र अनुभवका आधारमा थप परिमार्जन गर्दै भक्तपुरको पुरानो बस्तीमा पनि यो प्रणाली लागू गर्न सकिने वा नसकिने अध्ययन गर्ने प्रयत्न हुन्छ।

यो प्रणालीको डिजाइनदेखि तयारी, रेखाङ्कन र अभिलेखीकरण कार्यमा नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङले ठूलो भूमिका खेलेको छ। त्यस्तै भक्तपुर नगरपालिका, ९ नं. वडा कार्यालय र स्थानीय अग्रज व्यक्तित्वहरूको योगदान पनि उत्तिकै छ। सबैप्रति कृतज्ञता व्यक्त गर्दछु।

*(लेखक ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको प्राविधिक हुनुहुन्छ)*



# भक्तपुर नगरका ढुङ्गेधाराहरू

विश्वराम प्रजापति

भक्तपुर नगरमा लिच्छवि र मल्लकालमा बनाइएका थुप्रै कलात्मक ढुङगेधारा रहेको पाइन्छ। ढुङगेधारालाई नेपालभाषामा ल्होहँ हिति भनिन्छ। ल्होहँ भनेको नेपालभाषामा ढुङ्गा हो। हिति भनेको धारा हो। ढुङ्गा, बालुवा (प्राकृतिक फिल्टर) भई बगेको पानी सङ्लो र सुरक्षित हुन्छ। त्यसो हुँदा हाम्रा पूर्खाहरूले ढुङ्गालाई धाराको रूपमा ठाउँ ठाउँमा प्रयोग गर्दै आएको देखिन्छ।

मल्ल राजाहरूको पालामा नगरकोटफेदी हालको मुहान पोखरीबाट राजकुलो खनी  भक्तपुर दरबारलगायत टोल टोलमा ढुङ्गेधाराबाट पानी वितरण गरिएको देखिन्छ। तर, अव्यवस्थित सहर विस्तारको कारण आज मूलबाट पानी आउने केही ढुङ्गेधाराबाहेक अरू सबै ढुङ्गेधारामा पानी आउन बन्द भएको अवस्था छ। हाल ती ढुङ्गेधारामध्ये केही ढुङ्गेधारामा स्थानीय जनता र भक्तपुर नगरपालिकाको समन्वयमा खानेपानीको पाइप जोडेर पानी उपभोग गरिरहेको अवस्था देखिन्छ।



भक्तपुरको टोल-टोलमा जनताले बनाएका करिब ८६ ओटा ढुङ्गेधारा देखिन्छन्। केही अरू बाँकी छुटेका होलान्। हाल प्राप्त ती ढुङ्गेधाराहरूमध्ये नगरको वडा नं. १ मा ७ ओटा, वडा नं. २ मा १४ ओटा, वडा नं. ३ मा ६ ओटा, वडा नं. ४ मा ३ ओटा, वडा नं. ५ मा १० ओटा, वडा नं. ६ मा ८ ओटा, वडा नं. ७ मा १० ओटा, वडा नं. ८ मा ४ ओटा, वडा नं. ९ मा १३ ओटा र वडा नं. १० मा ११ ओटा छन्।

ती ८६ ओटा ढुङ्गेधाराहरूमध्ये पूर्वतर्फ फर्केको १३ ओटा, दक्षिणतर्फ फर्केको २४ ओटा, पश्चिमतर्फ फर्केको ४३ ओटा, उत्तरतर्फ फर्केको ४ ओटा र उत्तर-पश्चिमतर्फ फर्केको एउटा धारा र एउटा तीनधारा रहेको पाइन्छ। त्यस्तै नगरमा दुईओटा स्वर्णधारा, दुईओटा बाघमुखे धारा र एउटा तीनधारा रहेको पाइन्छ। नगरमा पश्चिमतर्फ फर्केको धाराहरू सबभन्दा बढी अर्थात ४३ ओटा ढुङ्गेधारा देखिएका छन्।



नगरको ढुङ्गेधाराहरूमध्ये धेरै ढुङगेधारा वडा नं. ९ र १० मा पाइन्छ। यसो हुनुको कारण नगरकोट फेदीबाट आउने राजकुलोको मुख्य प्रवेश क्षेत्र हुनुको साथै लिच्छविकालीन दरबार मानगृह यसै क्षेत्र वरपर भएकोले हुनुपर्छ। त्यसपछि धेरै धारा वडा नं. २ मा पनि रहेको पाइन्छ। त्यो ठाउँ वडा नं. २ इताछेँ र व्यासी टोलमा परेको छ। यहाँ ढुङ्गेधाराहरू धेरै रहनुको कारणमध्य यो ठाउँ दरबारछेउमै अवस्थित छ। यहाँ भूमिगत पानीको स्रोत पनि भएकोले अधिकांश ढुङ्गेधारामा मूलको पानी आइरहेको देखिन्छ। ती क्षेत्रका धाराहरूमध्ये इन्द्रायणी पीठपछाडिको धब्बा ढुङ्गेधारामा सबभन्दा बढी



मूलको सङ्लो पानी आइरहेको दखिन्छ।

तर, नगरको दक्षिणतर्फ दरबार, राजकुलोबाट टाढा र पूरै घाम लाग्ने (याता) फराकिलो भिरालो ठाउँ परेकोले मूलको पानी पनि त्यति नभएकाले थोरै मात्र धारा अर्थात ४ ओटा मात्र ढुङ्गेधारा रहेको अनुमान लगाउन सकिन्छ।

आफ्नो स्रोत नभएको भक्तपुर सहरको पानीको मुख्य स्रोत नगरकोट हो। त्यसैले यहाँ पानीको हाहाकार निर्दलीय, बहुदलीय र गणतन्त्रसम्म यथावत छ। त्यमाथि भक्तपुर सहरको पानीको मुख्य स्रोत नगरकोटफेदीको मुहान पोखरीमाथि भंगेरी डाँडामा खेल मैदान बनाउने नाममा जङ्गल फाँडी पानीको स्रोत विनास गरिएको छ। त्यसलाई जलाधार क्षेत्र घोषणा गरी सरकारले सुरक्षा गर्नु अत्यावश्यक देखिन्छ। सरकारले स्थानीय सरकारसँग समन्वय गरेर वृक्षारोपन र भिरालो बहाव क्षेत्रका ठाउँ–ठाउँमा बाँध बाँधेर वर्षाको पानी जम्मा गर्न सकेको खण्डमा थप पानीको भण्डारण भई भक्तपुरका जनतालाई खानेपानीको थप सहज हुने देखिन्छ।

**वडागत विवरण**

| वडा नं. | धारा सङ्ख्या |
|---|---|
| १ | ७ |
| २ | १४ |
| ३ | ६ |
| ४ | ३ |
| ५ | १० |
| ६ | ८ |
| ७ | १० |
| ८ | ४ |
| ९ | १३ |
| १० | १२ |
| जम्मा | ८७ |

**दिशागत विवरण**

| क्रसं | दिशा | धारा सङ्ख्या |
|---|---|---|
| १ | पूर्व | १३ |
| २ | पश्चिम | ४५ |
| ३ | उत्तर | ४ |
| ४ | दक्षिण | २४ |
| ५ | उत्तर पश्चिम | १ |
| | जम्मा | ८७ |

# प्रेरणीय

## सफलताका लागि धैर्य

एकपटक भगवान् बुद्ध आफ्ना केही शिष्यका साथ आफ्ना भक्तजनलाई विशेष प्रवचन दिने उद्देश्यले अर्कै गाउँतिर गइरहेका थिए। तीनचार दिनको यात्रापछि मात्र लक्षित गाउँ पुगिने र बाटामा कुनै पनि मानवबस्ती नभेटिने हुनाले उनीहरू खानपिन र विश्रामका सामग्रीसमेत साथमा लिएर हिँडेका थिए।

हिँड्दै जाँदा उनीहरूले एउटा निर्जन स्थानमा प्रशस्त ससाना खाल्टा खनिएका देखे। जति अगाडि गयो, त्यति नै धेरै खाल्टा देखेपछि बुद्धका शिष्यहरूको मनमा खुल्दुली बढ्दै गयो। अन्ततः उनीहरूले बुद्धसामु आफ्नो जिज्ञासा राखिछाडे– भगवान्, हामी सबैले निकै अगाडिदेखि नै यस बाटाका दायाँबायाँ यति धेरै खाल्टा देखिरहेका छौँ। यति धेरै खाल्टा कसले कुन प्रयोजनका लागि खन्यो या खनायो होला ? हाम्रो खुल्दुली मेटिदिनुपर्‍यो !

बुद्धले गम्भीर हुँदै भने– यी खाल्टा यहाँ पानीको खोजी गर्ने कुनै गाउँलेले खनेको हो। उसले एउटा खाल्टोमा पानी नभेटेपछि अर्को, फेरि अर्को गर्दागर्दै यति धेरै खाल्टा खनेको हो। यति धेरै ससाना खाल्टा खन्ने कार्यमा लगाएको शक्ति एउटै ठूलो र गहिरो खाल्टो खन्न प्रयोग गरेको भए उसले इनार नै खन्न सक्थ्यो र पानी पनि पाउन सक्थ्यो। त्यसैले तिमीहरूले यसबाट के बुझ भने कुनै पनि काममा लागेको मान्छेले सही ढङ्गले परिश्रम त गर्नैपर्छ, साथसाथै धैर्य पनि राख्न सक्नुपर्छ। अनि मात्र सफलता प्राप्त हुन्छ। अन्यथा, यी खाडल खन्ने परिश्रमीको जस्तै हालत हाम्रो पनि हुनेछ।

**पानीको स्रोतगत विवरण**

| क्रसं | पानीको स्रोत | धारा सङ्ख्या |
|---|---|---|
| १ | मूलबाट पानी आउने | ३० |
| २ | खानेपानी जोडेर आउने | २५ |
| ३ | पानी नआउने | ३२ |
| | जम्मा | ८७ |

## भक्तपुर नपा क्षेत्रका ढुङ्गेधारा विवरण

| क्रसं | ढुङ्गेधाराको नाम | टोल/ठाउँ | वडा नं. | दिशा | पानी |
|---|---|---|---|---|---|
| १ | नपली इशानेश्वर हिति | नपली | १ | उत्तर | धाराबाट |
| २ | मुपुज्व हिति | सल्लाघारी | १ | दक्षिण | मूलबाट |
| ३ | दालाँचा हिति | सल्लाघारी | १ | दक्षिण | नआएको |
| ४ | अस:ग (मिवार) हिति | भार्वाचो | १ | पूर्व | मूलबाट |
| ५ | इचाडो हिति | भार्वाचो | १ | पूर्व | मूलबाट |
| ६ | टेखाचो हनुमान पाटी हिति | भार्वाचो | १ | पश्चिम | नआएको |
| ७ | ध्वँला हिति | भार्वाचो | १ | पूर्व | मूलबाट |
| ८ | दोलाँटो ग:हिति | ठूलो व्यासी | २ | पश्चिम | नआएको |
| ९ | सानो पोखरी हिति | ठूलो व्यासी | २ | उत्तर पश्चिम | आएको |
| १० | तुलुतुली(ठूलो पोखरी) हिति | ठूलो व्यासी | २ | पश्चिम | मूलबाट |
| ११ | दोलाँटो ग:हिति | सानो व्यासी | २ | पश्चिम | धाराबाट |
| १२ | पाटी ग:हिति | सानो व्यासी | २ | पश्चिम | मूलबाट |
| १३ | इन्द्रायणी हिति | इन्द्रायणी | २ | पश्चिम | मूलबाट |
| १४ | इन्द्रायणी द्य:छेँ हिति | खौमा | २ | पश्चिम | धाराबाट |
| १५ | घब्बा हिति | इन्द्रायणी | २ | पश्चिम | मूलबाट |
| १६ | कासन हिति | कालीघाट | २ | पश्चिम | आएको |
| १७ | दाफाहिति | व्यासी | २ | पश्चिम | मूलबाट |
| १८ | मच्चाफुङ्ग हिति | सहिद उद्यान | २ | पश्चिम | मूलबाट |
| १९ | हाकुफो हिति | देकोक्वय | २ | पश्चिम | नआएको |
| २० | सुकु हिति | इतापाखे | २ | पश्चिम | आएको |
| २१ | सोधाला(तीनधारा) हिति | ठूलो व्यासी | २ | पश्चिम | धाराबाट |
| २२ | बाराही पीठ हिति | बाराही स्थान | ३ | पश्चिम | आएको |
| २३ | नासमना धुख्व हिति | नासमना | ३ | पूर्व | नआएको |
| २४ | मङ्गलकुण्ड हिति | नासमना | ३ | दक्षिण | नआएको |
| २५ | जिसौंचोक हिति | दरबारक्षेत्र | ३ | पश्चिम | नआएको |
| २६ | तलेजु स्वर्ण हिति | दरबारक्षेत्र | ३ | पश्चिम | नआएको |
| २७ | यक्षश्वर महादेव हिति | दरबारक्षेत्र | ३ | पश्चिम | नआएको |
| २८ | ग:पली हिति | ग:पली | ४ | पश्चिम | नआएको |
| २९ | जांलाचा तँचा हिति | मंगलतीर्थ | ४ | दक्षिण | नआएको |
| ३० | बुल्चा हिति | बोलाछेँ | ४ | पश्चिम | नआएको |
| ३१ | बुलबुल धुख्व हिति | सुकुलढोका | ५ | पूर्व | नआएको |
| ३२ | त्रिपुरासुन्दरी ग:हिति | टिबुक्छेँ | ५ | पूर्व | धाराबाट |
| ३३ | बालाखु गणेश हिति | दरबारक्षेत्र | ५ | दक्षिण | नआएको |
| ३४ | टौमढी स्वर्ण हिति | तौमढी | ५ | पश्चिम | नआएको |
| ३५ | भगवती हिति | क्वाछेँ | ५ | पूर्व | नआएको |
| ३६ | कुमारी ग:हिति | भेलुखेल | ५ | पूर्व | मूलबाट |
| ३७ | गोसाई हिति | भेलुखेल | ५ | पश्चिम | नआएको |
| ३८ | चण्डेश्वरी हिति | चासुखेल | ५ | दक्षिण | मूलबाट |
| ३९ | बह तँ हिति(तुबह,प्रहज,दधुबह) | दरबारक्षेत्र | ५ | दक्षिण | नआएको |
| ४० | भैरव हिति | टौमढी | ५ | पश्चिम | नआएको |
| ४१ | लालाछेँ हिति | याछेँ | ६ | पश्चिम | धाराबाट |
| ४२ | चोछेँ हिति | चोछेँ | ६ | पश्चिम | धाराबाट |
| ४३ | छुमागणेश हिति | चोछेँ | ६ | पश्चिम | धाराबाट |
| ४४ | भोलाछेँ हिति | भोलाछेँ | ६ | पश्चिम | नआएको |
| ४५ | ख्यो पुखुचा हिति | महाकाली | ६ | पश्चिम | मूलबाट |
| ४६ | मच्छेनारायण हिति | महाकाली | ६ | उत्तर | नआएको |
| ४७ | महाकाली ग:हिति | महाकाली | ६ | पश्चिम | मूलबाट |
| ४८ | याछेँ गणेश हिति | याछेँ | ६ | पश्चिम | नआएको |
| ४९ | चोर्चा हिति | चोर्चा | ७ | दक्षिण | मूलबाट |
| ५० | इनाचो (सोइग ल्होँ)ग: हिति | इनाचो | ७ | पश्चिम | मूलबाट |
| ५१ | पलिखेल हिति | गोल्मढी | ७ | दक्षिण | धाराबाट |
| ५२ | गोल्मढी ग:हिति | गोल्मढी | ७ | पश्चिम | मूलबाट |
| ५३ | धौभारी हिति | भेलुखेल | ७ | उत्तर | मूलबाट |
| ५४ | याता ग:हिति | गोल्मढी | ७ | दक्षिण | मूलबाट |
| ५५ | तुल्ल हिति | महेश्वरी | ७ | पश्चिम | मूलबाट |
| ५६ | शिमाले हिति | वाचुटोल | ७ | पश्चिम | मूलबाट |
| ५७ | वासिकचा हिति | वासिकचा | ७ | पश्चिम | नआएको |
| ५८ | डाङाचा हिति | आदर्श | ७ | पश्चिम | नआएको |
| ५९ | दुबेइकेगु हिति | महेश्वरी | ८ | पूर्व | मूलबाट |
| ६० | ब्रम्हेश्वरघाट हिति | महेश्वरी | ८ | पश्चिम | नआएको |
| ६१ | ल्होँलाँपुखु हिति(क) | जेँला(पाङ्ग्राचा) | ८ | दक्षिण | नआएको |
| ६२ | ल्होँलाँपुखु हिति(ख) | जेँला(पाङ्ग्राचा) | ८ | पूर्व | नआएको |
| ६३ | वाकुपति नारायण हिति | सूर्यमढी | ९ | दक्षिण | धाराबाट |
| ६४ | सूर्यमढी हिति | सूर्यमढी | ९ | दक्षिण | धाराबाट |
| ६५ | तुल्हिति | सूर्यमढी | ९ | पश्चिम | मूलबाट |
| ६६ | जसहिति | च्याम्हासिंह | ९ | दक्षिण | धाराबाट |
| ६७ | गरुदकुण्ड हिति | तुमचो | ९ | पश्चिम | धाराबाट |
| ६८ | वाचुहिति | देगइना | ९ | दक्षिण | मूलबाट |
| ६९ | ब्रम्हायणी ग:हिति | ब्रम्हायणी | ९ | पूर्व | मूलबाट |
| ७० | नवदुर्गा द्य:छेँ हिति | गछेँ | ९ | दक्षिण | नआएको |
| ७१ | सल्लागणेशपुखु हिति(क) | याताछेँ | ९ | दक्षिण | नआएको |
| ७२ | सल्लागणेशपुखु हिति(ख) | याताछेँ | ९ | दक्षिण | नआएको |
| ७३ | चोफ: हिति | चोफल | ९ | पश्चिम | धाराबाट |
| ७४ | लामुग: पुखु हिति | लामगाल | ९ | पश्चिम | धाराबाट |
| ७५ | भिँचो हिति | तचपाल | ९ | पूर्व | मूलबाट |
| ७६ | यातुमाहादेव हिति | होगाँपली | १० | पश्चिम | धाराबाट |
| ७७ | मूलढोका हिति | मूलढोका | १० | पूर्व | धाराबाट |
| ७८ | न:गाँचा हिति | न:गाँचा | १० | दक्षिण | धाराबाट |
| ७९ | क्वाठण्डौ पुखु हिति | क्वाठण्डौ | १० | दक्षिण | धाराबाट |
| ८० | क्वाठण्डौ पुखु ग: हिति | क्वाठण्डौ | १० | दक्षिण | धाराबाट |
| ८१ | बेखाल मूलाँ दक्षिण हिति | बेखाल | १० | दक्षिण | नआएको |
| ८२ | बेखाल मूलाँ उत्तर हिति | बेखाल | १० | पश्चिम | नआएको |
| ८३ | महालक्ष्मी ग:हिति | महालक्ष्मी | १० | दक्षिण | मूलबाट |
| ८४ | नागपुखु हिति | थालाछेँ | १० | दक्षिण | धाराबाट |
| ८५ | ग्वङ्ग हिति | मूलढोका | १० | पश्चिम | धाराबाट |
| ८६ | देकोचा हिति | देकोचा | १० | उत्तर | मूलबाट |
| ८७ | मू:दीपंकर हिति | क्वाठण्डो | १० | पश्चिम | नआएको |

# भ्रष्टाचार सम्बन्धी विषयवस्तु पाठ्यक्रममा समावेश गर्नुपर्ने



श्रीराम कासिछ्वा

## के हो भ्रष्टाचार ?

नेपाली वृहत शब्दकोशअनुसार नियम वा कानुनविरुद्ध नैतिक पतन हुने काम गरी घूस खाई पक्षपातपूर्ण निर्णय र व्यवहार गर्ने काम भ्रष्ट मनसाय वा घूसखोरीको कामलाई भ्रष्टाचार भनेको छ । तत्सम नेपाली व्युत्पत्ति शब्दकोशअनुसार भ्रष्टाचार शब्दलाई खराब आचरण, पतित आचरण, दुराचार, नियम कानुन विपरित खाने र खुवाउने काम भनेको छ । 'भ्रष्ट' र 'आचार' दुई शब्दको सन्धिबाट 'भ्रष्टाचार' शब्द बनेको हो जुन शब्दले 'आचार नभएको' वा 'खस्किएको कारोबार' लाई जनाउँदछ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले हालै पछिल्लो एक वर्षमा नेपालमा भ्रष्टाचारको रिपोर्ट सार्वजनिक गरेको छ । सुशासनमा ५० भन्दा कम अङ्क ल्याउने देशलाई भ्रष्टाचारग्रस्त भनिन्छ । १८० ओटा देशहरू समावेश भएको सुचकाङ्कमा नेपाल ३५ अङ्कका साथ १०८औँ स्थानमा पुगेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले २०२३ जनवरी ३१ मा सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सुचकाङ्क नेपालले केही प्रगति गरेको जनाएको छ । सार्क देशमा भ्रष्टाचारको अवस्था तथ्यांकमा यसरी प्रस्तुत गरिएको छ ।

**सार्क देशमा भ्रष्टाचारको स्थिति**

| देश | प्राप्ताङ्क | स्थान |
|---|---|---|
| भुटान | ६८ | २६ औँ |
| भारत | ३९ | ९३ औँ |
| माल्दिभ्स | ३९ | ९३ औँ |
| नेपाल | ३५ | १०८ औँ |
| श्रीलंका | ३४ | ११५ औँ |
| पाकिस्तान | २९ | १३३ औँ |
| बंगलादेश | २४ | १४९ औँ |
| अफगानिस्तान | २० | १६२ औँ |

## किन बढिरहेको छ ?

नेपालमा भ्रष्टाचारले देशको राष्ट्रिय अर्थतन्त्रलाई नकारात्मक दिशातर्फ धकेलिरहेको छ । भ्रष्टाचारको समस्यालाई निवारण नगरेसम्म देशको आर्थिक उन्नति गर्ने आधारहरू बलियो बन्न सक्दैन । नेपालमा भ्रष्टाचार एक प्रमुख समस्याको रूपमा रहेको छ । दिनप्रतिदिन भ्रष्टाचार बढिरहेको छ । सरकारी, गैर सरकारी तथा सङ्घसंस्था लगायत विभिन्न क्षेत्रमा पनि यो समस्या देखापरेको छ । समाजको मुख्य शत्रुको रूपमा रहेको भ्रष्टाचार बढ्नुमा विभिन्न कारणहरू रहेका छन् । एक अध्ययनले नेपालीहरूको प्रतिव्यक्ति आय कम रहेको देखाइएको छ । बढ्दै गइरहेको महँगीको कारण बजार भाउ आकासिएको छ । यसले गर्दा दैनिक जीवनयापन गर्न समेत मुस्किल परेको छ । यसरी एकातिर राज्य तर्फबाट महँगी नियन्त्रण हुन सकेको छैन भने अर्कोतिर कम आयस्रोतको कारण मानिसहरूले भ्रष्टाचार गर्ने गरेको पनि पाइन्छ । नेपाली समाजमा साथीभाइको उक्साहटको कारण पनि भ्रष्टाभार हुने गरेको छ । छरछिमेकमा प्रतिस्पर्धा र समाजमा देखासिकी गर्ने परिपाटी छ । यसले भ्रष्टाचार गर्न थप मलजल मिलेको छ ।

त्यस्तै गरेर सरकारी तवरबाट भ्रष्टाचार गर्नेलाई उचित दण्ड कारबाही गरेको देखिँदैन । त्यसैले पनि समाजमा भ्रष्टाचारले जरा गाडेको छ । हामी कहाँ तल्लो तहका कर्मचारी कारबाहीमा परे पनि माथिल्लो तहमा भ्रष्टाचार गर्ने कर्मचारी उम्किरहेको छ । सानालाई ऐन ठूलालाई चैन भने जस्तै भ्रष्टाचारीलाई सामाजिक संरक्षण तथा प्रोत्साहन मिलेको देखिन्छ । यसमा राज्यले त्यति ध्यान दिन नसकेको स्पष्ट छ । त्यसैले भ्रष्टाचारीहरू खुलेआम समाजमा हिँडिरहेका छन् । पारदर्शिताको अभावले पनि नेपालमा भ्रष्टाचार बढिरहेको छ । यस सम्बन्धी प्रभावकारी अनुगमन नहुनु पनि प्रमुख कारणको रूपमा लिन सकिन्छ । नेपाल मात्र होइन विश्वकै सन्दर्भमा ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार राजनीतिक संरक्षणबिना प्रशासनिक तहबाट मात्रै ठूलो आकारको भ्रष्टाचार सम्भव नहुने र प्रायः सबै ठूला अनियमितता एवं भ्रष्टाचारका काण्डहरू राजनीतिक नेतृत्वको संलग्नता हुने गरेको समेत बताइएको छ ।

## कानुनमा के छ ?

भ्रष्टाचार नियन्त्रण विश्व समुदायकै लागि एक चुनौतीको रूपमा रहेको छ । सीमाविहीन अपराधको रूपमा

मौलाउँदै गएको भ्रष्टाचारको स्वरूप, प्रकृति र आयाम पनि दिनानुदिन परिवर्तन हुँदै गएको छ। सामाजिक, आर्थिक एवं मानवीय विकासको प्रमुख बाधकको रूपमा रहेको यस विकृतिको नियन्त्रण गरी सुशासन कायम गर्ने दिशामा संसारका प्रायः सबै मुलुकहरूले विभिन्न रणनीतिहरू अवलम्बन गर्दै आएका छन्। भ्रष्टाचार नियन्त्रणका लागि विश्वमा विभिन्न किसिमका संयन्त्रहरूको गठन भएको पाइन्छ। हाम्रो नेपालमा संविधानमा व्यवस्था भएबमोजिम अख्तियार दुरूपयोग अनुसन्धानले कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेको सम्बन्धमा कानुन बमोजिम अनुसन्धान गर्ने वा गराउन सक्ने व्यवस्था छ। नेपालको संविधानको भाग २१ अन्तर्गत धारा २३८ मा आयोगको गठन सम्बन्धी व्यवस्था गरिएको छ भने धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकार बारेको व्यवस्था छ। यसरी भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा आयोगले त्यस्तो व्यक्ति र सोमा संलग्न अन्य व्यक्तिउपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

संवैधानिक निकायको रूपमा सुम्पिएको काम कर्तव्य र अधिकार आयोगले मूलभूत रूपमा नेपालको संविधान, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र नियमावली, २०५९ तथा भ्रष्टाचार निवारण ऐन २०५९ र अन्य सम्बद्ध कानुनको परिधिभित्र रही गर्दै आएको छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासनको अभिवृद्धि गराउने उद्देश्यका साथ आयोगले निरोधात्मक, दण्डात्मक र प्रवर्द्धनात्मक रणनीतिहरू अवलम्बन गर्दै आएको छ।

## के गर्नुपर्छ ?

एकातर्फ भ्रष्टाचार नियन्त्रण सबै राजनीतिक दल, सरकार र अन्य जिम्मेवार सरोकारवाला सबैको साझा चिन्ता र सहमतिको विषय बनेको छ भने अर्कोतर्फ भ्रष्टाचार हुने प्रवृत्ति पनि मूल रूपमा राजनीतिक दल, सरकार र जिम्मेवार सरोकारवालाहरूमा नै रहेको अवस्था तथ्यहरूले देखाउँछ। भ्रष्टाचारबाट आर्जित सम्पत्तिको रोक्का, बरामद, फिर्ता, प्राप्ति र जफत तत्कालै गर्नुपर्छ। सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग र राजश्व अनुसन्धान विभागलाई स्वायत्त विभागका रूपमा विकास गर्नुपर्छ। नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि समयानुकूल ऐन कानुन नियम नियमावली कार्यविधिहरू नबनेका नबनाइएका भने पक्कै होइनन्। तर, त्यसको कार्यान्वयन र प्रभावकारीतामा भने प्रश्न उठ्ने गरेको छ। भ्रष्टाचारीलाई हदैसम्म कारबाही गर्नुपर्छ। सरकारी, गैरसरकारी र निजी क्षेत्रमा नियमित रूपमा अनुगमन गर्नुपर्छ। आर्थिक पारदर्शिता कायम राख्न दैनिक, पाक्षिक, मासिक वा समयानुकूल गोष्ठी, सेमिनार कार्यलाई पनि निरन्तरता दिनुपर्छ। भ्रष्टाचार भन्ने शब्द नै मानिस र निजको स्वभाव एवं आचरण तथा सो को प्रतिफलको कार्यसँग प्रत्यक्ष सम्बन्ध रहेको विषय भएकोले यसमा पुरस्कार र दण्डको व्यवस्थाको परिपाटी तत्कालै गर्नुपर्छ। मौलाउँदै गएको भ्रष्टाचार नियन्त्रण गर्नको लागि समाज आफै जागरुक बन्नुपर्छ। भ्रष्टाचार सम्बन्धी जानकारी भएमा तत्कालै सम्बन्धित क्षेत्रमा उजुरी गर्ने र त्यसको छानबिन गर्नुपर्छ। भ्रष्टाचारीलाई सामाजिक वहिष्कारको नीति अवलम्बन गर्नुपर्छ। यसले पनि भ्रष्टाचार नियन्त्रण गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। बनेका ऐन, नियमावली तथा कार्यविधिको अक्षरश पालना गर्न र गराएको खण्डमा पक्कै पनि भ्रष्टाचार नियन्त्रण गर्न सहयोग हुनेछ। सँगसँगै सरकारले पनि नागरिकको जीवनस्तर उकास्नको लागि आयआर्जन वृद्धि गर्ने खालको विविध कार्यक्रम ल्याउनुपर्छ। नेपालीहरूको प्रतिव्यक्ति आम्दानी वृद्धि गर्न तालिम, सीपलाई पनि प्राथमिकतामा बजेटमा राख्नुपर्ने देखिन्छ।

भ्रष्टाचार समाजको रोग हो। सरकारी संयन्त्रको धमिरा हो। यसले विस्तारै भित्रभित्र खोक्रो बनाउँदै जान्छ। त्यसकारण यसलाई जरैदेखि फाल्नु आजको आवश्यकता हो। प्लेटोले देशलाई भ्रष्टाचार मुक्त बनाउन सक्ने महान् व्यक्ति भनेको बाबु, आमा र शिक्षक हुन् भनेका छन्। त्यसैले बाबु, आमा र शिक्षक जिम्मेवार बन्नुपर्ने देखिन्छ। भ्रष्टाचारविरुद्धको अभियानलाई तीव्रता दिन सम्बन्धित संस्था-निकायले चेतनामूलक र सूचनामूलक विभिन्न क्रियाकलापहरू विद्यालय र स्थानीय तह र समुदायस्तरमा सञ्चालन गर्नुपर्दछ। साथै भ्रष्टाचारजन्य कार्यमा कसुर ठहरिएका व्यक्तिहरूलाई समाजले बहिष्कार वा तिरस्कार गर्ने सम्बन्धी जागरण कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ। सुशासन र भ्रष्टाचारसम्बन्धी विषयवस्तुलाई समेटी विद्यालय तहदेखि विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरी पठनपाठन गर्न सकिएमा दक्ष तथा असल नागरिक बनाउन सहयोग पुग्न जाने हुँदा यसतर्फ सोच्नु जरुरी छ।

स्रोत सामग्री- ट्रान्सपरेन्सी इन्टरनेसनल रिपोर्ट

औषधी, खाद्यसामग्रीलगायतका
वस्तु किन्दा म्याद हेर्ने बानी गरौं !

# विजयराम यन्धो : सितेरियो कराँते खेलाडी तथा प्रशिक्षक

राजकुमार लघु



विजयराम यन्धो सितेरियो कराँते खेलाडीका साथै यस खेलको प्रशिक्षक तथा सफल रेफ्री पनि हुन्। उनको जन्म २०३६ चैत्र १५ गते चाँगुनारायण नगरपालिका झौखेल हाल वडा नं ३ मा भएको थियो। उनका पिता बुद्धिबहादुर दथेपुथे र माता सुनकेशरी दथेपुथे हुनुहुन्छ। उनको रुचि खेल खेलाउनु र नृत्य गर्नु हो। उनी खेल क्षेत्रमा लागिरहनुको उद्देश्य खेल क्षेत्रलाई ब्यवस्थित गरेर राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादन गर्ने हो भन्छन् । उनले कक्षा पाँचसम्म एभरेष्ट स्कूलमा अध्ययन गरेका थिए। शिक्षा निकेतन माविबाट एसएलसी उत्तीर्ण गरेका थिए।

उनलाई खेल क्षेत्रमा प्रवेश गर्न टेवा दिने ब्यक्तित्वहरूमा उनका आमाबुबा र दाजु हुन् । उनका दाइ सुमन यन्धो पनि बक्सिङ खेलाडी हुन्। दाइले उनलाई पहिला बक्सिङ सिकाए र खेल क्षेत्रमा लाग्न घच्घच्याए। पछि तेक्वान्डो खेलमा प्रवेश गरेका थिए। उनले भक्तपुर मिबाछेँस्थित एभरेष्ट ई.स्कूलमा अध्ययन गरे र त्यहीबाट खेलको शुरुवात गरेका थिए।

विजय यन्धोलाई मनपर्ने खेलाडी छिमेकी देश चीनका खेलाडी टोनिजा, ब्रुसली र अभिनेता ज्याकी च्याङ हुन्। उनलाई ती खेलाडी मनपर्नुको कारणमा भन्छन्- गेम छिटो खेल्ने र उनीहरूको आत्मरक्षा गर्ने राम्रो शैली । खेलाडी ज्याकी च्याङको Action movie उनलाइ मनपर्छ।

विजय यन्धोले २०५१ सालखेखि खेल्न शुरु गरे। उनको प्रशिक्षक कराँते अन्तराष्ट्रिय निर्णायक तथा अन्तराष्ट्रिय खेलाडी प्रकाश मोहन धौभडेल र मृगेन्द्र धौभडेल हुन्। उनले त्रिपुरासुन्दरीमा रहेको भक्तपुर कराँते डोजोबाट प्रशिक्षण लिए। उनले २०५५ सालमा काठमाडौं लैनचौरमा ५० केजी तौलमा सितेरियो कराँतेतर्फ पहिलो प्रतिस्पर्धा गरेका थिए र काश्य पदकमा प्राप्त गर्न सफल भए। हाल उनले ८ वर्षदेखि ३० जना खेलाडीहरूलाई नवीन स्कूल दुवाकोटमा कराँते खेलको प्रशिक्षण दिइरहेका छन्। उनका प्रशिक्षार्थी खेलाडी स्वीटी गेलालले राष्ट्रिय प्रतियोगिता तथा जिल्लास्तरीय प्रतियोगितामा पनि च्याम्पियन बनेको उनी सगौरव बताउँछन्। उनले भक्तपुर डोजोमा २०६० सालदेखि २०७२ सालसम्म निरन्तर १२ वर्ष ३० जना खेलाडीहरूलाई कराँते खेलको प्रशिक्षण दिए। युपी स्कूल झौखेलमा पनि २ वर्ष कराँते खेलको प्रशिक्षण दिए। खेलाडी तथा प्रशिक्षक विजय यन्धोले छालिङको खुल्ला मन्दिर चौर गणेश मन्दिरमा पनि ६० जना खेलाडीहरूलाई १ वर्षसम्म प्रशिक्षण दिएका थिए।

उनले २०७२ सालमा क्षेत्रीय प्रतियोगितामा कुमुटे काँटातर्फ प्रतिस्पर्धा गरी तेश्रो भए ।

विजय यन्ध्योले २०७५ सालमा अन्तराष्ट्रिय कराँते सङ्घद्धारा दुबइमा आयोजित अन्तराष्ट्रिय कराँते प्रतियोगितामा पनि रेफ्रीको भूमिका निभाएका थिए । प्रथम मग अन्तराष्ट्रिय कराँते प्रतियोगिता २०१४ मा रेफ्रीको भूमिका निभाएका थिए ।

त्यस्तै रेफ्रीको जिम्मेवारी विभिन्न प्रतियोगितामा निर्वाह गरेका थिए-

- तेश्रो राष्ट्रिय ल्होसार कप खुल्ला कराँते च्याम्पियनशीप २०१५,
- प्रथम उपत्यकाव्यापी अन्तर विद्यालय तहको कराँते प्रतियोगिता २०१४,
- प्रथम अन्तर नगर मेयरकप कराँते कप कराँते तथा किक बक्सिङ प्रतियोगिता २०७८,
- १३ औँ अन्तर विद्यालय उच्च मावि कराँते प्रतियोगिता २०१६,
- १८ औँ अन्तर विद्यालय कराँते तथा किक बक्सिङ प्रतियोगिता २०१२,
- तेश्रो राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता,
- प्रथम २ नं. क्षेत्र स्तरीय सितेरियो अफिसियल कराँते प्रतियोगिता २०६८,
- प्रथम अन्तराष्ट्रिय IMA आमन्त्रण कराँते प्रतियोगिता २०१४,
- Happy christmas 1st national karate and kick boxing 2010,
- Mayor cup karate championship 2062.

उनी Volunteer coacher training 2070 सहभागी भए ।

कराँते खेल किन खेल्ने भन्ने जिज्ञासामा उनी भन्छन्, सु-स्वास्थ्य र आत्मरक्षाका लागि यो खेल खेल्नुपर्छ । यस खेलबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा परिचित हुन पनि सजिलो छ ।

कराँते खेल खेल्नुको फाइदाबारे प्रश्न गर्दा खेलाडी विजय यन्ध्यो भन्छन्, यस खेल खेल्न परिश्रम आवश्यक छ । यस खेलबाट स्वस्थ हुनुको साथै ज्यान फुर्तिलो हुन्छ । अनुशासित नागरिक तयार हुन्छ ।

खेल खेल्दाका स्मरणीय क्षणबारे प्रश्न गर्दा उनी भन्छन् २०५५ सालमा लैनचौरमा खेल प्रतिस्पर्धा गर्न ५ केजी घटाउनुपर्ने थियो । जाकेट लगाएर घाममा दौडेँ । भक्तपुर पूरै रनिङ गरेर घुमेको थिएँ, फेरि खेल्नेस्थानमा पुगेर थप रनिङ गर्नुपर्ने भयो । जीउ कमजोर भयो र ग्लुकोज पानी खानुपऱ्यो । त्यसबेला देखि कहिले तौल घटाइएन । तौल घटेको कारण १ हप्तासम्म रनिङ नगरेको क्षण स्मरणीय छ भन्छन् ।

युवा पुस्तालाई सल्लाह सुझाव केही छ कि ? भन्ने प्रश्नमा उनी भन्छन्, कुनै पनि खेलमा सहभागिता जनाइराख्नु पर्छ । नियमित खेले अनुशासित भई सफलताको सिँढी चढ्न समय लाग्दैन ।

*(कुराकानीमा आधारित ।)*



# सञ्चारकर्मीहरू समाज परिवर्तनको बाटोमा लाग्नु आवश्यक

संसारमा प्रजातन्त्र, न्याय, समानता, मानव अधिकार र मुक्ति आन्दोलनसँगै सूचना र सञ्चारको विकास भइरहेको यथार्थ हो। विज्ञान र प्रविधिको विकाससँगै प्रेस जगत्मा भएको विकास अर्को यथार्थ हो। यो प्रेस जगत् राजनीतिक दलको सिद्धान्त र विचार विभाजित भएझैँ विभाजित छ। जसरी राजनीतिक दलमा विचार र दृष्टिकोण स्पष्ट हुनु आवश्यक छ त्यसरी नै पत्रिपत्रिकाको दृष्टिकोण या विचार स्पष्ट हुनुपर्छ। देशको व्यवस्था परिवर्तनमा सञ्चारकर्मी या पत्रकारिताको पनि महत्त्वपूर्ण देन छ भन्ने कति सञ्चारकर्मी, पत्रपत्रिका सञ्चालकहरू पत्रकारितामा राजनीतिक गन्ध हुनुहुँदैन या पत्रकारिता स्वतन्त्र हुनुपर्ने कुरा फुक्छन्। विचार र दृष्टिकोण स्पष्ट भएन भने त्यो पत्रकार र पत्रकारिताले देश र समाजको निम्ति के देन गर्छ ? देशमा कहीँ कतै घटेको घटना, गतिविधिको खबरमात्र छापेर देश र जनताको सेवा कसरी हुन्छ ? देशको प्रजातान्त्रिक आन्दोलनमा पत्रकारिताको भूमिका कसरी हुन्छ ? यसकारण पत्रिका या छापामा समाचार र विचार पनि हुनुपर्छ। पत्रकारितालाई आस्थाको पत्रिकाको रूपमा विकास गर्नु खाँचो छ।

कुनै पत्रिका या सञ्चारकर्मीको मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचार या समाजवादप्रति रुचि नहुनु, त्यसको समर्थन नगर्नु अर्को पाटो हो। कुनै पत्रिकाले आमूल परिवर्तनको निम्ति जनतालाई सुसूचित पार्ने खालको सामग्री या एजेन्डा नपस्कनु या त्यसबारे प्रचारप्रसार नगरेको होला। जातीय राजनीति गर्ने, सङ्कीर्ण विचारमा केन्द्रित हुने राजनीतिक दलझैँ पत्रपत्रिका या पत्रकारिताको चिन्तन, सोचाइ पनि सङ्कीर्ण भएको हुनसक्छ। वर्गमा विभाजित समाजमा पत्रिका पनि विभाजित हुनु आश्चर्य होइन। ठूलो ठूलो र रङ्गीन पत्रिका भन्ने तर समाज परिवर्तन गर्ने, अन्धविश्वास भगाउने, आपराधिक घटना नियन्त्रण गर्ने, देश जोगाउने र बनाउने सन्दर्भमा समाचार र लेख छापिँदैन, जागरुक बनाउने काम गरिँदैन भने ठूलो दल र ठूलो पत्रिकाको गर्व गरेरै के गर्ने ?

प्रेस काउन्सिल नेपालद्वारा काठमाडौँमा माघ २६ गते आयोजित 'सम्पादक संवाद' कार्यक्रममा पत्रकारिता राजनीतिबाट प्रभावित हुन नहुने अभिमत पनि देखियो। आफ्नो पेसाप्रतिको स्वतन्त्रतामा कसैले बाधा पुऱ्याउन नहुने, अनुगमन र नियमन गर्न नपर्ने कुरा उठाइयो। युट्युब, टिकटक, फेसबुक या अन्य कुनै पनि छापा या पत्रिकाले अश्लील, अतिरञ्जित, घृणित, देख्न, हेर्न र सुन्न नहुने खालका दृश्य, एजेन्डा प्रस्तुत गरे पनि आफ्नो स्वतन्त्रतामा हस्तक्षेप गर्न नहुने विचार पनि सञ्चारकर्मीहरूले व्यक्त गरे। कुनै पनि सञ्चार क्षेत्रलाई अनुगमन र नियमन गरे त्यो कसरी स्वतन्त्र हुन्छ भन्ने उनीहरूको भनाइ हो। सञ्चार क्षेत्रका वरिष्ठ, पुराना, अनुभवी सम्पादक, सञ्चालक, रेडियो, गोरखापत्र, टीभी तथा अन्य बुद्धिजीवी र सञ्चारविज्ञहरूको सो भेला महत्त्वपूर्ण भए पनि सञ्चार क्षेत्रलाई मार्गनिर्देश गर्ने, सत्मार्गमा लाने या समाज परिवर्तनको निम्ति बाटो देखाउने काममा खासै चासो देखाइएन। प्रेस जगत्मा संलग्न हरेक सञ्चारकर्मी जिम्मेवार हुनुपर्ने, आ–आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा थोरबहुत चर्चा भयो।

| १ | आदर निकेतन भवन निर्माण कार्य (दोस्रो चरण) | ६ | आदर निकेतन भवन ( नपा) | ५,०११,८ ९४।११ | | १,६५०,० ००।०० | २,६५१, ९५३।९ ५ | १,००१,९ ५३।९५ | २,६६५,० ०१।२५ | आंशिक सम्पन्न | जगनाथ सुजखु | |
| २ | तुमचो स्थित पानी ट्याङ्की निर्माण | ९ | तुमचो स्थित पानी ट्याङ्की | ७,०००, ०००।०० | | २,३००,० ००।०० | २,९७५ ,७०८। ०० | ६७५,७० ८।०० | ३,०००,८ २९।६३ | सम्पन्न | विष्णुराम दुमरू | नेपाल बैङ्क लि.मा नपाको खातामा रु.१२,८६,१ २३।७२ दाखिला |
| | | | | | | २,३००,० ००।०० | १,०१३, ८७३।२ ८ | | १,१०२,५ २०।०३ | | | |
| | | | | | | ४,६००, ०००।०० | ३,९८९ ,५८१। २८ | ६७५,७० ८।०० | ४,१०३,३ ४९।६६ | | | |
| ३ | नपुखूको उत्तरतर्फ सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | १ | मर्मत | ५४,१०९। ४८ | | १७,०००। ०० | २९,६६ ५।०० | १२,६६५। ०० | ४०,०५५ ।१५ | सम्पन्न | कल्पना शिल्पकार ( अमानत) | |
| ४ | सिद्धपोखरीको दक्षिणतर्फ रहेको पार्किङ क्षेत्रमा सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | १ | मर्मत | ९९,५७१। १६ | | ३०,०००। ०० | ४८,६ ४०।० ० | १८,६४०। ०० | ६६,२८०। ३१ | सम्पन्न | राजु गाइजु ( अमानत) | |
| ५ | सम्पदा उपशाखा रहेको भवनमा ब्याकअप जडान कार्य | ३ | मर्मत | ९२,३५०। ७९ | | २५,०००। ०० | ८३,६६ ४।७० | ५८,६६४। ७० | ९०,९८२। २७ | सम्पन्न | रूकेश त्वानाबासु (अमानत) | |
| ६ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू ( २०८० पुस महिना) | १-१ ० | मर्मत | ८२,०८८ ।०४ | | सामानतर्फ | २१,१६ ९।५० | २१,१६९। ५० | २१,१६९। ५० | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त, रु. ५८,०००।० ० ज्याला भुक्तानी गर्ने |
| | | | | | | ज्यालातर्फ | ५८,० ००।० ० | ५८,००० ।०० | ६०,२५७। ९६ | | | |
| | | | | | | जम्मा | ७९,१६ ९।५० | ७९,१६९। ५० | ८१,४२७। ४६ | | | |

भक्तपुर नगरपालिकाद्वारा मिति २०८० पौष १४ गते शनिबारका दिन आयोजित योमरी प्रदर्शनी तथा बहाबहि परिक्रमा कार्यक्रममा सहभागी तपसिल अनुसारका सांस्कृतिक टोलीहरूलाई रु. ९०००।- दरले **पारिश्रमिक दिने** निर्णय गरियो -

- ♦ वाकुपति नारायण ढल्चा भजन
- ♦ पासा पुचः सूर्यमढी
- ♦ वाकुपति नारायण नौ दाफा भजन
- ♦ गुँलाधलं व्यवस्थापन समितिको तर्फबाट सहभागी टोलीहरू
- ♦ साकोलान गुँला धलँ ङक नौ बाजा
- ♦ तेखाचो गुँला धलँ ङक नौ बाजा
- ♦ तापलाछीगुँला धलँ ङक नौ बाजा
- ♦ गोमारी गुँला धलँ ङक नौ बाजा
- ♦ इन्द्रव्रत महाविहार गुँला बाजा
- ♦ विश्वकर्मागुँला बाजा क्वाठण्डौं
- ♦ कोने गुँला बाजा

## बैठक सङ्ख्या- ४९

## मिति २०८० माघ २७ गते, शनिबार

### निर्णयहरू

**अन्तर नगर खेलकुद**

यस नगरपालिकाको आयोजनामा हरेक वर्ष हुँदै आएको अन्तर नगर खेलकुद प्रतियोगिता अन्तर्गत यस वर्ष महिला कबड्डी प्रतियोगिता २०८० फागुनको अन्तिम सातामा सञ्चालन गर्ने निर्णय गरियो ।

**समितिको निर्णय अनुमोदन**

यस नगरपालिकाको देहायका समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**भक्तपुर नगरपालिकाकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को सूचीकरण तथा छनौट समिति**

मिति २०८० माघ २६ गते बसेको भक्तपुर नगरपालिकाकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को सूचीकरण तथा छनौट समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो–

१. यस नगरपालिकाको लागि आवश्यक नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी जवान खुल्ला र नगर प्रहरी जवान (महिला) हरूको लिखित परीक्षामा सफल ३९ जना आवेदकहरूको विस्तृत स्वास्थ्य परीक्षण गरे वापत ख्वप अस्पतालले पठाएको पत्र र बिल बमोजिम प्रति व्यक्ति रु.१७७०।– का दरले जम्मा रु.६९,०३०।– रूपैयाँ **भुक्तानी दिने** निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

मिति २०८० माघ २५ गते

१. कीर्तिपुर नगरपालिकाको आयोजनामा २०८०।११।०६ गतेदेखि हुने दोश्रो राष्ट्रव्यापी अन्तर स्थानीय तह मेयर कप (यु १८) **पुरुष बास्केट बल प्रतियोगिता**मा यस नगरपालिकाबाट एक टिम सहभागी गराउने र उक्त प्रतियोगितामा भाग लिन जान आवश्यक व्यवस्थाको लागि युवा तथा खेलकुद समितिका सदस्य श्री सुनिता अवाल ( प्रजापति) लाई रु.१,००,०००।– (अक्षेरूपी एक लाख) पेश्की दिने निर्णयगरियो ।


**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

१. भ.न.पा. ८ लर्के स्थित कम्पोष्ट मल प्लान्टमा CNBM प्रविधिबाट प्राङ्गारिक मल उत्पदन कार्यमा मिति २०७९।३।१ गतेदेखि इन्टर्नशीपमा कार्य गर्दै आएका रमिता तमखुलाई मिति २०८०।११।०१ गतेदेखि खरिदार सहायक स्तर चौथो तहका कर्मचारीले पाउने मासिक तलव रु.३२,९०२।– को दैनिक हिसाबले पाउने रकम रु.१,०९६।७३ का दरले दैनिक ज्याला पाउने गरी **दैनिक ज्यालादारीमा नियुक्ति** गरी कार्य गराउने निर्णय गरियो ।

**बालबालिकाको भविष्य उज्ज्वल बनाऔं ।**

- बालबालिकाको पहिलो तीन वर्ष महत्त्वपूर्ण हुन्छ,
- त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- उनीहरूले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरूसँग नियमित अन्तरक्रिया गरौं,
- यस अवधिमा उनीहरूसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ ।




भक्तपुरको दत्तात्रयमा नवनिर्मित टेराकोटा घर (फेसबुकबाट)

भक्तपुर नगरपालिका गतिविधि

# थन्थु दरबारको संशोधित नक्साअनुसार भवन निर्माण कार्य अगाडि बढाइने




भक्तपुर नगरपालिकाका प्रमुख एवम् थन्थु दरबार पुन:निर्माण निर्देशक समितिका संयोजक सुनिल प्रजापतिको अध्यक्षतामा माघ १८ गते समितिको बैठक बस्यो ।

बैठकले भक्तपुर नपा वडा नं. ३ दरबार क्षेत्रस्थित भक्तपुर नगरपालिका कार्यालयको पुरानो भवन रहेको थन्थु दरबारको संशोधित नक्साअनुसार भवन निर्माण कार्यको लागि नियमानुसार प्रक्रिया अगाडि बढाउने निर्णय गऱ्यो ।

बैठकमा नगर प्रमुख **प्रजापति**ले थन्थु दरबार पुन:निर्माण कार्यलाई पुरानै मौलिक शैलीमा माटो जोडाइबाट पुन:निर्माण गर्न सरोकारवालाहरू सहमत भइसकेको बताउनुहुँदै थन्थु दरबार भवन पुन:निर्माण प्राविधिक समितिले पेश गरेको संशोधित नक्साअनुसार दरबारको पुन:निर्माण प्रक्रिया अगाडि बढाइने बताउनुभयो ।

प्रमुख प्रजापतिले २०८० मंसिर १२ गते पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग, प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवर, वरिष्ठ पुरातत्त्वविद् कोष आचार्य तथा दुर्हाम विश्वविद्यालयका प्रो. रोबिन कनिङघम, स्मारक संरक्षण एवम् दरबार हेरचाह अड्डा भक्तपुरका प्रमुख अरुणा नकर्मीसहितको टोलीले थन्थु दरबार पुन:निर्माण क्षेत्रमा स्थलगत निरीक्षण गर्नुभएको अवगत गराउनुहुँदै उहाँले पुरातत्त्व विभागसँग समन्वय गरी दरबार पुन:निर्माण कार्यलाई अगाडि बढाइने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले थन्थु



दरबार पुन:निर्माण कार्य भक्तपुर नपाको गौरवपूर्ण आयोजनाको रूपमा अगाडि बढिरहेको बताउनुहुँदै पुर्खाको प्रविधि पुनर्जीवित गरी नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले भक्तपुर नपा अगाडि बढिरहेको बताउनुभयो ।

स्मारक संरक्षण तथा दरबार हेरचाह केन्द्र भक्तपुरका प्रमुख **अरूणा नकर्मी**ले पुरातात्त्विक हिसाबले थन्थु दरबारको संशोधित नक्सा उपयुक्त भएको बताउनुहुँदै दरबार पुन:निर्माण कार्य माटो जोडाइबाट हुनु प्रशंसनीय भएको बताउनुभयो ।

इतिहासविद् **पुरुषोत्तमलोचन श्रेष्ठ**ले भक्तपुर दरबार क्षेत्रमा अवस्थित ५५ झ्याल दरबार थन्थु दरबारकै भागको रूपमा देखिएको बताउनुहुँदै दरबार पुन:निर्माण कार्य माटो जोडाइबाट हुनु स्वागतयोग्य कदम भएको बताउनुभयो ।

बैठकमा प्राध्यापक **प्रेमनाथ मास्के**ले नेपाली इन्जिनियरहरूले नेपाली इन्जिनियरिङको प्रयोग गरी पुन:निर्माण कार्य अगाडि बढाउनुपर्नेमा जोड दिनुहुँदै माटो जोडाइबाट पुन:निर्माण गर्दा माटोको गुणस्तरमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले दरबार पुन:निर्माण कार्यको संरचनात्मक डिजाइन लगभग पूरा भइसकेको बताउनुहुँदै दरबार पुन:निर्माण कार्य माटोले बनाउने सन्दर्भमा माटोको गुणस्तरको परीक्षण गर्दैआएको, माटोको स्रोत पहिचान र नमुना परीक्षण गर्ने क्रममा रहेको बताउनुभयो ।

बैठकमा भक्तपुर नपा सम्पदाशाखाका प्रमुख आ. **रामगोविन्द श्रेष्ठ**ले प्राविधिक समितिले गर्दै आएको कार्य प्रगतिबारे अवगत गराउनुभयो भने थन्थु दरबार पुन:निर्माणका आयोजना प्रमुख **विजयराम कोजु**ले थन्थु दरबारको अहिलेसम्मको प्रगतिबारे जानकारी दिनुभयो । साथै प्राविधिक समितिका इ. **सरिता धुख्वा**ले थन्थु दरबारको अवस्थाबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

थन्थु दरबार पुन:निर्माण निर्देशक समितिमा भक्तपुर नपाका जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाली सेना, संस्कृतिविद्लगायतको प्रतिनिधित्व रहेको छ ।

## देको मिवा आवास योजनाको गुठीको जग्गाको समस्याबारे गुठी संस्थान प्रमुखको ध्यानाकर्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले सञ्चालन गरेको देको मिवा इतापाके आवास योजनामा रहेको गुठीको जग्गाबारे आएको समस्या समाधानबारे माघ २३ गते गुठी संस्थान प्रधान कार्यालयका प्रमुख शिवराज पण्डितको ध्यानाकर्षण गराउनुभएको छ ।

नगर प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले सञ्चालन गरेको जग्गा एकीकरण आवास योजनामा ७० रोपनीभन्दा बढी गुठी जग्गा रहेको र नगर विकास प्राधिकरणको नियमअनुसार योगदान प्रतिशत कटौती गरी घडेरी फिर्ता दिइरहेकोमा गुठी जग्गा कमाउने किसानहरूलाई जग्गा फिर्ता गर्न समस्या भइरहेको बताउनुहुँदै उक्त समस्या समाधान गर्न गुठी संस्थानको तर्फबाट आवश्यक पहलको लागि अनुरोध गर्नुभयो ।

सोही क्रममा गुठी संस्थान प्रधान कार्यालयका प्रमुख **शिवराज पण्डित**ले गुठी अधिनस्थ जग्गामा कुनै पनि संरचना निर्माण गर्दा त्यसको आकारप्रकारमा परिवर्तन नहुने गरी संरचना निर्माण गर्नुपर्ने व्यवस्था 'गुठी जग्गामा बाटो कायम गर्ने सम्बन्धी कार्यविधि २०७३' मा उल्लेख भएको प्रष्ट पार्नुहुँदै देको मिवा आवास योजनामा आएको गुठी जग्गासम्बन्धी समस्या समाधानबारे संस्थानको तर्फबाट आवश्यक पहलको लागि आफू सकारात्मक रहेको बताउनुभयो । उहाँले गुठी जग्गाको विषयमा कार्याविधिमै केही समस्या भएको उल्लेख गर्दै अन्य क्षेत्रमा पनि यस्ता समस्याहरू देखिएको हुँदा आवास योजनाको स्थलगत निरीक्षण गरी आपसी छलफलबाट छिटै समस्या समाधान गर्नका लागि आवश्यक पहल गर्ने आफ्नो प्रतिबद्धता रहेको पनि उहाँले बताउनु भयो ।

उक्त बैठकमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, भनपा ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख खीमा ओलीलगायतको उपस्थिति थियो ।

## थन्थु दरबारमा उत्खनन कार्य जारी





भक्तपुरको दरबार क्षेत्रस्थित थन्थु दरबार पुन:निर्माणको सिलसिलामा पुरातत्त्व विभागबाट पुरातत्त्वविद् प्रकाश दर्नालसहितको टोलीद्वारा थन्थु दरबार क्षेत्रको माटोको गुणस्तर परीक्षण तथा पुराना संरचनाहरूको अध्ययन र उत्खनन कार्य चालु रहेको छ ।

सोही क्रममा नगर प्रमुख सुनिल प्रजापतिले उत्खनन् कार्यको माघ २४ गते स्थलगत निरीक्षण गर्नुभयो ।

## भक्तपुरका पसल व्यवसायीहरूको भेला




भक्तपुर नगरपालिका वडा नं. ९ अन्तर्गत च्याम्हासिंह ध्वाकादेखि दत्तात्रयसम्मका पसल व्यवसायीहरूको भेला माघ २५ गते भयो ।

उक्त भेलामा नगर प्रमुख **सुनिल प्रजापति**ले अमेरिकी साम्राज्यवादद्वारा विगत ६५ वर्षदेखि नाकाबन्दी गरिए पनि समाजवादी देश क्युवाले जनताको साथ र सहयोगमा उत्कृष्ट पर्यटकीय गन्तव्य बनाएको चर्चा गर्नुहुँदै भक्तपुरको जीवनशैली, कला संस्कृति र सम्पदालाई संसारकै उत्कृष्ट पर्यटकीय आकर्षण बनाउन सकिने बताउनुभयो।

शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षणलगायतका कार्यमा भक्तपुरका जनताहरू धेरै अगाडि बढिसकेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरलाई सौन्दर्यीकरण गर्दै बिहान, बेलुका र रातको समयमा समेत जीवन्त बनाउन सुरक्षा प्रबन्धको प्रत्याभूतिसँगै पर्यटनमैत्री बनाउन लागिपरेको बताउनुभयो।

उहाँले भक्तपुर नपाले आर्थिक अवस्था कमजोर भएका श्रमजीवी जनताको हितलाई प्राथमिकता दिएको चर्चा गर्नुहुँदै जनभावनाबमोजिम नगरपालिकाबाट भएका गतिविधिहरूबारे जानकारी दिनुभयो।

वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पसल



व्यवसाय नगरपालिकामा दर्ता गर्न आह्वान गर्नुहुँदै बाटोमा हिँड्ने बटुवाहरूको सहजताको लागि पेटी तथा सडकमा मालसामान नराख्न, नबेच्न, छत नराख्न र जथाभावी सवारीसाधन पार्किङ नगर्न आग्रह गर्नुभयो।

कार्यपालिका सदस्य **छोरीमैँया सुजखू**ले नगरपालिकाका हरेक गतिविधिमा साथ र सहयोग गर्नुभएकोमा वडावासीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो।

नगरपालिकाको श्यानिटेशन उपशाखा प्रमुख **दिलिपकुमार सुवाल**ले नगरलाई सफा र सुन्दर बनाउन पसल व्यवसायीहरूले फोहोरमैला स्रोतमै वर्गीकरण गरेर मात्र सफाइ गाडी र सफाइ कर्मचारीहरूलाई दिन अनुरोध गर्नुभयो।

## भाजु पुखूको दक्षिणतर्फको डील निर्माण गर्ने विषयमा सरोकारवालाहरूसँग छलफल

भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित भक्तपुरको ऐतिहासिक भाजु पुखू पुनःनिर्माण कार्य अन्तिम



चरणमा पुगेको छ। भक्तपुर नगरपालिकाले भाजु पुखूको दक्षिणतर्फको डील निर्माण गर्ने विषयमा सम्बन्धित सरोकारवालाहरूसँग फागुन १ गते छलफल गर्‍यो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भाजु पुखू पुनःनिर्माण कार्य अन्तिम चरणमा पुगिसकेको बताउनुहुँदै पोखरीको चारैतर्फको डील व्यवस्थापन र सौन्दर्यीकरणमा नगरपालिकाले विशेष जोड दिइरहेको बताउनुभयो।

ऐतिहासिक भाजु पुखू र भक्तपुर क्याम्पस जनताको साझा सम्पत्ति भएको बताउनुहुँदै उहाँले भाजु पुखूको दक्षिणतर्फको डील निर्माणको लागि भक्तपुर क्याम्पसले सहयोग गर्न आग्रह गर्नुभयो।

साझा सम्पत्तिको संक्षण र सम्बर्द्धन गर्नु सबैको साझा जिम्मेवारी हो – प्रमुख प्रजापतिले भन्नुभयो।

सैनिक क्षेत्रभित्र पर्ने भक्तपुरको रानी पोखरी पुनःनिर्माण र सर्वसाधारण जनताको लागि खुल्ला गर्न तत्कालीन प्रधानसेनापतिको भूमिकालाई भक्तपुरका जनताले सदा सम्झिरहने बताउनुहुँदै उहाँले दक्षिणतर्फको डील बनाउन भक्तपुर क्याम्पसको तर्फबाट सकारात्मक भूमिका रहने आशा व्यक्त गर्नुभयो।

भक्तपुर क्याम्पसका सहायक क्याम्पस प्रमुख **सरोजकुमार तिमिल्सिना**ले भक्तपुरका सांस्कृतिक सम्पदाहरूको संरक्षणमा भक्तपुर नपा अग्रणी स्थानमा रहँदै आएको बताउनुहुँदै पोखरीको क्याम्पससँगै जोडिएको डील निर्माणको सन्दर्भमा आवश्यक सहयोग, समन्वय र सहजीकरणको लागि सधैँ सकारात्मक भएको बताउनुभयो।



उहाँले २०३३ सालदेखि नै पोखरीको दक्षिण डील भक्तपुर क्याम्पसको नाममा दर्ता रहेको उल्लेख गर्नुहुँदै उक्त डील निर्माण गर्ने सन्दर्भमा त्रिभुवन विश्वविद्यालयसँग सहकार्य गरी अगाडि बढ्नु उपयुक्त हुने बताउनुभयो ।

त्यस्तै भक्तपुर क्याम्पसका सहायक क्याम्पस प्रमुख **लक्ष्मीसुन्दर लवजू**ले भाजु पुखू पुनःनिर्माण भक्तपुरको मात्र नभई सबै देशवासीहरूको गौरवको विषय भएको बताउनुहुँदै नपाको राम्रो र स्वागतयोग्य काममा क्याम्पसको तर्फबाट सधैँ साथ र सहयोग रहने उल्लेख गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, ज्ञानकुन्ज टोल सुधार समितिका अध्यक्ष कृष्णप्रसाद दुमरु, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत अशोककुमार पोखरेल र जिल्ला प्रहरी कार्यालयका प्रतिनिधिले भाजु पुखूको चारैतिरको डील निर्माण कार्य क्याम्पसको सहयोगविना पूर्ण नहुने बताउनुहुँदै उक्त क्षेत्रको सौन्दर्यीकरण र पार्किङ व्यवस्थापनमा समेत जोड दिनुपर्ने बताउनुभयो ।

## कुथुसुब्या दुगुद्यः मन्दिरको शिलान्यास : रू ४१ लाख बढी आर्थिक सहयोग प्राप्त




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. ५ स्थित भिमसेनस्थानमा अवस्थित कुथुसुब्या दुगुद्यः मन्दिर पुनःनिर्माणको लागि फागुन २ गते शिलान्यास गर्नुभयो ।

शिलान्यास कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले सम्पदा पुनःनिर्माण गर्दा मौलिक स्वरूपमै बनाउनुपर्ने तथा नयाँ पुस्तालाई सम्पदा र संस्कृतिको महत्त्वबारे बुझाउन सम्पदा निर्माण गर्दा हरेक कुरा लिपिबद्ध गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । साथै सम्पदा पुनःनिर्माण गर्दा नगरपालिकाले जनताको अपनत्व कायम हुने गरी जनसहभागिता र स्थानीय जनताबाट आर्थिक सहयोगमा निर्माण सम्पन्न गर्दै आएको बताउनुहुँदै भोलिको पुस्ताले समेत इतिहासको पानामा जनताको सहयोगलाई बुझ्ने गरी कोरिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा नमुनाको रूपमा विकास गरिरहेको चर्चा गर्नुहुँदै २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूमध्ये विगत ५ वर्षमा १२४ ओटा सम्पदा पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको जानकारी दिनुभयो ।



कार्यक्रममा इतिहासविद् **पुरुषोत्तम लोचन श्रेष्ठ**ले भक्तपुर नगरपालिकाले पूर्व प्राचीन कालदेखिको इतिहास बोकेका पुरातात्त्विक महत्त्वका सम्पदाहरू निरन्तर रूपमा उत्खनन गरी पुनःनिर्माण गरिरहेकोमा खुशी व्यक्त गर्नुहुँदै सम्पदाहरू इतिहासको प्राथमिक प्रमाणहरू हुन् र तत्कालीन समयमा भन्दा भविष्यका नयाँ पुस्ताको लागि यसको महत्त्व बढी हुने जानकारी दिनुभयो ।

शिलान्यास कार्यक्रममा उपभोक्ता समितिका कोषाध्यक्ष **न्हुछेरत्न खाइतु**ले उक्त दुगुद्यः मन्दिर पुनःनिर्माणको लागि हालसम्म रु. ४१ लाखभन्दा बढी आर्थिक सङ्कलन भइसकेको र सहयोग आउने क्रम जारी रहेको बताउनुभयो ।

कार्यक्रममा उपभोक्ता समितिका उपाध्यक्ष विश्वराम कवां र उपभोक्ता समिति सदस्य र नारायणप्रसाद तमखुले मन्दिरलाई जनसहभागितामा मौलिक स्वरूपमै बनाउने बताउनुभयो ।

## मिहिनेत र परिश्रम गर्नेहरूले नै हरेक क्षेत्रमा सफलता पाउने

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कठोर मिहेनत र परिश्रम गर्नेहरूले नै हरेक क्षेत्रमा सफलता हात पार्छन् भन्नु भयो ।



कीर्तिपुर नगरपालिकाको आयोजनामा हुने बास्केट बल प्रतियोगितामा भाग लिने खेलाडीहरूलाई फागुन ७ गते प्रशिक्षण दिनुहुँदै उहाँले खेलमा हारजित स्वभाविक भए पनि अनुशासित रूपमा खेल प्रदर्शन गरेर भक्तपुरको नाउँ उच्च राख्न शुभकामना दिनुभयो।

उहाँले खेलाडीहरू खेलकुदमा मात्रै सीमित नभई देशको राजनीतिमा पनि ध्यान दिनुपर्ने बताउनुहुँदै अन्यायको विरुद्ध निरन्तर आवाज उठाउने बानीको विकास गर्नुपर्ने बताउनुभयो।

सहिद दिवसलाई विदामा मात्र सीमित गर्न नहुने बताउनुहुँदै उहाँले भन्नुभयो– 'निरङ्कुश राणा शासनको विरुद्ध आवाज उठाउनेहरूलाई राणाहरूले मृत्युदण्ड दिए तर परिवर्तनलाई रोक्न सकेनन्। नेपालमा पटक पटक राजनैतिक परिवर्तनहरू भए। २०४६ सालको परिवर्तन पछि जनताले शिक्षा, स्वास्थ्य उपचार र रोजगारी पाउने आशा गरेका थिए तर शासन सत्तामा जाने राजनैतिक दलहरूले सहिदको सपनाअनुसार काम गर्न सकेनन्। त्यसले जनतामा राजनीतिप्रति नै वितृष्णा जगायो। युवाहरूले राजनीतिलाई जनताको सेवा गर्ने रूपमा प्रयोग गर्दै सहिदको सपना पूरा गर्नेतर्फ लाग्नुपर्छ।'



भनपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले नगरपालिकाले नयाँ नयाँ खेलाडीहरू तयार गर्ने उद्देश्यले समय समयमा खेलकुद प्रतियोगिताहरूको आयोजना गरिरहेको बताउनु भयो।

सो कार्यक्रममा नगर प्रमुख प्रजापतिले प्रतियोगितामा भाग लिने सबै खेलाडीहरूलाई ट्राक सुट वितरण गर्नुभएको थियो।

# अन्तरनगर महिला कबड्डी प्रतियोगिता मूल समितिको बैठक




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाको आयोजना २०८० फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तरनगर महिला कबड्डी प्रतियोगिता २०८० मूल समितिको बैठक फागुन १० गते भयो।

बैठकमा प्रमुख **प्रजापति**ले खेलकुद प्रतियोगिताहरू आन्तरिक पर्यटन प्रवर्द्धन र आकर्षण गर्ने माध्यम पनि भएको बताउनुहुँदै खेलकुद क्षेत्र विकासको लागि सरकारले भौतिक पूर्वाधार निर्माणतर्फ जोड दिनुपर्ने बताउनुभयो।

प्रतियोगिता सञ्चालनले विभिन्न जिल्लाबाट आउने खेलाडीहरूसँग अनुभव आदान हुने बताउनुहुँदै उहाँले आयोजकले प्रतियोगिता अवधिभर सहभागी खेलाडीहरूलाई सबै पक्षमा सहजता प्रदान गर्न संवेदनशील भएर लाग्नुपर्ने बताउनुभयो।

राज्यले जुन क्षेत्रलाई प्राथमिकता दिन्छ त्यो क्षेत्र अरूभन्दा तुलनात्मक रूपमा अगाडि बढेको हुन्छ भन्नुहुँदै उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य सँगसँगै खेलकुदलाई पनि प्राथमिकतामा राखी काम गरेको कारण आज राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडीहरू उत्पादनमा टेवा पुगिरहेको छ भन्नुभयो।

एसियन कबड्डी सङ्घका उपाध्यक्ष **विनोद प्रजापति**ले भक्तपुरमा कबड्डी खेल संस्थागत गर्न भक्तपुर नपाको उल्लेखनीय योगदान रहेको चर्चा गर्नुहुँदै प्रतियोगिता अवधिभर खेलाडीहरूको सुरक्षामा विशेष ध्यान दिनु आवश्यक भएको बताउनुभयो।



भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले अन्तर नगर महिला कबड्डी प्रतियोगिता सञ्चालनको लागि १५१ जनाको मूल समिति, ११ ओटा उपसमिति गठन गरेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले कुशल व्यवस्थापनमा अन्तर नगर कबड्डी प्रतियोगिता सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद समितिका सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

## "श्रमको सम्मान, राष्ट्रको अभियान" विषयक प्रवचन




भक्तपुर नगरपालिकाको आयोजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत 'श्रमको सम्मान, राष्ट्रको अभियान' विषयक प्रवचन कार्यक्रम फागुन १४ गते भयो ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले श्रमविना कुनै पनि क्षेत्रको विकास सम्भव नहुने बताउनुहुँदै हरेक सीप विकासको सुरुवात श्रमबाटै हुन्छ र श्रमविना कुनै पनि समाज अगाडि बढ्न नसक्ने धारणा राख्नुभयो ।

कुनै पनि व्यक्ति र समाजलाई आत्मनिर्भर बनाउने आधार पनि श्रम नै भएको बताउनुहुँदै उहाँले श्रमको सम्मान गर्न विद्यालय तहदेखि नै सिकाउनुपर्ने बताउनुभयो ।

कुनै देश छिटो वा ढिलो विकसित हुनुमा त्यस देशका नागरिकहरूले गर्ने श्रम र मिहिनेतमा भर पर्ने बताउनुहुँदै उहाँले विकसित देशहरूमा श्रमप्रति सम्मान गर्ने धारणाले आज ती देशहरूको विकास द्रुत गतिमा भइरहेको हो भन्नुभयो ।

समाज परिवर्तनको मुख्य आधार नै शिक्षा भएको बताउनुहुँदै उहाँले समाज रुपान्तरणमा महिलाहरूको भूमिका सशक्त रहँदै आएको बताउनुभयो ।

व्यक्तित्व विकासमा महिला र पुरुषले समान अवसर पाउनुपर्ने बताउनुहुँदै उहाँले महिला शिक्षाले महिलामाथि हुने विभेद्को अन्त्य गर्न भूमिका खेलेको छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले कामदार वर्गलाई अपहेलना गर्ने राजनीतिक व्यवस्थाका कारण जनताको आर्थिक स्तर झन्झन् खस्किँदै गएको बताउनुहुँदै समाजवादी व्यवस्थाले मात्र कामदार वर्गको हित गर्ने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले प्रधानमन्त्री रोजगार कार्यक्रमको महत्त्व र उद्देश्य माथि प्रष्ट पार्नुहुँदै सार्वजनिक कामलाई अपनत्व दिएर तोकिएको समयावधिभित्र काम गर्न मार्गनिर्देश गर्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले पनि बोल्नुभएको थियो भने प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक **लक्ष्मी प्रजापति**ले प्रधानमन्त्री रोजगार कार्यक्रमको औचित्यतामाथि प्रष्ट पार्नुभयो ।

## पसल व्यवसायीहरूको भेला



भक्तपुर नगरपालिका वडा नं. ७ गोल्मढी क्षेत्रका पसल व्यवसायीहरूको भेला फागुन १४ गते भक्तपुर नपाको सभाकक्षमा भयो ।

उक्त भेलामा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरूको सङ्ख्या क्रमशः बढ्ने क्रममा रहेको बताउनुहुँदै नगरको पर्यटन क्षेत्रलाई गन्तव्यस्थलका रूपमा विकास गर्न भक्तपुर नपाले यहाँका जीर्ण ऐतिहासिक सम्पदाहरू पुनःनिर्माण, लोपोन्मुख अवस्थामा रहेका ऐतिहासिक पोखरीको उत्खनन तथा पुनःनिर्माण, जात्रा पर्व र संस्कृतिको संरक्षणमा जोड दिँदै आएको बताउनुभयो ।

उहाँले भक्तपुर नगर क्षेत्रभित्र सञ्चालित पसल–व्यवसाय, उद्योग आदि प्रचलित ऐन कानुनअनुसार नगरपालिकामा दर्ता गरी नगरको सरसफाइ, सम्पदा संरक्षण र विकास निर्माणमा समेत योगदान पुऱ्याउन व्यवसायीहरूमा अनुरोध गर्नुभयो ।

भक्तपुरको शान्ति सुरक्षा, सरसफाइ, बजार व्यवस्थापन आदिमा नपाले विशेष जोड दिँदै आएको बताउनुहुँदै उहाँले पर्यटन उद्योगको विकासले देशको अर्थतन्त्र मजबुत बनाउने धारणा राख्नुभयो ।

वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले व्यवसायीहरूले आफ्नो व्यवसाय सञ्चालन गर्दा अरूलाई कुनै पनि किसिमको अप्ठेरो नहुने किसिमले व्यवसाय गर्नुपर्ने बताउनुहुँदै नगरमा आन्तरिक र बाह्य पर्यटकहरूको आगमनले नगर र देशकै समृद्धिलाई योगदान पुग्ने बताउनुभयो ।

नगरपालिकाको श्यानिटेशन उपशाखाका प्रमुख **दिलिपकुमार सुवाल**ले नगरलाई सफा र स्वच्छ राख्नु हाम्रैलागि सबै नगरवासीहरूको कर्तव्य भएको बताउनुहुँदै पसल व्यवसायहरू व्यवस्थापनले नगरको सुन्दरता कायम गर्न अझ टेवा पुऱ्याउने बताउनुभयो ।

## हनुमन्ते खोला सुधार कार्यअन्तर्गत रिटेनिङ वाल निर्माणमा देखिएका समस्याबारे छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा अधिकार सम्पन्न वाग्मती सभ्यता विकास समिति र केयूकेएल (पि.आई.डी.) का प्रतिनिधिहरूसँग हनुमन्ते खोला सुधार कार्यका लागि रिटेनिङ वाल निर्माण कार्यमा देखिएको समस्या विषयमा फागुन १४ गते छलफल भयो ।

सो बैठकमा हनुमन्ते खोला किनारमा २० मिटर बहावक्षेत्र कायम गरी भक्तपुर नपाबाट रिटेनिङ वाल निर्माणको क्रममा खोला किनारमा KUKL (PID) बाट यस अघि बिछ्याइएको ढलको Alignment को कारण देखिएको समस्याबारेमा छलफल गरियो ।

बैठकले ढलको पाइपको Realignment नगरीकन सो रिटेनिङ वालको कार्य अगाडि बढाउन नसकिने देखिएको र भक्तपुर नपाबाट ठेक्कामार्फत कार्यान्वयन भइरहेको सो योजनाको कार्य अगाडि बढाउन ढलको पाइप तत्काल Realignment गर्नुपर्ने देखिएकोले सो समस्याको बारेमा जानकारीसहित तत्काल ढलको पाइपको Realignment गर्ने व्यवस्था मिलाइ सहजीकरण गर्न KUKL(PID) लाई पत्राचार गर्ने निर्णय गऱ्यो ।

छलफलमा भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा नं ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु, PID का आयोजना व्यवस्थापक योगेन्द्र चित्रकार, अधिकार सम्पन्न वाग्मती सभ्यता विकास समितिका आयोजना उपनिर्देशक उद्धव नेपाल, सर्भेक्षक चेतनाथ पराजुलीलगायतको उपस्थिति रहेको थियो ।

## चिनियाँ भाषाका प्रशिक्षार्थीहरूलाई अभिमुखीकरण



भक्तपुर नगरपालिकाद्वारा २०८० फागुन १५ गतेबाट सञ्चालन हुने चिनियाँ भाषा प्रशिक्षणको पहिलो र दोस्रो तहका प्रशिक्षार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम फागुन १४ गते भनपा सभाकक्षमा भयो ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले चीनको तीव्रत्तर विकासबाट नेपालले लाभ लिन चिनियाँ भाषाको महत्त्वपूर्ण भूमिका भएको बताउनुहुँदै चीनलाई बुझ्न, अध्ययन अनुसन्धान, पर्यटन प्रवर्द्धन, व्यवसाय, उद्योग तथा व्यापार गर्न चिनियाँ भाषाको महत्त्व बढ्दै गएको बताउनुभयो ।

आर्थिक समृद्धिमा चीन अगाडि बढेसँग विदेश भ्रमण गर्ने चिनियाँ पर्यटकको सङ्ख्या पनि बढ्दै गएको बताउनुहुँदै उहाँले चिनियाँ पर्यटकसमेत नेपालमा आउने क्रम बढेकाले भाषाका पोख्त पथप्रदर्शकको समेत नेपालमा अभाव रहेको

हुँदा चिनियाँ भाषाको आवश्यकतालाई मध्यनजर गर्दै भक्तपुर नपाले हरेक वर्ष युवा–विद्यार्थीहरूलाई चिनियाँ भाषा पढाउँदै आएको स्पष्ट पार्नुभयो ।

नेपालले चीनसँग सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक एवम् व्यापारिक हिसाबले सहकार्य गर्दै आएको बताउनुहुँदै उहाँले चीनबाट नेपालले धेरै कुरा सिक्न र सहयोग लिन सक्ने भएकोले भाषा सिक्नु आजको आवश्यककता रहेको उल्लेख गर्नुभयो ।

भक्तपुरका जनताको जीवन जीवनस्तर उकास्न, आर्थिक गतिविधिलाई व्यापकता दिन र राजनीतिक चेतनास्तर उकास्न नगरपालिकाले विविध गतिविधि सञ्चालन गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले प्रशिक्षार्थीहरूलाई जीवन र समाज उपयोगी ज्ञान हासिल गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रममा चिनियाँ भाषा प्रशिक्षक **राजेन्द्र चवाल, विनय हाडा र हरिलक्ष्मी दनेखू**ले भाषा अध्ययनको महत्त्व र सिकाइ उपलब्धीबारे प्रष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा चिनियाँ भाषा तालिमका संयोजक **दिपेन्द्र प्रजापति**ले पनि बोल्नुभएको थियो ।

देकोचास्थित ख्वप कलेजमा सञ्चालन हुने चिनियाँ भाषा तालिम पहिलो तह (आधारभूत) को २ समूह र दोस्रो तह (एड्भान्स) को १ समूह सञ्चालन हुनेछ ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

# शैक्षिक गतिविधि

## ख्वप विश्वविद्यालय

### ख्वप विश्वविद्यालय विधेयकबारे शिक्षा समिति र शिक्षा मन्त्रीबिच छलफल हुने



प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा **नेपाल विश्वविद्यालय** विधेयकमा सांसदहरूको संशोधनबारे फागुन १ गते छलफल भयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद **प्रेम सुवाल**ले विधेयकमा आफ्नो संशोधन पेस गर्नुहुँदै उत्पादन श्रमसँग जोडिएको उच्च शिक्षा प्रदान गर्ने एउटा सहरी विश्वविद्यालय (सिटी युनिभर्सिटी) को रूपमा उक्त विधेयकलाई अगाडि बढाउनु उपयुक्त हुने चर्चा गर्नुभयो ।

'भक्तपुर नगरपालिकाको नेतृत्वमा स्थापना हुने **ख्वप विश्वविद्यालय** विधेयक सांसदहरूलाई वितरण भइसक्दासमेत निस्क्रिय बनाई पारित गरिएन । शिक्षा समितिका सभापतिले भक्तपुर नगरपालिकाद्वारा स्थापना र सञ्चालन हुने ख्वप विश्वविद्यालयको विधेयकसमेत यो विधेयकसँगै अघि बढाउने निर्देशन शिक्षा मन्त्रालयलाई दिनु जरुरी छ ।' सांसद सुवालले जोड दिनुभयो ।

समितिका सभापति भानुभक्त जोशीले ख्वप

विश्वविद्यालय विधेयक पारित नभएको बारे शिक्षा मन्त्री र मन्त्रालयसँग छलफल गर्ने प्रतिबद्धता गर्नुभयो ।

समितिको औपचारिक बैठक समापन भइसकेपछि केही सांसदहरूले नेपाल विश्वविद्यालयको जग्गालगायत कुनै पनि पूर्वाधार नभएको भनी आश्चर्य प्रकट गरेका थिए ।

## ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापतिको ध्यानाकर्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रतिनिधि सभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीसमक्ष **'ख्वप विश्वविद्यालय विधेयक २०८०'** समितिबाट अगाडि बढाउन फागुन ४ गते अनुरोध पत्र हस्तान्तरण गर्नुभयो ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा नेमकिपाका सचिव प्रेम सुवाल समेतको उपस्थिति रहेको उक्त बैठकमा नगर प्रमुख प्रजापतिले नेपालको संविधान २०७४ मा शिक्षा सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीमा रहेको हुँदा भक्तपुर नगरपालिकाको संरक्षकत्वमा रहने गरी ख्वप विश्वविद्यालय स्थापना गर्न 'ख्वप विश्वविद्यालय विधेयक २०८०' संसद्बाट पारित गर्ने प्रक्रिया अगाडि बढाउन सभापति जोशीसमक्ष अनुरोध गर्नुभएको हो ।

सोही क्रममा सभापति **जोशी**ले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा गरिरहेको कार्य देशकै लागि नमुना भएको बताउनुहुँदै विभिन्न विज्ञहरूसँग छलफल गरी ख्वप विश्वविद्यालय विधेयकलाई सक्दो चाँडो समितिबाट अगाडि बढाइने बताउनुभयो ।

प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका विषयमा उदाहरणीय कार्य गर्दै विभिन्न विषयको अध्ययन, अध्यापन गर्न



कलेजहरूसमेत सञ्चालन गर्दै देशभरिका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको अवगत गराउनुभयो ।

नगर प्रमुखद्वारा हस्तान्तरण गरिएको अनुरोध पत्रमा भक्तपुर नगरपालिकाले वि.सं. २०५६ सालमा ख्वप उच्च मा.वि., २०५८ सालमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, र २०७९ सालमा ख्वप कलेज अफ लको स्थापना गरी सञ्चालन गरिएको व्यहोरा उल्लेख छ ।

साथै कलेज स्थापनादेखि हालसम्म ख्वप उच्च मा.वि. मा २३ हजार ७४५, ख्वप इन्जिनियरिङ कलेजमा ५ हजार ४५, ख्वप कलेजमा ८ हजार ७३३, ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा १ हजार ५५४, ख्वप कलेज अफ इन्जिनियरिङमा २ हजार ६ सय १ र ख्वप कलेज अफ लमा १ सय २० गरी जम्मा ४१ हजार ७९८ जना विद्यार्थीहरू भर्ना भएका र यी संस्थाहरूमा हाल देशका ७७ ओटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू उच्च शिक्षा अध्ययन गरिरहेको व्यहोरासमेत उक्त पत्रमा उल्लेख गरिएको छ ।

उक्त पत्रमा उच्च शिक्षा र अनुसन्धानलाई उत्पादन श्रमसँग मिलाई दक्ष जनशक्ति तयार गर्न भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूलाई समेत समेटी कला, संस्कृति, विज्ञान, अर्थशास्त्र, प्रविधि, चिकित्सा शास्त्र, शिक्षा, व्यावसायिक विषय तथा अन्य आवश्यक विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न, सर्वसुलभ र गुणस्तरीय शिक्षामा सर्वसाधारणको पहुँच पुऱ्याउन ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर प्रयास गर्दै आएको व्यहोरा उल्लेख छ ।

बैठकमा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सदस्यहरू, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालको समेत उपस्थिति रहेको थियो ।

# देशको संस्कृति विदेशी संस्कृतिको प्रभावबाट मुक्त हुनुपर्ने

ख्वप माध्यमिक विद्यालयको २४ औँ, ख्वप कलेजको २२ औँ, शारदा क्याम्पस माविको ३३ औँ र ख्वप कलेज अफ लको प्रथम वार्षिक उत्सव कार्यक्रमको समापन तथा सांस्कृतिक कार्यक्रम फागुन ११ गते सम्पन्न भयो ।




उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले देशको संस्कृति विदेशी संस्कृतिको प्रभावबाट मुक्त हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै मौलिक संस्कृतिलाई संरक्षण गर्नुपर्छ भन्नुभयो ।

सांस्कृतिक अतिक्रमण भौतिक अतिक्रमणभन्दा खतरनाक हुनेतर्फ सचेत गराउनुहुँदै उहाँले नेपालीहरू नेपाली संस्कृतिमै रमाउन जान्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्यार्थीहरूलाई सांस्कृतिक गतिविधिहरूमा समावेश गराइराख्नुपर्नेमा जोड दिनुहुँदै उहाँले भन्नुभयो, 'विद्यार्थीहरूलाई स्थानीय संस्कृति र सम्पदाबारे शिक्षित गराउने उद्देश्यले नै भनपाले स्थानीय पाठ्यक्रम लागु गरेको छ ।'

'एनजीओ/आईएनजीओले नेपालको भन्दा पनि विदेशीको हितमा काम गरिरहेको छ । पाँच वर्षमा एनजीओ/आईएनजीओले १० खर्ब रकम देशमा भित्र्याएको तथ्याङ्क छ । उनीहरूको खर्च प्रणाली अपारदर्शी छ । यसरी भित्रिएको रकम सही रूपमा सदुपयोग भइरहेको छैन', प्रमुख प्रजापतिले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले विद्यार्थीलाई देश प्रेमको भावनाबारे सिकाउनुपर्ने आवश्यकता औँल्याउनुहुँदै ख्वपका विद्यार्थीले सांस्कृतिक कार्यक्रममा प्रस्तुत गरेको देशप्रेमको भावना सराहनीय छ भन्नुभयो ।

सांस्कृतिक गतिविधिमार्फत विद्यार्थीमा देशभक्तिको भावना जगाउनसक्नेतर्फ शिक्षकहरूले विद्यार्थीलाई उत्प्रेरणा दिनुपर्ने आवश्यकता उहाँले व्यक्त गर्नुभयो ।

प्रदेश सदस्य सैंजूले भन्नुभयो, 'शैक्षिक गतिविधिसँगै विद्यार्थीलाई व्यवहारिक र सैद्धान्तिक रूपमा शिक्षित गर्नुपर्छ । नयाँ पुस्तालाई व्यक्तिवादी नभई सामूहिक भावना जगाउने शिक्षा दिनु आवश्यक छ ।'

देश र जनताको सेवामा इमानदारीपूर्वक लड्ने सिपाहीँको रूपमा लड्ने विद्यार्थी तयार गर्नु अहिलेको आवश्यकता भएको उहाँले बताउनुभयो ।

सांस्कृतिक कार्यक्रमअन्तर्गत विद्यार्थीहरूले देश भक्ति र देशको विभिन्न संस्कृति झल्काउने नाटक, गीत र नृत्य प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कमाचार्य**, ख्वप कलेजका उपप्राचार्य डा. **राजेशकुमार श्रेष्ठ**, ख्वप मा.वि.का उपप्राचार्य **विष्णुप्रसाद किसी** र बीए तथा एमए अङ्ग्रेजी इन्चार्ज **कमिनिका न्याइच्याई**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा वार्षिक उत्सवको अवसरमा भएका विभिन्न अतिरिक्त क्रियाकलापमा विजयी विद्यार्थीलाई प्रदेशसभा सदस्य सैंजूले प्रमाणपत्र तथा मेडल वितरण गर्नुभएको थियो ।



# स्वास्थ्य सेवा

## पूर्ण स्तनपान प्रबर्द्धनका लागि कार्यक्रम



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपा र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुरको संयुक्त आयोजनामा भएको पूर्ण स्तनपान प्रबर्द्धनका लागि आमा समूह र स्वास्थ्यकर्मीहरूको लागि आयोजित आयुर्वेदसम्बन्धी कार्यक्रमको उद्घाटन भनपा सभाकक्षमा पानसमा दीप प्रज्वलन गरी  फागुन ४ गते गर्नुभयो।

कार्यक्रममा उपप्रमुख **जोशी**ले प्राकृतिक चिकित्साले नगरवासीहरूको स्वास्थ्य प्रबर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले आयुर्वेदसम्बन्धी कार्यक्रमहरूले नगरवासीहरूको जीवन स्वस्थ बनाउन सहयोग गरिरहेको बताउनुभयो। उहाँले नेपालीहरूको दैनिक खानपानका कारण स्वास्थ्यसम्बन्धी विभिन्न आइरहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले नगरवासीहरू र नयाँ पुस्तालाई स्वस्थ राख्न नगरका २३ ओटा स्थानहरूमा खुल्ला व्यायामशाला स्थापना गरेको तथा २० मिनेटको दूरीमा स्वास्थ्य सेवा प्रदान गर्न ख्वप अस्पतालका साथसाथै भनपा १ मा आधारभूत स्वास्थ्य केन्द्र, भनपा–२ र ९ मा नगर स्वास्थ्य केन्द्रहरू, भनपा–५ मा जनस्वास्थ्य सेवा केन्द्र तथा भनपा–६ मा नागरिक आरोग्य केन्द्रबाट सेवा प्रवाह गर्दै आएको जानकारी दिनुभयो।

उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य सँगसँगै अनुसन्धानलाई पनि जोड दिँदै आएको बताउनुहुँदै स्वस्थ मानिसले मात्र शिक्षित, सुसंस्कृत र सभ्य समाज निर्माण गर्न सक्ने भएको हुँदा समाज विकासको लागि स्वास्थ्य क्षेत्रलाई विशेष जोड दिनुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति एवं जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुरको सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष **राजुप्रसाद अधिकारी**ले पूर्ण स्तनपान प्रबर्द्धनको लागि स्वास्थ्यकर्मीहरूलगायत स्थानीय आमा समूहको भूमिका अपरिहार्य रहेको बताउनुहुँदै नवजात शिशुहरूको शारीरिक तन्दुरुष्टी र मानसिक विकासको लागि आयुर्वेदका साथै पूर्ण स्तनपानको आवश्यकता माथि प्रकाश पार्नुभयो।

कार्यक्रममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका कार्यालय



प्रमुख डा. **नरेन्द्र प्रसाद गिरी**, जिल्ला स्वास्थ्य केन्द्र निमित्त कार्यालय प्रमुख **शान्तिराम खतिवडा**, भक्तपुर नपाका स्वास्थ्य संयोजक डा. **रत्नसुन्दर लासीवा**ले पूर्ण स्तनपानको महत्त्वमाथि आ–आफ्नो धारणा राख्नुभएको थियो।

उद्घाटन सत्र पश्चात भएको प्राविधिक सत्रमा डा. नरेन्द्र गिरी र नर्स रचना सुवालले पूर्ण स्तनपानसम्बन्धी प्रस्तुतीकरण देखाउनुभएको थियो।

## दादुरा-रुबेला खोप अभियान



भक्तपुरमा दादुरा–रुबेला खोप अभियान २०८० फागुन १३ गतेदेखि २३ गतेसम्म सञ्चालन गरिने भएको छ।

दादुरा–रुबेला खोप अभियानअन्तर्गत २०८०।८१ भक्तपुर नगरपालिकास्तरीय खोप समन्वय समितिको अभिमुखीकरण कार्यक्रम फागुन ८ गते भक्तपुर नपाको सभाकक्षमा  भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले लक्षित समूह यस खोप अभियानबाट बञ्चित हुन नहुने बताउनुहुँदै भनपाभित्रका सबै बालबालिकाहरूलाई खोपको सुनिश्चितता गर्ने बताउनुभयो।

राज्यले बालबालिकालाई स्वस्थ राख्न विभिन्न रोगविरुद्धको खोपमा सरकारले सम्पूर्ण खर्च व्यहोर्दै आएको बताउनुहुँदै उहाँले सरकारले निःशुल्क रूपमा प्रदान गर्दै आइरहेको खोपमा बालबालिकाको पहुँच पुऱ्याउनु आवश्यक भएको बताउनुभयो ।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका खोप अधिकृत **शान्तिराम खतिवडा**ले खोप अभियान सम्पन्न गर्न सबैको सहकार्य आवश्यक भएको बताउनुभयो । नेपाल सरकारको उच्च प्राथमिकतामा परेको दादुरा-रुबेला खोप ९ महिनादेखि १५ वर्षसम्मका बालबालिकाहरूमा लगाइने बताउनुहुँदै उहाँले खोप अभियानको उद्देश्य, अवस्था र उपलब्धीबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

उक्त कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रप्रअ वसन्त भट्टराई, वडाध्यक्षहरू, विद्यालय र पत्रकार प्रतिनिधिको उपस्थिति रहेको थियो ।

## जनतालाई समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थाको भेदबारे सचेत पार्नु आवश्यक



ख्वप अस्पतालमा कार्यरत कर्मचारीको भेला तथा प्रवचन कार्यक्रम फागुन १२ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पुँजीवादी व्यवस्थामा सरकारी सङ्घ-संस्था ध्वस्त बनाई निजी सङ्घ-संस्थाहरूलाई पोस्ने काम गर्ने स्पष्ट पार्नुहुँदै जनतालाई समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थाको भेदबारे सचेत पार्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पताललाई ध्वस्त बनाई निजी अस्पताललाई फाइदा पुऱ्याउन चालेको चाललाई भक्तपुर नगरपालिकाले असफल गरी उक्त अस्पताललाई सरकारी अस्पताल बनाउन सफल भएको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, ख्वप अस्पतालको बिमाको १६ करोड बक्यौता अहिलेसम्म पनि सरकारले पठाएको छैन । पुँजीपतिहरूको सञ्चालक समितिको रूपमा रहेको पुँजीवादी सरकारले जनतालाई दुःख दिने नियत स्पष्ट छ ।

पुँजीवादी गठबन्धनको सरकारले देशमा शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रहरूमा व्यापक भ्रष्टाचार गरिरहेकोले देशको अर्थतन्त्र कमजोर हुँदै गएको हो । देशमा रोजगारीको अवसर सृजना गर्नुको सट्टा युवाहरूलाई विदेश पलायन गराउने कार्य देशद्रोही हो, प्रमुख प्रजापतिले भन्नुभयो ।

जनताको इमानदारीपूर्वक सेवा गर्ने भावना भएमात्र सेवाग्राहीले सहजरूपमा सेवा पाउन सकिने धारणा राख्नुहुँदै उहाँले कर्मचारीको व्यवहार शिष्ट, सुसंस्कृत र व्यवहारिक हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका अध्यक्ष **नारायणबहादुर दुवाल**ले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले पार्टीको निर्वाचन घोषणापत्रअनुसार इमानदारीपूर्वक कार्य गरिरहेकै कारण आज भक्तपुर अरू स्थानीय निकायको लागि अध्ययनको विषय बनेको बताउनुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष **गौतमप्रसाद लासिवा**ले कर्मचारीहरू असल, इमानदार र कर्तव्यनिष्ठ हुनुको साथै देशभक्त पनि हुनु आवश्यक भएकोले कर्मचारीले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे जानकार हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'कर्मचारीहरू राजनीतिक र सांस्कृतिकरूपमा प्रशिक्षित र तिनीहरू इमानदार भए देशमा भ्रष्टाचार, पक्षपात र बेइमानीजस्ता घटना न्यून हुनेछ । कर्मचारीहरूले आफ्नो कमजोरी लुकाउनुभन्दा सच्याउनु आवश्यक छ ।'

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर **मजेशप्रताप मल्ल**ले भक्तपुर जिल्लाको स्वास्थ्य क्षेत्रमा प्रगति हुनुमा नेमकिपाको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका वरिष्ठ मेडिकल अफिसर डा. **रत्नसुन्दर लासिवा**, इन्टरनल मेडिसिन विशेषज्ञ डा. **अमर प्रजापति** र **प्रज्ज्वल खत्री**ले पनि बोल्नुभएको थियो ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Magh Report
## 2080

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1854 | 11.85 |
| 10-14. | 587 | 3.75 |
| 15-19 | 643 | 4.11 |
| 20-59 | 9477 | 60.55 |
| ≥60 | 3090 | 19.74 |
| Total | 15651 | 100 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 462 | 2.95 |
| General | 3280 | 20.96 |
| Insurance | 11909 | 76.09 |
| Total | 15651 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Banke | 1 | 0.01 |
| Chitwan | 1 | 0.01 |
| Mugu | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Panchthar | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Kapilvastu | 1 | 0.01 |
| Rasuwa | 1 | 0.01 |
| Gorkha | 2 | 0.01 |
| Jhapa | 2 | 0.01 |
| Baglung | 2 | 0.01 |
| Dolpa | 2 | 0.01 |
| Kalikot | 3 | 0.02 |
| Makwanpur | 3 | 0.02 |
| Rautahat | 3 | 0.02 |
| Rukum | 3 | 0.02 |
| Nawalparasi | 3 | 0.02 |
| Mahottari | 3 | 0.02 |
| Pyuthan | 3 | 0.02 |
| Bara | 4 | 0.03 |
| Dhanusha | 4 | 0.03 |
| Kailali | 4 | 0.03 |
| Lalitpur | 4 | 0.03 |
| Rupandehi | 4 | 0.03 |
| Surkhet | 4 | 0.03 |
| Khotang | 6 | 0.04 |
| Dailekh | 7 | 0.04 |
| Salyan | 7 | 0.04 |
| Udhayapur | 7 | 0.04 |
| Sindhuli | 8 | 0.05 |
| Okhaldhunga | 9 | 0.06 |
| Achham | 10 | 0.06 |
| Jumla | 14 | 0.09 |
| Dang | 17 | 0.11 |
| Dolkha | 18 | 0.12 |
| Rolpa | 23 | 0.15 |
| Kathmandu | 26 | 0.17 |
| Sindhupalchowk | 30 | 0.19 |
| Ramechap | 51 | 0.33 |
| Kavrepalanchok | 63 | 0.40 |
| Bhaktapur | 15294 | 97.72 |
| Total | 15651 | 100.00 |
| Madhyapur Thimi | 86 | |
| Suryabinayak | 720 | |
| Changu | 2787 | |
| Bhaktapur | 11701 | |
| Total | 15294 | |

| Department | Number | In Percentage |
|---|---|---|
| CHRP- Respiratory Medicine | 3 | 0.02 |
| Urology | 43 | 0.27 |
| Neuro Surgery | 45 | 0.29 |
| Physiotherapy | 113 | 0.72 |
| Cardiologist | 189 | 1.21 |
| General Ward | 206 | 1.32 |
| MDGP | 214 | 1.37 |
| General Surgery OPD | 338 | 2.16 |
| Laboratory | 378 | 2.42 |
| Dermatology | 455 | 2.91 |
| Internal Medicine | 684 | 4.37 |
| ENT | 928 | 5.93 |
| Obs. & Gynaecology | 1114 | 7.12 |
| Emergency Ward | 1151 | 7.35 |
| Dental | 1192 | 7.62 |
| Paediatric | 1242 | 7.94 |
| Orthopedic | 2016 | 12.88 |
| General OPD | 5340 | 34.12 |
| Total | 15651 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 206 |
| Discharge | 197 |
| LAMA | 3 |
| Refer | 5 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 1822 |
| Total Cataract Surgery | 65 |

### Operation

| | |
|---|---|
| Major | 86 |
| Minor | 53 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 8967 | 57.29 |
| Male | 6684 | 42.71 |
| Total | 15651 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८० माघ महिनाको सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## दमक नपाका उपप्रमुख भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीसँग दमक नगरपालिकाका उपप्रमुख रेगिना भट्टराई प्रसाईले भनपा सभाकक्षमा फागुन १० गते भेट गर्नुभयो ।

भेटमा दुई नपाबीच भएका असल अभ्यासबारे छलफलको क्रममा उपप्रमुख **जोशी**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, खेलकुदलगायत सम्पदा संरक्षण र विकास निर्माणमा गरिरहेको कार्यहरू बारे जानकारी दिनुहुँदै भक्तपुर नगर पालिकाले ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको र ती कलेजहरूमा ७७ ओटै जिल्लाका करिब ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।

उपप्रमुख भट्टराईले विभिन्न स्थानीय तहहरूको असल अभ्यासको बारेमा जानकारी आदान-प्रदान गर्नुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा गरिरहेको कार्य उल्लेखनीय भएको बताउनुभयो ।

भेट पश्चात उपप्रमुख जोशीले उपप्रमुख भट्टराईलाई भनपाका केही प्रकाशनहरू प्रदान गर्नुभएको थियो । साथै उपप्रमुख भट्टराईले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, ख्वप कलेज, ख्वप ईन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङको अवलोकन गर्नुभएको थियो ।

भेटमा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्ल, प्रमुख प्रशासकीय अधिकृत बसन्त भट्टराई, प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति रहेको थियो ।

# संक्षेपमा

## ढुङ्गा छपाइ निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायतद्वारा भनपा वडा नं. ८ चिकं फः चोकमा भइरहेको ढुङ्गा छपाइ कार्यको माघ २९ गते निरीक्षण गर्नुहुँदै ।

## सिचु फल्चामा छाना छाइयो



भक्तपुर नगरपालिका वडा नं. ५ टौमढी स्थित पुनर्निर्माणाधीन सिचु फल्चामा फागुन १६ गते छाना छाउने कार्यमा स्थानीयद्वारा जन श्रमदान ।

**नगरपालिका नगरवासीहरूको संस्था हो ।**
**करदाताहरूले समयमै कर बुझाऔं**
**नगरको विकासमा सघाऔं ।**

# भेटघाट

## नगर प्रमुख प्रजापतिसँग कब्बडी सङ्घका अध्यक्ष थापाको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपाल कब्बडी सङ्घका अध्यक्ष श्री तुलसी थापाले फागुन ४ गते भेट गर्नुभयो।

भक्तपुर नगरपालिकाको आयोजनामा हुन गइरहेको अन्तर नगर महिला कब्बडी प्रतियोगिताबारे छलफल गर्न अध्यक्ष थापाले भेट गर्नु भएको हो।

नगर प्रमुख **प्रजापति**ले हरेक क्षेत्रमा महिलालाई अगाडि बढाउने उद्देश्यले यस वर्ष भक्तपुर नगरपालिकाले अन्तर नगर महिला कब्बडी प्रतियोगिता गर्न लागेको बताउनुभयो।

उहाँले कब्बडी प्रतियोगिता व्यवस्थित रूपमा सम्पन्न गर्न कब्बडी सङ्घको तर्फबाट खेल सामग्री र आवश्यक प्राविधिक सहयोग गर्न आग्रह गर्नुभयो।

कब्बडी सङ्घका अध्यक्ष **तुलसी थापा**ले नमुना नगरको रूपमा विकास भइरहेको भक्तपुर नगरपालिकाले महिला कब्बडी प्रतियोगिता आयोजना गरेकोमा खुशी व्यक्त गर्दै सङ्घको तर्फबाट आवश्यक सबै प्रकारको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।



## चीनका प्राचीन नीतिकथा

### 306 rf]

एक जना मानिसले कुनै घरको ढोकामाथि पित्तलको घण्टी झुण्ड्याएको देख्यो। उसले घण्ट चोर्ने विचार गर्‍यो। घण्टलाई हातले छुनेबित्तिकै त्यो बज्न सक्छ र ऊ समातिन सक्छ भन्ने उसलाई लाग्यो। उसले घण्टको आवाज नसुनिने एउटा उपाय सोच्यो।

उसले आफ्ना दुवै कान थुन्यो र घण्टलाई समात्यो। घण्ट बज्यो। उसले घण्टको स्वर नसुने पनि वरिपरिका मानिसले सुने र ऊ पक्रियो।

अनुवादः विनय कसजू

उहाँले देशका ४४ जिल्लामा कब्बडी सङ्घ रहेको बताउनुहुँदै व्यवस्थित कभर्ड हलको अभावमा आशातित प्रगति हुन नसकेको जानकारी दिनुभयो।

भेटमा उपप्रमुख रजनी जोशी, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, नेपाल कब्बडी सङ्घका सचिव तर्कराज भट्ट, एसिएन कब्बडी फाउण्डेसनका उपाध्यक्ष विनोद प्रजापति, नेपाल कब्बडी सङ्घका केन्द्रीय सदस्य शरद दर्शनधारी, भक्तपुर जिल्ला कब्बडी सङ्घका अध्यक्ष पशुपति प्रजापतिलगायतको उपस्थिति रहेको थियो।

## नगर प्रमुख प्रजापतिसँग इयु नपाका वडाध्यक्ष हे छिङ कुइको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग चीनको इयु नगरपालिका वडा नं. ७ का वडाध्यक्ष हे छिङ



कुइले फागुन ८ गते भेट गर्नुभयो।

भेटमा उहाँहरूबीच अनुभव आदानप्रदान र शिक्षा, स्वास्थ्य, पर्यटन, प्रविधि आदि क्षेत्रमा हुन सक्ने सहकार्यबारे छलफल भयो।

# विविध समाचार

## ऐतिहासिक कमलपोखरी म्हासेको विरुद्ध मुद्दाको सुनुवाइ सर्वोच्चमा सुरु

काठमाडौँ वडा नं. २९ ठमेलमा रहेको ऐतिहासिक लिच्छविकालीन सार्वजनिक कमलपोखरी म्हासेको विरुद्धको मुद्दाहरूको सुनुवाइ सर्वोच्च अदालतमा माघ २२ गते सुरु भएको छ। सर्वोच्च अदालतका न्यायाधीशहरू डा. प्रकाशमानसिंह राउत र कुमार चुडालको इजलासमा भागवतनरसिंह प्रधान र राजवीर डंगोललगायत वादी रहेको र अम्बिका राणालगायत विपक्षी रहेको मुद्दा आठ वर्षपछि पुनः सुरु भएको हो।

२०७३ सालमा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई पाउने निसा दिएर पनि विपक्षी प्रतिवादीका कानुन व्यवसायीहरूको अनुरोध, न्यायाधीशहरूको हेर्न नमिल्ने र हेर्न नभ्याउनेलगायत विभिन्न कारणले मुद्दाको सुनुवाइ पर सर्दै आएको थियो।

सोमबारको बहसमा वादी भागवतनरसिंह प्रधानलगायतको तर्फबाट वरिष्ठ अधिवक्ता विश्वप्रकाश सिग्देल, वरिष्ठ अधिवक्ता एकनाथ भण्डारी, अधिवक्ताहरू विजयराज शाक्य, विकल प्रजापति, रामप्रसाद प्रजापति, जुजुकाजी महर्जन, रमेश महर्जन, नरेश श्रेष्ठ, दिपक राई, भगवती सुवेदी, राजु कैती, भीम गुरुङ, दिनेश राई र शङ्कर राईले बहस गर्नुभयो। वादीको पक्षबाट बहस गर्ने अधिवक्ताहरूको सूची अझै लामो रहेको छ। इजलासले सुनुवाइलाई हेर्दाहेर्दैमा राखी माघ २९ गतेको लागि अर्को पेसी तोकेको छ।

थबहि वा हालको ठमेल क्षेत्रका प्रधानहरूको आराध्यदेव सिंह सार्थबाह र थबहिभित्रको भगवान बुद्धलाई कमलको फूल चढाउन निर्माण भएको कमलपोखरी र बगैँचालाई केशर महलको पर्खालभित्र पारी केशरशमशेर उनका छोरा केयुर शमशेरले आधा हडपेका थिए। तर, नामेट भएको थिएन। तर, पछि केयुर शमशेरका छोराछोरी र आफन्तहरू मिलेर अनेक जालसाजी गरी नेपाल सरकारको नाम कायम भएको पोखरी, पोखरीको डील र बगैँचा नामेट पारी त्यहाँ हाल छायादेवी कम्प्लेक्स बनाएका छन्।

पछि २०४४ सालतिर वीरेन्द्र शाह राजा रहँदा यसको विवाद टुङ्गो लगाउन उहाँले आफ्नी सम्धी अम्बिका राणा र प्रधानहरूका तर्फबाट हिरण्यश्वरमान प्रधानलाई डाकेर तत्काललाई कुरा मिलाउनुभएको थियो।

तर, ऐतिहासिक प्रमाण रहेको कमलपोखरी नामेट भएन। गुठी संस्थानमा यसका प्रमाणहरू सबै फेला परेको छ। ठमेलस्थित हजारौँ वर्ष पुरानो कमलपोखरी नामेट पारी छाया सेन्टर ठड्याएको छ। जहाँ पाँचतारे होटल बनाइएको छ।



छाया सेन्टर र पृथ्वीबहादुर पाँडे (इन्सेट)

तर, माफिया शैलीमा बैङ्कपति पृथ्वीबहादुर पाँडेले शक्ति निकाय सबै मिलाएर पोखरीको जग्गा हडपे। उनलाई वित्तीय क्षेत्रको डन पनि भनिन्छ। उनले जग्गा हडप्ने योजना बुने र प्रभावशाली पदमा रहेका नेतादेखि कर्मचारीलाई हातमा लिए। काठमाडौँ महानगरपालिकाबाट नक्सा पास गर्न लगाएर छाया कम्प्लेक्स ठड्याइयो। त्यसको लागि जो जसको साथ लिनुपर्छ उसलाई गोल्डेन सेयर पनि दिइयो। जजसले छाया कम्प्लेक्स बनाउन साथ दिन्छ उसलाई शेयर दिएर व्यवस्थापन दिएको पाइएको छ। यसकारण, उनीहरू सबै सार्वजनिक जग्गा हडप्नेमा मतियार देखिएका छन्।

## सर्वोच्चको बहस सुनिबस्दा छाया सेन्टर भत्काउनैपर्छ

– विशाल भण्डारी, एक सम्पदाप्रेमी

काठमाडौँ ठमेलस्थित ऐतिहासिक कमलपोखरीमा बनेको व्यापारिक छाया कम्प्लेक्स विषयमा सोमबार सर्वोच्च अदालतमा बहस सुन्ने मौका मिल्यो। दर्जनौँ पटक पेशी पेशी भन्दा भन्दा कहिले पालो नआउने, कहिले हेर्न नमिल्ने हुँदै आएकोले सधैँ आइरहने धेरै साथीहरूले यो मौका गुमाउन पुगे। मैले यो सौभाग्य पाएँ। स्थानीय सम्पदाप्रेमी भागवत नरसिंह प्रधान निवेदक/ वादी भई दायर भएको १२ थान र रिट निवेदनसमेत १५ थान मुद्दाको सूची टाँसिएको थियो। सर्वोच्च अदालतको ३ नं. इजलाशमा बहस चलिरहँदा कालो कोट लगाएका वकिलहरू र अन्य व्यक्तिहरूले खचाखच भरिएका थिए। बाहिर लबीमा पनि भरिभराउ थियो।

वादीको तर्फबाट पहिलो बहस अधिवक्ता विश्वप्रकाश सिग्देलले मुद्दाका सम्पूर्ण बेलिविस्तार लगाउनुभयो। वि.सं. १९६५ सालमा कमलपोखरी र पोखरीको डीलसमेत साढे २६ रोपनी भएकोमा २०३३ सालमा नापी हुँदा कि.नं. १६७ मा करिब १३ रोपनीको पोखरी र १०४० को करिब १० आनामा चोक जनिएको रहेछ। २०३३ सालमा सर्वोच्च अदालतमा भएको मिलापत्र पनि विवादित जग्गा श्री सिंहसार्थबाह गरुड भगवानको नाममा पोखरी र डील चोक कायम गरेको थियो। २०३९ सालमा केशर शमशेरका छोरा केयुर शमशेर दर्तावाला मोही कायम गरेपछि २०४७ सालमा रैतानी गरेकोमा गुठी संस्थान केन्द्रीय कार्यालयले उक्त रैतानी निर्णय बदर गर्नुका साथै रैतानी गर्ने कर्मचारीहरूलाई विभागीय कारबाहीसमेत गरेको तर जिल्ला र पुनरावेदन अदालतमा मुद्दा गरी उक्त निर्णय बदर गराएको अवस्थामा सर्वोच्चले मुद्दा दोहोऱ्याउने निस्सा दिएकोले हालसम्म मुद्दा चलिरहेको बुझियो। वादीको तर्फबाट एक दर्जन वकिलले बहस गरे भने थुप्रै विषयमा न्यायाधीशहरूले प्रश्न पनि गरे, एक प्रसङ्गमा एक वकिलसँग विवाद पनि भयो।

सोमबारको बहसमा दर्जनौं वकिलहरू उपस्थित थिए। अधिवक्ता विकल प्रजापतिको बहसले न्यायाधीशलगायत सबैको ध्यान खिचेको थियो। अधिवक्ता प्रजापतिले बहसको क्रममा भन्नुभयो, 'म अदालतको मूल्यवान समय धेरै लिन्न। अदालतले उठाएको दुईओटा जिज्ञासाबाट मेरो कुरा राख्दै छु। वि.सं. १९६५ मा साढे २६ रोपनीको पोखरी २०३३ सालको नापीमा साढे १३ रोपनीमा कसरी खुम्चियो ? पोखरीको बाँकी जग्गा केशर शमशेरले आफ्नो महलको कम्पाउन्डभित्र पारेर नापी गराए।'

'२०३३ सालमा आएको गुठी ऐनले सबै दर्तावाला मोहीको हैसियत समाप्त पारिसकेको अवस्थामा २०३३ सालको नापीमै पोखरी र चोक जनिएको जग्गा २०३९ मा दर्तावाला मोही कसरी कायम भयो ?'

२०३३ सालकै सर्वोच्च अदालतमा भएको मिलापत्रमा गरुड भगवान गुठीकैअन्तर्गत पोखरी र पोखरीको डील चोक कायम गरेको २०३९ सालमा दर्तावाला मोही कायम गर्नु जालसाजी हो। जालसाजी गरी बनेका कथित मोहीले २०४७ सालमा रैतानी गरी पुनः जालसाजी गऱ्यो। नेपालको कानुनबमोजिम धार्मिक सम्पदा, पोखरी आदिमा मोही लाग्नै सक्दैन। जालसाजी कर्मबाट सार्वजनिक सम्पत्ति व्यक्तिको नाममा दर्ता गरेको जहिलेसुकै पनि बदर गर्ने अधिकार गुठी संस्थानलाई छ। गुठीले २०४७ सालमै बदर गरी पुनः सार्वजनिक कायम गरेकोलाई अदालतले समर्थन गर्नुपर्दछ।



सार्वजनिक सम्पत्तिको संरक्षण स्थानीय व्यक्ति, गुठी संस्थान, मालपोत, स्थानीय निकाय वा अभियन्ताहरूको मात्र नभई न्यायालयको पनि हो, न्यायाधीशहरूको पनि हो। देशमा थुप्रै क्षेत्रमा अनियमितता, भ्रष्टाचारको बिगबिगीले चर्चा पाइरहेको अवस्थामा अदालतले रेफ्रीको भूमिका खेल्नुपर्दछ। एउटा प्रसिद्ध भनाइ 'न्यायाधीशहरू सिंहासनको सिंह बन्न मिल्दैन' भनेझैँ न्यायालयको निष्पक्ष भूमिकाले यो देशलाई निकास दिने बेला आएको छ।

जहाँसम्म करोडौं खर्च भइसकेको र १५ तलाको व्यापारिक भवन बनिसकेको सन्दर्भमा सन् २०२३ मा भारतको नोएडामा खर्बौं लागतको व्यापारिक भवन भत्काएको तथा थुप्रै अन्तर्राष्ट्रिय अभ्यास छन्। विज्ञ न्यायाधीशहरूलाई आज देशभरका सम्पदाप्रेमीहरूले हेरिरहेका छन्। सम्पदा सभ्यता पनि हो। यसको जगेर्नामा कोसेढुङ्गा थप्ने स्वर्णिम अवसर आएको छ। मलाई विश्वास छ, श्रीमान्हरूले यो मौकाको सदुपयोग गर्नुहुनेछ। सार्वजनिक पोखरी र पोखरीको डील कायम होस्। अधिवक्ताहरूका तार्किक र मार्मिक बहसमा न्यायाधीशहरूमात्र होइन हामी उपस्थित सबैमा ऊर्जा थपिदिएको छ। दिनभरको समय गएको पत्तै भएन।

आजको धेरैजसो बहस सुन्दा गरिमामय सर्वोच्च अदालतले प्रसिद्ध विक्रमशील महाविहारअन्तर्गतको कमलपोखरी सार्वजनिक सम्पत्ति जगेर्नाको पक्षमा फैसला हुने विश्वासमा थप आशाको किरण देखियो

## भक्तपुर श्रमिक बचतको अर्धवार्षिक समिक्षा तथा प्रवचन



भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्थाको अर्धवार्षिक कार्यक्रम माघ २६ गते भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कर्मचारी राम्रा भए जनताले समयमा सेवा पाउने र संस्थाको छवि राम्रो हुने चर्चा गर्नुहुँदै कर्मचारीले सेवाग्राहीलाई असल व्यवहार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, 'नेमकिपाका अग्रजको योगदान र मिहिनेतले भक्तपुर आज उत्कृष्ट नगर बनेको छ । जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको सहयोग र एकताले भक्तपुर नगरको विकास र गतिविधि आज सबैको चासोको विषय बनेको छ ।'

भनपाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि सरकारसमक्ष पहल गरिरहेको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'कर्मचारी राजनीतिक रूपमा सचेत भएमात्र देशको हितमा काम गर्न सक्षम हुनेछ ।'

संरा अमेरिका संसारको सबभन्दा ठूलो आतङ्ककारी र हतियारी व्यापारी भएकोले नेमकिपाले अमेरिकी साम्राज्यवादको विरोध गरिरहेको उहाँले बताउनुभयो ।

इजरायलले प्यालेस्टिनमाथि गरेको नरसंहारको विरोध र प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धता जनाउनुपर्ने आवश्यकता प्रमुख प्रजापतिले औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, 'देशमा नक्कली कम्युनिस्टको जगजगी छ । भ्रष्टाचार, भागबन्डाले देशलाई पछाडि धकेलेको छ ।'

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष **नारायणबहादुर दुवाल**ले नेमकिपाले कामदार जनताको पक्षमा इमानदारीपूर्वक कार्य गरिरहेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइमा भक्तपुर नगरपालिकाको कदम प्रशंसनीय र अरू स्थानीय निकायको लागि अनुकरणीय रहेको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिका कर्मचारी एसोसियसनका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले नेमकिपाको नीति र निर्देशनमा सञ्चालित भक्तपुर नगरपालिकाको गतिविधि पारदर्शी भएको बताउनुभयो ।

भनपाका कर्मचारीहरूको बचतबाट सञ्चालित भक्तपुर श्रमिक बचतले सदस्यहरूको सांस्कृतिक स्तर विकास गर्ने गतिविधि गर्नुपर्ने सुझाव दिनुभयो ।

संस्थाका अध्यक्ष दिलकृष्ण माकको सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्थाका सचिव दिलिपकुमार सुवाल, कोषाध्यक्ष भरत अवाल र व्यवस्थापक रामसुन्दर सुजखू पनि बोल्नुभएको थियो ।

## सरसफाइ कार्यक्रम



लान्चा, दथु पःली टोल सुधार समितिको आयोजनामा भक्तपुर नगरपालिका वडा नं १० दथु पःली ब्यारेकदेखि लान्चाफल्चासम्म सरसफाइ भक्तपुर नगरपालिकाको सहयोगमा माघ २७ गते भयो ।

कार्यक्रममा वडा नं. १० का सदस्य कृष्णनारायण दुमरुले झन्डै हराइसकेको पाटीलाई मौलिक नाम लान्चाफल्चा नामाकरण गरी सो पाटी र फुलबारीसमेत जनताको सहयोगमा नगरपालिकाले निर्माण गरेर यस क्षेत्रको वातावरण सुधार गरेको बताउनुभयो । उहाँले फोहोरलाई कुहिने र नकुहिने छुट्याई नगरपालिकाको गाडी वा गाडामा राखीदिन अनुरोध गर्नुभयो ।

वडा निरीक्षक रामकृष्ण प्रजापतिले सरसफाइ सभ्यताको परिचय भएको हुँदा जहाँ सफा हुन्छ त्यहाँका मानिसहरू सभ्य भएको पहिचान हुने भएकोले नगरपालिकाले सरसफाइमा जोड दिएको बताउनुभयो ।

टोल सुधार समितिका अध्यक्ष सरोज सुवालले सरसफाइमा सहभागी सबैलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा सचिव हरिभक्त फोजुले पनि बोल्नुभएको थियो ।

## स्थानीय स्काउट परिषद्का नवनिर्वाचित सदस्यहरूलाई बधाईज्ञापन



स्थानीय स्काउट परिषद्का संरक्षक एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्काउटमा निर्वाचित सदस्यहरू स्थानीय स्काउट परिषद् र स्थानीय कार्यसमितिको काम, कर्तव्य, अधिकारबारे जानकार हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपामा माघ २९ गते स्थानीय स्काउट परिषद्का नवनिर्वाचित सदस्यहरूसँगको परिचयात्मक तथा शुभकामना कार्यक्रममा उहाँले नवनिर्वाचित पदाधिकारीहरूले आफ्नो कार्यकालभित्र अनुशासन र इमानदारीका साथ कर्तव्यपालनामा ध्यान दिन मार्गनिर्देश गर्नुभयो ।

स्काउटले सङ्कटको समयमा जनताको असल मित्रको रूपमा काम गर्नुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले भक्तपुरका विद्यालयहरूमा स्काउटसम्बन्धी तालिम सञ्चालन गर्ने नीति लिएको बताउनुभयो ।

उहाँले युवाहरूलाई स्वअनुशासनमा ल्याउन र अनुशासित समाज विकास गर्न स्काउटको महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै स्काउटका पदाधिकारीहरू स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयबारे सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइ, खेलकुदलगायत सबै क्षेत्रमा भक्तपुर देशकै लागि उदाहरणीय ढङ्गले काम गर्दै आएको बताउनुहुँदै उहाँले स्काउटभित्र पनि भक्तपुरको विशेषता कायम हुने ढङ्गले काम गर्न प्रेरित गर्नुभयो ।

भागबन्डा नमिल्दा महत्त्वपूर्ण पदहरूमा नियुक्तिमा ढिलाइ भइरहेको बताउनुहुँदै उहाँले राजनीतिक भागबन्डा र खिचातानीले देशको शिक्षा झन् झन् कमजोर बन्दै गइरहेकोबारे प्रष्ट पार्नुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख एवम् स्थानीय स्काउट परिषद्का प्रमुख **रजनी जोशी**ले नवनिर्वाचित सदस्यहरूलाई बधाई एवम् सफल कार्यकालको शुभकामना दिनुहुँदै परिषद्लाई जिम्मेवार ढङ्गले अगाडि बढाउन सबैको साथ र सहयोग खाँचो रहेको बताउनुभयो । उहाँले विद्यालयहरूमा स्काउट तालिम सञ्चालन गर्ने विषयमा छलफल चलिरहेको बताउनुहुँदै स्काउटको क्षेत्रमा भक्तपुर नपाले व्यवस्थित ढङ्गले काम गर्ने

स्थानीय स्काउट परिषद्का प्रमुख रजनी जोशीलाई निर्वाचनका अधिकृत अधिवक्ता रामप्रसाद प्रजापतिले २०८० माघ २६ गते सम्पन्न नेपाल स्काउट, स्थानीय स्काउट परिषद् निर्वाचन २०८० मा निर्वाचित प्रतिनिधिहरूको नामावली हस्तान्तरण गर्नुभयो ।

स्थानीय स्काउट परिषद् भक्तपुर नपाको मिति २०८० माघ २६ गते सम्पन्न निर्वाचनमा पवनकुमार बल्ल निर्विरोध, न्हुज किजु, निरन्जन बेकोजु, बालकृष्ण बनमाला, किशोर गोसाई, पूर्णभक्त दुवाल, रीना सुवाल, रुबिना छुस्याबाग, पुष्पा प्रजापति, सीता मैँया त्वानाबासु र रोजीना बनमाला निर्वाचित भएका थिए ।

## स्थानीय स्काउट आयुक्त पदमा बालकृष्ण मनोनित




भक्तपुर नगरपालिकाका प्रमुख एवम् स्थानीय स्काउट संरक्षक सुनिल प्रजापतिले नेपाल स्काउट नियमावली, २०७७ को नियम २१ को उपनियम (क) बमोजिम बालकृष्ण बनमालालाई स्काउटको स्थानीय आयुक्त पदमा मनोनयन गर्नुभयो ।

नेपाल स्काउटको आयुक्तको रूपमा मनोनयन भएका बनमालालाई भनपा सभाकक्षमा मनोनयन पत्र हस्तान्तरण फागुन ३ गते गर्नुभएको हो । सो अवसरमा राष्ट्रिय प्रशिक्षकहरू रामगोपाल कर्माचार्य र भक्त राजभण्डारी तथा राष्ट्रिय परिषद् सदस्य एवम् पूर्वस्थानीय आयुक्त कृष्णसुन्दर प्रजापतिको उपस्थिति रहेको थियो ।

मिति २०८० माघ २६ गते सम्पन्न निर्वाचनबाट स्थानीय स्काउट परिषदमा विजयी हुनु भएका पदाधिकारीहरूलाई भनपा सभाकक्षमा माघ २९ गतेनै ११ जना निर्वाचित सदस्यहरूलाई बधाई एवं शुभकामना कार्यक्रम सम्पन्न गरेको थियो । स्काउट नियमावलीमा निर्वाचित भएको सात दिनभित्र संरक्षकले स्थानीय आयुक्त मनोनयन गर्ने व्यवस्था रहेको छ ।

## काल्हाँचामा रिटेनिङ वाल निर्माणबारे छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्बन्धित वडा नं. ५ का वडाध्यक्ष, सडक विभाग सूर्यविनायक-धुलिखेल सडक विस्तार आयोजनाका प्रतिनिधिहरूको बैठक फागुन ४ गते बस्यो।

भक्तपुर नगरपालिका र सडक विभाग सूर्यविनायक-धुलिखेल सडक विस्तार आयोजनाका प्रतिनिधिहरूबीच भएको उक्त बैठकले स्थानीय बासिन्दा र अन्य सडक प्रयोगकर्ताहरूलाई अप्ठेरो नपर्ने गरी दुवै पक्षका प्राविधिकहरूबीच छलफल गरी यातायात आवागमन सहज हुने गरी आवश्यक व्यवस्था गर्ने निर्णय गऱ्यो।

नेपाल सरकारको लागतमा सूर्यविनायकदेखि सांगासम्म रु. ३ अर्ब ९० करोड र सांगादेखि धुलिखेलसम्म रु. ४ अर्ब गरी करिब रु. ८ अर्बको लागतमा उक्त सडक निर्माण भइरहेको हो।

### ३३ औँ सहिद दिवस

## समाजवादी गणतन्त्रनै सहिदको सपना हो - प्रेम सुवाल




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले समाजवादी गणतन्त्र नै सहिदको सपना हो भन्नुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति भक्तपुरबाट फागुन ८ गते आयोजित ३३ औँ सहिद दिवस कार्यक्रममा अतिथि सुवालले बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिकामा भएको स्वतन्त्रता आन्दोलनमा कामदारवर्गका जनताको हित नभएको उल्लेख गर्नुभयो। उहाँले नेपालमा २०४६ सालमा भएको जनआन्दोलनपश्चात् ठूला पार्टीका नेताहरू मन्त्री भए पनि सहिदहरूको सपनाअनुसार कामदार जनताको हित हुन नसकेको बताउनुभयो।



कम्युनिस्ट नाम गरेका ठूला पार्टीहरू वास्तविक कम्युनिस्ट नभएको स्पष्ट पार्नुहुँदै उहाँले नि:शुल्क शिक्षा, स्वास्थ्य, कृषिमा आत्मनिर्भरता र देशको सन्तुलित विकास नहुने पुँजीवादी गणतन्त्रले कामदारवर्गको हित नगर्ने बताउनुभयो। शासक दलहरूले नेपालमा विदेशी लगानी बढाउनु भनेको देश विदेशीको हातमा बेच्नुसरह हो, देशलाई उपनिवेश बनाउनु हो भन्नुहुँदै जनताले विदेशी पुँजीको विरोध गर्दै समाजवादी व्यवस्था स्थापनाको लागि अगाडि बढ्नु नै सहिदको सपना साकार पार्नु हो भन्नुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले समाज परिवर्तनको निम्ति काम गर्दा गर्दै आफ्नो ज्यान आहुती गर्नेहरू सहिद हुने उल्लेख गर्नुहुँदै सरकारको जथाभावी सहिद घोषणाले सहिदको अपमान भएको बताउनुभयो।



नेपालको राजनीति भारतीय शासकवर्गको इसारामा चलिरहेको हुँदा सहिदको सपनामा कुठाराघात भइरहेको उहाँले बताउनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुरका अध्यक्ष एवं वाग्मती प्रदेश सभासद् **सृजना सैंजू**ले २०४६ सालको जनआन्दोलन नेपालको लागि इतिहास हो भन्नुहुँदै प्रजातन्त्र स्थापनाको तीन दशक बितिसक्दा पनि देशमा प्रजातन्त्रको आभास हुन नसकेको बताउनुभयो। उहाँले अहिले



देशका युवाहरू बिदेसिने क्रम बढिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै ७० लाखभन्दा बढी युवा जनशक्ति विदेशमा हुँदा देशको शिक्षा, विकास निर्माण तथा उत्पादनलगायतका धेरै क्षेत्रमा प्रत्यक्ष असर परेको जानकारी दिनुभयो ।



कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका उपाध्यक्ष **गोविन्द दुवाल**, सचिव एवं भनपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**, नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुरका अध्यक्ष एवं भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**, सहिद परिवारको तर्फबाट **रचना सुवाल**, जनआन्दोलनका घाइते **राजेन्द्र दुमरु**, नेपाल क्रान्तिकारी किसान सङ्घका जिल्ला समिति सदस्य **गंगाराम ज्याख्व**ले सहिदहरूको योगदान र देशको वर्तमान परिस्थितिबारे आ–आफ्नो धारणा राख्नुभएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि एवम् अतिथिहरूलगायतबाट सहिदको प्रतिमामा श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

## उत्कृष्ट पथप्रदर्शक सम्मानित




भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिले ३५ औँ अन्तर्राष्ट्रिय पथप्रदर्शक दिवस २०८० को अवसरमा प्रवचन तथा प्रशंसा वितरण कार्यक्रम फागुन ८ गते आयोजना गरेको छ ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा सांसद सुवालले उत्कृष्ट पथप्रदर्शकहरूलाई सम्मानपत्र सहित सम्मान गर्नुभयो ।

कार्यक्रममा सांसद **सुवाल**ले एकपटक भक्तपुर घुमेर फर्केका पर्यटकहरूलाई दोहोऱ्याई तेहऱ्याई भक्तपुर आउने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले पथप्रदर्शकहरूमा स्थानीय भाषासँगै विदेशी भाषाहरूमा दख्खल हुनुपर्ने बताउनुभयो ।

नेपालमा आन्तरिक पर्यटन विकासको अवधारणालाई अगाडि बढाइनुपर्नेमा जोड दिनुहुँदै सांसद सुवालले नेपालजस्तो विकासशील देशलाई आर्थिक समृद्धितर्फ डोऱ्याउन आन्तरिक पर्यटनले उल्लेखनीय भूमिका खेल्न सक्ने धारणा राख्नुभयो ।

उहाँले भारतीय एकाधिकार पुँजी र भारतीय विस्तारवादी नीतिले नेपाललाई आर्थिक रूपले परनिर्भर बनाइरहेको बताउनुहुँदै नेपालले आत्मनिर्भरतातर्फ जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

चिनियाँ शैलीको पर्यटन विकासबाट नेपालले पनि सिक्नुपर्ने बताउनुहुँदै उहाँले नेपालमा चीनबाट वर्षेनी लाखौँको सङ्ख्यामा चिनियाँ पर्यटकहरू भित्रिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशको अर्थतन्त्र मजबुत बनाउने माध्यमको रूपमा पर्यटन क्षेत्रलाई विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

पर्यटन क्षेत्रले नेपालको विकासमा महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुहुँदै पथप्रदर्शकहरूमा स्वअनुशासन र इमानदारी अपरिहार्य भएको बताउनुभयो ।

नेपाल पर्यटनको प्रशस्त सम्भावना भएको देश हो र पर्यटकका लागि सुरक्षा सुनिश्चितता, स्वस्थकर खाना र गुणस्तरीय सेवा प्रदानले पर्यटकको बसाइ लम्ब्याउन सकिने विचार उहाँले राख्नुभयो ।

एसियालाई आर्थिक केन्द्र बनाउन सबैले आ–आफ्नो क्षेत्रबाट आवश्यक भूमिका खेल्नुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले देशको राज्य व्यवस्था र राजनीतिक व्यवस्था राम्रो भए मात्र देशमा शान्ति सुरक्षा कायम हुने र त्यहाँका जनताले सुख पाउने बताउनुभयो ।

भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिका संयोजक **गौतम लासिवा**ले पथप्रदर्शकहरूले देशको भूगोल,

इतिहास, सम्पदाबारे अध्ययन गरी पर्यटकहरूलाई सही सूचना उपलब्ध गराउनुपर्ने बताउनुभयो। देशको सार्वभौमिकता रक्षामा पनि पथप्रदर्शकको भूमिका महत्त्वपूर्ण रहेको उहाँले बताउनुभयो।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**ले पर्यटकहरूलाई सत्यतथ्य सूचना प्रवाह गर्नु पथप्रदर्शकहरूको कर्तव्य भएको बताउनुहुँदै नेपालको पर्यटन प्रवर्द्धनमा स्थानीय पथप्रदर्शकहरूको उल्लेखनीय भूमिका रहेको बताउनुभयो।

पर्यटक प्रहरी नायब निरीक्षक **दामोदर कुइकेल**ले अन्य ठाउँहरूको तुलनामा भक्तपुरको पर्यटन र पथप्रदर्शकहरूको कार्य व्यवस्था उत्कृष्ट रहेको बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका **रामसुन्दर भेले**ले पनि बोल्नुभएको थियो।



कार्यक्रममा सम्मानित पथप्रदर्शक टिकाप्रसाद दाहाल, रामकेशरी भैल, सुजन छुजु, विकास खड्का, अजित थापा र कृष्णाकुमार थापा रहेका छन्।

## वागीश्वरीको वार्षिकोत्सव

# आलोचना र आत्मलोचनाको डटेर सामना गर्न विद्यार्थीहरूलाई सक्षम बनाउनुपर्ने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले वागीश्वरी माध्यमिक विद्यालयको ६५ औँ, वागीश्वरी कलेजको १६ औँ र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको प्रथम वार्षिकोत्सव समारोहको पानसमा दीप प्रज्ज्वलन गरी फागुन १० गते उद्घाटन गर्नुभयो।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले सिद्धान्त र विचारबाट प्रभावित जनता आफ्नो विचारमा अडान लिनुपर्ने बताउनुहुँदै देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता आदिको विरोध गर्ने नयाँ पुस्ता देशलाई आवश्यक भएको बताउनुभयो।




परीक्षामा खुकुलो पारी दिए देशद्रोहीहरू तयार हुने बताउनुहुँदै उहाँले अनुशासित र मिहिनेती विद्यार्थीहरू आफ्नो पद र मर्यादाअनुसार काम गर्न सक्षम हुने बताउनुभयो।

उद्योगधन्दा तथा कलकारखानाहरू निजीकरणले गर्दा देशको आर्थिक अवस्था झन् झन् कमजोर हुँदै गएको बताउनुहुँदै उहाँले देशमा भएका ठूल्ठूला काण्ड र देशघाती सम्झौताहरूमा शासक दलहरूकै संलग्नता पुष्टि भइरहेको बताउनुभयो।

पढे-लेखेका बुद्धिजीवीहरूले देशलाई घात गरिरहेको बताउनुहुँदै उहाँले युवाहरूलाई शिक्षा र रोजगारीको नाममा विदेश पठाउने चलखेलमा अन्तर्राष्ट्रिय षड्यन्त्र भइरहेको प्रष्ट पार्नुभयो।

विद्यार्थीहरूलाई शैक्षिक र बौद्धिक रूपमा अगाडि बढाउन प्रेरित गर्नुपर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले एनजीओ तथा आइएनजीओहरू बुद्धिजीवी गुप्तचरको रूपमा परिचालित रहेकोतर्फ सजग हुनुपर्ने बताउनुभयो।

आलोचना र आत्मलोचनाबाट भाग्ने होइन, त्यसको डटेर सामना गर्न विद्यार्थीहरूलाई सक्षम बनाउनुपर्ने बताउनुहुँदै उहाँले राजधानी केन्द्रित विकास र सेवा सुविधाले काठमाडौँ उपत्यका प्रदूषित र अपराधको केन्द्र बन्दै गइरहेको बताउनुभयो।

कार्यक्रमका सभापति वागीश्वरी कलेज सञ्चालक समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले रोजगारीको निम्ति श्रमसँग जोडिएको शिक्षा आवश्यक भएको हुँदा राज्यले देशको आवश्यकताअनुसार राम्रो पूर्वाधारसहितको प्राविधिक शिक्षालय खोल्नु प्रभावकारी हुने बताउनुभयो।

भक्तपुर नपाले सीटीईभीटीसँग हेल्थ एसिस्टेन्ट,

रेडियोलोजिष्ट, फार्मेसीलगायतका विषयको कक्षा सञ्चालन गर्न स्वीकृति माग गरेको लामो समय भइसक्दा पनि अहिलेसम्म स्वीकृति प्राप्त नभएको बताउनुहुँदै उहाँले सक्षम कलेजहरूलाई कक्षा सञ्चालन गर्न सहज वातावरणको अवस्था सिर्जनामा सीटीईभीटीले आवश्यक समन्वयकारी भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने अनुमति पाए धेरै सस्तोमा पढाउने योजना रहेको बताउनुहुँदै उहाँले ख्वप इन्जिनियरिङ कलेजले राम्रा र क्षमतावान इन्जिनियरहरू उत्पादन गरेजस्तै चिकित्सकहरू पनि उत्पादन गर्ने उद्देश्य नपाको रहेको बताउनुभयो ।

भक्तपुरका कलेजहरूले गुणस्तरीय शिक्षाको साथै देशको सार्वभौमिकता र स्वतन्त्रताबारे पनि जानकारी दिने प्रयास गरिरहेको बताउनुहुँदै उहाँले देशको सार्वभौमिकता र स्वतन्त्रतामा आँच पुग्ने काम कहींकसैबाट भए वागीश्वरीका शिक्षक र विद्यार्थीहरू जुनसुकै बेला त्यसको विरोधमा उत्रन तयारी अवस्था बस्नुपर्ने विचार राख्नुभयो ।



वाग्मती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाई**ले वागीश्वरी मावि र कलेजले देश विकास, समाज उत्थान र समाजलाई सभ्य र सुसंस्कृत बनाउन यथोचित योगदान पुऱ्याइरहेको बताउनुहुँदै सांस्कृतिक, शैक्षिक, साहित्य र प्रकाशनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो ।

मिहिनेती विद्यार्थी, शिक्षक र अभिभावकको संयुक्त प्रयासले वागीश्वरीले आजको उचाइ प्राप्त गरेको बताउनुहुँदै उहाँले शिक्षालयहरू भनेका सामूहिक प्रतिस्पर्धा गर्ने थलो हो र देशको लागि आवश्यक उत्कृष्ट विद्यार्थी उत्पादनमा विद्यालयले जोड दिनुपर्ने बताउनुभयो ।

नेपालमा हजारौँको सङ्ख्यामा एनजीओ र आइएनजीओहरू सञ्चालनमा रहेको बताउनुहुँदै उहाँले नेपालको शिक्षा, धर्म र स्वास्थ्य क्षेत्रमा लगानीको नाममा ती संस्थाहरूबाट आर्थिक चलखेलहरू भइरहेको बताउनुभयो ।

शासकहरूलाई बुँख्याचा बनाउन एनजीओ र आइएनजीओहरू उद्दत रहेको बताउनुहुँदै उहाँले भारतीय एनजीओ-आइएनजीओहरूले नेपालको सार्वभौमिकता र सम्प्रभुतामाथि हमला गर्ने प्रयास भइरहेको बताउनुभयो ।

वागीश्वरी मावि सञ्चालन समितिका अध्यक्ष तथा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले वागीश्वरी मावि स्थानीय जनताले अपनत्व गरेको र राजनीतिक नेतृत्वले मार्गनिर्देश गरेको शैक्षिक संस्था भएको बताउनुहुँदै वागीश्वरीले शैक्षिक पाठ्यक्रमको पठनपाठनसँगै विद्यार्थीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा पनि प्रशिक्षित गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूमा कलेज स्थापनादेखि हालसम्म ४१ हजार ७९८ जना विद्यार्थीहरू भर्ना भइसकेको तथ्याङ्क रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद धन्छा** र वागीश्वरी कलेज तथा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य **धनकुमार श्रेष्ठ**ले क्रमशः विद्यालय र कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यस्तै कार्यक्रममा संयुक्त परीक्षा समितिका अध्यक्ष **रोशनराज तुइतुइ**, नगर शिक्षा अधिकृत **साधुराम फुँयाल**, शिक्षक **राजन लाखा**, विद्यार्थी प्रतिनिधि छात्रा **काजल थापा** र छात्र **सुवान सुवाल**ले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले वागीश्वरी स्मारिका २०८० विमोचन गर्नुका साथै २५ वर्ष सेवा प्रदान गर्नुभएका शिक्षक पियुषराज गोसाईलाई सम्मान र उत्कृष्ट शिक्षक र कर्मचारीहरूलाई पनि सम्मान गर्नुभएको थियो । साथै कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूद्वारा विद्यालय र कलेजका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो । सोही क्रममा विद्यालयमा अध्यापनरत शिक्षकमार्फत ७३७ विद्यार्थीहरूलाई छात्रवृत्ति रकम हस्तान्तरण गरिएको थियो । औपचारिक कार्यक्रमपश्चात विद्यार्थीहरूद्वारा सांस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरेका थिए ।

## सरस्वती विद्यागृहको वार्षिकोत्सव



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. ९ लामगः स्थित सरस्वती विद्यागृह माध्यमिक विद्यालयको ७२ औं वार्षिकोत्सव फागुन ११ गते एक भव्य कार्यक्रमबीच सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले विद्यालय तह उच्च शिक्षाको जग भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राख्दै वडा वडामा शिशुस्याहार केन्द्र सञ्चालनदेखि आफ्नै पूर्ण स्वामित्वमा आधा दर्जनभन्दा बढी कलेजहरू सञ्चालन गरी कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको बताउनुभयो।

सरस्वती विद्यागृह कुनै समय भक्तपुरकै शैक्षिक केन्द्रको रूपमा रहेको बताउनुहुँदै विभिन्न आरोह अवरोध पार गर्दै वर्तमान समयमा विद्यालयले विद्यार्थीहरूलाई जीवनउपयोगी शिक्षा प्रदान गर्दै आइरहेको बताउनुभयो।

भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले गुणस्तरीय शिक्षा प्रदान गरी प्रत्येक विद्यार्थीलाई युग सुहाउँदो शिक्षा प्रदान गर्ने उद्देश्यका साथ नगरपालिका अगाडि बढिरहेको बताउनुहुँदै भक्तपुर नपाले नगरभित्रका सामुदायिक र संस्थागत विद्यालयहरूलाई समान ढङ्गले सहयोग गर्दै आइरहेको बताउनुभयो।

सामुदायिक शिक्षालाई बलियो बनाउनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले आजका नैतिकवान, योग्य र सक्षम विद्यार्थीबाट मात्रै भावी समाज सभ्य र सुसंस्कृत बन्ने विचार राख्नुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले विद्यालयको प्रगति र उन्नतिको लागि विद्यालय व्यवस्थापन समितिले समन्वयकारी भूमिका खेल्दै आएको बताउनुहुँदै विद्यार्थीलाई गुणस्तरीय शिक्षा र अनुशासित बनाउने विषयमा पनि जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा विद्यालयका पूर्व प्रअ **दिनेश वैद्य,** संयुक्त परीक्षा समितिका सदस्य तथा वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद धन्छा,** विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष **विष्णुबहादुर मानन्धर**लगायतले बोल्नुभएको थियो।

विद्यालयका निमित्त प्रअ **गनुराज राई**ले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयमा स्थानीय विद्यार्थीको सङ्ख्या न्यून रहेको बताउनुहुँदै विद्यालयमा कामदार वर्गका छोराछोरीहरू अध्ययनरत रहेको बताउनुभयो।

कार्यक्रममा शिक्षक **राजन छुस्याबाग** र विद्यार्थी प्रतिनिधि **सन्देश नेपाली**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले विद्यालयको आयोजनामा भएको अतिरिक्त क्रियाकलापका विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो। सोही क्रममा प्रमुख प्रजापतिले वार्षिकोत्सवको अवसरमा प्रदर्शन गरिएका शैक्षिक प्रदर्शनीहरूको समेत अवलोकन गर्नुभयो।

## राजधानी र प्रधानमन्त्रीका केही सहरहरू विकास गर्दैमा देशको सन्तुलित विकास नहुने




भक्तपुर नगरपालिका वडा नं. ९ अन्तर्गत तुमचो दुगुरे चोखा आवास क्षेत्रका खानेपानी उपभोक्ताहरूको वृहद् भेला तथा ठेगाना प्रणालीबारे जानकारी सभा फागुन १२ गते एक समारोहबीच सम्पन्न भयो।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले काठमाडौं उपत्यकामा देशैभरिबाट मानिसहरूको ओइरो लागेपछि खानेपानीको अभाव, प्रदूषण, फोहोरमैला व्यवस्थापनमा जटिलता आउन थालेको चर्चा गर्नुहुँदै उपत्यका वरिपरिका डाँडाहरूलाई संरक्षण गरी मूल फुट्ने जातका रुख विरुवा रोप्नुपर्ने आवश्यकता औंल्याउनु भयो। उहाँले राजधानी र प्रधानमन्त्रीका केही सहरहरू विकास गर्दैमा देशको सन्तुलित विकास नहुने प्रष्ट पार्नुहुँदै देशको राजधानी काठमाडौंबाट पश्चिमको दाङमा सार्नुपर्ने पार्टीको अडान पुनः दोहोऱ्याउनुभयो।

सिंहदरबारको पक्षपातले देश विकास नभएको बताउनुहुँदै प्रमुख अतिथि सुवालले भन्नुभयो, 'गाउँघरमा राम्रा पूर्वाधारसहितका विद्यालय भवनहरू छन् तर विद्यार्थी छैनन्, परिवारसहित सबै सहरबजार सरे, सहरबाट पनि युवाहरू लाखौंको सङ्ख्यामा विदेश पलायन भए।'

उहाँले प्रधानमन्त्री र मन्त्रीहरू स्वअनुशासनमा नबसेकोले देशले दुर्दशा भोग्नुपरेको उल्लेख गर्नुहुँदै २०७४ देखि २०७९ सम्मको अवधिमा संसद्मा जनताको आवाज एक शब्द पनि नबोलेका माननीय २०७९ को निर्वाचनमा पुनः जितेका छन् भन्नुभयो। मतदाताहरूलाई राजनैतिक चेतनाको सट्टा पद र

पैसाको लोभ देखाएर निर्वाचन जितेकाहरूले भ्रष्टाचार मात्र गरिरहेको उहाँको भनाइ थियो ।

मेलम्ची र जमिनमुनिको पानी दुवैको भर नभएको जिकिर गर्नुहुँदै प्रमुख अतिथि सुवालले भन्नुभयो, 'हरिया जङ्गलहरूको संरक्षण गरी बर्षातमा सतहको पानी जम्मा गर्ने संरचनाहरू निर्माण गरी हिउँदमा समेत पानी उपभोग गर्न सकिने व्यवस्था मिलाउनु पर्छ, जमिनमुनि पानी पुनर्भरण गर्ने प्रविधि अपनाउनु पर्छ ।' उहाँले सार्वजनिक सम्पतिको संरक्षण गर्ने नागरिक कर्तव्य रहेकोतर्फ सचेत गराउनुभयो ।

भेलामा नेमकिपा भनपा ९ वडा समितिका **दिलभक्त कोजू**ले भक्तपुरको पुरानो बस्तीलाई सांस्कृतिक क्षेत्र घोषणा गर्न ढिलाइ गर्न नहुने र वरिपरिका नयाँ बस्तीहरूलाई जनचाहना अनुसार आधुनिक सुविधासम्पन्न आवासीय भवन निर्माण गर्ने हेतुले पार्टीको निर्देशनमा आवास योजनाहरू सञ्चालन गरेको बताउनुभयो । उहाँले पिउन योग्य खानेपानी जनताको आधारभूत आवश्यकता भएको उल्लेख गर्नुहुँदै यसको व्यवस्थापनको लागि जनप्रतिनिधिहरू लाग्नुपर्ने र सरोकारवाला निकायहरूलाई घच्घच्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले तुमचो दुगुरे चोखा आवास योजना जनताकै पैसाबाट नगरपालिकाले अघि बढाएको चर्चा गर्नुहुँदै जनताका आवश्यकताहरू पूरा गर्दै नमुना बस्तीको रूपमा विकास गर्न लागिपरेको बताउनुभयो । उहाँले खानेपानी व्यवस्थापनमा सहयोग गर्ने सबैलाई नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो । खानेपानी ट्याङ्की रहेको स्थान ऐतिहासिक स्थल भएको उल्लेख गर्नुहुँदै त्यस ठाउँमा पुरानो शैलीको ढुङ्गेधारा र पोखरीसहितको बगैंचा बनाउने गुरुयोजना तयार भइसकेको उहाँले जानकारी दिनुभयो ।

वाग्मती प्रदेश खानेपानी तथा सरसफाइ ५ नं. डिभिजन कार्यालयका प्राविधिक ई. **ओमहरि ताम्राकार**ले उपभोक्ता समितिप्रति सबै उपभोक्ताहरूको अपनत्व हुने हुँदा यसका गतिविधि तथा आर्थिक हिसाव पारदर्शी गर्नु प्रशंसनीय कार्य भएको बताउनुभयो । उहाँले जमिनमुनिको पानी सफा गर्न गाह्रो हुने र २६ प्रकारका विभिन्न परीक्षणहरू गर्नुपर्नेमा सचेत गराउनुभयो । उहाँले मेसिनले बुस्ट गरेर उपभोक्ताहरूको घरघरमा पानी वितरण गर्दा चालू खर्च धेरै बढ्ने हुँदा दीर्घकालीन व्यवस्थापनको लागि ओभरहेड ट्याङ्की निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

समितिका कोषाध्यक्ष एवम् नगर कार्यपालिका सदस्य **छोरीमैया सुजखू**ले आयोजना सञ्चालन भएदेखि गत फागुन ७ गतेसम्मको आर्थिक विवरण पेश गर्नुभयो ।



तुमचो दुगुरे चोखा आवास क्षेत्र ठेगाना प्रणाली उपभोक्ता समितिका अध्यक्ष **विष्णुप्रसाद दुमरु**ले बस्ती विकाससँगै चोक, सडक र घरहरूको व्यवस्थित एवम् वैज्ञानिक नामाकरण तथा नम्बरिङ कार्य भएको बताउनुभयो । यस क्रममा यस क्षेत्रका ऐतिहासिक नामहरूलाई पुनर्जीवन दिइएको उहाँले जानकारी दिनुभयो । प्राविधिकहरूले ठेगाना प्रणालीलाई गुगलमा अपलोड गरी इन्टरनेटको सुविधा नहुँदासमेत सबैले प्रयोग गर्न सकिने बनाउन आवश्यक तयारी गरिरहेको उहाँको भनाइ थियो ।

सभामा उपभोक्ता समितिका सचिव **लक्ष्मीप्रसाद कुसी** र सहसचिव **विष्णुराम दुमरु**ले खानेपानी व्यवस्थापन कार्यमा स्थानीय जनताहरूको साथ र समर्थन रहेकोमा खुशी व्यक्त गर्दै यस क्षेत्रको विकास निर्माणका हरेक कृयाकलापमा निरन्तर साथ रहने विश्वास व्यक्त गर्नुभयो ।

उक्त सभामा प्रमुख अतिथि सुवालले ठेगाना प्रणाली कार्यान्वयनका लागि घरदैलो अभियानमा लाग्ने विद्यार्थीहरूलाई कदर पत्र वितरण गर्नुभयो ।

प्रमुख अतिथिले खानेपानी फिल्ट्रेशन प्लान्ट र ट्याङ्कीको स्थलगत निरीक्षण समेत गर्नुभयो ।

## विशेष अदालतले बालुवाटारको सरकारी जग्गा जोगायो

बालुवाटारको १३६ रोपनी सरकारी जग्गा व्यक्तिका नाममा पठाएको बहुचर्चित ललिता निवास जग्गा हिनामिना काण्डमा विशेष अदालतले हालै फैसला दिएको छ ।

पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वसचिव, अख्तियारका पूर्वप्रमुख आयुक्त, थुप्रै अधिकृत र कर्मचारीहरूसहित १७५ लाई प्रतिवादी बनाएर अख्तियारले २२ माघ ०७६ मा विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो । त्यसमध्ये जिल्ला अदालतका न्यायाधीश गौतमलाई मुद्दा नचलाइएकोले एक सय ७४ प्रतिवादी थिए ।



खुसीप्रसाद थारू | रामबहादुर थापा | रितेन्द्र थापा

न्यायाधीशहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले फागुन ३ गते गरेको फैसलामा १७४ जना प्रतिवादी रहेको ललितानिवास सरकारी जग्गा भ्रष्टाचार मुद्दामा विशेष अदालतले चार वर्षपछि फैसला दिएको हो ।

यस मुद्दामा मन्त्रिपरिषद्को निर्णय, भौतिक मन्त्रालय, मन्त्रीहरू, मालपोत, भूमिसुधार, गुठी, नापी, समरजंग कम्पनीलगायतको नाम जोडिएको छ ।

सरकारले ०२२ मा अधिग्रहण गरेको जग्गालाई जफत गरिएको गलत व्याख्या गरेर एक सय १४ रोपनी सुवर्णशमशेरका छोराहरूले लिएका थिए । बाँकी नक्कली मोही खडा गरेर, जग्गा दर्ता र प्रधानमन्त्रीनिवास विस्तार योजनाका नाममा हिनामिना गरिएको थियो ।

मन्त्रिपरिषद्ले ०४७ का १४ जेठ, ८ साउन र ४ भदौ गरी तीनपटक जफत भएका जग्गाहरूको विषयमा निर्णय गरेको थियो । जसमा प्रजातन्त्र पुनर्स्थापनाका लागि भएका आन्दोलनको क्रममा विभिन्न व्यक्तिहरूको हरण भएको सम्पत्तिको विषयमा गृह मन्त्रालयले छानबिन गर्ने र त्यसको प्रतिवेदनअनुसार जग्गा फिर्ता गर्ने निर्णय भएका थिए ।

अधिवक्ता युवराज कोइरालालगायतको उजुरीका आधारमा सरकारले ०७५ मा यससम्बन्धी छानबिन सुरु गरेको थियो । १५ असार ०७५ मा सरकारले पूर्वसचिव शारदाप्रसाद त्रितालको अध्यक्षतामा यससम्बन्धी छानबिन समिति गठन गऱ्यो । तत्कालीन गृहसचिव प्रेमकुमार राईले यससम्बन्धी छानबिनमा सक्रियता लिएका थिए ।

छानबिन समितिले २६ माघ ०७५ मा प्रतिवेदन बुझाउँदै ललितानिवासको जग्गा हिनामिना भएको ठहर गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग र प्रहरीबाट अनुसन्धान गर्न सिफारिस गरेको थियो ।

अखतियारले नौ अर्ब आठ करोडको बिगोदाबीसहित मुद्दा गरेकोमा विशेष अदालतबाट जरिवाना भने न्यून गरिएको छ ।

तत्कालीन प्रधानमन्त्री द्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईको संलग्नता पनि चर्चामा आएको थियो तर अख्तियारले बयानसम्म नलिई बाहिर राखेको थियो ।

बाबुराम भट्टराई र माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले भूमाफियालाई फाइदा हुने गरी यसमा निर्णय गरेको थियो तथा २०४९, ०६२, ०६७/६८ र ०६९/७० मा भएका छुट्टाछुट्टै निर्णयबाट ललितानिवास क्याम्पको जग्गा हिनामिना भएको समाचार प्रकाशमा आएको थियो ।

तत्कालीन तीन मन्त्री विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशीलाई प्रतिवादी बनाएको थियो । तीनैजनाले सफाइ पाएका छन् ।

तर, विजयकुमार गच्छदार मन्त्री रहेको भौतिक मन्त्रालयका तत्कालीन सचिव जो पछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पूर्वप्रमुख बनेका दीप बस्न्यात भने ललितानिवास भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् ।

प्रहरीले गत १० भदौमा जिल्ला अदालतमा दायर गरेको कीर्ते मुद्दामा पूर्वमन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशीलगायतलाई प्रतिवादी बनाएको छ । उक्त मुद्दा विचाराधिन छ ।

न्यायाधीश कुमार रेग्मी र विष्णु पौडेलका छोरा नवीनले जग्गा फिर्ता गर्ने बताएकाले मुद्दा नचलाउने निर्णय भएको अख्तियारको निर्णय थियो । तर, जग्गा किनेका ६५ सर्वसाधारणको भने जग्गा जफत गर्न मुद्दा चलेको थियो ।

यो मुद्दामा ५७ मोही पनि दोषी ठहर भएका छन् । उनीहरूलाई दुई वर्ष कैद र बिगोबराबर जरिवाना भएको छ ।

## विशेष अदालतले गरेको फैसलाअनुसार कसुर ठहर भई कैद र जरिवाना रकम

| क्रसं | नाम | कैद | जरिवाना रु. |
|---|---|---|---|
| १ | तीर्थमाया महर्जन (नाति महर्जनको श्रीमती) | २ वर्ष | ३,९०,४०,००० |
| २ | द्वारिकामान महजर्न | २ वर्ष | ३,५८,७२,००० |
| ३ | बाबुराजा महजर्न | २ वर्ष | ३,४४,००,००० |
| ४ | देवनारायण महर्जन (नाति महर्जनको छोरा) | २ वर्ष | ३,०६,७२,००० |
| ५ | देवनारायण महजर्न(आशाकाजी महर्जनको छोरा) | २ वर्ष | २,९७,६०,००० |
| ६ | मोहन महर्जन | २ वर्ष | २,६२,०८,००० |
| ७ | रेना गुरुङ | २ वर्ष | २,२७,२०,००० |
| ८ | श्रीकृष्ण महर्जन | २ वर्ष | १,९०,४०,००० |
| ९ | ग्वाराभाइ महर्जन | २ वर्ष | १,८८,८०,००० |
| १० | मचानानी महजर्न | २ वर्ष | १,५५,२०,००० |

| | | | |
|---|---|---|---|
| ११ | शोभाकान्त ढकाल | २ वर्ष | ८०,४८,००० |
| १२ | रामकुमार सुवेदी | २ वर्ष | ८०,४८,००० |
| १३ | मिनबहादुर गुरुङ | २ वर्ष | ८०,४८,००० |
| १४ | हरिकृष्ण तिमिल्सिना | २ वर्ष | ८०,४८,००० |
| १५ | परशुराम पोखरेल | २ वर्ष | ८०,४८,००० |
| १६ | कृष्णप्रसाद पौडेल | २ वर्ष | ८०,४८,००० |
| १७ | प्रकाशनारायण भट्ट | २ वर्ष | ८०,४८,००० |
| १८ | टंकनाथ पौडेल | २ वर्ष | ८०,४८,००० |
| १९ | प्रेमबहादुर खापुङ | २ वर्ष | ८०,४८,००० |
| २० | अर्जुनकुमार खतिवडा | २ वर्ष | ८०,४८,००० |
| २१ | शंकरप्रसाद सुवेदी | २ वर्ष | ८०,४८,००० |
| २२ | अंगुरकुमार सिग्देल | २ वर्ष | ८०,४८,००० |
| २३ | केदारप्रसाद श्रेष्ठ | २ वर्ष | ८०,४८,००० |
| २४ | छविराज पन्त | २ वर्ष | ८०,४८,००० |
| २५ | दीप बस्न्यात | २ वर्ष | ८०,४८,००० |
| २६ | कलाधर देउजा | २ वर्ष | ७५,००,००० |
| २७ | सुरेन्द्रमान कपाली | २ वर्ष | ७५,००,००० |
| २८ | युक्तप्रसाद श्रेष्ठ | २ वर्ष | ७५,००,००० |
| २९ | रुक्म शम्शेर जबरा | २ वर्ष | ७५,००,००० |
| ३० | हाटक शमशेर | २ वर्ष | ७५,००,००० |
| ३१ | तीर्थमाया महर्जन (आशा नारायण महर्जनको श्रीमती) | २ वर्ष | ६७,२०,००० |
| ३२ | कान्छा महर्जन | २ वर्ष | ५२,८०,००० |
| ३३ | हर्कनारायण महर्जन भन्ने हर्ष महर्जन | २ वर्ष | ४४,८०,००० |
| ३४ | संजयकुमार महर्जन | २ वर्ष | २७,३६,००० |
| ३५ | सकुलानन्द महर्जन | २ वर्ष | २७,३६,००० |
| ३६ | भुवन कुमारी चापागाई | २ वर्ष | ७,५९,४०० |
| ३७ | उर्मिला शाह | २ वर्ष | ७,५९,४०० |
| ३८ | इनद्रबहादुर थापा क्षेत्री | २ वर्ष | ६,२३,५०० |
| ३९ | शान्ति मल्ल प्रधानाङ्ग | २ वर्ष | ६,२३,५०० |
| ४० | सरस्वती कुमारी श्रेष्ठ | २ वर्ष | ६,२३,५०० |
| ४१ | मिठुदेवी चापागाई | २ वर्ष | ६,२३,५०० |
| ४२ | रामनाथ घिमिरे | २ वर्ष | ४,८७,५०० |
| ४३ | मोहनप्रसाद भट्टराई | २ वर्ष | ४,६४,२०० |
| ४४ | रामकल्याण अधिकारी | २ वर्ष | ४,१२,५०० |
| ४५ | बिलबहादुर महर्जन | २ वर्ष | ३,००,००० |
| ४६ | खिमादेवी आङबुहाङ | २ वर्ष | २,८६,००० |
| ४७ | निर्मलादेवी श्रेष्ठ | २ वर्ष | २,७१,९०० |
| ४८ | शशीकला सुब्बा | २ वर्ष | १,७८,२०० |
| ४९ | बैकुण्ठ शर्मा रेग्मी | २ वर्ष | १,५०,००० |
| ५० | विद्या पौडेल गौतम | २ वर्ष | १,३१,३०० |
| ५१ | सोदाकुमारी चापागाई | २ वर्ष | ९३,७५० |
| ५२ | हरिबोल आचार्य | १ वर्ष | ४१,६७,५२९ |
| ५३ | रामेश्वर बिडारी | १ वर्ष | ४१,६७,५२९ |
| ५४ | सेवन्तराज चापागाई | १ वर्ष | ४१,६७,५२९ |
| ५५ | हेमराज सुवेदी | १ वर्ष | ४१,६७,५२९ |
| ५६ | तेजराज पाण्डे | १ वर्ष | ४१,६७,५२९ |
| ५७ | हरिप्रसाद जोशी | १ वर्ष | ४१,६७,५२९ |
| ५८ | बलिराम प्रसाद तेली | १ वर्ष | ४१,६७,५२९ |
| ५९ | विलिपकुमार भट्ट | १ वर्ष | ४१,६७,५२९ |
| ६० | नवराज पौडेल | १ वर्ष | ४१,६७,५२९ |
| ६१ | शैलेन्द्र पौडेल | १ वर्ष | ४१,६७,५२९ |
| ६२ | जयप्रसाद रेग्मी | १ वर्ष | ४१,६७,५२९ |
| ६३ | फणिन्द्रप्रसाद दाहाल | १ वर्ष | ४१,६७,५२९ |
| ६४ | मणिकुमार राना | १ वर्ष | ४१,६७,५२९ |
| ६५ | बद्रीबहादुर कार्की | १ वर्ष | ४१,६७,५२९ |
| ६६ | लक्ष्मीनारायण उप्रेती | १ वर्ष | ४१,६७,५२९ |
| ६७ | दिनेशप्रसाद शर्मा | १ वर्ष | ४१,६७,५२९ |
| ६८ | टिकाराम घिमिरे | ६ महिना | ७,००,००० |
| ६९ | मोहम्मद साविर हुसैन | ६ महिना | ७,००,००० |
| ७० | श्रीहरि पुडासैनी | ६ महिना | ७,००,००० |
| ७१ | श्यामकुमार क्षेत्री | ६ महिना | ७,००,००० |
| ७२ | हुपेन्द्रमणी के.सी | ६ महिना | ७,००,००० |

### जग्गा जफत गरिएका

| | | | |
|---|---|---|---|
| १ | कल्पना तुलाधर | २ | शर्मिला बज्राचार्य (शाक्य) |
| ३ | प्रगती कंसाकार | ४ | गैर आवासीय नेपाली सङ्घ |
| ५ | कामना गुरुङ | ६ | कल्याण गुरुङ |
| ७ | सज्जनकुमार चाचान | ८ | देवान्शी गोयल |
| ९ | सरस्वती घले गुरुङ | १० | सरला गुरुङ (घले) |
| ११ | मनोजकुमार केडिया | १२ | मनोजकुमार गौतम |
| १३ | मन्ती गोर्खाली | १४ | निर्मलादेवी गोयल |
| १५ | निकिता तुलाधर | १६ | अमिताम्भ तुलाधर |
| १७ | उमा प्रसाई | १८ | युरिशोभा तुलाधर |
| १९ | रेणुका बज्राचार्य | २० | सुविस्ता तुलाधर |
| २१ | अञ्जना तुलाधर ताम्राकार | २२ | चन्द्रिका कंसाकार (तुलाधर) |
| २३ | सानुछोरी बज्राचार्य | २४ | सिपिका खेतान |
| २५ | सुष्मा बज्राचार्य (शाक्य) | २६ | सन्ध्या शाक्य |
| २७ | संगिता राखेचा कोठारी बोथरा | २८ | नुतन श्रेष्ठ |
| २९ | धर्मशोभा शाक्य | ३० | डिम्पल वंशल |
| ३१ | सरिता मानन्धर श्रेष्ठ | ३२ | गीता गौतम खनाल |
| ३३ | नितु गुरुङ | ३४ | रीता ओझा गौतम |
| ३५ | रत्नहिरा बज्राचार्य | ३६ | प्रतिमा वैद्य प्रधान |
| ३७ | प्रविण ताम्राकार | ३८ | विजय ताम्राकार |
| ३९ | माया शेर्पा गौचन | ४० | महेशराजा तुलाधर |
| ४१ | द्वारिकादेवी श्रेष्ठ | ४२ | इन्द्रदेव गुरुङ |
| ४३ | ईन्दु शर्मा | ४४ | संदिप ढकाल |
| ४५ | भवानी जोशी | ४६ | भारती पाण्डे |
| ४७ | विवेककुमार सुवेदी | ४८ | केशव तुलाधर |
| ४९ | अनितादेवी कंसाकार | ५० | ओम विरमान ताम्राकार |
| ५१ | अनिलमान ताम्राकार | ५२ | गोविन्दलाल संघई |
| ५३ | गायत्री श्रेष्ठ (कंसाकार) | ५४ | पञ्चनारायण महर्जन |
| ५५ | राधा सिग्देल आचार्य | ५६ | मचाबाबु प्रजापति |
| ५७ | रुपेश कुमार सुवेदी | ५८ | सरोज ढकाल |
| ५९ | पहलमान गुरुङ | ६० | पुरुषोत्तम पौडेल |
| ६१ | प्रमोद शेरचन | ६२ | कनक हर्बल |
| ६३ | अच्युतराज श्रेष्ठ | ६४ | विजेन्द्र जोशी |
| ६५ | बद्रीलक्ष्मी श्रेष्ठ | | |

### जग्गा जफत सट्टाभर्ना

| | | | |
|---|---|---|---|
| १ | भाटभटेनी डेभलपमेण्ट प्रालि | २ | चमेली श्रेष्ठ |
| ३ | बाबा कार्की | ४ | अगम ढुङ्गाना |
| ५ | खेमलाल खरेल | ६ | लक्ष्मी ढकाल |
| ७ | रजनी पनेरु | ८ | डिएल डेभलपर्स प्रालि |
| ९ | माधवी सुवेदी | १० | उमाकुमारी ढकाल्नी |

## कसुर ठहर भए पनि मृत्यु भएका

| | | |
|---|---|---|
| १ | तुलसी पोखरेल | २०७० मा मृत्यु |
| २ | सुनिती राणा | २०७० मा मृत्यु |
| ३ | मुकुन्दप्रसाद आचार्य | २०७२ मा मृत्यु |
| ४ | जगतप्रसाद पुडासैनी | २०७६ मा मृत्यु |
| ५ | शैलजा राणा | २०६१ मा मृत्यु |
| ६ | हेमन शम्शेर जबरा | २०६४ मा मृत्यु |

### मुद्दा नचलेका


| | |
|---|---|
| १ | विनोदकुमार गौतम (न्यायाधीश : पहिले नै क्षेत्राधिकार नभएको भनी मुद्दा फिर्ता) (मुद्दा नचलेका) |

### सफाइ दिइएका

| | | | |
|---|---|---|---|
| १ | कविराज श्रेष्ठ | २ | पुष्पराज उपाध्याय |
| ३ | इनद्रप्रसाद ढुङ्गाना | ४ | टिकाबहादुर वि.सी. |
| ५ | जिवनाथ पोखरेल | ६ | अर्जुनप्रसाद भण्डारी |
| ७ | कमल घिमिरे | ८ | धर्मप्रसाद गौतम |
| ९ | देवबहादुर लामिछाने | १० | भरतचन्द्र अर्याल |
| ११ | जनकबहादुर भण्डारी | १२ | जीतबहादुर थापा |
| १३ | डम्बर श्रेष्ठ | १४ | राजेन्द्रमान श्रेष्ठ |
| १५ | बालकृष्ण श्रेष्ठ | १६ | सुरोजराज राजकर्णिकार |
| १७ | अशोकनाथ उप्रेती | १८ | विजयकुमार गच्छदार |
| १९ | दिनेशहरि अधिकारी | २० | चन्द्रदेव जोशी |
| २१ | हेमाद्री शमशेर जबरा | | |

## चीनद्वारा इजरायललाई रफाहमा छिटो सैन्य कारबाही रोक्न आग्रह

चीनले इजरायललाई गाजाको रफाह सहरमा सैन्य कारबाही सकेसम्म चाँडो रोक्न आग्रह गरेको छ । यसै सन्दर्भमा यदि लडाइँ निरन्तर चलिरहेमा गम्भीर मानवीय प्रकोप हुने चेतावनी दिएको छ ।




चीनले रफाह क्षेत्रको घटनाक्रमलाई नजिकबाट हेरिरहेको उल्लेख गर्दै नागरिकलाई हानि पुऱ्याउने, अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन कार्यको विरोध तथा निन्दा गरेको विदेश मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ।

पेइचिङले इजरायललाई छिट्टै सैन्य कारबाही रोकी रफाह क्षेत्रमा गम्भीर मानवीय प्रकोप रोक्न निर्दोष नागरिकको जीवन रक्षा गर्न आवश्यक प्रयास गर्न आग्रह गरेको छ।

इजरायलले हमाससँग युद्धविराम गर्न बढ्दो अन्तर्राष्ट्रिय दबाबको सामना गरिरहेको छ। दक्षिणी गाजा सीमावर्ती सहर रफाहमा दस लाखभन्दा बढी विस्थापित प्यालेस्टिनी फसेका छन्।

संयुक्त राष्ट्रसङ्घले पनि इजरायललाई नागरिकको रक्षा गर्ने योजनाबिना रफाहमा स्थलगत आक्रमण नगर्न चेतावनी दिएको छ।

## ईयू विदेश नीति प्रमुख बोरेलद्वारा अमेरिका र सहयोगीहरूलाई इजरायललाई हतियार आपूर्ति बन्द गर्न आह्वान

ब्रसेल्स, १३ फेब्रुअरी (सीआरआई)। युरोपेली सङ्घका



विदेश नीति प्रमुख **जोसेप बोरेल** (Josep Borrell) ले इजरायलका सहयोगीहरू, विशेषगरी संयुक्त राज्य अमेरिकालाई गाजामा 'थुप्रै मानिसहरू' मारिएकाले हतियार आपूर्ति बन्द गर्न आह्वान गर्नुभएको छ।

अल जजीराले उल्लेख गरेअनुसार इजरायलको सैन्य कारबाही बारे अमेरिकी राष्ट्रपति जो बाइडेनको गत हप्ताको भनाइलाई उद्धृत गर्दै बोरेलले सोमबार भन्नुभयो, 'ठीक छ, यदि तपाईँ धेरै मानिसहरू मारिएको विश्वास गर्नुहुन्छ भने, हुनसक्छ तपाईँले यसलाई रोक्नको लागि कम हतियार उपलब्ध गराउन सक्नुहुन्छ। किनकि यहाँ धेरै मानिस मारिए।'

'के यो तार्किक छैन ?' उहाँले प्यालेस्टिन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घको राहत र कार्य निकायका प्रमुख फिलिप लाजारिनीसँग ब्रसेल्सको पत्रकार सम्मेलनमा प्रश्न गर्दै टिप्पणी गर्नुभएको छ।

अल जजीराका अनुसार बोरेलले भन्नुभयो, 'यदि अन्तर्राष्ट्रिय समुदायले यो हत्या हो भन्ने विश्वास गर्छ भने, हामीले हतियारको प्रावधानको बारेमा सोच्नुपर्छ।'

यसैबिच इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूका निर्देशनहरूको इयु कूटनीतिज्ञहरूले आलोचना गरिरहेका छन्। गाजा सहर रफाहमा शरण खोज्ने १० लाख प्यालेस्टिनीहरूविरुद्ध योजनाबद्ध इजरायली सैन्य कारबाही अघि बढाइएको छ। इयु विदेश नीति प्रमुखले दक्षिणी गाजा सहर रफाहमा भएको आक्रमणप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ। फेब्रुअरी ११ को त्यहाँको आक्रमणले 'एक अकल्पनीय मानवीय प्रकोप निम्त्याउने' र छिमेकी इजिप्टसँग गम्भीर तनाव निम्त्याउने उहाँको धारणा छ।

यसैबिच ग्रीसका पूर्वअर्थमन्त्री **यानिस भारोफाकिस** (Yanis Varoufakis) ले गाजामा भइरहेको अत्याचारको जिम्मेवारी युरोपेली देशहरू रहेको बताउनुभएको छ।



'हामी युरोपेलीहरूले समस्या सृजना गरेका छौँ ... हामी यसको स्थायित्वका नाममा खराब भूमिका खेलिरहेका छौँ,' भारोफाकिसले अल जेजलाई भन्नुभयो।

बोरेललाई पूर्व अर्थमन्त्रीले यस घटनामा इजरायललाई पर्याप्त दबाब नदिएको र इयु ले इजरायललाई सामूहिकरूपमा सशस्त्र सहयोग गरिरहेको आरोप लगाउनुभएको छ।

'जर्मनी, फ्रान्स र इटालीले मानिसहरूलाई मार्न रफाहमा प्रयोग भइरहेका हतियारहरू पठाइरहेका छन्,' भारोफाकिसले थप टिप्पणी गर्नुभएको छ।

यसबाहेक, संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख **भोल्कर टर्क** (Volker Turk) ले पनि रफाहमा इजरायली भूमि हमलाको लागि दुःख व्यक्त गर्नुभएको छ। यदि नियोजित

घुसपैठ रोकिएन भने भविष्यमा के हुन्छ भन्ने पूर्ण कल्पना गर्न नसकिने टर्कले उल्लेख गर्नुभयो ।



उहाँले भन्नुभयो, 'रफाहमा सम्भावित पूर्ण सैन्य घुसपैठ, जहाँ करिब १५ लाख प्यालेस्टिनीहरू इजिप्टको सिमानामा भाग्नको लागि तयार रहेको डरलाग्दो अवस्था छ । यस सम्भावनालाई ध्यानमा राख्दै, धेरै ठूलो सङ्ख्यामा नागरिकहरू त्यसमा पनि प्रायः बालबालिका र महिलाहरू, सम्भवतः मारिने र घाइते हुने तीव्र सम्भावना छ ।'

गाजा पट्टीको ठूलो भागलाई ध्वस्त पारेको इजरायली हवाई आक्रमणबाट बच्न गाजाका अधिकांश जनसङ्ख्याले रफाहमा शरण लिएका छन् ।

गाजाको शासक निकाय हमासले इजरायललाई चेतावनी दिएको छ– रफाहमा कुनै पनि भूमिगत आक्रमणले युद्धविराम र कैदीहरूको आदानप्रदानका लागि चलिरहेको वार्तामा बाधा पुऱ्याउन सक्छ ।

प्यालेस्टिनी अधिकारीहरूले बताएअनुसार अक्टोबरदेखि इजरायली आक्रमणमा २८ हजार ३४० भन्दा बढी मानिसहरूले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेहरूमा पनि खासगरी महिला र बालबालिकाहरू बढी छन् ।

सहायता एजेन्सीहरूको भनाइअनुसार गाजाको ८० प्रतिशतभन्दा बढी जनसङ्ख्या विस्थापित भएको छ । इजरायलले कठोर सैन्य अभियान सुरु गरेको छ जसले भयानक द्वन्द्व र मानवीय क्षति निम्त्याएको छ ।

## "फ्री प्यालेस्टिन" भन्दै अमेरिकीले युवाले गरे आत्मदाह

प्यालेस्टिनको गाजामा इजरायली बर्बर हमलाको विरोधमा वासिङ्टन डिसीस्थित इजरायली दूतावासबाहिर 'फ्री प्यालेस्टिन' भनी नारा लगाउँदै २५ वर्षका एरोन बुसनेल (Aaron Bushnell) ले २७ फेब्रुअरीमा आत्मदाह गरे । बुसनेल अमेरिकी वायुसेनाका सैनिक थिए । अमेरिकी रक्षा मन्त्रालयको कार्यालय पेन्टागनले उनको मृत्यु भइसकेको बताएको छ ।

अमेरिकी मिडिया रिपोर्टहरूले जनाए अनुसार आत्मदाह गर्दा बुसनेल सैनिक पोशाकमा थिए । सामाजिक सञ्जाल प्लेटफर्म ट्वीचमा आत्मदाहको प्रत्यक्ष प्रसारण गर्दै बुसनेलले शरीरमा प्रज्ज्वलनशील पदार्थ खन्याउनुअघि उनले 'नरसंहारमा



संलग्न नहुने' घोषणा गरे ।

त्यसपछि भुइमा नढलेसम्म उनले 'फ्री प्यालेस्टिन' नारा लगाउँदै आत्मदाह गरे ।

गाजामा इजरायली युद्धको विरोधमा संरा अमेरिकाभर प्रदर्शन जारी रहेको बेला उक्त घटना भएको हो । गत डिसेम्बरमा पनि एटलान्टा राज्यमा इजरायली वाणिज्य दूतावासबाहिर एक प्रदर्शनकारीले आत्मदाह गरेका थिए । घटनास्थलमा प्यालेस्टिनी झण्डा फेला परेको थियो भने सो आत्मदाहलाई तीव्र राजनीतिक विरोधका रूपमा हेरिएको थियो ।

इजरायलले जल, थल र हवाई माध्यमबाट प्यालेस्टिनी भूभागमा तीव्र बमबारी गरेर २९,००० भन्दा बढी प्यालेस्टिनीहरू मारिएका छन् ।

### थाहा पाइराखौं

- हालसम्म छोटो समय राज्य गर्ने राजा लुई सताइसौं हुन् । उनले ३ मिनेट राज्य गरेका थिए ।
- कम्बोडियाको राष्ट्रिय झण्डामा हिन्दुहरूको मन्दिर अङ्कित छ ।
- परमाणु सिद्धान्तका पिता भनेर वैज्ञानिक डाल्टनलाई भनिन्छ ।
- आठ ओटा मगज भएको कीरा रेशम कीरा हो ।
- प्रत्येक वर्ष राष्ट्रपति चुनाव हुने देश स्विटजरल्याण्ड हो ।
- फिल्म हल नभएको विश्वको एक मात्र देश साउदी अरेबिया हो ।
- निमको बोटलाई औषधिको वृक्ष भनिन्छ ।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

# हाम्रो स्वास्थ्य

## मोटोपना (Obesity)



- डा. अमर प्रजापति
इन्टरनल मेडिसिन विशेषज्ञ

शरीरमा धेरै बोसो जम्ने अवस्थालाई मोटोपना भनिन्छ। मोटोपना बढेसँगै शरीरमा विभिन्न रोगहरू लाग्ने र बिरामीको मृत्युसम्म हुनसक्छ। विश्व स्वास्थ्य सङ्गठनले सन् २००८ मा गरेको एक अध्ययनअनुसार विश्वमा २० करोड पुरुष र ३० करोड महिलामा मोटोपना रहेको देखाइएको छ। सं.रा. अमेरिकामा गरेको अर्को अध्ययनअनुसार १९७६–१९८० मा मोटोपनाको सङ्ख्या अमेरिकामा १४.५ प्रतिशत रहेको जुन २०११–२०१४ सम्ममा बढेर ३६.५ प्रतिशत पुगेको थियो। विकासोन्मुख देशहरूजस्तै नेपाल, भारत, बंगलादेशलगायतका देशहरूमा मोटोपनाको सङ्ख्या बढ्दै गएको देखिन्छ।

**शरीरका तौलको मापन** BMI (Body Mass Index Kg/m2) **को आधारमा गरिन्छ।**

**तौलको वर्गीकरण र रोगको जोखिम**

| **वर्गीकरण** | **BMI** | **मोटोपनाको वर्ग** | **रोगको जोखिम** |
|---|---|---|---|
| Underweight (दुब्लोपना) | < १८.४ | | |
| Healthy Weight (स्वस्थ तौल) | १८.५–२४.९ | | |
| Over Weight | २५–२९.९ | | Increased (बढ्ने) |
| Obesity (मोटोपना) | ३०–३४.९ | १ | high (धेरै बढ्ने) |
| Obesity | ३५–३९.९ | २ | Very high (धेरै बढ्ने) |
| Extreme Obesity | > ४० | ३ | Extremely high (अति धेरै बढ्ने) |

**मोटोपनाको अर्को मापन कम्मरको मोटाइले गर्न सकिन्छ**

| **क्षेत्र** | | **कम्मरको मोटाइ** |
|---|---|---|
| युरोप | पुरुष | > ९४ सेमी |
| | महिला | > ८० सेमी |
| दक्षिण एसिया | पुरुष | > ९० सेमी |
| चीन | महिला | > ८० सी |
| अमेरिका | | |
| जापानिज | पुरुष | > ८५ सेमी |
| | महिला | > ९० सेमी |

## मोटोपनाका कारणहरू



### १) वातावरण/व्यवहार

बढी बोसोजन्य खाना खाँदा मोटोपना बढ्ने गर्दछ। सामान्य कार्बोहाइड्रेटको अत्यधिक सेवनले पनि मोटोपना बढ्छ। टिभी हेरी खाना खाने बालबालिकामा मोटोपना पाइएको छ। राती निद्रा नलाग्नु पनि मोटोपनाको कारण हुन सक्छ।

विकसित देशहरूमा गरिब महिलामा बढी मोटोपना देखिएको छ भने अविकसित देशमा धनी महिलाहरूमा बढी मोटोपना देखिएको छ।

### २) वंशाणुगत

मोटोपना वंशानुगत हुन सक्छ। शरीरका विभिन्न जीनहरूको उत्परिवर्तनको कारणले मोटोपना बढ्न सक्छ।

### ३) विभिन्न रोगका कारण

- हाइपोथाइरोइदिजम (Hypothyroid-ism)- मोटोपना हाइपोथाइरोइदिजम रोगको लक्षण हुन सक्छ।
- इन्सुलिनोमा (Insulinoma) : शरीरमा इन्सुलिनको मात्रा बढ्ने कारणले शरीरमा सुगरको मात्रा कम हुन सक्छ। हाइपोग्लासेमिया (Hypoglycemia) (रगतमा सुगर कम हुने अवस्था) बाट बच्न अत्यधिक खाना सेवनका कारण मोटोपना बढ्ने गर्दछ।
- कुसिङ सिन्ड्रोम (Cushing Syndrome) : कुसिङ सिन्ड्रोममा प्रेसर बढ्ने, सुगर बढ्ने, मोटोपनालगायतका लक्षणहरू हुने गर्दछ।

## मोटोपनाले स्वास्थ्यमा पर्ने असरहरू :



स्वस्थ तौल भएको मानिसको तुलनामा मोटोपना भएका मानिसहरूलाई मुटुको रोगबाट मृत्यु हुने जोखिम ५०-१०० प्रतिशत बढ्ने गर्छ । २०-३० वर्ष उमेरमा BMI >४५ भन्दा बढी भएमा उसको आयु १३ वर्षले कम हुन सक्छ ।

### १) मधुमेह:

मोटोपना भएका व्यक्तिहरूलाई मधुमेह हुने सम्भावना बढ्छ । ८० प्रतिशत दोस्रो प्रकार (Type II) मधुमेह भएका बिरामीहरूमा मोटोपना देखिएको पाइन्छ । मोटोपना भएका मानिसहरूमा रगतमा इन्सुलिनको मात्रा बढ्ने तर इन्सुलिनले काम गर्न नसक्ने अवस्था हुन्छ । परिणाम स्वरूप रगतमा सुगरको मात्रा बढ्ने गर्दछ जसलाई मधुमेह भनिन्छ ।

### २) प्रजनन स्वास्थ्यमा असर:

**मोटोपनाको नाप्ने सूत्र र उदाहरण**

height: 152 centimeters = 1.52 meters

square of height: (1.52 x 1.52) m² = 2.31 m²

weight: 60 kilograms

$$BMI = \frac{weight}{height^2} = \frac{60}{2.31} = 25.96$$

$$BMI = \frac{\text{Weight in kilogram}}{\left(\text{Height in meter}\right)^2}$$

(मोटामोटी आफ्नो मोटोपना थाहा पाउन BMI Calculator सहयोगी हुनसक्छ ।)

मोटोपना भएका मानिसहरूमा प्रजनन स्वास्थ्यमा असर हुन सक्छ । पुरुष र महिला दुवैमा प्रजनन् क्षमता कम हुन सक्छ । महिलाहरूमा महिनावारीमा समस्या आउन सक्छ ।

### मुटुमा समस्या:

मोटोपना भएका व्यक्तिमा प्रेसर बढ्ने सम्भावना बढ्छ । अमेरिकामा गरेको एक अध्ययनअनुसार मोटोपना भएका मानिसहरूमा हृदयघात, मस्तिष्कघात, हार्ट फेलियर बढेको पाइएको छ ।

### फोक्सोमा समस्या:

मोटोपना भएका मानिसहरूमा Sleep Apnea (निद्रामा स्वास बन्द हुने) हुन सक्छ । मोटोपनाले स्वास फेर्न कठिन हुने र फोक्सोको क्षमता समेत कम गर्ने गर्छ ।

### कलेजोमा असर:

मोटोपना भएका व्यक्तिको कलेजोमा बोसो जम्ने गर्दछ । जसलाई Non alchoholic fatty liver disease भनिन्छ ।

कलेजोमा जमेको बोसोकै कारण कलेजो पूर्ण रूपमा खराब Liver cirrhosis हुन सक्छ । लामो समयसम्म जमेको बोसोका कारण कलेजोको क्यान्सर हुन सक्छ । मोटोपना भएका मानिसहरूलाई पित्तथैलीमा पत्थर हुने सम्भावना ६ गुणासम्म बढ्न सक्छ ।

### क्यान्सर :

मोटोपना भएका मानिसहरूमा क्यान्सर हुने जोखिम बढ्छ । पेट, आन्द्रा, कलेजो, अग्नासय (Pancrease), पित्तथैली, स्तन, पाठेघरलगायतका क्यान्सर मोटोपनाले निम्त्याउन सक्छ ।

### हाड जोर्नीको समस्या :

मोटोपनासँगै हड्डी खिइने रोग (osteoarthritis) हुन सक्छ । विभिन्न जोर्नी दुख्ने, कम्मर दुख्ने समस्या मोटोपनासँगै बढ्ने गर्दछ ।

## उपचार/समाधान :

जीवनशैली परिवर्तन गर्नु मोटोपना कम गर्ने पहिलो उपाय हो । ६ महिनामा ८-१० प्रतिशतसम्म तौल कम गर्ने प्रयास गर्नुपर्छ ।

### आहार :

खानामा साग, सब्जी र फलफूलको मात्रा बढाउने, थोरै थोरै तर पटक पटक खाने, गेडागुडीको मात्रा बढी खाने, मोटोपना कम गर्न प्रभावकारी उपायहरू हुन् । चिल्लो खाना, तेलमा तारेको खाना कम खानुपर्छ ।

### व्यायाम :

अमेरिकामा गरेको एक अध्ययनअनुसार मोटोपना कम गर्न हप्तामा १५० मिनेट मध्यम तीव्र (Moderate Intense) व्यायाम वा ७५ मिनेट कडा (vigorous) व्यायाम गर्न सुझाव दिएको छ । गाडी वा अन्य साधन प्रयोग गर्नुभन्दा हिँड्नु उचित हुन्छ । विभिन्न शारीरिक खेलहरूमा आबद्ध हुन आवश्यक छ ।


मोटोपनासँगै विभिन्न रोग लाग्ने हुँदा मोटोपनाबाट बच्ने कोसिस गर्नुपर्छ । शारीरिक व्यायाम र स्वास्थ्य खानालाई प्राथमिकतामा राख्नुपर्छ ।

Vjk c:ktfndf ;]jf

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
ख्वप अस्पताल
सञ्चालित सेवा सुविधाहरु

| क्र.सं. | सेवा | सेवा सञ्चालन हुने बार | सेवा सञ्चालन हुने समय | विशेषज्ञको नाम |
|---|---|---|---|---|
| १ | बाल रोग सेवा | आइतबार, मंगलबार र बिहिबार | बिहान ७:००-९:०० बजेसम्म | डा. ध्रुव श्रेष्ठ |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. ध्रुव श्रेष्ठ (भगवती जनस्वास्थ्य) |
| | | आइतबार, मंगलबार र बिहिबार | बिहान ७:००-९:०० बजेसम्म | डा.गणेन्द्रभक्त राय (नगर स्वास्थ्य केन्द्र, ब्यासी) |
| | | सोमबार, बुधबार र शुक्रबार | बिहान ७:००-९:०० बजेसम्म | डा. गणेन्द्रभक्त राय |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | बिहान १०:००-५:०० बजेसम्म | डा. विजय कुमार बिश्वकर्मा |
| २ | नाक, कान र घाँटी रोग सेवा | आइतबार,सोमबार,मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. गीता कोजु |
| | | | बिहान ९:००-४:०० सम्म | डा. बेनु कायस्थ |
| ३ | हाडजोर्नी तथा नशारोग सेवा | आइतबार,सोमबार,मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | बिहान ८:००-१०:०० बजेसम्म | डा. श्रीकृष्ण कासिछ्वा |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | बिहान १०:००-१:०० बजेसम्म | डा. मनिष प्रधानाङ्ग |
| | | | बिहान ११:००-१:०० बजेसम्म | डा. मनेश प्रताप मल्ल |
| | | प्रत्येक शनिबार | बिहान ९:००-१२:०० बजेसम्म | डा. श्रीकृष्ण अवाल |
| ४ | स्त्री रोग सेवा | आइतबार, मंगलबार, बुधबार र बिहिबार | बिहान ११:००-२:०० बजेसम्म | डा. रीना श्रेष्ठ |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | बिहान ७:००-२:०० बजेसम्म | डा. कृष्ण प्यारी दुगुजु |
| | | | बिहान ०९:००-४:०० बजेसम्म | डा. यूजिन श्रेष्ठ मल्ल |
| ५ | छाला रोग सेवा | आइतबार, मंगलबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. राजेश शाक्य |
| | | शनिबार | बिहान १०:००-१२:०० बजेसम्म | |
| | | सोमबार, बुधबार र बिहिबार | साँझ ४:००-६:०० बजेसम्म | डा. एल्सा राजन प्रधानाङ्ग |
| ६ | भिडियो एक्स रे सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | साँझ ५:००-६:३० बजेसम्म | डा. बिकेश त्वाती |
| | | आइतबार, मंगलबार, बुधबार र शुक्रबार | बिहान ०९:००-१२:०० बजेसम्म | डा. सुमेन्द्रराज पाण्डे |
| ७ | ईन्टरनल मेडिसिन सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | बिहान ७:००-२:०० बजेसम्म | डा. अमर प्रजापति |
| | | आइतबार,सोमबार, मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | बिहान १०:००-५:०० बजेसम्म | डा. श्रीबोध कुमार यादव |
| ८ | MDGP | आइतबार,मंगलबार र बिहिबार | बिहान ७:००-२:०० बजेसम्म | डा. निर्जना बजिको |
| | | सोमबार, बुधबार र शुक्रबार | बिहान ७:००-१०:०० बजेसम्म | डा. निर्जना बजिको (नगर स्वास्थ्य केन्द्र, ब्यासी) |
| ९ | दन्त सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, बिहिबार र शुक्रबार | बिहान ७:००-२:०० बजेसम्म | डा. इभा (डेण्टल सर्जन), डा. सविना (डेण्टल सर्जन) |
| | | | बिउँसो २:००-६:०० बजेसम्म | डा. धर्मलक्ष्मी (अर्थोडोण्टिस), डा.नीतु (डेण्टल सर्जन) |
| १० | जनरल सर्जरी | सोमबार, बुधबार र शुक्रबार | बिहान ७:००-९:०० बजेसम्म | डा. पुण्यराम खर्बुजा |
| | | आइतबार र बिहिबार | बिहान ७:००-१०:०० बजेसम्म | डा. बिकेश सुवाल |
| | | सोमबार, मंगलबार, बुधबार र शुक्रबार | बिहान १०:००-५:०० बजेसम्म | |
| ११ | मुटुरोग सेवा | आइतबार, सोमबार र बिहिबार | साँझ ४:००-६:०० बजेसम्म | डा. सुर्यराज पाठक |
| | | शनिबार | बिहान ११:००-१:०० बजेसम्म | डा. दर्शन गुरुङ |
| १२ | युरोलोजी सेवा | प्रत्येक आईतबार र मंगलबार | बिउँसो ३:००-५:०० बजेसम्म | डा. रोजन अधिकारी |
| १३ | न्युरो सर्जरी सेवा | प्रत्येक मंगलबार र बिहिबार | बिहान ७:३०-८:३० बजेसम्म | डा. हृदयेस प्रताप मल्ल |

## आ.व. २०८०/८१ माघ महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १८८ | १६७ | १५० | १२९ | १५५ | २१९ | २६४ | ११० | १७० | २१४ | १९५ | १८१ | २८१ | १९१ | १५५ | १२७ | २५२ | २४९ | १४० | २५४ | १८१ | २२२ | २६८ | २५३ | २११ | २३५ | २७५ | २९३ | १८६ |
| ■ सार्क तथा चिनियाँ | १६२ | ९३ | २७१ | १२४ | २०५ | ३१५ | १६९ | १५२ | १७५ | २६१ | २७४ | ३५३ | ४७३ | २०२ | ७६५ | १६३ | १९५ | २७९ | २९६ | ३११ | १९२ | १६३ | १४४ | २६८ | २४६ | ४६२ | ३२७ | २७५ | ५०५ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० माघ | ५,९१५ | ७,८२० | १३,७३५ |
| २०७९ माघ | ४,४२४ | ३,११७ | ७,५४१ |
| प्रगति | १,४९१ | ४,७०३ | ६,१९४ |

सम्पादकको पृष्ठ

# भाजुपुखू 'छ्या' बाट आहा !

पुखू अर्थात पोखरी भनिएको एउटा खाल्डो र एकरातमा खनेर नभ्याइएर छोडेको भनिएको ढिस्को वा थुम्कोले जनसहयोगमा भक्तपुर नपाबाट मौलिक रूपमा नवजीवन पाएको छ। ऐतिहासिक भाजुपुखू अर्थात भाजुपोखरी र जलेश्वर मन्दिरको पुनर्जीवनले 'पोखरीहरूको सहर' भक्तपुरमा एउटा थप उपलब्धी भएको छ। घाँसे मैदान र डम्पिङ साइटको परिवर्तित दृश्य, वातावरण र पर्यावरण 'छ्या' बाट 'आहा' मा परिणत भएको छ।

ऐतिहासिक रूपमा काठमाडौँको रानीपोखरीको नकल नभई भाजुपुखूको प्रतिरूप रानीपोखरी भएको अध्ययनले बताएको छ। यद्यपि, 'भाजु कस' बारेका थुप्रै किंवदन्तीहरूको सत्य र यथार्थ कुरा जनसमक्ष आउन बाँकी देखिन्छ। कुनै अभिलेख, दस्तावेज फेला नपर्नु नै सबभन्दा ठूलो समस्या भएको छ। त्यसैले इतिहासकारहरूको ध्यान र अध्ययन यसतर्फ जारी रहने अपेक्षा छ।

इतिहासका विभिन्न स्रोतमध्ये जनश्रुति अर्थात जनकथन, किंवदन्तीलाई पनि लिइन्छ। कुनै अभिलेख, दस्तावेज फेला नपरे पनि 'भाजु कस' र रानीको सम्बन्धका कुरा, खाल्डोमात्र भए पनि भौतिक रूपमा अस्तित्वमा रहेको भाजुया पुखू, भाजुपुखू, भाज्यापुखू आदि नामबाट पुस्तान्तरण हुँदै जीवित रहेको छ।

जहाँसम्म तःपुखू (सिद्धपोखरी) सुकाउन भाजुपुखू बनाइएको भन्ने कथन छ त्यसमा सत्यता देखिँदैन। विगतमा तःपुखू पनि पानी नअडेर-चुहिएर घाँसे मैदान बनेको थियो। तर, त्यसबेला तःपुखूको पानी भाजुपुखूमा आएको थिएन। त्यसैले तःपुखू सुकाउन भाजुपुखू बनाएको भन्ने जनश्रुति असत्य देखिन्छ।

त्यस्तै एकरातमा बनाइएको भन्ने कथनमा पनि विश्वास गर्न कठीन छ। त्यति ठूलो पोखरी एकरातमा खन्न कति खनक चाहिएला ? खनेर निस्केको माटो अन्यत्र फाल्न कति भरिया चाहिएला ? जहाँ माटो फालियो त्यहाँ त डाँडा वा पहाड नै बन्नुपर्छ। तर, त्यस्तो कुनै किंवदन्ती वा जनश्रुति सुनिएको छैन।

सबभन्दा ठूलो आश्चर्य पोखरीबिचको थुम्कोबारे देखिएको छ। थरीथरीका कथनहरू पुस्तान्तरण हुँदै आउँदा पनि मन्दिरबारे कुनै कुरा पुस्तान्तरण किन भएन वा गरिएन ? त्यसलाई लुकाउनाको कारण के होला ? 'भाजु कस' विरुद्धका धेरै कुरा जनजिब्रोमा हुनु तर मन्दिरबारे सुइँकोसम्म नदिनुले के सङ्केत गर्छ ? 'भाजु कस' विरुद्ध प्रचार विरोधीले गरे पनि समर्थकहरूले त सत्यको प्रचार गर्नुपर्ने होइन र ? कतै त्यसबेला र पछिका मल्ल राज्य संयन्त्र नै 'भाजु कस' विरुद्ध लागेको थियो कि ? त्यसो हो भने मन्दिर भत्केर हराएको कि भत्काएर विलुप्त पारेको ? धेरै प्रश्नहरूको उत्तर इतिहासकारहरूबाट जनताले अपेक्षा गरेका छन्।



नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालबाट भक्तपुर नपाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज, शारदा क्याम्पस मावि र ख्वप कलेज अफ लको वार्षिकउत्सव कार्यक्रमको उद्घाटन । फागुन ९ गते



भक्तपुर नपाका प्रमुख एवम् थव्यु दरबार पुन:निर्माण निर्देशक समितिका संयोजक सुनिल प्रजापतिको अध्यक्षतामा बैठक । माघ १८ गते

## बहुदलीय व्यवस्था पुन:स्थापनाका लागि शहादत प्राप्त गर्ने प्रात:स्मरणीय अमर शहीदहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।



राजकुमार सुवाल
(२०२५ माघ १० - २०४६ फागुन ८)



कृष्णराम ढुवाल
(२०२३ असार ७ - २०४६ फागुन ८)



हरिकृष्ण भुजु
(२०२७ फागुन २८ - २०४६ फागुन ८)



निर्मल कुमार शाक्य
(२०२२ असार १५ - २०४६ फागुन ८)



पुष्परत्न शाक्य
(२०१९ माद्व १ - २०४६ चैत्र २६)



महेश श्रेष्ठ
(२०२३ - २०४७ बैशाख ३०)

## भक्तपुर नगरपालिका परिवार